# प्रचारको मार्गदर्शक
# सु-समाचार
# कार्य पुस्तिका

**मण्डली स्थापना गर्ने र आत्मा जित्नेहरूलाई**
सुसज्जित पार्नको **लागि बाइबलिय सिद्धान्त**

**थोमस वेड र बार्बारा** एकिन्स्

# मार्गदर्शक सु-समाचार कार्य पुस्तिका

## विषय सूची


| | | |
|---|---|---|
| १) | सिद्धान्तः | प्रचारको सेवा, चेलापन र मण्डली स्थापनाको लागि बाइबलको सिद्धान्त |
| २) | व्यवहारिकः | आफ्नो समुहलाई के सिकाउने |
| ३) | योजनाः | नयाँ मण्डली शुरुवात गर्ने कदमहरू |
| ४) | पाठ्य सामाग्रीः | अध्ययन र कथाह |

- नयाँ विश्वासीहरुको लागि ६ सत्यताहरू
- यूहन्नाको सुसमाचार बाइबल अध्ययन, बेलन मोरेद्वारा
- येशूको सुसमाचार, क्रिस्टी ऐकिन्स ब्रोनरद्वारा
- नयाँ जीवनको शुरुवात कथा, क्रिस्टी ऐकिन्स् ब्रोनरद्वार



**Authored by:- Thomas wade and Barbara Akins**

**Email: - wade.akins@pobox.com**

**Home Page :- http://www.pioneerevangelish.org**

**Transleted by:- Prem Thapa (Paul)**

**E-mail:- paulthapa@hotmail.com**

# बाइबलीय
# सिद्धान्त

# सु-समाचार प्रचार
# चेलापन र
# मण्डली स्थापना

# सुसमाचार प्रचार, चेलापन र मण्डली स्थापना गर्नको लागि बाइबलीय सिद्धान्त :

## १. मार्गदर्शक सुसमाचार पचारको काम के हो ?

मार्गदर्शक सुसमाचार प्रचार, पद्धतिमा प्रचारकहरुको नयाँ ठाउँमा जानको लागि तालिम(प्रशिक्षण) दिनु, जस्तै कि जहा कुनै मण्डली छैन त्यहाँका मानिसहरुलाई येशूमा ल्याउनु र नयाँ काम शुरु गर्न सकोस् आदि कुराहरु सम्मिलित छन् ।

### (क) तपाईंको विचारमा नयाँ मण्डली शुरु गर्दा के के बाधाहरु आउन सक्छन् ?

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

### (ख) नयाँ मण्डली शुरुवातको चार रुपहरुः

#### १) विश्वासीहरुको गर्भबिज परम्परागत "सँग" रहेको हुन्छ ।

क) मण्डलीले काम गर्ने क्षेत्र निश्चय गर्दछ ।

ख) मण्डलीले त्यसपछि सेवक नियत गर्दछ, जसमा यो काम गर्न पास्टर नै चाहिन्छ भन्ने छैन ।

ग) सेवकले नयाँ समूहसित आराधना, बाइबल अध्ययन र भेटघाटको लागि कुनै ठाउँ तय गर्छ ।

घ) मण्डलीले ५/१० जना विश्वासीहरुबाट साहायता पाउँन सक्छ अथवा त्यो क्षेत्रमा बस्ने अरु धेरै मानिसहरुबाट पनि सहायता लिन सक्छ ।

ङ) यिनै थोरै विश्वासीहरु र सेवक मिलेर मण्डलीको आर्थिक कुराहरुको तर्जुमा गर्दछन् ।

च) साधारण रुपमा मण्डलीले महत्वपूर्ण कुराहरुको निर्णय गर्छ र मण्डलीले सम्पत्ती खर्च, आम्दानी साथै बेतनको हिसाव राख्दछ ।

२) बिश्वासीहरुको गर्भबिज परम्परा "बिना" रहेको हुन्छ । नयाँ काम कार्यगत रुपमा नयाँ मण्डली नभएसम्म मण्डलीले सबै कुराहरुमा प्रभुत्व जमाउदछ । भिन्नता यतिनै हो कि

पहिलेका सहयोगी समूहको अनुपस्थितिमा स्थानिय विश्वासीहरुले नै सबै कुरा मिलाउनु पर्छ ।

३) **बिशेष कार्य रुप :** मण्डलीले क्षेत्रको विषयमा र योजनाको बारेमा निर्णय गर्दछ । यसले ठूलो असर पार्दछ । सामूहिक योजनाको केही बिषयगत उदाहरणहरु बाइबल अध्ययन वा सुसमाचार नपुगेको ठाँउमा सेवाकाई गर्न भन्ने हुन्छ । यस्ता प्रकारका कामहरु कुनै पनि संस्थाको आफ्नै आर्थिक स्रोतबाट वा काम गर्ने मानिसहरुको समुदायको स्रोत अनुसार छानिएको हुन्छ । उदारणको लागि १९९२ मा ब्राजिलको मिनास गेराइसको राज्यमा ठूलो प्रलय भयो । सयौंको संख्यामा मानिसहरुको आफ्नो घर गुमाउन पर्‍यो बार्बारा एकिन्सले आफ्नो मेसिनरी संस्थाबाट रकम जम्मा गरेर ति मानिसहरुको घर बनाउन सहायता गरिन् । शहरको मेयरले जम्मा अनुदान दिनुभयो अनि उनीहरुले आफ्नो घर बनाउन शुरु गरे जसलाई उनीहरुले बेथेल परमेश्वरको शहर भनेर नामाकरण गरे । तिनीहरुले एक बर्षमा सत्तरी वटा घरहरु निर्माण गरे र घरमै बाइबल अध्यायन शूरु भयो । यो काम मार्ग दर्शक प्रचार र विषेश योजनाको संयुक्त प्रयासमा भएको थियो किनकि बाइबल अध्ययन हराइरहेको मानिसहरुको घरमा गराईएको थियो । प्राय गरेर आयोग बिधि सेवकलाई कार्य योजनालाई अगाडि बढाउनको निम्ती राखिएका हुन्छन र संस्था वा मण्डलीले ठूलो काम तर्जुमा गर्दछन र कार्यगत रुपमा मिसनरी काम शुरु हुन्छ । सबै कुराको निर्णय मण्डलीले नै गर्न सक्छ ।

## ४. मार्गदर्शक सुसमाचार प्रचार तरिका

क) मण्डलीले खोजेको क्षेत्रमा सुसमाचार पुग्दछ ।
ख) सुसमाचार प्रचार गर्नको लागि पास्टर, अगुवाले "परिपक्क साधारण विश्वासीलाई" छान्दछन् ।
ग) पास्टर वा अगुवाले साधारण विश्वासीलाई तालिम दिन्छन् । यो पुस्तिकाको उद्धेश्य तिनीहरुलाई कसरी तालिम दिने भनि सिकाउनु हो ।
घ) साधारण विश्वासीले अविश्वासीको घरमा बाइबल अध्ययनद्वारा नयाँ काम शुरू गर्दछ ।
ङ) बाईबल अध्ययनबाट नयाँ व्यक्तिहरु प्रभुमा आउछन् र त्याहा नयाँ मण्डली शुरु हुन्छ जुन चाँही परमेश्वरको अगुवापनको अधिनमा आफै प्रशासन चलाउने, आफैमा निर्भर र आफै पालन पोषण गर्न सक्ने हुनुपर्छ ।
च) मार्ग दर्शक प्रचारकले नयाँ समुहलाई यसको आफ्नै निर्णय गर्न सहयोग गर्दछ र शुरु देखी नै यसको खर्च र आम्दानीलाई रेखदेख गरि मण्डली आफ्नै खुट्टामा निर्भर हुनु पर्ने कुरामा साहायता पुर्‍याउछ । यदि बिश्वसीहरुको नयाँ समूह भाडामा मण्डलीहल लिन चाह्यो वा कुनै ठाउँमा मण्डली भवन बनाउन चाह्यो भने तिनीहरुले रुपैया तिर्छन र सेवकलाई बेतन दिन चाहियो भने लिन सक्छन ।

# २) बाइबल र संस्कृति :

**मुख्य कुरा:-** प्रत्येक देशमा आ(आफ्नो संस्कृति र उपसस्कृति हुन्छ । त्यसकारण मार्ग दर्शक सुसमाचार प्रचारकले आफ्नो काम स्थानिय संस्कृतिलाई ध्यानमा राखेर शुरु गर्नु पर्दछ । यस्तो नहोस् कि प्रचारक अरु देशको संस्कृतिद्वारा प्रवाहित होस् ।

मार्ग दर्शक प्रचारककोमा सुसमाचार प्रचार गर्नु हो र उसले यो गर्नै पर्छ किनकि सुसमाचार आफैमा शक्ति छ जसमा नराम्रो बानी वा संस्कृति होस वा बाइबलसम्बन्धी नहोस । सुसमाचारको शक्तिले यसलाई परिवर्तन गर्न सक्छ ।

## ३) बाइबल र यसको अधिकार :

संसारमा हरेक व्यक्तिमा अधिकारको स्रोत छ । डा. राल्फ नाइबरको पुस्तक( सुरभाईभल किट)मा अधिकारको चार स्रोतहरु व्याख्या गरिएको छ । यसले के ठीक र के बेठीक भन्ने कुरा देखाँउदछ ।

१) **ज्ञान : (रोमी १२:२, यशैया ५५:५)** जब एक जना व्यक्तिले आफ्नो क्षमताद्धारा सत्य के हो, ठिक वा बेठिक, असल वा खराब, सम्भव वा असम्भवलाई देखाँउछन । उदाहारणको लागि एक जना व्यक्तिले आफ्नो ज्ञानलाई बिचार गरेर येशूले गर्नु भएको आश्चार्य कामलाई इन्कार गर्दछ, किनभने उसले बैज्ञानिक तवरले तिनीहरुलाई प्रमाण दिन सक्दैनन् । "यशैया ५५:८" मेरा विचार तिनीहरुका विचार होइनन्, नत्रता तिमीहरुका मार्गहरु मेरा मार्ग हुन् परमप्रभु भन्नुहुन्छ ।

२) **अनुभव : (२(थिस्लोनिकी)** योचाँही एक जना ब्यक्तिले आफ्नो अनुभव र भावनाद्धारा कुन ठिक बेठिक भनि देखाँउदछ । उदाहरणको लागि एक दिन थोमस वेड ब्राजिलको एउटा शहरमा जाँदै चालकलाई सुसमाचारको बारेमा भन्न थाल्नुभयो । चालकले थोमसलाई भन्यो "मेरो धर्मको एउटा सभामा अन्धो मानिसले चंगाई पाएर आखा देख्ने भयो । थोमसले फेरि भन्यो त्यो ब्यक्ति ईसाई होइन, उसको धर्म ईसाइत्वसँग सम्बन्धीत छैन ।

आश्चर्य काम गर्न शैतानको पनि शक्ति छ, तर उसले मानिसलाई बचाउन, पाप क्षमा गर्न र साँचो शान्ति दिन सक्दैन । कति चोटि त्यसले मानिसलाई धोका दिनको लागि आश्चर्य काम गर्दछ । २( थेसलोनिकी २:९(१२ मा बाइबलले भन्छ "शैतानको कामकाजबमोजिम पापको मानिसमा सारा शान्ति र छलपूर्ण चिन्हहरु र चमात्कारसहित र नाशहुनेहरुलाई छलमा पार्ने समस्त दुस्टतासहित आउनेछ किनकि तिनीहरुले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे । यसैकारण तिनीहरुले झुट्टा कुरामा विश्वास गरुन भनेर परमेश्वरले तिनीहरुमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ ताकि सत्यमाथि बिश्वास नगर्ने तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिउन ।" धेरै जनाले यसरी भन्ने गर्दछन । म लागु पदार्थमा बिश्वास गर्छु किनभने जब मैले यसको प्रयोग गर्छु । यो ब्यक्तिको लागि अधिकारको स्रोत अनुभव हो । यसरी विश्वास गर्ने तरिका धेरै नै खतरापूर्ण हुन्छ । अरुले यसरी भन्दछन् " म चिकित्सक(डाक्टर) माथि बिश्वास गर्छु किनभने उसले रोगबाट चंगाइ गराउन सक्छ । " तर आश्चर्य काम गर्ने ब्यक्तिले सबै काम गर्न सक्छ होला, परमेश्वरले जति गर्न नसक्ला त्यसैले हामीले

हाम्रो विश्वासको अधार आश्चर्य कर्मलाई अनुभव गराउनु हुँदैन वरु हाम्रो विश्वासको आधार येशू खीष्टलाई बनाउनु पर्छ जसले परमेश्वरको वचनमा उहाँको प्रतिज्ञाहरु छन्

३) **परम्परा :-** येशू खीष्टले अनुभव गर्नु भएको यो एउटा ठूलो समस्या हो । उहाँले यहूदिहरुको परम्परा विरुद्ध मुकाविला गर्नुभयो किनभने तिनीहरुले सधै मानिसहरुको आवश्यकतामाथि तिनीहरुको परम्परा राख्दथे । मर्कूस ३:१(६ मा फरिसीहरुले येशूको जाँच गरिरहेका पाउँछौ ।

१. **पद ➔** यहाँ येशू सभाघरमा प्रवेश गर्नुभएको छ । सभाघर मानिसहरुले भरिएको छ ।

२. **पद ➔** मानिसहरुले एकअर्कामा यसरी खासखुस गर्न थाले । तपाईले देख्नुभयो कि को सभाघरमा गयो ? "येशू" । तपाईले देख्नुभयो भीडको बिचमा बसिरहेको छ ? "हात सुकेको मानिस" येशूले त्यसलाई निको पार्नु हुन्छ भनी तपाईले विचार गर्नुहुन्छ ? मलाई थाहा छैन आज त शनिबार हो ।

३. **पद ➔** येशूले त्यस मानिसलाई भन्नुभयो "यता आउ न" अनि उहाँले भीडलाई सोध्नुभयो " के यो मानिसलाई निको पार्नु पाप हो ?"

४. **पद ➔** तिनीहरु सबै चूप लागीरहे अनि येशूले तिनीहरुको ह्दयको कठोरतामा दुखित भई कोधित भएर तिनीहरु सबैलाई हेर्नुभयो ।

५. **पद ➔** त्यो मानिसलाई येशूले भन्नुभयो, "तिम्रो हात पसार । " त्यसले हात पसार्‍यो र त्यसको हात निको भयो । "त्यो मानिसको हात निको भयो, प्रभुको स्तुति होस् ।" तर त्यो भीडले यसरी भनेको थिएन । छ पद पढ्नुहोस ।

६. **पद ➔** यहूदिहरुले र फारिसीहरुले निस्केर गई येशूलाई कसरी मार्ने भनी षड्यन्त्र गर्न थाले । येशूको सेवाकाइको शूरुमै तिनीहरुले उहाँलाई मार्ने योजना गरेका थिए तर सेवाकाइको अन्तमा होइन । किन ?

१. **यहाँ के समस्या थियो ( यो बिश्रामको दिन थियो ।**

२. **बिश्रामको दिनमा एउटा मानिसलाई निको पार्नुमा के समस्या थियो ? यो**
**धार्मिक परम्पराको विरुद्धमा थियो ।**

३. **येशू खीष्ट त्रिएकको एक भाग र परमेश्वरको पुत्र हुनुहुन्छ भनि के तपाई बिश्वास गर्नु हुन्छ ?**

४. **येशू बिश्राम दिनको प्रभु हुनुहुन्छ भनी तपाईले विश्वास गर्नुहुन्छ ?**

५. **येशूले बिश्रामको दिनमा त्यो मानिसलाइ निकोपारेर उहाँकोस्वर्गीयपितासँगअनाज्ञाकारी हुनुभयो भनि के तपाई विश्वास गर्नुहुन्छ ?**

६. **त्यहाँ समस्या के थियो ?**
**धार्मिक अगुवाहरुले केही छुट्टै नियम र परम्परा बनाएका थिए जुन परमेश्वरलबनाउनुभएको थिएन ।**

## मण्डली स्थापना र मार्गदर्शक प्रचारसँग के गर्नुपर्छ ? सबै कुरा !!!!

पास्टर थोमस जब ब्राजिल जानुभयो त्यहाँ उहाँले मण्डली शुरु गर्ने एउटा समूह(झुन्ड) बनाउनुभयो । तिनीहरुमध्ये धेरै जना साधारण मानिस थिए । उहाँले तिनीहरुलाई "कसरी साक्षी बन्ने र कसरी नयाँ मण्डली मानिसलाई येशू खीष्टमा जिते र नयाँ सभाको शुरुवात गरे । तिनीहरुले २ वर्षमा ६३ वटा नयाँ कामहरु शुरु गरे ।

तैपनि, मानिसले बनाएका ३ वटा बलियो परम्परालाई थोमसले विरोध गर्नुभयो, तर धेरै शान्ति थियो र तिनीहरुले मण्डली स्थापनाको कार्यलाई सिघ्र रोक्ने प्रयास गरिरहेको थिए ।

परम्परा # १ = तिनीहरुले खीष्टमा आत्मा जितेपछि वा थोमसले भन्नुभयो हामीले यी साधारण प्रचारकहरुलाई नयाँ विश्वासमा आएका मानिसहरुलाई बप्तिस्मा र प्रभु(भोज दिनुपर्छ । तैपनि केही पास्टरहरु र अगुवाहरुले उहाँलाइ भने "तिनीहरुले त्यो काम गर्न सक्दैनन् किनभने तिनीहरुको अभिषेक भएको छैन ।"

थोमसले भन्नुभयो "यसरी बाइबलले कहाँ सिकाएको छ ? यसरी जवाफ दिइएको थियो " बाइबलले यसरी सिकाउँदैन तर त्यो हाम्रो परम्परा वा नियम हो ।

आधुनिक अभिषेकको तरीका बाइबलमा छैन । बाइबलमा लेखिएको अभिषेक कार्यक्रम वा सेवा होइन । त्यहाँ कुनै पहिले अभिषेक कार्यक्रम वा सेवा होइन । त्यहाँ कुनै पहिले अभिषेक कार्यक्रम वा सेवा होईन । त्याहाँ कुनै पहिले अभिषेकको सेवाहरु थिएनन् । "आदेश दिनु" शब्दको अर्थ "नियुक्त गर्नु, उर्दि जाहेर आज्ञा दिनु" हो । यूहन्ना १५:१६ मा येशूले उहाँको चेलाहरुलाई "नियुक्क" गनुभयो । 'प्रेरित १४:२३' । पावल र बारनाबासले उनीहरुको हरेक मण्डलीमा एल्डरहरु नियूक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरु आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरुलाई सुम्पिदिए ।" यी एल्डरहरु पावलले शुरु गरेका मण्डलीहरुका साधारण अगुवाहरु थिए । बाइबलमा अभिषेक गर्ने काम परमेश्वरको काम हो , मानिसको काम होइन । परमेश्वरले नै अगुवाहरु रोज्ने छान्ने र नियुक्त गर्ने काम गर्नुहुन्छ । हाम्रो आधुनिक नियुक्त गर्ने तरिका केही देशहरुमा बाइबल भन्दा बाहिर छ । कुनै देशमा एक व्यक्ति अगुवा नियुक्त गर्नु पहिले उसले बाइबल स्कूल वा सेमीनारी सिध्याइसकेको हुनुपर्छ । येशूले कुन सेमिनारीमा भाग लिनु भयो ? पावल पत्रुस र यूहन्नाले कुन सेमीनारीमा भाग लिए ?

म एउटा प्रश्न सोध्न चाहान्छु , प्रेरित पावललाई कसले बप्तिस्मा दियो ? पास्टरले वा साधारण व्यक्तिले ? कति जनालाई येशूले बप्तिस्मा दिनुभयो ?

पास्टरले मात्रै बप्तिस्मा र प्रभु(भोज दिन सक्छ भन्ने कुरा हामी कहाँ पाउन सक्छौ ? धेरै चोटि हामीले मण्डलीमा पुरानोकरारको तरिकालाई लागू गरिरहेका हुन्छौं । जहाँ मुख्य पूजाहारीले मात्र मानिसहरुको लागि सबै काम गर्दथे । अर्को प्रभाव रोमन क्याथोलिक मण्डली हो ।

परम्परा # २ = अनि पास्टर थोमसले भन्नुभयो "हामीले यो सभालाई मण्डलीको रुपमा लिनुपर्छ ।" कसैले जवाफ दिए "जबसम्म तिनीहरुको आफ्नै जग्गा र भवन हुदैन हामीले त्यसो गर्न सक्दैनौ ।" पास्टर थोमसले यसरी जवाफ दिनुभयो, "बाईबलले यसरी कहाँ सिकाएको छ ? फेरि यसरी जवाफ दिएको थियो "बाइबलले त्यसरी भन्दैन तर यो हाम्रो परम्परा हो ।"

परम्परा # ३ = अर्को देशमा पास्टरले भन्नुभयो, “कमतिमा ५० जना सदस्य नभएसम्म यो सभालाई मण्डली भन्न सकिदैन भने हाम्रो सम्बिधानले बनाउँदछ । अनि पा. थोमसले सोध्नुभयो, “यसरी बाइबलमा कहाँ सिकाइएको छ ? यसरी जवाफ आयो “भन्दैन” तर यो हाम्रो परम्परा हो ।” धेरै अबस्थामा वचनभन्दा हाम्रो परम्परा शक्तिशाली हुन्छ ।

धेरै अवस्थाहरुमा परमेश्वरको वचनभन्दा हाम्रो परम्परा शक्तिशाली हुन्छन् र जुन खीष्टले साँच्चिकै सामना गर्नुभएको थियो । यदि हामीले परमेश्वरको राज्यको वृद्धि भएको हेर्न चाहान्छौं र नयाँ मण्डली शुरु भएको देख्न चाहान्छौं भने हामी बाइबलमा फर्किनुपर्छ र परमेश्वरको वचन पछ्याउनु, अनि मानिसहरुले बताएका नियम र परम्परामाथि बाइबल राख्नुपर्छ । यदि हामीले साँच्चीकै मण्डलीलाईउत्साह दिनुपर्छ, परमेश्वरले तिनीहरुलाई मण्डली के हो भन्नेबारे बाइबलको शिक्षा पछ्याउनु भएको छ ।

जब हामीले परमेश्वरको वचनमाथि परम्परा राख्छौं, हामीले उहाँको वचनको “बेकम्मा तुल्याएका” हुन्छौं । मत्ती १५:६(९ मा येशूले त्यस्ता ब्यक्तिहरुलाई पाखण्डी भन्नुभएको छ । “यसरी तिमीहरुले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौं। पाखण्डी हो, यशैयाले तिमीहरुका विषयमा ठिकै भविष्यवाणी बोले, जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरुको ह्रदय म बाट टाढा छ । तिनीहरु ब्यर्थमा मेरो उपसना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले  सिकाएका विधिमात्र हुन ।”

४.धर्मशास्त्र :

परमेश्वर वचन मात्र हाम्रो साँचो अधिकारको श्रोत हो । उहाँको वचनद्धारा परमेश्वरले सत्य प्रकट गर्नुहुन्छ । तिनीहरु पूर्ण ज्ञान हुन ।

यूहन्ना ८:३२ येशूले भन्नुभयो, “तब तिमीहरुले सत्य के हो सो जान्नेछौं र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।”

भजनसंग्रह ११९:१०५ ले भन्दछ, “तपाईका वचन मेरा गोडाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो ।”

भजनसंग्रह ११९:१४० ले भन्दछ, “ तपाईका प्रतिज्ञाहरु पूर्ण रुपले जाँचिएकछन् र तपाईको दासले तिनलाई प्रेम गर्छ ।

भजनसंग्रह ११९:१६० ले भन्दछ, “तपाईका सम्पूर्ण वचनहरु सत्य छन् र तपाईका सबै धार्मिक नियमहरु अनन्तका हुन ।”

यूहन्ना १४:६ ले भन्दछ, “येशूले तिमीहरुलाई भन्नुभयो, बाटो, सत्य र जीवन मनै हुँ...”

सत्य के हो ? यूहन्ना १४:६

१) प्रभु येशू मसीह(खीष्ट)

२) परमेश्वरको वचन(बाइबल)

**४) मार्गदर्शक सुसमाचार प्रचारक को हुन सक्छ ?**

नयाँ नीयमको मण्डलीमा ३ वटा अधिकार(कर्म)

(क) विशपः तिमोथी ३

(ख) डिकनः(सेवक) तिमेथी ३:८,१०,१२,१३, फिलि. १:१

(ग) एल्डरः प्रे. १४:२३ नयाँ नियममा ५६ पल्ट देखापर्छ ।

तिनीहरु को हुन् ? प्रे.१५:२,४,६,२२, १६:४,२१:८

पावल प्रेरित नयाँ मण्डली स्थापना गर्नको लागि तल लेखिएको कुराहरु पछ्याएको थियो

१. ऊ शहरमा प्रबेश गर्‍यो ।
प्रेरित १३:५,६, १४:१,६,२४,२५ पहिलो प्रचार यात्रा
प्रेरित १६:१२,१७, १,१०,१५, १८:१,१९ दोश्रो प्रचार यात्रा
प्रेरित १९:१,२०:२ तेश्रो प्रचार यात्रा
२. उसले सुसमाचार प्रचार गर्‍यो ।
प्रे. १४:३,७,२१,२५
३) हराएकोलाई ख्रीष्टमा जित्यो ।
प्रे. १४:१,२१, १९:८
४. नयाँ विश्वासीलाई शिक्षा दियो ।
प्रे. १४:२२, १८:२३ १९:९,१०
५. उसले स्थाानिय अगुवालाई तालिम दियो र तयार गर्‍यो ।
६. उसले स्थानिय मण्डलीलाई संगठित गर्‍यो । स्थानिय मण्डलीलाई उठाउनको लागिस्थानिय अगुवालाई चुन्यो ।

प्रे. १४:२३, २०:१७,२८
७. उसले पहिले शहरलाई छोडेर अर्को शहरमा गयो ।
प्रे. २०:३६(३८
पावलले शुरु गरेको मण्डली कसले अगुवाइ गर्‍यो ।..................
एल्डरहरुको थिए ?.. ......................
बाइबलअनुसार मार्गदर्शक सुसमाचार प्रचार को हुन सक्छ ?. .....................
मण्डलीको चारवटा काम : एफिसी ४:०१
क) प्रेरित ( "कोही जो पठाइएको छ"
ख) भविष्यवक्ता ( व्यवस्था १८:१८, "तिनीहरुको निम्ति तिनीहरुका दाजुभाई मध्यबाट तँजस्तै म एउटा आगमवक्ता खडा गर्नेछ । म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरुलाई भन्नेछन् ।"
ग) प्रचारक ( जसलाई परमेश्वरले सुसमाचार प्रचार गर्न र हराएकालाई येशूमा जित्नको लागि बोलाउनुभयो । नयाँ नियममा फिलिफ एक साधारण मानिस थिए जो सेवक र प्रचारक पनि थिए, । प्रेरित २१:८ "भोलिपल्ट हामी बिदा भएर के सिरियामा आयौं र प्रचारक फिलिपको घरमा पस्यौं । तिनी ती सव जना मध्ये एक थिए" फिलिप एउटा सामान्य ब्यक्ति थियो जसले हराएकालाई सुसमाचार प्रचार गर्‍यो र तिनीहरुलाई बप्तिस्मा दियो । प्रे. ८:१२ ले भन्छ "तर जब तिनीहरुले परमेश्वरको राज्य र येशूख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरुले बप्तिस्मा लिए ।"

प्रेरित पावललाई कसले बप्तिस्मा दियो ( एउटा पास्टरले वा साधारण व्यक्तिले
(घ) पास्टर शिक्षक ( "सेवाको काम गर्न सन्तहरु सुसज्जित होउन्" एफिसी ४:१२ परमेश्वरको योजना, आफ्नो अनुयायीहरुलाई उपहार दिनु हो ताकि ती सेवकाइमा प्रयोग हुन सकौं ।

पत्रुस ४:१० मा लेखिएको छ, " जसले वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारे झैं ती एउटा अर्काको निम्ति प्रयोग गर"

मार्गदर्शक प्रचारक बन्नको लागि बाइवलीय योग्यताहरु :

१) बाँचेका (नयाँ जन्म पाएका) (प्रेरित ९)

२) बोलावट भएको (गलाती १:१५(१६)

३) पवित्र आत्माले भरिएको (गलाती ५:१६, एफि ५:१८, प्रेरित, १३:९)

४) परमेश्वरको वचन प्रयोग गर्न जान्ने (तिमोथी २:१५)

५) परमेश्वरको आज्ञा मान्ने र परमेश्वरलाई खुशी पार्ने इच्छा भएको (थेसलोनीकी २:४)

६) नयाँ विश्वासीलाई प्रेम गर्ने र वास्ता गर्न सक्ने (थेस, २:७(१२, तीतस १:९)

७) प्रार्थना गर्न जान्ने (थेस, १:२, कल, ४:२(६)

८) शुद्ध जीवन जिउने (तिमो. ५:२२, तीतस १:७:८)

९) विश्वास वलियो भएको (तीतस १:९)

मार्गदर्शक प्रचारक को हुन सक्छ ?

## ५) मार्गदर्शक सुसमाचार प्रचारकको भुमिका

एउटा सामान्य अगुवा वा प्रचारक वा पास्टरको काम के हो ? के उसले सबै थोक गर्नुपर्छ ? होइन !!! मुख्य ऊ एउटा आत्मिकी अगुवा मात्र हो जसले आफ्नो मानिसहरुको बीचमा सेवकाई गर्छ ।

एफिसी ४:११(१२

येशूले गर्नुभएको जस्तो कार्य गर्नु नै मार्गदर्शक प्रचारकको मुख्य भुमिका हो । येशू नै हाम्रो ज्वलन्त उदाहरण हुनहुन्छ । उहाँले १२ चेलाहरुको एक समूह बनाउनुभयो र तिनीहरुलाई तालिम दिनुभयो । त्यसरी नै मार्गदर्शक प्रचारकले पनि आफ्नो मण्डलीमा गएर गर्नु पर्दछ र समूहलाई तालिम दिनुपर्छ ।

पास्टर वा अगुवाको मुख्य काम के हो ? ...............

१. उहाँको सार्वजनिक सेवकाइ थियो । उहाँले ठूलो भीडलाई प्रचार गर्नुभयो ।

२. उहाँको व्यक्तिगत सेवकाइ थियो । उहाँको ब्यक्तिगत सेवकाइले संसारमा ठूलो प्रभाव पुर्‍यायो ।

उहाँको ब्यक्तिगत सेवकाईमा उहाँले ३ वटा काम गर्नु भयो ।

१. उहाँले चेलाहरुको एउटा समूह बनाउनुभयो । उहाँको समूहमा कति जना थिए ? १२ जना । तपाईले १२ जनाबाट शुरु गर्नुपर्दैन । एक जनाबाट शुरु गर्नुहोस, यदि त्यो पनि छैन भने एक जनालाई प्रभुमा जित्नुहोस् ।

२. उहाँले समूहलाई वाहिर पठाउनु भयो । यसरी नै तपाई पनि गर्न सक्नुहुन्छ ।

के तपाई समूह(टिम) बनाउन, तालिम दिन र वाहिर पठाउन कटिबद्ध हुनुहुन्छ ?

.................

एपिसी ४:११(१२ ले पास्टरको पहिलो भुमिका(काम) के हो सोबारे स्पष्ट वर्णन गर्दछ । खीष्टको शरिर(मण्डली) बनाउन र सेवाको कामको निम्ति परमेश्वरको मानिसहरुलाई तयार गर्न परमेश्वरले मण्डलीलाई पास्टर तथा शिक्षक दिनुभएको छ । सुसज्जित पार्नुको अर्थ सिद्धान्तहरु सिकाउने मात्र होइन, तर उनीहरुलाई "ब्यवहारिक" रुपमा

सेवकाइ गर्नलाई तालिम दिनु हो । अर्को शब्दमा भन्नु पर्दा पास्टर तथा अगुवाको पहिलो काम साधारण विश्वासीलाई तलिम दिनु र उनीहरुलाई सुसज्जित पार्नु हो जुन परमेश्वरले तिनीहरुलाई दिनुभएको छ ।

पास्टरको कामको उदाहरणको निर्मित एउटा फुटबल टिमलाई विचार गर्नु राम्रो होला । एउटा फुटबल खेलाडि  समुहमा खेलाडी र निर्देशक हुन्छ । निर्देशक खेल मैदानमा गएर खेल्छ वा कसरी खेल्ने भनी खेलाडिहरुलाई सिकाउने काम गर्छ ? जवाफ निश्चय पनि उसले कसरी खेल्ने भनी निर्देशन गर्छ ।

मण्डलीको पास्टर वा समूहको साधारण अगुवा वा मिसनको काम विश्वाासीहरुको सेवकाइ गर्ने होइन, तर "कसरी" सेवकाइ गर्नु भनी तिमीहरुलाई सिकाउनु र तालीम दिनु हो । जुन काम उसले गरिरहेको छ त्यो सबै "कसरी" गर्ने भनी आफ्ना विश्वासीहरुलाई तालिम दिन सक्छ , जस्तो कसरी साक्षी दिनु, वचन प्रचार गर्ने बप्तिस्मा दिने र प्रभु(भोज, सबै गर्न सिकाउँछ ।

एकचोटी थोमस वेड सिकर्मीको सहयोगी भएर कुनै उध्योगमा काम गर्नुहुन्थ्यो । एक ि
दिन थोमस र सिकर्मीले अग्लो ठाँउमा काम गरिरहनुभएको थियो । सिकर्मी ठूलो(अजंग)को मानिस थियो, जहाँबाट उसले टेबुल काट्न सकेन । उसले वरिपरि हेर्‍यो , यदि कसैले हेर्दै भन्यो, "थोमस, तपाईंले टेबल(बोर्ड) काट्नुहोस् ।" थोमसले भन्नुभयो, "हुन्छ म काट्न सक्छु, केही समस्या छैन ।" किनभने त्यसरी वरिपरि हेरिरहनु भएको छ ?" त्यसपछि सिकर्मीले भने सिकर्मी संघको सदस्य नभएको कारण उनलाई यो टेबुल काट्न अनुमति छैन ।

धेरै देशहरुमा आज आधुनिक सेवकाइको निष्कर्ष पनि "पास्टरको संघमा" रहेको छ । पास्टरहरुले  बप्तिस्मा दिन सक्छ र प्रभु(भोज दिन सक्छ इत्यादी । तर साधारण सदस्यहरुले त्यो गर्न सक्दैनन् । परमेश्वरको वचनले हामी सबै सेवक हौ भनी सिकाउँदछ, पत्रुस २:५ "तिमीहरु पनि येशू ख्रीष्टव्दारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीगिरीको निर्मति जीवित पत्थरहरु झैँ आत्मिकघर बन्दै जाऔं । पत्रुस २:९ ले भन्दछ, "तर तिमीहरु त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक ।" * त्यहाँ परमेश्वरको राज्यमा कुन संघ छैन, हरेक विश्वासी पूजाहारी र सेवक हुन सक्छ । पास्टरले उनीहरुको काम दृष्टि लगाउनु पर्छ, सेवकाइमा लागेका अत्मिक अगुवाहरु वा सेवकको भुमिकामा दृष्टि लगाउनु आवश्यक छ ।

येशूले तीन वर्ष आफ्ना १२ चेलाहरुलाई तालिम दिएर बिताउनु भयो । उहाँ नै संसारलाई कसरी प्रभाव पार्ने भन्ने कुराको सिद्ध रुप हुनुहुन्छ । उहाँले साधारण सिद्धान्त गुणत्मक प्रयोग गर्नुहुन्थ्यो । उहाँले जहिले पनि हामीले गर्नु पर्ने काम गर्नुभयो । येशूले के गर्नुभयो ?

येशूको दुई प्रकारको सेवकाइ थियो ! !

१. उहाँको सार्वजनिक  सेवकाइ थियो । उहाँले ठूलो भीडलाई प्रचार गर्नुभयो ।

२. उहाँको व्यक्तिगत सेवकाइ थियो । उहाँको ब्यक्तिगत सेवकाइले संसारमा ठूलो प्रभाव पारेको थियो ।

उहाँको व्यत्तिगत सेवकाईमा उहाँले ३ तिनवटा काम गर्नुभयो :(

१) उहाँले चेलाहरुको एउटा समूह(टिम) बनाउनुभयो । उहाँको समूहमा कति जना व्यक्ति थिए ? १२ जना थिए । तपाईले १२ जनाबाट शुरु गर्नु पर्दैन । यदि तपाईसँग एक जना छ भने एक जनाबाटै शुरु गर्नुहोस । यदि तपाईसँग एक जना पनि छैन भने एक जनालाई ख्रीष्टमा जित्नुहोस ।

२) उहाँले उहाँको समूहलाई तालिम दिनुभयो । यस पुस्तिकाको व्यवहारिक भागले तपाईको समूहलाई “कसरी” तालिम दिने भन्ने विषयमा सिकाउनेछ ।

३) उहाँले समूहलाई बाहिर प्रचार गर्न पठाउनुभयो । मण्डली शुरु गर्न र मण्डली वृद्धि गर्नको लागि कसरी तपाईको समूह सदस्यलाई प्रचार गर्न पठाउने भन्ने विषयमा धेरै रणनितीहरु छन् । १२ जनाको एउटा समूहलाई कसरी प्रयोग गर्ने भन्नेबारे यहाँ तीनवटा साधारण तरिकाहरु दिईएको छ ।

☛ तपाईको शहरलाई वा समुदायलाई १२ भागमा विभाजन गर्नुहोस् र शहरको एउटा भागमा एक जनालाई पठाउनुहोस्, त्यसरी १२ जनालाई १२ ठाउँमा पठाउनुहोस् । तिनीहरुको आफ्नो ठाउँमा सुसमाचार प्रचारगर्नको लागि जिम्मेवारी हुन्छ ।

☛ नयाँ काम शुरु गर्नको लागि तिनीहरुलाई १२ वटा भिन्दाभिन्दै शहरमा वा छिमेक वा गाउँमा पठाउनुहोस् ।

☛ अथवा तपाईको मण्डली बढाउनको निमति कसैलाई तपाईको समाजमा सुसमाचार प्रचार गर्न पठाउनु राम्रो होला र अरुलाई नयाँ काम शुरु गर्नको लागि गाउँहरु वा शहरमा पठाउनु राम्रो हुन्छ । (प्रत्येक कप्तानले आफ्नै दुई वा धेरै व्यक्तिको सह(समूहको विकास गर्नेछ र उसले आफूले सिकेका कुरा उनीहरुलाई सिकाउन शुरु गर्नेछ । कप्तानको समूह तिनीहरुको क्षेत्रमा सुसमाचार प्रचार गर्नको लागि उत्तरदायी हुनेछन् ।) मार्गदर्शक सुसमाचार प्रचारक अगुवाले पनि साधारण व्यक्ति(विश्वासी)को एउटा सुसमाचार प्रचार समूह बनाउनेछ र यो समूहलाई मण्डली शुरु गर्न, चेलापन र सुसमाचार प्रचार गर्नको लागि तालिम दिनेछ । यो पुस्तिकाले यो काम कसरी गर्ने भनेर तालिम दिनेछ, तर पहिलो कुरा तपाईले आफ्नो समूहको विकास गर्नुहोस् । यदि तपाईसँग तालिम दिनलाई कुनै विश्वासीहरु छैनन् भने तपाईले पहिले तिनीहरुलाई ख्रीष्टमा जित्नु पर्‍यो । ख्रीष्टमा जितिसकेपछि तिनीहरुलाई चेला बनाउँनुहोस र एउटा सुसमाचार प्रचार चेलापन समूह बनाउनुहोस् । तपाई लक्ष्य भनेको चेलाहरुको समूह बनाउनु, तिनीहरुलाई तालिम दिएर मार्गदर्शक प्रचारक बनाउनु अनि प्रचार गर्न बाहिर पठाउँनु हुनेछ । यो तालिम पुस्तीकामा चेलाहरुको समूहलाई हामीले मार्ग दर्शक समूह भनेका छौं । प्रत्येक मर्गदर्शकको उद्देश्य(लक्ष्य) मार्गदर्शक सुसमाचार अगुवा हुनु र आफ्नो चेलाहरुको समूह बनाउनु हो । यो गुणत्मक प्रकृया हो ।

दुई प्रकारले तपाईले आफ्नो समूह बनाउनुहोस् :(

१. सार्वजानिक रुपमा :( तपाईले एउटा चेलापन सेवाकाई समूह बनाउदै हुनुहुन्छ भन्ने कुरा पुल्पीटबाट भन्नुहोस् र हरेकलाई सहभागीहुन बोलाउनु होस् । तपाईले ब्यक्तिगत रुपमा कहिल्यै नचुनेको व्यक्तिलाई परमेश्वरले उठाउनुहुनेछ । उदाहरणको लागि : के तपाईले मन्त्री, एउटा कर उठाउने ब्यक्तिलाई चेला हुनको लागि छान्नुभएको थिय

२. व्यक्तिगत रुपमा :( तपाईको समूहमा आउन चाहने ब्यक्तिको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस् । त्यसपछि व्यक्तिगत रुपमा तिमीहरुकहाँ गएर तपाईको चेलापन सेवकाइ समूहमा आउनको लागि बोलाउनु होस् । तपाई उनीहरुसँग हाप्तामा एकचोटी भेट्नेकुरा भन्नुहोस् । तिनीहरुलाई तपाईले सिकाउनु हुनेछ र तालिम दिनुहुनेछ अनि तिमीहरुलाई ख्रीष्टमा मानिसहरुलाई जित्नको लागि ब्यवहारिक सेवकाइमा पठाउनु हुनेछ ।

मार्गदर्शक सुसमाचार सेवकाइमा, मार्गदर्शक सुसमाचार प्रचारप्रसार अगुवामा दुईवटा मुख्य

जिम्मेवारीहरु छन् :

१. पहिलो मुख्य जिम्मेवारी मार्गदर्शक प्रचारकहरुलाई एक एक गरी वा साना साना समूहमा तालिम दिनु हो । यो खाले तालिम ठूलो समूहमा वा धेरै मानिसहरुको वीचमा गर्न सकिदैन । उसले तिनीहरुलाई सानो सानो समूहमा तालिम दिनुपर्छ । सबै पास्टर तथा अगुवाहरुलाई समूह(टिम) बनाउँछन् । हामी तपाईलाई भन्दछौं कि तपाईको समूहमा १(१२ जना मानिसहरु छन् । जसलाई तपाईले तालिम दिनुहुन्छ उनीहरुनै तपाईको चेलाहरु हुन् । यदि तपाईसँग अघि नै विश्वासीहरु छैनन् भने तपाईले जोसँग समूह बनाउनुहुन्छ त्यहीँबाट वा जिरोबाट शुरु गर्नु पर्नेछ । पहिलो तिनीहरुलाई ख्रीष्टमा जित्नुहोस अनि तालिम दिनुहोस् । मुख्य कुरा तपाईको उद्देश्यचाँही चेलाहरुको समूह बनाउने हुनेछ । प्रत्येक हप्ता तपाईले आफ्नो समूहलाई प्रार्थना गर्नु, सूचना(रिपोर्ट) सरसल्लाह र तालिमको लागि भेट्नु हुनेछ ।

डा. वोएलोन मोरेको किताबमा गुणात्मक चेलापनको बारेमा यसरी भनिएको छ ?

(क) असिमित व्यक्तिगत सेवकाइ गर्नको निमित चेलापन एउटा ठूलो रणनिती हो ।

(ख) चेलापन धेरै निहुरीने सेवकाइ हो ।

(ग) सुसमाचार प्रचार गर्नको लागि छिटो र धेरै सुरक्षित मार्ग चेलापन नै हो ।

(घ) धेरै फल फलाउनको लागि चेलापन नै मुख्य महत्वपूर्ण कुरा हो ।

(ङ) चेलापनले मण्डलीको साधारण अगुवालाई परिपक्कतातिर लैजान्छ जोहरु ख्रीष्टमा र परमेश्वरको वचनमा रहेको हुन्छन ।

२. मार्गदर्शन सुसमाचार प्रचार अगुवाको दोश्रो जिम्मेदारी मार्गदर्शकहरुसँग साप्ताहीक भेट्घाटको समय मिलाउनु हो । कम्तिमा हप्तामा एक घण्टा एक्लै ले समय बिताउनु पर्छ । कम्तिमा हप्तामा एकचोटि आफ्नो समूहसँग भेटेर उनीहरुको जीवनमा प्रभाव पार्नु हो ।

यो भेटघाटमा के गर्ने ?

क) एक्लै ले प्रर्थना सेवा शुरु गर्नुपर्छ । हामी आत्मिकी युद्धको बीचमा छौं र प्रर्थनाले मात्र हामीलाई सुरक्षा दिन सक्छ ।

ख) हरेक मार्गदर्शक सुसमाचार प्रचारकलाई हप्ताभरि पाएको आशिष बाँड्न भन्नुहोस ।

ग) हरेकाले हप्ताभरि सामना गर्नुपरेको समस्याहरुको वारेमा भन्न दिनुहोस र सबैलाई सुचि बनाउनुहोस् ।

घ) त्यसपछि हरेक समस्याको वारेमा सल्लाह दिनुहोस् र

ङ) यस पुस्तिकामा दिएको ब्यवहारिक पाठ द्धारा समूहलाई तालिम दिनुहोस् । उदाहरणको लागि, “कसरी गवाही दिने” वा “प्रचार गर्ने” भन्ने कुरा अध्ययन गराउनु हो । हरेकलाई

कसरी आत्मा जित्ने सो बारेमा निश्चय गराउनु होस् र अथवा सायद, प्रार्थना, “अप्रत्यक्ष तरिका” वा स्थानिय अगुवालाई कसरी तालिम दिने” भन्ने अध्यायहरू दोहोर्‍याउँनु जरूरी होला । सेवकहरूलाई तालिम दिएर समयको सदुपयोग गर्नुहोस् ।

(च) सेवकाइको व्यहारिक रुप तिनीहरूलाई सिकाउँनु हो जस्तैः “कसरी वचन तयार गर्ने, कसरी सर-सल्लाह दिने इत्यादी । मार्गदर्शक प्रचारकहरूलाई राम्रोसँग तालिम दिनु वा सिकाउँनु उसको जिम्मेवारी हो ।

(छ) तिनीहरूलाई केही साधारण सुझाव वा सर-सल्लाह दिनुहोस् र प्रार्थनासहित सेवालाई अन्त्य गर्नुहोस् । (अरु ब्यवहारिक सुझावहरू “मार्गदर्शकको साप्ताहीक भेटघाट” को अध्यायमा हेर्नुहोस् ।)

यदि मार्गदर्शक सुसमाचार प्रचारक धेरै टाढा बस्छ भने उसैले एक महिनामा एकचोटी वा दुई महीनामा एकचोटी सेवा राख्न सक्छ । उसले चिट्ठीपत्रहरूद्वारा पनि सम्पर्क गर्न सक्दछ । यही काम प्रेरित पावलले पनि गरेका थिए । त्यसैले समय समयमा आफ्नो समूहलाई भेट्नु, संगति गर्नु एक महत्वपूर्ण कुरा हो ।

पास्टर तथा अगुवाको कामको सिद्धान्त के हो ?

समूह बनाउन, चेला बनाउन र तिनीहरूलाई तालिम दिन अनि प्रचारको लागि बाहिर पठाउँने छु भनि के तपाईले प्रतिज्ञा गर्न सक्नुहुन्छ ?

## ६) सुसमाचार प्रचारको लागि चेलापन समूह

यसका ६ वटा उद्देश्यहरु छन् :-

१. हराएका आत्मालाई ख्रीष्टमा ल्याँउनु
२. नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु
३. नयाँ विश्वासीहरूलाई भेट्घाट र चेलापनमा हुर्काउँनु
४. स्थानिय अगुवालाई तालिम दिनु
५. नयाँ मण्डलीलाई यसरी संगठित गर्नु होस् कि मण्डली स्वयं पालनपोषण, स्वयं प्रशासन र स्वयंवृद्धि हुन सकोस् ।
६. नयाँ काम छिटो भन्दा छिटो गुणात्मक रुपमा शरू गर्नुहोस् ताकि छिटो नयाँ प्रचारकद्वारा नयाँ मण्डली बनोस् र मण्डलीलाई शिक्षित बनाउँनु र नयाँ काम शुरू हुन सकोस् ।

## ७. नयाँ मण्डलीलाएई सफलतापूर्वक आरम्भ गर्नको लागि ९ वटा मुलभूत सिद्धान्त :

क) नयाँ काम सुरू गर्नको लागि आत्मिकी वरदान भएका मानिसहरुसँग परिचय गर्नु । **रोमी.१२:६-८, १कोरिन्थी १२:४-११**

ख) साधारण मानिसलाई अगुवाइको निम्ती विकसित गर्नु ।

ग) मण्डलीको स्वभावको बाइबलीय आधारमा राम्रो ज्ञान हुनु

मण्डली एकः- ______________________________

______________________________

मण्डलीका पाँच वटा उद्धेश्यहरू छनः प्रेरित २:४२-४७

१) प्रशंसा
२) सुसमाचार प्रचार

३) चेलापन

४) मानिसको सेवा कार्यको अवश्यकता छ ।

५) संगती

**मण्डलीको स्वभाव :-**

१) परमेश्वरको अगुवाईमा स्वयंद्वारा प्रभुत्व हुनु ।

२) परमेश्वरको अगुवाईमा स्वयंद्वारा पालन पोषण गर्नु ।

३) परमेश्वरको अगुवाईमा स्वयंद्वारा वृद्धि हुनु ।

घ) काम गर्न सक्ने ठाउँको परिचय लिनु ।

ङ) छिटोभन्दा छिटो ख्रीष्टमा भएको विश्वासको आदान प्रदान गर्नु । भजनसंग्रह १२६:६

च) घरमा मण्डली शुरू गर्ने कुरामा जोड दिनु ।

यी पदहरुमा नयाँ मण्डली कहाँ भेट्थे ?

प्रे. १६:४०____________________________

प्रे. १७:५-७____________________________

प्रे. १८:७____________________________

प्रे. १९:९____________________________

प्रे. २०:२०____________________________

पावलको सेवाकाइको परिणाम के थियो ? प्रे. १९:१०,२०

यो उसले कसरी गर्‍यो ? तिमोथी २:२

उसको सफलताको रहस्य के थियो ?

छ) यस्तो स्तुति अराधाना संगति दिन सकौं जहाँ मानिसहरूले आनन्द र खुशि अनुभव गर्न सकून् ।

ज) मानिसमा “धन सम्पत्तीको” भार(बोझ) हाल्नु हुँदैन ।

झ) कामको शुरूमा प्राथमिकतामा ध्यान दिनुपर्छ ताकी यी दुई सिद्धान्तद्वारा छिटोभन्दा छिटो कामलाई गुणात्मक रुपमा अगाडि बढ्न सकोस् ।

१. साधारण मानिसलाई शिक्षा दिँदै नयाँ कामको संख्या बढाउनु पर्छ ।

२. नयाँ विश्वासीलाई नयाँ काम दिनको लागि तालिम दिनु ताकि नयाँ काम गर्नको लागि दर्शन पाउन सकौं ।

**८) मण्डली शुरू गरिसकेपछि वृद्धि गर्नको लागि चाहिने मूख्य ६ वटा साँचाहरू :**

क. प्रार्थनाको सेवकाइ ।

ख. स्तुति प्रशंसा(आराधानाको सेवकाई)

१. बप्तिस्मा

अ. समर्पित भएको ब्यक्ति

आ. राम्रो अधिकारसहित

इ. असल प्रसाशनमा

ई. ठीक तरिकामा

ऊ. राम्रो उद्देश्यको लागि

२. प्रभुभोज

अ. समर्पित भएको ब्यक्ति

आ. ठीक अधिकारमा

इ. असल प्रशासन

ई. ठीक उद्देश्यको लागि

ग. सुसमाचार प्रचारको सेवकाइ

घ. चेलापन सेवकाइ

ङ. संगती सेवकाइ

च. राम्रो प्रशासन

## ९. नयाँ मण्डलीको तीनवटा स्वभावहरू :

क) परमेश्वरको अगुवाइमा आफै शासन गर्ने ।

प्रजातन्त्रमा विश्वास गर्नेहरुको लागि आफै शासन गर्ने सिद्धान्त धेरै महत्वपूर्ण छ । मण्डलीको आत्मिकी क्षेत्रमा यो सिद्धान्त अति नै आवश्यक छ । आफै शासन गर्ने सिद्धान्तको परिणाम आत्मिकी जिम्मेवारीचाँहि आफैमा निर्भर हुने र आफैमा पालनपोषण गर्न सक्ने हुनपर्छ ।

हामीले केही ब्यवहारिक कदमहरू चाल्नुपर्छ :

१. मार्गदर्शक सुसमाचार प्रचारक शहरमा जान्छ ख्रीष्टमा आत्माहरू जित्दछ ।

२. उसले चार्लस ब्रेकले लेखेको पुस्तक अप्रत्यक्ष तरिका र अरू केही कथाहरूद्वारा बाइबल अध्ययन गराउछ र साधारण सिद्धान्तहरू पनि सिकाउछ ।

३. नयाँ भर्खर ख्रीष्टमा आएकाहरू चेला बन्दछन र बप्तिस्मा लिन्छ ।

४. यदि मार्गदर्शकले उसले हुन दियो भने, पवित्र आत्माले हरेक अवस्थामा स्थानिय अगुवा खडा गर्नुहुन्छ । नयाँ विश्वासीहरू ले बाइबलीय सिद्धान्त सिक्नेछन् ।

५. विश्वासीहरूले नयाँ मण्डली शुरू गर्ने कुरामा सहमति जनाउने छन् ।

६. स्थानिय झुण्डले यसको स्थानिय अगुवाको चयन गर्नेछन् ।

ख) परमेश्वरको अगुवाईमा आफैमा निर्भर हुने(आर्थीक कुरा जुनाउने) एउटा नयाँ मण्डली वृद्धि हुनलाई दुःख उठाउछ । ब्रोकले आफ्नो पुस्तक “स्थानिय मण्डली स्थापना” भन्ने पुस्तकमा यसरी लेखेका छन् । एउटा पुतली लार्भा छोड्नलाई दुःख भए झै मण्डलीले पनि त्यसै समस्या भोग्नु पर्छ । यस परिणाम भन्नु नै बलियो सुन्दर र राम्रो विकसित पुतली बन्नु हो । त्यसरी नै एउटा मण्डली हुन सक्छ । एउटा पुतलीले जस्तै स्थानिय मण्डलीका विश्वासीहरूले पनि दुःख भोग्दछन्, विश्वासमा हिँड्दछन् र परमेश्वरलाई यसले गर्दा उनीहरूको विश्वास बलियो हुँदै जान्छ, परमेश्वर उनीहरूसँग हुनु भएको कारण नै यसो भएको हो ।

धेरै मण्डलीहरूमा मण्डलीको नाममा भवनको अगाडि चिन्ह हुन्छ । उदाहरणको लागि : पहिलो बप्तिस मण्डली । तर यसलाई “पहिलो बप्तिस मण्डली यहाँ भेट्छ ” भन्दा ठीक होला । भिन्नता चाँहि के हो ? पहिलो चिन्ह भवन नै मण्डली हो । तर दोश्रो चिन्ह मण्डलीमा भएका मानिसहरु हुन् र तिनीहरु जहाँकहीँ पनि भेटेर संगति गर्न सक्छन् परम्परागत विधिद्वारा नयाँ मण्डली शुरू गर्दा लाग्ने रुपैयाँ बजेट बनाउँनु होस् ।

मण्डली शुरू गर्ने ब्यक्तिको मासिक तलब .................१२ महिना ८-७ बर्ष
मण्डली शुरू गर्ने ब्यक्तिको मासिक घर भाडा...............१२ महिना ८-७ वर्ष
सम्पत्ति................................................
भवन................................................
एउटा मण्डलीको लागि चाहिने जम्मा खर्च......................

३. परमेश्वरको अगुवाइमा स्वयंद्वारा बढ्ने ।

नयाँ नियमको मण्डली स्वयं वृद्धि हुने मण्डली हो । यसले आफ्नो गुण अरूलाई भन्दछ । यस्तो खाले मण्डली इभान्जलीकल हुन् र यिनीहरूले नयाँ मण्डली शुरू गर्ने इच्छा राख्दछन् । सबै शहर र गाउँहरूमा पुग्नको लागि नयाँ नियमको मण्डलीले जस्तै हामीले पनि गर्नुपर्दछ र सबै ठाउँमा परमेश्वरको वचन प्रचार गर्न सकिन्छ । शुरूमा मार्गदर्शक एउटा प्रचारक हो । उसले आत्मा जित्छ, चेला बनाउँछ र नयाँ विश्वासीहरुलाई विश्वासको साधारण सिद्धान्तबारे सिकाउँछ । दोश्रोमा स्थानीय अगुवा खडा गर्नको लागि र शहरहरूमा मण्डली शुरू गरेर त्यहाँका मानिसहरूलाई सिकाउँनको लागि परमेश्वरसँग प्रार्थना गर्छ । यो प्रकृयामा मण्डलीले मण्डली शुरू गर्छ । मार्गदर्शक सुसमाचार प्रचारकले निरन्तर रुपमा स्थानिय अगुवालाई तालीम दिने र विभिन्न झुण्डलाई मण्डली बनाउँने काम गर्दछ । त्यसपछि उसले त्यो काम स्थानिय अगुवाहरूको जिम्मामा दिन्छ र निरन्तर रुपमा तिनीहरूलाई भेट्ने र उत्साह दिने काम गर्छ ।

## १०. निष्कर्ष :

मण्डली शुरूवातको सेवाकाइमा सफलता हुने चाहने मार्गदर्शक प्रचारक यस्तो हुनपर्छ :

क) आत्मिकी परिपक्क, राम्ररी तयार गरिएको र तालिम पाएको ।
ख) सुसमाचार प्रचार टिम वा चेला कसरी बनाउँने भन्ने कुरा थाहा भएको ।
ग) “यता आओ” भन्ने सिद्धान्तमा होइन तर “बाहिर जाऊ” भन्ने सिद्धान्तद्वारा हराईरहेका आत्मा खीष्टमा जित्ने ।
घ) आनन्दमा आराधाना सेवा शुरू गर्ने ।
ङ) नयाँ विश्वासीहरूलाई कसरी चेला बनाउँने र कसरी लगातार प्रभुमा बढाउँने भन्ने कुरा थाहा भएको ।
च) नयाँ अगुवाहरूलाई कसरी तालिम दिने भन्ने थाहा भएको ।
छ) नयाँ विश्वासीहरूलाई कसरी बप्तिस्मा दिने र प्रभुभोज दिने भन्नबारे थाहा भएको ।
ज) अविश्वासीहरूको घरमा कसरी बाइबल अध्ययन गर्ने र कसरी आत्मा जित्ने भन्ने बारे स्थानिय मानिसहरूलाई तालिम दिने ।
झ) नयाँ मण्डली अगुवाइ गर्नको लागि स्थानिय अगुवाइलाई तालिम दिने ।
ञ) आफैमा शासन गर्ने, आफैमा निर्भर हुने, आफै बढ्ने गरी मण्डलीलाई अगुवाई गर्ने ।
ट) नयाँ काम शुरू गर्नको लागि कसरी तिनीहरूको आफ्नै सुसमाचार प्रचार झुण्ड बनाउँने भनी नयाँ विश्वासीलाई सिकाउँने ।

# ब्यवहारिक रूप

# तपाईंको समूहलाई के सिकाउँने ?

१.	मार्गदर्शक प्रचारक अनि पवित्र आत्मा

(क)	पवित्र आत्माका गुणहरू:

अ)	हिब्रु ९:१४ पवित्र आत्मा अनन्त हुनुहुन्छ ।

आ)	भजनसंग्रह १३९:७-१० पवित्र आत्मा सर्वब्यापी हुनुहुन्छ ।

इ)	लुका १:३५ पवित्र आत्मा सर्वशक्तिमान हुनुहुन्छ ।

ई)	युहन्ना १४:१२,२५ पवित्र आत्मा सर्वज्ञानी हुनुहुन्छ ।

(ख)	प्रभुमा हराई रहेका व्यक्तिहरूसगँ पवित्र आत्माको काम ।

अ)	यूहन्ना १५:२६,२७ येशू सत्य हुनुहुन्छ भनी गवाही दिनुहुन्छ ।

आ)	यूहन्ना १६:८(११ मानिस (संसार) लाई पाप, न्याय र दण्डको दोषी ठहराउँनु हुनेछ ।

ग)	एक ईसाई(मसीह) को जीवनमा पवित्र आत्माको काम :

अ)	२ कोरन्थी १:२२, एफिसि १:१३-१४ अनन्त जीवनको लागि दृढ विश्वास दिनु हुन्छ ।

आ)	तितस ३:५ ख्रीष्टीयन (मसीह) लाई नयाँ गर्नुहुन्छ ।

इ)	रोमी ८:२ पाप र मृत्युको बन्धनबाट छुट्करा दिनुहुन्छ ।

ई)	एफिसी ३:१६ परमेश्वरको आत्माद्वारा तपाईलाई अन्तरात्मामा शक्ति दिनु हुन्छ ।

ऊ)	प्रेरित १:८ गवाही दिनको लागि नयाँ र स्वतन्त्र बनाउँनु हुन्छ ।

घ)	पवित्र आत्माको परिपूर्णता

अ)	एफिसी ५:१८, विश्वासीहरू पवित्र आत्माले(भरिपूर्ण) भरिएको हुनुपर्छ ।

आ)	गलाती ५:२२,२३ पवित्र आत्माको फल ।

इ)	प्रेरित ४:२९,३१ परमेश्वरको वचन पढ्ने साहस दिनुहुन्छ ।

ङ)	पवित्र आत्माले भरिनको लागि आवश्यक छ:

अ)	प्रेरित २:२८ प्रभुमा बाँचेका हुन पर्छ ।

आ)	१ यूहन्ना १:९, भजनसंग्रह ६६:१८

इ)	१ यूहन्ना ५:१४,१५, रोमी १:१७
विश्वासद्वारा पवित्र आत्मामा तपाई भरिनको लागि र सम्हाल्नको लागि उहाँसँग सोध्न पर्छ ।

ई)	प्रेरित ५:३२ प्रत्येक दिन, क्षण प्रभुको आज्ञापालन गर्नुपर्छ

**निवेदन :** प्रार्थना गर्नोस् र पवित्र आत्मासँग माग्नोस कि यदि तपाईको जिवनमा केही पाप छन् भने सब पाप प्रभुको सामु स्वीकार्नोस् अनि पवित्र आत्मालाई तपाईको जीवन पुरा नियन्त्रण गर्न भनी उहाँलाई भन्नुहोस् ।

२. मार्गदर्शक प्रचारक अनि प्रार्थना

यहाँ प्रार्थनाका आठ रूप दिइएको छ । यसलाई तपाईले परमेश्वरसँग निजी समयमा प्रयोग गर्न सक्नुहुन्छ ।

क) प्रशंसा र आराधना भजनसंग्रह ४८:१, ३५:१, २२:३

अ) परमेश्वरको भजन (गीत) गाउनु ।

आ) प्रशंसाको गीत अथवा वचन पढौं ।

इ) प्रशंसाको खण्ड पढ्ने, परमेश्वरसँग प्रार्थनाको रूपमा भजन ८,९,२४,६५,९२,१०४,१३९ इत्यादि

ख) स्वीकार १ यूहन्ना १:९

ग) धन्यवाद दिनु फिलिप्पी ४:६

घ) परमेश्वरको आवाज सुन्नु ( मती ११:१५

बाइबल पढ्नुहोस, एफिसी १:१ उदाहरणको लागि । एक एक पद पढेर परमेश्वरसँग आत्मिक सत्यता देखाउँनको लागि वा पद पदको सत्यता देखाउँन(बुझ्न)को निम्ति उहाँसँग प्रार्थना गर्नुहोस् ।

१

२

३

४

५) एक अर्काको लागि प्रार्थना गर्नुहोस, एफिसी ६:१८, प्रत्येक दिनको लागि, पुरै हप्ताको प्रार्थना सुची बनाउँनुहोस् ।

६) पवित्र शास्त्रलाई याद गर्नुहोस, यहोशू १:८

## ७) # मार्गदर्शक प्रचारक अनि उद्धारमुक्ती

क) सुसमाचार के हो ? कोरिन्थी १५:४

ख) अनन्त जीवन के हो ? यूहन्ना १७:३,

ग) पश्चाताप के हो ? मर्कूस १:१५

घ) विश्वास के हो ? मर्कूस १:१५

## # मार्गदर्शक प्रचारक अनि निजी गवाही ।

क) प्रभु येशूलाई ग्रहण गर्न अघि मेरो जीवन कस्तो थियो ? प्रेरित २२:१(५

ख) मैले कसरी महसूस गरें कि मेरो लागि खीष्टयेशू आवश्यक छ भनी प्रेरित २२:६-८

### पदको व्यवहारिक रूप

तपाईंसँग अनन्त जीवन छ भनी के तपाई निश्चित हुनहुन्छ ?

(३) मैले कसरी र कहाँ खीष्ट(येशू)लाई ग्रहण गरे ? प्रेरित २२:९(१३

(४) खीष्ट(येशू)लाई ग्रहण गरेपछि कसरी मेरो जीवनमा परिवर्तन आयो ? प्रेरित २२:१४-१८

३ मार्गदर्शक प्रचारक अनि निजी प्रचार(सुसमाचार बढ्नु)

परमेश्वरसँग तपाईको जीवनको लागि योजना(उद्धेश्य) छन् । यूहन्ना ५:१३

- पदको उदेश्य :हामीलाई साँच्चै अनन्त जीवन छ भनी थाहाँ दिन्छ ।
- पदको ब्याख्या :अनन्त जीवन चाँहि दुई चीज हुन( (१) येशू ख्रीष्टलाई चिन्नु अनि उहाँको शान्ति हामीमा तत्काल हुन । (२) अनन्तको लागि ख्रीष्टसँग स्वर्गमा रहनु ।

२) तपाईको आवश्यक्ता रोमी ३:२३
यहाँ देखाई दिएको छ की हामी सबै जना पापी छौं ।

- पदको ब्याख्या : पापचाहिँ परमेश्वरसँगको अनाज्ञाकारीता हो ।
- पदको व्यवहारिक रूप(शिक्षा) :( के तपाईसँग पाप थियो वा के तपाई पापी हुनहुन्थ्यो ?
- (रोमी ६:२३) पदको उद्देश्य : यहाँ हामीलाई देखाइएको छ की पापको ज्याला मृत्यु
- पदको व्यख्या: मृत्यु भनेको परमेश्वरदेखि दुई प्रकारले अलग गर्नु हो ।
  संसारबाट अहिले यो जीवनमा अलग हुनु ।
  अनन्तको लागि परमेश्वरदेखी अलग हुनु ।
- पदको ब्यवहारिक रूप(शिक्षा) : तपाईको पापले गर्दा तपाई परमेश्वरदेखि टाढा, अलग हुने योग्य हुनुहुन्छ के तपाईले बुझ्नुभयो ?

३) परमेश्वरको नियम (विधान)
(रोमी ५:८) * पदको उद्धेश्य = पापको बाँच्ने उपाय(समाधान) देखाउँदछ ।
पदको ब्याख्या . पापको ज्याला चुकाउँनको निम्ति येशू ख्रीष्टले दु:ख, सजाय भोग्न भयो, जुनचाँही हाम्रो सट्टामा थियो ।
पदको ब्यावहारिक रूप (शिक्षा) . के तपाई विश्वास गर्नुहुन्छ की प्रभु येशूले हाम्रा मात्र पापको मुल्य चुकाउँनुभयो ?

४) तपाईको उत्तर (जवाफ) रोमी १०:९
प्रभु येशूलाई ग्रहण गर्ने मुक्तीदाता भनी स्वीकार्न के गर्न पर्छ ? के गर्न आवश्यक छ ?
(क) यस्तो मानिस खोज्नु होस् की जो शान्तिप्रिय छ लूका १०:५।

← अविश्वासमा आधारित संस्कृतिका मानिसहरूसँग :

अ. परमेश्वरबारे तपाईको विचार(धारणा) के छ
आ. के तपाई सृष्टिकर्ता परमेश्वरको बारेमा सिक्न(जान्न) चाहानुहुन्छ अनि कसरी परमेश्वरलाई ब्यक्तिगत(निजी) रूपमा तपाईले जान्न सक्नुहुन्छ ।

← विश्वासी(ईसाई) आधारित संस्कृतिका मानिसहरुसँग :

क) के तपाईको आफ्नो जीवनमा प्रभु येशूसँग निजी(व्यक्तिगत) सम्बन्ध छ वा तपाई त्यो जीवन बिन्दुमा पुग्नुभएको छ अथवा के तपाई त्यो सम्बन्ध बनाउँने र त्यो विन्दुमा पुग्ने कोशिश गरिरहनुभएको छ ?
ख) के तपाई निश्चित(पक्का) हुनुहुन्छ आज राती तपाई मर्नुभयो भने तपाई स्वर्ग जानु हुन्छ ।
ग) के तपाई आफ्नो घरमा बाइबल अध्ययन गर्न इच्छुक हुनहुन्छ ?

(७) कसरी बाईबल अध्यायनलाई अप्रत्यक्ष तरिकामा अगुवाई गर्ने :( (चर्लस ब्रोक)

**परिचय**

अप्रत्यक्ष तरिका प्रयोग गरेर बाइबल अध्ययनलाई कसरी अगुवाइ गर्ने भनि सिकाउँने, जो कोहीलाई साहयता पुगोस भनि यो अध्ययन तयार गरिएको हो ।

यसबाट यो स्पष्ट हुन्छ कि यो अगुवाइ गर्ने तरिका प्रयोग गरेर सिकाउँनलाई शिक्षा अथवाा कुनै विषेश तालिमको आवश्यकता छैन ।

यो अगुवापन विधि विभिन्न पुस्तकहरूमा प्रयोग गर्न सकिन्छ । तैपनि यो अध्ययन हामीले तयार गरेका छौं । विशेष गरी यो क्रमिक अध्ययन मार्गदर्शक सुसमाचार प्रचारसँग सम्बन्धीत छन् । तैपनि हामीले यूहन्नाको सुसमाचार बाइबल अध्ययनबाट “परमेश्वरको सुसमाचार” भनेर तयार गरेका छौं ।

२. तिमोथी २:२ मा पावलले के गरेका थिए सम्भनुहोस्, उनले अरूलाई तालिम दिनको अरूलाई तालिम दिए, फेरि अरूले अरूलाई तालिम दिए । यदि हामीले अरूलाई तालिम दिनको लागि तालिम दिन्छौं भने हामी यी समाग्री र तरिका प्रयोग गर्न जादैछौं । ताकि तिनीहरु यो तरिका प्रयोग गर्न सक्षम हुनेछन ।

क) अप्रत्यक्ष विधि(तरिका)मा दुईवटा कुराहरूको परिचय दिनु जुनचाहिँ अप्रत्यक्ष अगुवापनमा समावेश छन् :

अप्रत्यक्ष अगुवापनमा दुई कुराहरु समावेश हुन्छन :

१. अगुवाले समूहलाई निर्देशन दिन्छ ।

२. समूहको सहभागिता हुन्छ ।

अप्रत्यक्ष अगुवापन विधिमा अगुवाद्वारा र समूहद्वारा सहभागिता हुन्छ ।

**निर्देशन**

आउँनुहोस् हामी यी पाँचवटा नियमलाई हेरौं, जसको अप्रत्यक्ष बिधि(तरिका) द्वारा बाइबल अध्ययनमा प्रयोग हुनुपर्छ ।

(ख) १.समूहको सदस्यहरूको अध्ययनमा सहभागिता लिनेलाई अगुवालेप्रोत्साहित गर्न आवश्यक छ ।

यदि केवल अगुवाले नै बाइबल, अध्ययनमा सबथोक गर्छ भने, अप्रत्यक्ष अगुवापन विधि(तरिका) द्वारा बाइबल अध्ययन गर्न असम्भव छ । अप्रत्यक्ष अगुवापनमा यो एकदम नै महत्वपूर्ण छ की सबै सदस्यलाई ……… दिनको लागि प्रोत्साहित गर्न पर्छ ।

**सहभागि हुनु**

२. आफ्नो समूहलाई एक यस्तो (पाठ्य पुस्तक सामाग्री) दिनु जसको प्रश्न उत्तर र खाली ठाँउ भर्ने ठाउँ होस् अरु कुनै पढ्ने चिज यसो गर्नाले शिक्षकलाई सहायता हुन्छ कि उसले आफ्नो समूहलाई कुन दिशातिर अगुवाइ गर्ने ।

यो चीजहरूद्वारा सदस्यलाई बाईबल अध्यायनमा सहभागि हुनको लागि अझै प्रोत्साहन दिन सकिन्छ ।

यस अभ्यास पुस्तक शिक्षकको सदस्यलाई ……..मा सहायत गर्छ, उसले सदस्यलाई ……….. दिनमा प्रोत्साहित गर्छ ।

**निर्देशन सहभागिता**

३. जब अगुवा(विश्वासी)को समूहमा बाइबल अध्ययनको नेतृत्व गर्दछन भने अगुवाले धैर्य(धिरज) राख्न आवश्यक छ । जब तपाई अप्रत्यक्ष तरिकाद्धारा बाइबल अध्ययन दिनुहुन्छ तब धर्य(धिरज) राख्नु विषेश आवश्यक हुन्छ । समूहको कोही सदस्यहरू बाइबल अध्ययनमा धेरै सहभागि हुन चाहन्छन् भने कोही बिलकुल लिन चाहदैनन् । यसकारण अगुवाले सधैं यो नियम पालन गर्न पर्छ ।

४. अगुवाले धिरज बाइबल धिरज अध्ययन समूह नेतृत्व गर्दा ऊ आफैले अभ्यास गर्न गर्नुपर्छ कि जसरी उसले नेतृत्व गरिरहेको छ त्यसरी नै अरू सदस्यहरूद्वारा पनि नेतृत्वको पुनराबृति हुन सकोस् ।

पुनरूत्पादन अगुवापन नेतृत्व भनेको कक्षाका सदस्यहरूद्वारा पनि त्यस्तै चाँडै अरूलाई नेतृत्व गर्नु हो । जसरी अगुवाले नेतृत्व गरेको छ त्यसरी नै उसले फेरि चाडै अरूलाई नेतृत्व गर्नु हो ।

अगुवामा पनि यो हुन(सिकाउन) पर्‍यो की उसले जुन समूहलाई नेतृत्व गरिरहेको छ, त्यसरी नै तिनीहरूले पनि नेतृत्व गर्न सक्ने होस् ।

५. पुनरुत्पादन = हामीले यो सिकेका छौ की अप्रत्यक्ष नेतृत्वमा समूहका सदस्यहरूलाई पनि भाग लिन राम्रो हुन्छ । समूहलाई यो विश्वास(भरोसा) हुन पर्छ कि अध्ययन सफलता हुन पवित्र आत्माले साहयता गर्नुहुन्छ ।

पवित्र आत्माले मात्र मानिसलाई दृढ विश्वास र परिवर्तन ल्याईदिन सक्नुहुन्छ ।

पवित्र आत्माको काम.......................... र...................... छ ।

ग. दृढ विश्वास परिवर्तन

तिन चीज जसलाई अगुवाले अप्रत्यक्ष तरिकामा बाइबल अध्ययन गर्दा कहिलेपनि प्रयोग गर्नुहुदैन् ।

प्राय . यस्तो हुन्छ की बाइबल अध्ययनमा अगुवा समूहभन्दा केही जान्दछन् । हुन सक्छ कि कोही बेला अगुवा यो कुरामा गर्दा हुन, यसकारण नै त अगुवाको कहिले काहीँ जानेका विषय धेरै नै चर्चा गर्ने अनुभाव गर्छ, सबै भन्न चाहन्छ ।

यस्तो ब्यवहारलाई .......... भनिन्छ ।

१. इच्छुक २. अप्रत्यक्ष नेतुत्वमा इच्छा नभएको । यो महत्वपूर्ण छ कि जे अगुवाले जानेको छ त्यो उसले बताउन जरुरी छैन । तर निर्देशन दिन मात्र राम्रो हुन्छ ।

अइच्छुक (इच्छा नभएको)

२. बाइबल अध्ययन समूहमा कोही न कोही ब्यक्ति यस्ता पनि हुन्छन् जो आफ्नो ज्ञानलाई देखाउँन चाहन्छन । हामी यस्ता ब्यक्तिहरूलाई दार्शनिक भन्दछौं । यस्ता मानिसहरूसँग वादविवाद गर्नु चाहिँ समय खेर फाल्नु मात्र हो । साधारण त यी दार्शनिकहरू...............हुन् । (एकभन्दा ज्यादा(धेरै) चुनेर माथिका खालि ठाउँमा भर्नोस्)

क) वास्तवमा सत्य खोज्ने ब्यक्ति

ख) मानिसको ध्यान आफूतिर आकर्षित गर्ने ब्यक्ति

ग) जो बाल्न म पराउँछन् ।

मानिस आफुतिर ध्यान आकर्षित गर्नेवालाहरु जो बोल्न मन पराउँछन ।

३. जब हामीले पहिले नै थाहा पायौ कि अप्रत्यक्ष अगुवापन नेतुत्वको अर्थ कक्षाका सबै सदस्यहरू भाग लिनु हो । अगुवाले यी कुराहरूको पनि ध्यान राख्न जरूरी छ की बिषय चर्चा गर्ने समयमा केवल एउटै ब्यक्तिद्वारा प्रभाव नहोस् । अनि यदि एउटै ब्यक्तिद्वारा सारा समय लिइयो भने यसको अर्थ यो भयो की अगुवाले ………………… नेतृत्वको अभ्यास गरिरहेको छैन ।

घ) अप्रत्यक्ष :

अब हामी यहाँ दुई कारणहरु हेर्न गरिरहेका छौं कि नयाँ मण्डली शुरूगर्नको लागि किन अप्रत्यक्ष अगुवापन विधि(तरिका) राम्रो हुन्छ ।

१. जब हामी अप्रत्यक्ष विधिलाई प्रयोग गर्दछौं तब नेतृत्वको जिम्मेवारीलाई समूहको दोश्रो सदस्यहरूकहाँ पुराउन धेरै सजिलो हुन्छ । यहि नै एक साधारण तरीका हो, जसले गर्दा एक दिन मण्डली निर्माण हुन्छ । एक अगुवाको गुण यही हो कि उसले नेतुत्वलाई अरू दोस्रोसम्म……. छ ।

हस्तान्तरण

२. जब तपाईले अप्रत्यक्ष नेतृत्व विधिलाई बाइबल अध्ययनमा प्रयोग गर्नुहुन्छ । तब तपाईं ती सदस्यहरूको नेतृत्व गर्नु हुन्छ न त अनुभवी, शिक्षित या पैसावाला । यसको अर्थ यो हो कि जे पनि गर्न सक्दछन् ।

यसको अर्थ यो भयो कि अब धेरै मानिस यसको योग्य छन् जो नयाँ समूहरूको ………. गर्न सक्दछन् ।

अगुवाइ

८. मार्गदर्शक प्रचारक र बाइबल बिना अन्य कुनै पाठ्य सामाग्रीद्वारा घरमा बाइबल अध्ययनको नेतृत्व गर्नु :(

क) कदम . समूहको अगुवाले छान्ने जुन अध्ययन हुनु छ ।

ख) कदम . अगुवाले कसैलाई त्यो खण्ड पढ्न भन्ने र

ग) कदम . अगुवाले दोश्रो चोटी फेरि त्यही खण्डलाई सजीलो, बुझ्ने तरीकाले पढ्ने अनि ती पदलाई सम्झने ।

घ) कदम. पद पढेपछि, आत्मिक सत्यता जान्न अगुवाले साधारण(सजिलो) प्रश्न सोध्ने । जस्तै :(

क) यो पदले परमेश्वरको बारेमा के बताउँछ ?

ख) यो पदले येशूको बारेमा के बताउँछ ?

ग) यो पदले पवित्र आत्माको बारेमा के बताउँछ ?

घ) यो पदले पापको बारेमा के बताउँछ ?

ङ) यो पदले मलाई के सिकाउँछ ?

च) यो पदले म कसरी मेरो जीवनमा लागु गर्न सक्छु ?

ङ) कदम . अगुवाले उसलाई यहाँ भएका अरू पदहरू पनि देखाउँनु पर्छ जुन पदहरू त्यही सत्यमा सम्बन्धीत छन् ।

च) कदम . अगुवाले तिनीहरूको यो अगुवाइ गर्न पर्छ की यि कुरा तिनीहरूको जीवन लागु गर्न सकुन् ।

छ) कदम . अघिल्ला पदहरू लगातार पढ्नु ।

ज) कदम . अध्ययनलाई समाप्त गर्ने बेलामा एक अर्कोको आवश्यकताको लागि प्रार्थना गर्ने ।

मार्गदर्शक प्रचारक र अविश्वासी बीचमा शुरू सन्देशको अध्यायन(सभा) कसरी नेतृत्व गर्ने ?

१) पहिलो भेटघाट संगति

क) मार्गदर्शकले भेटघाट संगतीमा तल दिएकोअनुसार गर्नुपर्छ ।

अ. नयाँ नियम

आ. कलम अथवा सीसा कलम

इ. कागजको पाना

ई. अध्ययनसँग मेलखाने कोरसहरू

ऊ. उसले प्रयोग गर्न चाहने अध्ययन सामाग्रीहरू जस्तोः

"कसरी अनन्त जीवन पाउने", "सुसमाचार", "अध्ययन", "सुसमाचार" कथाहरू इत्यादी जुटाउँनु पर्छ ।

ख) मार्गदर्शकले आफू बाइबल अध्ययन गराउँने अगुवा हो भनी जोड दिनुपर्छ ।

ग) मार्गदर्शकले उनीहरूको नाम, उमेर र जन्म मिति एउटा कापीको पानामा लेख्न भन्नुपर्छ । झुण्डको एक एक सदस्यको लागि प्रार्थना गर्नको लागि लेखेको हो भनेर सम्झाउँनुहोस् । तपाईले अर्को सेवा(भेटघाट)मा झुण्डको सबै सदस्यको लागि यूहन्नाको सुसमाचार पनि ल्याउँनु हुनेछ भनि सम्झनुहोस् । यो सुची तपाईको "दैनिक" प्रार्थना बुकमा राख्नुहोस् ।

घ) यदि तिनीहरूले कोरस तथा भजन सिक्न चाहन्छन र गाउँन चाहन्छन् भने मार्गदर्शकले तिनीहरूलाई त्यो मौका दिनुपर्छ । झुण्डलाई नै निर्णय गर्न दिनुहोस् । यदि तिनीहरूले गाउँनको लागि भजनहरू छाने भने तिनीहरूलाई सिकाउँनुपर्छ ।

ङ) मार्गदर्शकले विषयअनुसारको एउटा कोरस छाल्नुपर्छ ।

च) मार्गदर्शकले झुण्डका सदस्यहरूलाई केही कुराको खाँचो वा प्रार्थना गर्नु पर्ने विषय केही छ की भनि सोध्नुपर्छ । त्यसपछि सबै खाँचोको लागि प्रार्थना गर्नुपर्छ र सबै खाँचो परमेश्वरमा चढाउँनु पर्छ ।

(२) बाइबल परिचय र अध्ययन अगुवा :

सम्झना रहोस . यी मानिसहरू अविश्वासी हुन । तिनीहरू बाइबलको विषय र यसलाई कसरी प्रयोग गर्ने, केही जान्दैनन् । तिनीहरूलाई सिकाउँन तपाईले धेरै, संयम, धिरज राख्नपर्छ । हाम्रो सल्लाह छ कि तपाई तिनीहरूलाई सा-सानो झुण्डमा बाढ्नुहोस्, तब एक अर्कोको साथी बनेर, बाइबललाई कसरी प्रयोग गर्न पर्छ भन्ने एक अर्कालाई बुझ्न मद्दत हुन्छ ।

३ सबैभन्दा पहिले . तिनीहरूलाई बाइबल सुची देखाउँने र बाइबलमा दुई भाग हुन्छ भनी बताउने नयाँ पुरानो नियम ।

फेरी पुरानो र नयाँ नियमको बारेमा सम्झाउँने ।

३ त्यसपछि . कसरी तिनीहरूले पन्ना नम्बर हेरेर किताबहरू खोज्न सक्छन् । र तिनीहरूले यूहन्नाको पुस्तक पन्ना अंक गनेर कसरी निकाल्ने भनि पद खोज्न सहायता गर्नुहोस् र सिकाउँनुहोस् ।

३ अनि तेश्रोमा . एक चोटि तपाई पुस्तक निकाल्नु हुन्छ तब तपाई अध्ययन गर्न शुरू गरिदिनुहोस् र प्रश्न पढ्ने र पदद्वारा प्रश्नका उत्तर दिने । तर अप्रत्यक्ष नेतृत्व विधिलाई प्रयोग गर्दा अगुवाले प्रश्न र उत्तर(जवाफ) वा पदहरु केही नपढ्ने । अगुवाले चाहिँ सही उत्तर निकाल्न खोज्न मात्र साहयता गर्नेछन् । यदि तिनीहरूले गलत उत्तर दिएमा फेरि पनि पद पढ्ने । सही उत्तर प्राप्त गर्नलाई सहायता गर्ने । यस विधिलाई प्रयोग गरी नयाँ मानिसहरू बाइबल अध्ययन अथवा कथाद्वारा अविश्वासीलाई नेतृत्व गर्ने योग्यका हुन्छन् ।

३. निमन्त्रणा :

"सुसमाचार" अध्ययनको छैटौंपाठमा निमन्त्रणा गरिरहेको छ । (यदि तपाईले निमन्त्रणाको कथा प्रयोग गर्न चाहनुहुन्छ भने त्योचाँही सातौं पाठमा छ) । अगुवाले "अनन्त जीवन कसरी पाउने" भन्ने पर्चाहरू पनि प्रयोग गर्न सक्छ अथवा अरू मिल्ने कुनै पनि सामाग्री प्रयोग गरेर जसले सुसमाचारलाई येशूलाई तिनीहरूको प्रभु भनी ग्रहण गर्न बोलाउँनु पर्छ ।

४. अन्तिम पाठ :

अन्तिम पाठ सिद्धियपछि झुण्डको निम्ति निर्णय गर्ने समय(मौका) हुनेछ । मार्गदर्शकले तिनीहरू निरन्तर रूपमा यसरी नै सँगसँगै अध्ययन गर्न चाहन्छन् कि भनी सोध्नुपर्छ । यदि "हुन्छ" भन्ने जवाफ आयो भने मार्गदर्शकले तिनीहरूलाई विश्वासमा दह्रो बनाउँने सामाग्रीहरू प्रयोग गर्नुपर्छ । (येशू सँगै नयाँ जीवनको शुरुवात) यो बुँदामा एउटा ठूलो परिवर्तन देखा पर्नेछ । मार्गदर्शकले यदि सम्भव छ भने सबै झुण्डहरु एकै ठाँउमा भेट्नु पर्छ भनी सुझाव दिनुपर्छ । निर्णय नगरेकाहरूलाई समेत बोलाउँन र प्रत्येकलाई नियन्त्रणा गर्न(वोलाउन) निश्चय हुनुपर्छ।

१०. मार्गदर्शक प्रचारक र विश्वासीलाई विश्वासमा दृढ गराउँन उनीहरूको पछि लाग्नु ।

येशूले हामीलाई मात्र होइन । एक चोटी तपाईको अध्ययन सहभागि भएर आफैलाई परमेश्वरकहाँ दिनेहरूलाई चेला बनाउँनु एकदमै महत्वपूर्ण छ । तिनीहरूको नयाँ सम्बन्धमा परमेश्वरसँग बढ्नको लागि चेलापन छिटो(तुरुन्तै) शुरू हुनुपर्छ र जीवनको पुर्ण अर्थ र उद्देश्य परमेश्वरमा पाउँन पर्छ ।

प्रथम, परमेश्वरको वचन र प्रार्थना ब्यक्तिगत जीवनमा कसरी परमेश्वरलाई चिन्ने र उहाँसँग सम्बन्ध कसरी राख्ने भनी सिकाउँनु पर्छ ।

दोश्रो, सेवकाइको लागि तिनीहरूलाई तालिम दिनुपर्छ । अविश्वासीको घरमा कसरी बाइबल अध्ययन गराउँने, सुसमाचार कसरी प्रचार गर्ने, गवाही कसरी बाँड्ने भनि तिनहरूलाई सिकाउँनुपर्छ । तिमोथी २:२ मा यसरी भनिएको छ "धेरै जनाको साक्षीहरूको उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौं । ती अरूहरूलाई पनि सिकाउँन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ " ।

हामीले अरूलाई तालिम दिनको निम्ति मात्रै तालिम दिदैनौ तर अरूले पनि अरूहरूलाई तालिम दिउँन भनी तालिम दिन्छौं ।

क)	विश्वासीहरूलाई विश्वासमा बलियो बनाउँने खाले राम्रो सामग्री प्रयोग गर्नुहोस् र निरन्तर अप्रत्यक्ष तरिकाद्वारा नयाँ विश्वासीहरूलाई बाइबल धर्मशास्त्रमा भएको सत्यता जान्न मद्दत पुग्न सकोस् ।

ख)	क्रिष्टी ब्राँनरले मन्त्रीको सुसमाचारको आधारमा लेखेको “येशूमा नयाँ जीवनको शुरुवात्” भन्ने पाठ जुन यस पुस्तकमा सम्मिलित छ यो प्रयोग गर्नुहोस् । यसमा जम्मा आठ जना छन । यो कार्य पुस्तिकामा छाप्न पहिले नै अनुमति भएको छ ।

११.	मार्गदर्शक प्रचार र कथाहरु भन्नु ।

१.	असल कथाहरु प्रयोग गर्नुपर्छ । मन्त्रीको सुसमाचारबाट सात वटा येशूको सुसमाचार लेखिएको छन् । तिनीहरु महत्वपूर्ण, व्यवहारिक र साधारण छन् । ख्रीष्ट ब्राँनरले “येशूमा नयाँ जीवनको शुरुवात” भन्ने आठ पाठसम्म छन् जुन नयाँ विश्वासीहरुलाई विश्वासमा बलियो बनाउन लाभदायक छन् ।

२.	हरेक पाठ प्रार्थनाद्धारा शुरु गर्नुपर्छ ।

३.	सहभागीहरुलाई कथा भन्नु वा पढेर सुनाउनु पर्छ । (यदि तिनीहरुले पढ्न सक्छन भने पालैपालो गरि पढ्न दिनुहोस्) ।

४.	कथा र आत्मिकी सत्यताको बारेमा मौखिक प्रश्न सोध्नुहोस् ।
(ख्रिष्टी ब्राँनरको मन्त्री सुसमाचारको कथाहरु प्रश्न र आत्मिकी सत्यता दुबै पुस्तिकामा छन् ।

५.	कथालाई फेरि दोश्रो चोटि फेरि दोहर्‍याउनुहोस् ।

६.	प्रत्येक व्यक्तिको खाँचो र आवश्यकता भन्नको लागि समय छुट्याउनुहोस् ।

# योजना
## नयाँ मण्डली शुरू गर्ने कदमहरू

**योजना**

पहिलो अवस्थाः मण्डली स्थापनामा शुन्य आधार देखि त्यो बिन्दुसम्म तपाई मण्डलीको रूपरेखा बनाउँनु हुन्छ ।

दोश्रो अबस्था . तपाईले नयाँ कामको रूप रेखा तयार गर्नुहुन्छ । नयाँ मण्डलीको रूपरेखाको लागि त्यहाँ धेरै नमूनाहरु छन् तर यहाँ चारवटालाई मात्र हामीले हेर्न गइरहेका छौं । यो पाठले पहिलो अवस्थालाई योजनालाई पनि प्रदर्शित गरिदिन्छ ।

१. परम्परागत मण्डली

यो नमूना कार्यक्रममा अधारित छ । यसमा यस्ता कार्यक्रम हुन्छन् जस्तैः आइतबार विद्यालय । यो असाधारण बाइबलसम्बन्धी हुन्छ । यसले भवन निर्माणमा प्रभावशाली बल दिन्छ र अधिकतर पादरी/पास्टर या प्रचीनका शक्तिशाली समूहद्वारा नियन्त्रित गरिन्छ ।

**अनुगामी मण्डली**

यो नमूना बिस्तृत रूपमा आमा मण्डलीद्वारा संचालित गरिन्छ । जसमा अनेक(मिशन) सेवकाईसाथ धेरै मण्डलीहरू हुन्छ । मूल(आमा) या समर्थक मण्डली मिशनहरू या मण्डलीद्वारा नियन्त्रण हुन्छ । सबै धर्म मण्डलीमा प्रार्थना, बाइबल अध्ययन र संगती धरो, बजारो र स-साना आराधनालयहरूमा हुन्छ । यस्तो भए तापनि यी संगतीहरू मूल(आमा) मण्डलीको सदस्य हुन्छन् । प्रायः जसो दशांश अनि भेटी पनि मूल(आमा) मण्डलीमा पठाइन्छ । यस अनुगामी मण्डलीको मुख्य समस्या यही छ कि स्वयंलाई पुनरुत्पादित गर्ने कोही कोही दर्शन उनीहरूकोमा हुँदैन जबसम्म आफु स्वयंनै संगठित गर्नको लागि यी कुरा अवश्यक हुन्छ की तिनीहरू कहाँ जम्गा (जमीन), भवन र अभिषेक पास्टर यद्यपि यि सबै मानिसद्वारा सृजिएका(निर्मित) आवश्यक्ता हो र यी सबै परमेश्वरबाट आउँदैन ।

**कोशिका मण्डली**

यहाँ यस्तो नमूना छ जब कि आमा मण्डलीमा कोही साना समूह, घरहरू, शहरहरू अनि कार्यालयहरू भेटिन्छ । यी समूह भौगोलिक या  एकरूपताको आधारमा संगठित हुन्छ । जस्तैः यूवा समूह, महिला समूह, पुरूष समूह इत्यादि । यी समूहहरूको सभामा

समूदाय, संस्थागत समूह, पास्टर र सदस्यले जिम्मेदारी र हिसाब राख्दछन् । यिनीहरू प्रायः गरी आफ्नो समूहमा प्रभुभोज र आफ्नो स्तरमा बप्तिस्मा पनि लिन्छन् । सबै समूह सामान्य व्यक्तिद्वारा संचालित हुन्छ । जसले मण्डलीको संस्कारहरूलाई पूरा गर्दछ, अनि प्रत्येक हप्ता सबै समूह मिलि एक बडो उत्सवको आयोजना गर्दछन् ।

**सानो मण्डली**


यो नमूना एक सेवक कर्टिस सारगेन्टद्वारा विकसित गरिएको छ । साना मण्डलीहरू नयाँ विश्वासीको घरहरूमा शुरू गरिन्छ । यो समूहमा जब १५ जना सदस्यहरू हुन्छन् तब मात्र यो एक गुणात्मक हुँदै जान्छ । यसरी नै एकाएक स्थानिय, अलग र स्वतन्त्र मण्डली हुन्छ ।

स.= सहभागिता – सबै सदस्य बाईबल अध्यायन, प्रार्थना र संस्थागत समूहमा भाग लिन्छन ।
अ.= अनुसरण(आज्ञाकारी) – यो सफलताको लागि एक आनन्द हो । यो कतिसम्म बढ्छ भन्ने होइन ।
व.= वेतन बिनाको अगुवा – सबै अगुवाहरु र पास्टरहरु सामान्य व्यक्तिहरु बन्दछन् ।
क.= कोशिका – यिनीहरु साना समूहरुमा संगती गर्दछन ।
घ.= घर – घरहरु र शहरहरुमा प्रार्थना सभा हुन्छ ।


## <u>मार्गदर्शक सु-समाचार प्रचारक चक</u>

सुसमाचार समूह


**चक्र १**




**चक्र २**





**यो उत्सव सभा पहिलो चक्रसँग जोडन सकिन्छ या स्थानिय मण्डली बन्न सक्छ ।**





सुसमाचार
समूह २
सुसमाचार समूह

## चक्र ३



मार्गदर्शक सुसमाचार प्रचारक
र हालै तालिम प्राप्त नयाँ
सु-समाचार प्रचारक
चक्र नं. २ को नयाँ विश्वासीहरुबाट चेलापन र सु-समाचार
प्रचारको नयाँ समूह बनाउँने । चक्र नं. १ को अगुवाहरुलाई
यी नयाँ अगुवाहरुलाई तालिम दिन लगाउने
सर्वेक्षण अनि सम्पर्क
सुसमाचार
समूह
सुसमाचार
समूह
सुसमाचार
समूह
सुसमाचार
समूह
उत्सव मनाउनु र चेलापन


**मार्गदर्शक सु-समाचार समूहहरु, उत्सव मनाउने सभाहरु र चेलापन तालिम नयाँ विश्वासीबाट चलाउनु पर्छ, जो ख्रीष्टमा बाँचेका (जितिएका) वास्तविक सुसमाचार प्रचारक हुन ।**

## चक्र नं. ३ लगातार





## चक्र ४:







अब स्थानिय अगुवाहरुले सु-समाचार समुह उत्सव आयोजना र चेलापन समूहहरु संचालन गर्दछन् । नयाँ अगुवाहरुलाई मण्डली संचालनको प्रशिक्षण(तालिम) दिन आवश्यक पर्छ ।

## चक्र ४ लगातार





आफ्नो संस्कृति वास्तविकताको आधारमा एक स्थानिय मण्डली या चार अलग मण्डलीहरु हुन सक्छन् । स्थानिय अगुवाद्वारा सबैलाई संचालीत गरिन्छ ।


## चक्र नं. ५



## नयाँ शैलीमा मण्डली स्थापना गर्नको लागि प्रचारकहरुको योजनाको प्रयोग




पाउच ( स.अ.व.क.ध.) माण्डलीको लागि मार्गदर्शक सु-समाचार प्रचारकको प्रयोग :



# <u>ओइकस् (Oikos) को प्रक्रिया</u>

**यी ब्यक्ति, जसले ख्रीष्टलाई पाएका छन, किनकि शान्त ब्यक्तिको मन परिवर्तन भयो ।**
**अनि यी ब्यक्ति चाहीँ अहिलेसम्म विश्वासी होईनन् ।**



# नयाँ विश्वासीको लागि छ सत्यताहरू

**थोमस वेड** एकिन्स्द्वारा

# मार्गदर्शन सु-समाचार प्रचारको क्रमिक रूप

# नयाँ विश्वासीको लागि छ सत्यताहरू

## परिचय

बाइबल कलस्सी २:६ मा  बताएको छ, “यसकारण जसरी तिमीहरूले ख्रीष्टलाई प्रभु भनि ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताऔं ।” यो अवस्थामा तपाईले यो सिक्नु हुन्छ कि कसरी तपाई ख्रीष्टसँग संगतिमा जिवित रहन सक्नु हुन्छ ।
जब तपाई शरिरमा उत्पन्न(जन्म) हुनुभएकोथियो । तब तपाई एक चोटी मात्र जन्मनु भएको थियो र जब तपाईले येशूलाई ग्रहण गर्नुहुन्छ, तब तपाईले आत्मिक जन्म एक पल्ट हुन्छ र यो जन्मलाई यूहन्ना ३ मा “नयाँ जन्म भनिएको छ । यदि शारिरिक दृष्टिले तपाई हेर्नुहुन्छ भने तपाईं प्रत्येक आईतबार दोश्रो पल्ट जन्मन सक्नुहुन्न । तर यो कुरा तपाईको आत्मिक जन्मसँग सत्य हुन्छ ।

## उद्धारको निश्चय विश्वास र अनन्त जीवन :

### प्रथम सत्य :

अनन्त जीवन के हो ? यूहन्ना १७:३ ले बताउँछ “अब अनन्त जीवन यही हो, कि तिनीहरूले एक मात्र सत्य परमेश्वरलाई चिनून् र तपाईंले पठाउँनु भएको येशू ख्रीष्टलाई पनि चिनुन् । अर्को शब्दमा भन्न सकिन्छ कि अनन्त जीवन येशू ख्रीष्ट हुन जो तपाईको ह्रदय(

आत्मा)मा हुनुहुन्छ यसको अर्थ जब येशू तपाईको जीवन दिनुहुन्छ र तपाई अनन्तसम्मको लागि स्वर्गमा उहाँसँग रहनुहुनेछ ।

१.यूहन्ना ५:१२ मा लेखिएको छ, "जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनहुन्न, त्यससँग जीवन हुँदैन ।

तपाईले येशूलाई ग्रहण गरेपछि पाप गर्नुभयो भने के हुन्छ ?तपाईको मुक्ति त गुमाउँनु हुन्न । उदाहरणः मेरा तीन बालबच्चाहरू छन्, कहिलेकहिँ तिनीहरू मप्रति अनाज्ञाकारी हुन्छन् । के तपाई सोच्नुहुन्न कि म तिनीहरूलाई सधैँको लागि छोडि दिन्छु या त्याग्छु ? विलकुल( अवस्था) छैन । तिनीहरू मेरा छोराछोरी हुन्, म तिनीहरूलाई माया गर्छु । तर म तिनीहरूलाई सिकाउँछु, सुधार्छु र अनुशासन दिन्छु । हिब्रु १२:७ मा लेखिएको छ "ताडनाको निम्ति नै तिमीहरू कष्ट सहन्छौं । परमेश्वरले तिमीहरूसँग छोरालाई झैं व्यवहार गर्नुहुन्छ । किनकि बाबुले ताडना नदिएको कुनचाँहीं छोरा हुन्छ र ? तर यदि सबै जना सहभागी भएको त्यो ताडना तिमीहरूले पाएका छैनौं भनेता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौं, तर व्यभिचारमा जन्मेका छोराहरू छौं । र यदि तपाई पनि अनुशासित हुनुभएको छैन भने वास्तवमा तपाई परमेश्वरको साँचो पुत्र हुनुहुन्न ।

यूहन्ना १:१२ मा लेखिएको छ । "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि बिश्वास गरे उहाँले तिनीहरुलाई परमेश्वरको संन्तान हुने हक दिनुभयो" यसकारण जब तपाई परमेश्वरको पुत्र भएर पनि पाप गर्नुहुन्छ त परमेश्वरले तपाईमा सुधार ल्याई दिनुहुन्छ ।
र यदि तपाईमा सुधार नआएमा(नल्याएमा) वास्तवमा तपाई परमेश्वरको छोरा हुनुहुन्न । तर जो उहाँको वास्तविक छोरा हो उसको उद्धार(छुटकारा) कहिले पनि हुँदैन कारण ऊसँग अनन्त जीवन हुन्छ । यदि तपाईले येशूलाई ग्रहण गरेपछि पाप गनुहुन्छ भने परमेश्वरले तपाईलाई अनुशासन दिनुहुन्छ, उहाँले तपाईलाई शिक्षित पार्नुहुन्न कि तपाई उहाँको सही मार्ग(बाटो)मा चल्न सक्नुहुन्छ । उहाँले तपाईको मुक्ति(उद्धार) तपाईबाट अलग गर्नुहुन्न वा तपाईको मुक्ति गुम्दैन कारण तपाईंको उद्धार, मुक्ति अनन्तसम्मको लागि हो, अनन्तको अर्थ कहिले पनि खतम नहुने, अजम्बरी हो ।

## दोश्रो सत्य . बप्तिस्मा लिनु

येशूले मत्ती २८:१९ मा भन्नुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र पवित्र आत्माको नाउँमा तिनीहरू बप्तिस्मा देऔं,

जब तपाई बच्चा हुनुहुन्थ्यो त्यति बेला नै तपाईको बप्तिस्मा भएको हुन सक्छ, तर येशूले भन्नुभयो केवल ती व्यक्ति जो उहाँको पछि हिड्दछन्, तिनीहरूले बप्तिस्मा लिन सक्दछन् जब तपाई सानो बच्चा हुनुहुन्थ्यो, के तपाई त्यतिबेला येशूको पछि हिँड्नु हुन्थ्यो ? हैन तपाईले त येशूको बारेमा केही थाहा पाउँनु भएको थिएन । तब मात्र तपाई येशूलाई पछ्याउँने(अनुयायी) बन्नुभयो जब तपाईले विश्वास र पश्चातापद्वारा येशूलाई आफ्नो ह्रदयमा ग्रहण गर्नुभयो । तपाई बच्चा हुँदा तपाईले बप्तिस्मा लिन हुने थिएन किनकि बप्तिस्माको चिन्ह( चिनारी) येशूलाई पछ्याउने अनुयायी हुनुहुन्छ ।

बाइबलमा हामी देख्दछौं कि येशूलाई ग्रहण गरे पनि उहाँका अनुयायीहरू(येशूलाई पछ्याउनेहरू)ले पानीमा डुवाएर बप्तिस्मा दिए । पानीमा डुवाउने(डुबुल्को) बप्तिस्मा के हो ? जब तपाईलाई बप्तिस्मा दिइन्छ तब कसैले तपाईको शरिरलाई पानीमा मुनि केही बेरको लागि डुवाउँछन किन ? किनकि यो येशूको मृत्यु, दफन र पुनरुत्थानको प्रतिक हो । जब तपाई सानो

बच्चा हुनहुन्छ तब तपाई यस्तो गर्न सक्नुहुन्न तर जब तपाई येशूलाई ग्रहण गर्नुहुन्छ तब यो गर्न जरूरी छ ।

रोमी ६:३-४ ."के तिमीहरू जान्दैनौ हामी सबै, जातिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँ कै मृत्युमा बप्तिस्मा लिएमा थियौं ? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसगै गाडियौं, ताकी जसरी पिताको माहिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं ।"

पानीले हामीलाई बचाउँदैन तर येशूले मात्र बचाउँनु हुन्छ । बप्तिस्मा यो कुराको पहिलो चिन्ह हो कि तपाईं वास्तबमा येशूको चेला वा येशूलाई पछ्याउँने असल ब्यक्ति हुनुहुन्छ, बप्तिस्मा कहाँ हुनुपर्छ भनेर तपाईलाई थाहा छैन भने तपाईले आफ्नो अगुवाहरूलाई सोध्नुहोस् ।

## तेश्रो सत्य . आफ्नो बाइबल पढ्नु

भजनसंग्रह ११९:१०५ . तपाईको वचन मेरो गोडाको निम्ति बत्ति र मेरो बाटोको निम्ति उज्यालो हो । बाइबल परमेश्वरको वचन हो । पहिलो भाग पुरानो नियम र दोश्रो भाग नयाँ नियम । नियमको अर्थ "करार" (प्रतिज्ञा, वाचा) हो ।

बाइबललाई तल दिएका मात्र पुस्तक चुन्नुहोस :(

१. पढ्नको लागि एउटा मात्र पुस्तक चुन्नुहोस् । उदाहरणको लागि यूहन्नाको पुस्तक
२. पुस्तकको पहिलो अध्ययनको पहिलो पद पढ्नुहोस्
३. परमेश्वरलाई भन्नुहोस् कि उहाँले तपाईलाई यो पदको आत्मिक सत्यता देखाउँन । उदाहरणको लागि युहन्ना १:१ मा लेखिएको छ । आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो , अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।
   यो पदमा आत्मिक सत्यता के हो ?
   क) संसारको सृष्टि परमेश्वरको वचनद्वारा भयो ।
   ख) वचन परमेश्वर हुनुहुन्थयो । (पद १४ मा थाहा पाउँछौं कि यही वचन येशू मसीह हुनुहुन्थ्यो ।
४. यस्तै तरिकाद्वारा पदहरू र खण्डहरूलाई पढ्नुहोस् र परमेश्वरलाई आफूसँग बोल्न दिनुहोस् । ताकि उहाँ को हुनुहुन्छ भनी तपाईले उहाँलाई चिन्न सकोस् र उहाँले तपाईको जीवनका पापहरू देखाउँन सकुन् ताकी तपाईले उहाँको आज्ञापालन गर्न सफल होस्, इत्यादि ।

## चौँथो सत्य . प्रार्थना

लूका १८:१ मा परमेश्वरले भन्नुभयो "कि हामीले निरन्तर प्रार्थना गर्नुपर्छ र कहिले पनि प्रार्थना गर्न छोड्नु हुदैन तपाईले प्रार्थना कसरी गर्ने ? तपाईले परमेश्वरसँग ब्यक्तिगत समय बिताउँन धेरै महत्वपूर्ण छ । निम्नलिखित तरीका अपनाई शुरू गर्नुहोस् ।

१. बाइबल पढ्नुहोस् , ५ मिनेटसम्म प्रभुलाई धन्यवाद दिनुहोस् ।
२. प्रशँसा दिदै भन्ने । पिता परमेश्वर, म तपाईलाई प्रेम गर्छु किनकि ...................... ।
३. धन्यबाद दिने । "प्रभु म तपाईलाई धन्यबाद दिन्छु किनकी.................................।
४. अरूको लागि प्रार्थना गर्ने । प्रभु म मेरो पुत्र जेफको लागि धन्यवाद दिन्छु किनकी.......। प्रभुलाई नपाउँने व्यक्तिहरूको लागि पनि तपाईले प्रार्थना गर्नुहोस् । तिनीहरूको नामको सूची बनाउँनुहोस् र साताभरि नै प्रत्येक दिन प्रार्थनामा तिनीहरूको लागि प्रार्थना गर्नुहोस् ।
५. प्रार्थना गर्नेः परमेश्वरलाई तपाईको अवश्यकता बताउनुहोस् ।

६. पश्चाताप गर्ने . केही समयको लागि चूप रहनुहोस्, अनि परमेश्वरलाई भन्नुहोस् कि "प्रभु मेरो जीवनमा के नराम्रा कुराहरू छन् ।

यूहन्ना १:९ मा लेखिएको छ :( "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । यो पाप ती ब्यक्तिहरूलाई लेखीएको हो जसले पहिले नै खीष्टलाई ग्रहण गरी सकेका छन् । जब तपाईको शरिरमा फोहोर लाग्छ तब तपाईले नुहाउँनु हुन्छ । खीष्टियनहरूको लागि पश्चाताप गर्न भनेको आत्मिक नुहाई हो ।

## पाँचौं सत्य . इवेन्जेलिक चर्चको सदस्य बन्नु

।

एफिसी १:२३ भन्छ ( जुन मण्डली उहाँको शरिर उहाँको पूर्णता हो र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ ।"

पत्रुस शब्दको अर्थ "चट्टान" । प्रभु येशूलाई चट्टानको रूपमा दर्शाएको छ । मत्ती १६:१८ मा परमेश्वरले यस्तो भन्नु भएन कि पत्रुस मण्डलीको शिर हुन् तर येशू नै मुख्य शिर या कुनै ढुङ्गा हुन भनिएको छ । कोरिन्थी ३:११ ले बताउँछ ("किनकी जुन जग बसालिएको छ, जो येशू खीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन ।"

मण्डली बप्तिस्मा भएका विश्वाासीहरूको शरिर (देह) हो, जो एकसाथ केही बिशेष उद्देश्यको लागि भेला हुन्छन जस्तैः

१. आराधना ( दुई संस्कारहरूमा गरिन्छ । प्रभु-भोज र बप्तिस्मा ।
२. प्रचार ।
३. चेलापन ।
४. मानिसहरूलाई सेवा अवश्यकता पर्छ ।
५. संगति

किन तपाई मण्डलीसँग सम्बन्धीत हुन आवश्यक छ ?

१. खीष्टीय भाईहरूसँग मिलेर प्रभुको प्रशांस गर्न ।
२. परमेश्वरको वचन सिकाउँन ।
३. खीष्टीय भाईहरूसँग संगति गर्न(मण्डली तपाईको आत्मिक परिवार हो)।
४. एक अर्काको सेवा गर्न ।
५. प्रभुलाई नचिनेका, ग्रहण नगरेका मानिसलाई प्रभुको बारेमा प्रचार गर्न, प्रभुको वचन पढ्न ।

## छैटौं सत्यता . गवाही

मत्ती २८:१९ मा येशूले भन्नुभयो ( "जाओ र चेला बनाओ" यसको अर्थ यो भयो कि प्रत्येक येशूका चेलाहरूले संसारमा हराएका ब्यत्तिहरूलाई यो बताउँन पर्‍यो कि जे तिनीहरूको जीवन भएको थियो, त्यो ती ब्यक्तिहरूलाई बाँढ्न, बताउँन पर्‍यो । यो गवाही तपाईले आफ्नै परिवारबाट शुरू गर्नुपर्छ । तिनीहरूलाई तपाईले खीष्टलाई मुक्तिदाता भनि ग्रहण गर्नुअघि तपाईको जीवन कस्तो थियो । येशू तपाईको आवश्यकता हुनुहुन्छ भनी तपाईले कसरी जान्नुभयो । तपाईले कहिले र कसरी येशूलाई ग्रहण गर्नुभयो र येशूलाई ग्रहण गरेपछि, साथै येशूसँगको तपाईको जीवन कस्तो छ, यो

कुरा बताएपछि तपाइले प्रत्येकलाई ब्यक्तिगत सोध्नुहोस । के तिनीहरू पनि येशूलाई ग्रहण गर्न चाहन्छन र अनन्त जीवन निश्चय प्राप्त गर्न चाहन्छन् ।

यदि तिनीहरू (ब्यक्तिहरू) . हो, म ग्रहण गर्न भन्छन् भने, तल लेखिएका पदद्वारा बुझाउँनुहोस् ।

१. १ यूहन्ना ५:१३ . तपाईलाई अनन्त जीवनको निश्चयता हुन सक्छ । अनन्त जीवनको अर्थ येशू तपाईको ह्रदयमा हुनुहुन्छ । (यूहन्ना १७:३) अनन्त जीवनद्वारा तपाईलाई अहिले शान्ति मिल्न सक्छ । (यूहन्ना १०:१० र १७) र मृत्युपछि स्वर्ग जाने पक्का विश्वास ।

२. रोमी ३:२३ . "मानिसको सबैभन्दा ठूलो समस्या पाप हो । हामी सबै पापी छौं । किनकि पापको कारण ठूलो रोकावट आउँदछ जसले हामीलाई परमेश्वरदेखि अलग गर्छ ।

३. "पापको ज्याला मृत्यु हो ।" रोमी ६:२३, यसको अर्थ यो हो कि पापको परिणाम मृत्यु हो । मृत्यु भनेको परमेश्वरबाट अलग हुनु हो । यसको अर्थ यो हो कि अब हाम्रो जीवन, शान्ति, आनन्द, अनन्त जीवनबिनाको हुन्छ । यो तनवपूर्ण जीवन खालि(रितो) डरले भरिएको र नराम्रा कुराले भरिएको हुन्छ । यो एक यस्तो जीवन हुन्छ जुन जीवन स्वर्गबाट अलग र अनन्तसम्मको लागि परमेश्वरको उपस्तितिबाट टाढा हुन्छ ।

४. रोमी ५:८ . ख्रीष्ट हाम्रो पापको निम्ति मर्नुभयो । उहाँले तपाई र मेरो पापको मूल्य चुकाउँनु हाम्रो लागि आफ्नो प्राण दिनुभयो ।

५. रोमी ८:९(१०, १०:९-१०, येशूलाई ग्रहण गर्न, उहाँलाई मुक्तिदाता भनी तपाई स्वीकार गर्न पर्छ । यसको अर्थ तपाईले आफ्नो इच्छाद्वारा ख्रीष्टलाई आफ्नो जीवन नियन्त्रण गर्न दिनु । येशूलाई ग्रहण गर्नु भनेको उहाँमा विश्वास गर्नु पनि हो । विश्वास गर्नु भनेको तपाईले अन्य चिज (वस्तु) माथि विश्वास गर्न छोडी आफ्नो पूरा विश्वास ख्रीष्ट येशूमा नै लगाउनु हो ।

६. रोमी १०:१३ . मानिसहरूलाई(व्यक्तिहरू) सोध्नुहोस कि तिनीहरूले आफ्नो जीवन येशूलाई दिन चाहन्छन । यदि अरूहरूले हो चाहन्छु भन्छन् भने तपाइले उनीलाई भन्नुहोस कि प्रार्थना गर्ने र अहिले परमेश्वरलाई आफ्नो जीवनमा प्रवेश गर्न दिनुहोस्

भनि बताउँने । किनकी सबै जसले प्रभुको नाम पुकार्छन् । तिनीहरु बाँच्नेछन । रोमी १०:१३

# सुसमाचार यूहन्नाको अध्ययन माला

## तपाईको लागि परमेश्वरको अनौठो योजना

सुसमाचार यूहन्नाको अध्ययन माला १ पाठ

तपाई संसारमा एउटा उद्देश्यको लागि हुनुहुन्छ, जुनचाहिँ परमेश्वरलाई चिन्नु, प्रेम गर्नु र उहाँलाई महिमा दिनु हो । मुक्तिदाता येशू ख्रीष्ट उहाँको पुत्रलाई जब तपाईले भेट्नुहुन्छ र चिन्नहुन्छ, तपाईले ब्यक्तिगत उहाँलाई जान्न सक्नुहुन्छ । येशूलाई पछ्याउँने र जान्नेहरू लाई परमेश्वरले थुप्रै आशिष दिनुहुन्छ भनि बाइबलले सिकाउँछ ।

केही विशेष वरदान र आशिषहरू तल दिइएको छ । यो अध्ययन यूहन्नाको सुसमाचारसँग सम्बन्धीत छ । परमेश्वरलाई उहाँको वचन बाइबलबाट तपाईसँग बोल्ने अनुमति

दिनुहोस् । हरेक पदले के भन्छ त्यसको बारेमा विचार गर्नुहोस् । अनि तपाईको आफ्नै शब्दमा हरेक प्रश्नको जवाफ दिनुहोस् । खाली ठाउँमा बाइबलको पदबाट तपाईको उत्तर लेख्नुहोस् । सुसमाचार यूहन्ना १०:१० खोल्नुहोस(पल्टाउनुहोस्) ।

१ येशू असल गोठालो किन आउनुभयो ? यूहन्ना १०:१०

२. येशूले भन्नु भएको "प्रशस्त ...जीवन" बारे तपाईले के विचार गर्नुहुन्छ ?

३. उहाँले साँच्ची नै विश्वास गर्नेहरूलाई येशूले कस्तो जीवन दिनुहुन्छ ? १०:२८

४. येशूको नाममा हामीले माग्यौं भने परमेश्वर पिताले के गर्नुहुन्छ ? १६:२३

५. "येशूको नाममा" माग्नु भन्नुमा तपाईले के विचार गर्नुहुन्छ ?

६. येशूले किन हाम्रो प्रार्थनाको जवाफ दिन चाहनुहुन्छ ? १६:२४

७. हामी कसरी "स्वतन्त्र" भएका छौं ? ८:३१,३२

८. येशूले "सत्य"ले हामीलाई स्वतन्त्र गराउँदछ भन्नुभएको बारे तपाईको के सोचाई छ ? १७:१७

९. येशूको वचनमा रहनेहरू के हुनेछन् ? ८:३१

१०. यूहन्ना १४:१ मा येशूले ____________ होउन् भन्नुभएको छ । परमेश्वरमा विश्वास गर्नेले ____________ पनि विश्वास गरेको चाहनु हुन्छ ।

११. परमेश्वरको घर स्वर्गमा के छ ? १४:२

१२. जब येशू स्वर्ग उचालिनु भयो उहाँ के गर्नुभयो ? १४:३

१३. उहाँका अनुयायीहरुको लगि ठाउँ तयार पारिसकेपछि येशूले प्रथमतः के गर्नुहुन्छ ?

१४. त्यसपछि येशूले के प्रतिज्ञा गर्नुभयो ?

१५. येशूले जुन कुरा हामीलाई सित्तैंमा दिनुहुन्छ त्यो किन्न असम्भव छ त्यो के हो ? १४:२७

१६. यदि हामीले येशूलाई प्रेम गर्छौं भने परमेश्वरले हाम्रोबारे के विचार गर्नुभएको छ ? १४:२७

अहिले नै परमेश्वरको अगाडि नम्र भएर परमेश्वरलाई हेरौं । उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा सोच्नुहोस् । बाइबलले हामीलाई दुई प्रकारको मृत्युको बारेमा बताउँछ । पहिले हाम्रो शरिरिक मृत्यु हो । दोश्रो येशूलाई विश्वास नगरि आत्मामा मर्नु हो । यो मृत्यु भनेको परमेश्वरबाट छुट्टीई आगोमा जानु वा नर्कमा जानु हो ।

१७.   तर येशूमा विश्वास गर्नेहरूको लागि उहाँले के प्रतिज्ञा गर्नुभएको छ ? ११:२६

______________________________________________

यूहन्ना १........१:२७ मा मार्थाले येशूलाई जवाफ दिदा प्रयोग गरेकी शब्दहरु लेख्नुहोस् । उनको वाक्यमा मृत्युमाथि उहाँको(शक्ती) विजय, जुन उनले येशूको बारेमा विश्वास गरेकी थिईन । "हो प्रभु, म विश्वास गर्दछ,, तपाई संसारमा आउँनुहुने खीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ ।"

१८.   हामीले येशूको वचन कहिले बुझ्नु पर्छ, हामी भित्रको के भैरहेको छ ?

______________________________________________

१९.   जसले येशूलाई विश्वास गर्छ, उसले ______________ खीष्टको निम्ती जिउनको लागि शक्ति पाउँछ । १:१६ ____________________

अनुग्रह परमेश्वरको वरदान हो जुन हामीले नत किन्न सक्छौं नत कमाउन नै सक्छौं । यो पापको अधिनबाट खीष्ट येशूद्वारा छुटकारा पाइसकेपछि परमेश्वरबाट प्राप्त हुने आत्मिकी सम्पत्ति हो । हामीले अनुग्रहबाट हाम्रो पापबाट छुटकारा पाएका छौं, कामबाट होइन । "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौं र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो ।" (एफिसी २:८,९)

२०   यूहन्नाले येशुलाई परमेश्वरका थुमा भन्दछन् । हाम्रो पापको निमति येशूले क्रूसमा के गर्नुभयो ? १:१०

______________________________________________

२१.   यूहन्ना १:१२ मा एउटा शब्द लेखिएको छ जसले खीष्ट येशूमा गरिने "विश्वासको अर्थ देखाउँछ । येशूमा विश्वास गर्नु भन्ने उहाँलाई तपाईको ह्रदयमा येशू खीष्टलाई प्रभु भन ________________ हो ।

यो अध्ययनमा तपाईले तपाईको जीवनको लागि परमेश्वरको प्रेमिलो उद्देश्यको बारेमा पढ्नुभयो र उहाँलाई चिनेपछि पाइने फाइदाको बारेमा पनि पढ्नु भयो । साँचो प्रकारले आफ्नो विश्वास येशूमा राख्नेहरूले प्रशस्त जीवन, अनन्त जीवन, प्रार्थनाको उत्तर,

स्वतन्त्रता, स्वर्गमा घर, अनन्द, शान्ती र अनुग्रह प्राप्त गर्छन । परमेश्वरले तिमीहरूको पाप क्षमा गर्नुहुन्छ । जब तपाई आफ्नो पापबाट पश्चात्ताप गर्नुहुन्छ र येशूलाईग्रहण गर्नुहुन्छ अनि उहाँ तपाईको ह्रदयमा सधैंको लागि प्रभु भएर आउनुहुन्छ ।पश्चाताप भनेको आफ्नो पापबाट फर्कनु र खीष्टको पछि लाग्नु हो । उहाँ हाम्रो पापको लागि मर्नुभयो र चिहानबाट बौरी उठ्नुभयो । अर्को पाठमा परमेश्वरको वरदानमध्ये एउटा "अनन्त जीवन"को बारेमा अझै धेरै सिक्नुहुनेछ ।

# सधैँ जीवित रहेको शक्ति

## सुसमाचार यूहन्नाको अध्यायनमाला २ पाठ

धेरै जनाले अनन्त जीवन भनेको मृत्युपछि गरिने अनुभव हो भनी विश्वास गर्दछन् । कति जनाले यसरी भन्ने गर्दछन् अनन्त जीवन भनेको हामीले गरेको पापमाथि विजय पाउनको निमति गरिने उसको काम हो । यो सत्य होइन । येशूले पटक पटक भन्नुभएको वचन थोरैले मात्र महसूस गर्दछन् । हामीले निश्चित रुपमा थाहा पाउन सक्छौं कि अहिले हामीसंग अनन्त जीवन छ । आउँनुहोस् हामी बाइबलको पुस्तक सुसमाचार यूहन्नाबाट हेरौ । १७ अध्याय

खोल्नुहोस् र ३ पद पढ्नुहोस् । र आफ्नै शब्दमा प्रश्नको उत्तर दिनुहोस् । खालि भागमा लेख्नुहोस् ।

१. अनन्त जीवन भनेको के हो ? १७:३

..........................................................................................

२. येशू र परमेश्वरलाई हामीले "चिन्दछौं" भनी कसरी विचार गर्छौं ? ७:१७

..........................................................................................

३. कुन मार्गद्वारा येशूलाई पाउँन सकिन्छ ? ५:३९

..........................................................................

४. सबैको नीम्त अनन्त जीवनका वचनहरु को सँग छन ? ६:६७-६९

........................................................................

५. यदि तपाईसँग अनन्त जीवन छैन भने के हुनेछ ? ३:१५

....................................................................

६. येशूका भेडाहरूले कसरी अनन्त जीवन पाउँछन् ? १०:२७,२८

................................................................................

७. हाम्रो इच्छालाई परमेश्वरको इच्छाअनुसार हुन दिएमा के हुन्छ ? १२:२५...................हामीले अनन्त जीवन कसरी राख्न सक्छौं ?

..............................................................

८. येशूलेभन्नुभयो"........................मविना ......................................................"

९. अनन्त जीवन दिनसक्ने शक्ति को सँग छ ? ....................................... यूहन्ना ३:१६ दुई चोटी पढ्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् ।

१०. संसारका मानिसहरूलाई कसले प्रेम गर्छ ?

..............................................................

११. तपाईलाई परमेश्वरले प्रेम गर्नुभएको कारणले गर्दा उहाँले तपाईको लागि के गर्नुभयो ?

...........................................................................

१२. परमेश्वरको एकमात्र पुत्र को हुनुहुन्छ ? ..................................................

१३. कसले अनन्त जीवन पाउँन सक्छ ? ...........................................................

१४. जसले परमेश्वरको एउटैमात्र पुत्रलाई विश्वास गर्दैन तिनीहरू

...................................................................................

१५. कति जना मानिसहरूले अनन्त जीवन पाउँन सक्छन् ? ................................

१६. अनन्त जीवन भनेको तपाईको विचारमा कति समय/वर्षसम्म हुन्छ ?

..........................................................................

१७. परमेश्वरले हामीलाई किन अनन्त जीवन दिनुहुन्छ ?

.....................................................................

१८. तपाई कसरी नाश हुनबाट बच्नुहुन्छ ?

...................................................................

१९. यूहन्ना ५:२४ मा येशूले केही महत्वपूर्ण कुरा भनिरहनुभएको छ । खाली ठाउँ भर्नुहोस । येशूको अनन्त जीवन पाउँनको लागि उहाँको वचन ............. पर्छ र उहाँमाथि ............ गर्नु पर्छ ।

२०. त्यसपछि ३ वटा महत्वपूर्ण प्रतीज्ञा गर्नुभएको छ :

तपाईसँग ...................................

तपाई .................................... आउँनुहुने छैन ।

तपाई ................................... हुनेछ ।

कुनै ब्यक्तिले विवाह गर्छ वा उसको जन्म दिन थाहा पाउँछ त्यसरी नै हरेकले मृत्यूबाट जीवनमा प्रवेश गरेको थाहा पाउँन सक्छ । के तपाई मृत्युबाट जीवनमा सर्नु भएको छ ? तपाईले थाहा पाउँन सक्नु हुन्छ ।

२१. येशूले अनन्त जीवनको बारेमा .................................. जस्तो हो भनी व्याख्या गर्नुहुन्छ ।

२२. अनन्त जीवन कसरी पाउँन सकिन्छ ? १४ पद

..................................................

२३. यूहन्ना ४:१४ मा पानी पिउँने भन्नुको अर्थ के हो ? ठीक उत्तरलाई गोलोचिन्ह लगाउँनुहास् ।

अ. साँच्चिकै पानी खन्नु

आ. येशूमा विश्वास गर्नु

इ. इनार खन्नु

ई. बप्तिस्मा लिनु

२४. यूहन्ना ६:४७,४८ र ५१ मा येशूले अर्को शब्दमा आफ्नो बारेमा भन्नुभएको छ । येशू .............

..................... हुनुहुन्छ । जब तपाईले हुन्छ, हुनुहुन्छ र रोटी खानु हुन्छ, त्यो तपाईको समक्षमा आओस भनेर २ वटा विशेष सूचि बनाउनुहोस् ।

..........................................................................................

२५. यी विशेषताहरू येशूसँग कसरी सम्बन्धीत छन् ?

..................................................................................

२६. यदि हामीले जिउदो खीष्टमथि विश्वास गर्‍यौं भने हामीले के पाउँने छौं ? ६:४७

.........................................................................

तपाईले अनन्त जीवन र नाश नहुने वा सधैं रहिरहने जीवनकोबारेमा सिक्नुभयो । तिनीहरु एउटै हुन् । येशूलाई ब्यक्तिगत रुपमा चिन्नु भनेको अनन्त जीवन पाउनु हो । उहाँ नै अनन्त जीवन हुनुहुन्छ ।अनन्त जीवन भनेको सधैं रहिरहने जीवन हो भनेर तपाईले सिक्नुभयो । जोसँग अनन्त जीवन छ ऊ कहिल्यै पनि नाश हुनेछैन । जीवनको रोटी र जिउदो पानी येशू नै हुनुहुन्छ ।अर्को अध्ययनमा तपाईले संसारको दुष्टताको मृत्युबाट कसरी बँच्ने भन्ने कुरा हेर्नेछौं ।

# पापको दुखान्त

## सुसमाचार यूहन्नाको अध्ययन माला ३ पाठ

मर्ने रोग(पाप)हरेक मानव प्राणीमा छ, यो पाप हामीले प्रेम गर्ने आमा बुबाबाट छोराछोरीमा सर्दछ । कोही मानिसहरू विचार गर्छन । हामी यसबाट टाढा छौं । तैपनि परमेश्वरले तपाईको पापको न्याय गर्नुहुन्छ । परमेश्वरले पापको औषधीको बस्दोबस्त गर्नुभएको लागि धन्यबाद ।

आउनुहोस् फेरि हामी सुसमाचार यूहन्नालाई हेरौं, बाइबलको अरू ठाउँबाट पनि मुख्य पदहरू अध्ययन गरौं । खाली ठाउँमा तपाईले उत्तर लेख्नुभन्दा पहिले पदलाई राम्ररी ध्यान दिएर पढ्नुहोस् ।

१. यूहन्नाले येशूलाई "परमेश्वरको थुमा" भन्दछन । उहाँले हाम्रो पापलाई के गर्नुभयो ? १:२९

......................................................................................................

२. येशू को हुनुहुन्छ ? उहाँ किन परमेश्वरलाई उहाँको "पिता" भन्नु भयो ? ५:१७-१८

......................................................................................

३. येशूले भन्नुभएको सत्य हो ! किन धार्मिक अगुवाहरूले येशूले परमेश्वरलाई उहाँको "पिता" भनेको कारण प्रतिक्रिया देखाए ? १०:३१(३३

...............................................................

४. सबै मानिसहरूको न्याय कसले गर्नेछ ? ५:२२,२६(२७

............................................................

५. येशूले हरेक धार्मिक अगुवाहरूलाई पापबाट बँच्नको लागि वा स्वर्गको राज्यमा प्रवेश गर्नको लागि के सुझाव दिनुभयो ? ३:३

.........................................................................................................

शारिरिक तवरले जन्मनुमात्र प्रयाप्त होइन तर हाम्रो पापको कारणले गर्दा आत्मामा दोश्रो जन्म हुनु आवश्यक छ ।

६. हामी नयाँ जन्म पाउँनु अनि आवश्यक छ किनभने खीष्ट विना ................................ को कमारो हौं । ८:३४

७. पापीहरू र हराएकाहरूको पिता को हुन् ? ८:४४

.........................................................

दियाबलस(शैतान) हामीहरूको संसारीक पिता हो जसले हामीलाई अनन्तको लागि नर्कमा हाल्न चाहन्छ । हामीलाई स्वर्गिय पिता र उहाँको प्रेमको आवश्यक पर्छ ।

८. किनभने हामीले हाम्रो सम्पूर्ण जीवनले येशूलाई विश्वास गरेका छैन । हामी आफैमा विश्वास गरेको कारण ..................................................... ३:१८

९. यूहन्ना ८:१-११ पढ्नुहोस् । घमण्डी धार्मीक अगुवाहरूलाई येशूले के भन्नुभएको छ ? ८:७

..............................................................................

येशूले पापी स्त्रीलाई क्षमा गर्नुभयो । उहाँले उनको ह्रदयमा साँचो पश्चाताप देख्नुभयो । आफूले गरेको पापको बारेमा पश्चाताप गर्न चाहने र नयाँ जन्मको इच्छा राख्नेसँग यो मेल खान्छ ।

१०. यो पद अनुसार काति जना मानिसले पाप गरेका छन् ?

.........................................................................

११. पाप के हो ?(ठीक उत्तरमा गोलो गर्नुहोस् )
    अ. परमेश्वरको नियम व्यवस्था उल्लंघन् गर्नु ।
    आ. अधार्मिकता
    इ. परमेश्वरको महिमारहित हुनु ।

ई. परमेश्वरको विरुद्ध विद्रोही हुनु ।
उ. अविश्वास, यसले परमेश्वरलाई झुट्टो बनाउँछ ।
ऊ. परमेश्वरको इच्छाविरुद्ध आफूले जे चाह्यो त्यही गर्नु ।

परमेश्वरको आज्ञापालन नगर्नु पाप हो । ११ नम्बर प्रश्नको सबै उत्तर पापको परिभाषा बाइबलमा छन् । धार्मिक मानिसहरू नर्कमा जान्छन् । असल व्यक्तिहरू पनि नर्कमा जान्छन । खराव मानिसहरू पनि नर्कमा जान्छन् । क्षमा पाएका मानिसहरु मात्रै स्वर्गमा जान्छन् । क्षमा पाउँनु भनेको पापबाट फर्किनु र पश्चात्ताप गर्नु, अनि आफ्नो सम्पूर्ण जीवन ख्रीष्ट येशूमा समर्पण गर्नु हो । "किनकि पापको ज्याला मृत्यृ हो तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।" (रोमी ६:२३)

१२. हामी सबैको लागि पापको ज्याला के हो ?

..........................................................................................

१३. परमेश्वरबाट उद्धार पाउँनको लागि हामीले के काम गर्नु पर्छ ?

..................................................................................

१४. अनि हामीले कसरी अनन्त जीवन पाउँन सक्छौं ?

.........................................................................................

१५. हामी नर्क जानुबाट कसरी बाँचेका छौं ?

..........................................................................................

१६. हामी यो अनन्त जीवन कसरी प्राप्त गरेका छौं ?

.....................................................विश्वास जस्तै अनुग्रह एउटा वरदान हो । अनुग्रहको लागि तपाईले काम गर्न सक्नुहुन्न ।

१७. येशूलाई मुक्तिदाता र प्रभु भन्न इन्कार गर्नेहरूलाई प्रभुले के हुन्छ भनि प्रतिज्ञा गर्नुभएको छ ? ...............................................................................

१८. यूहन्ना ८:२४ ............................................................................

१९. पापको शक्तिबाट हामीलाई कसले स्वतन्त्र पार्न सक्छ ?

..............................................................................

२०. संसारमा उहाँलाई राम्रो गरि चिन्नेहरूको लागि येशूले के भन्नुभयो ? ८:४६

......................

येशूले कहिल्यै पाप गर्नु भएन । तपाई जस्तै उहाँ पनि परिक्षित हुनुभयो । येशूले तपाईलाई प्रेम गर्नुहुन्छ । हामीलाई प्रेम गरेका कारण उहाँले हाम्रो पाप लिएर उहाँ आफै क्रूसमा चढ्नुभयो ।

"जसरी मानिसको निम्ति एक पटक मृत्यु निश्चित छ र त्यसपछि इन्साफ"(हिब्रू९:२७) ।

२१. हामीले गर्नै पर्ने २ वटा कुरा के के हुन् ?

अ. ......................................................

आ. ........................................................

जसले येशूले दिनु हुने अनन्त जीवनलाई विश्वास गर्छ, उसले यी दुईवटा दुःख पूर्ण घट्नामाथि विजय प्राप्त गर्नेछ । अर्को पाठमा तपाईले येशूले कसरी तपाईको पाप लिनुभयो भन्ने कुरा सिक्नुहुनेछ ।

# काम र परिणामहरु

## सुसमाचार यूहन्नाको अध्ययन माला ४ पाठ

सजायविना पाप गर्न असम्भव छ। परमेश्वर दृष्टिबाट तपाई भाग्न सक्नु हुन्न। "किनभने मानिसको चाल त सधै परमप्रभुको दृष्टिमा रहिरहन्छ र उहाँले त्यसका सबै मार्गहरू जाँच्नु हुन्छ।"(हितोपदेश ५:२१)। प्रत्येक पदहरू पढ्नुहोस् र आफ्नै शब्दमा उत्तर लेख्नुहोस्।

१. न्यायको विषयमा स्वर्गिय पिताले के भन्नुभएको छ ? ५:२२

........................................................................

२. परमेश्वरको पुत्र येशूले किन हाम्रो न्याय गर्नुहुन्छ ? ५:२३

........................................................................

३. परमेश्वर पिताले उहाँका पुत्र येशूलाई दिनुभएको २ वटा कुराहरू के के हुन् ? ५:२६,२७

........................................................................

४. येशूले कस्तो न्याय गर्नुहुन्छ ? ८:१६

........................................................................

५. जब न्याय हुन्छ, शैतान, "संसारको शासक" लाई के हुन्छ ? १२:३१

........................................................................

६. संसारको अवस्था र शैतानको शक्ति के हुनेछ ? १२:३२

........................................................................

७. येशू कहिले "उचालिनु" भयो ? १२:३३

........................................................................

८. "यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।" (रोमी १४:१२)

........................................................................

९. न्यायको दिनमा कसको कामको लेखा लिइन्छ ?

........................................................................

नदेखिने भिडियो केमरा तपाईसँग २४ घण्टा भएजस्तै परमेश्वरसँग पनि लेखा राख्ने चीज छ। तपाईको सोचाई, विचार काम र शब्दहरु उहाँलाई राम्रो गरी थाहा छ। त्याहाँ न्यायको दिन छ। "तिमीहरुले यसो भनेको सुनेको छौं, तैंले व्यभिचार नगर्। तर म तिमीहरुलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो ह्रदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ। (मत्ती ५:२७(२८)

१०. एउटा व्यक्ति कहिले व्यभिचार शुरु हुन्छ ?(एउटा उत्तरमा चिनो लगाउनुहोस्)
अ)जब कसैले व्यभिचारको दृष्टिले हेर्छ।
आ)जब कसैले पाप गर्छ।
येशूले भन्नुभएको यि शब्दहरु पढ्नुहोस्। "किनकी ह्रदयबाट नै अ) खराव नगर आ) हत्या इ) परस्त्रीगमन ई) व्यभिचार ऊ) चोरी उ) झुटो गवाही ए) र निन्दा वाहिर निस्कन्छन्।" मत्ती १९:२०

११. हरेक पापहरू आफ्नै शब्दमा लेख्नु होस्।
अ..........................................................

आ.......................................................
इ........................................................
ई........................................................

१२. यस्तो पापहरू कहाँबाट निस्कन्छन् ? ........................................................

१३. यी पापहरुमध्ये तपाईलाई सबभन्दा धेरै परीक्षामा पर्ने पाप कुन हो ?

यी डरलाग्दा पापहरूले हाम्रा वैवाहिक जीवन, हाम्रा बालबच्चा र हाम्रो काम समेत नष्ट पार्दछ । तर तिनीहरू नै सबभन्दा खराब पाप होइनन् । त्यहाँ एउटा क्षमा नगरिने पाप छ जसले हामीलाई नर्कमा पठाउँछ ।

१४. क्षमा गर्न नसकीने त्यो ठूलो पाप के हो ? ८:२४

..................................................................

येशू ख्रीष्ट परमेश्वर र सिद्ध मानिस हुनुहुन्थ्यो । आउँनुहोस्, येशूले हाम्रो लागि क्रुसमा के गर्नु भयो ? राम्रो गरी हेरौं । हिब्रु १०:१०(१८ पदहरू पढ्नुहोस् "त्यही ईच्छाबाट येशू ख्रीष्टका शरिरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाईएका छौं । हरेक पूजाहारी एकै किसिमको बलि बारम्बार चढाउदै प्रतिदिन सभामा खडा रहन्छ जुन बलिले कहिल्यै पाप हरण गर्न सक्दैन । तर ख्रीष्टले त पापहरूका निर्मित सदाको लागि एउटै बलिदान चढाउँनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो र उहाँका शत्रुहरू उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनुहुन्छ । किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याउदैछन् तिनीहरूलाई उहाँले सदाको निर्मित सिद्ध बनाउँनु भएको छ । पवित्र आत्माले पनि हामीलाई गवाही दिनुहुन्छ । पहिला उहाँ भन्नुहुन्छ "तीन दिन पछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो । परमेश्वर प्रभु भन्नुहुन्छ तिनीहरूका ह्दयमा म मेरो ब्यवस्था राखिदिनेछु र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु । तब उहाँ भन्नुहुन्छ तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू  म फेरि सम्झने छैन । अब जहाँ यी सबैका पाप क्षमा हुन्छ, त्यहाँ अब फेरी सम्झने छैन ।"

१५. १० पदलाई फेरि हेर्नुहोस् , हाम्रो पापको मूल्य चुकाउँनको लागि येशू कति चोटी मर्नुपर्‍यो ?

......................................................................

"पवित्र" को अर्थ "शुद्ध पारिनु" हो । येशूले गर्नुभएको काम वा बलिदान एकदमै शक्तिशाली थियो । जसको नक्कल गर्न सकिदैन । येशूले अघिनै पूरा गरिसक्नुभएको बलिदान आज गर्न पर्दैन र सकिदैन । हाम्रो सबै पापहरू  उहाँमा राखिएको थियो र हाम्रो सट्टामा उहाँ मर्नु भयो । सुसमाचार यूहन्नाको पुस्तकमा "प्रभु" भन्ने शब्द ४० पल्ट भन्दा बढी प्रयोग गरिएको छ । येशूको प्रेमको कारण उहाँ हामीहरूको "स्वामी" र प्रभु हुनुभएको छ ।

१६. के कुराले हाम्रो पाप हरण गर्न सक्दैन ? ११ पद ................................................

१७. येशूले क्रूसमा के गर्नुभयो ? १२ पद ........................................................

१८. यो बलिदानको अन्त्य कहिले हुन्छ ? ............................................................

१९. कोही ब्यक्ति थाकेको कारण वा आफ्नो काम सिद्धायएको कारण बस्न सक्छ । येशू किन परमेश्वरको दायाँतर्फ बस्नुभयो ?

..........................................................................................

२०. हामीलाई परमेश्वरको अगाडि पूर्ण पवित्र र शुद्ध पार्नको लागि येशू कतिचोटी मुर्नपर्छ ?

..........................................................................................

२१. हाम्रो पापको निमति येशूले आफ्नो रगत बगाउँनु भएको कारण, हाम्रो कतिवटा पाप परमेश्वरले सम्फनु हुनेछ ? पद १७

..........................................................................................

येशू सबैको लागि मर्नुभयो तर ती व्यक्तिहरूको लागि मात्र जसले उहाँलाई पाएका छन र तिनीहरूको जीवनमा प्रभु र मुक्तिदाता भनी स्वीकार गरेका छन् र क्रूसमा उहाँको मृत्युद्वारा फाइदा लिएका छन् ।

२२. हाम्रो पापको क्षमादानको निमति येशूको बलिदानलाई परमेश्वरले सिद्ध बलिको रूपमा ग्रहण गर्नु भयो, आज पनि येशू फेरि हाम्रो पापको लागि पटक पटक मर्नु आवश्यक छ, किन ?

..........................................................................................

# हाम्रो पापमा परमेश्वरको उपाय

## सुसमाचार यूहन्नाको अध्ययनमाला ५ पाठ

येशू खीष्ट क्रुसमा मर्नु हुदाँ केही कुरा भएको थियो जुन पहिले कहिल्यै भएको थिएन । आउँनुहोस् हामी क्रुसको गहिराईको बारेमा हेरौं जुन यूहन्ना १९-२० अध्यायमा वर्णन गरिएको

छ ।

येशूको मृत्यु  यूहन्ना १९:१५-३७ पढ्नुहोस् ।

१. कप्तानले येशूलाई ........................... सिपाहीको हातमा दिए । १९:१६ ।

२. सिपाहीहरूको विचारबारे तपाईको के धारणा छ ?

......................................................

३. येशूले त्यतिबेला कस्तो अनुभव गर्नुभएको थियो ?

......................................................

४. येशूले के बोकि हिँड्नुभएको थियो ? ...................................................

५. सिपाहीहरूले येशूलाई के गरे ? १८ र २३ पद ..............................................

६. येशूलाई क्रुसमा टाँगेपछि उहाँको “वस्त्र” के गरे ? १९:२३

७. क्रूसमा टाँगिएको बेला येशूले के देख्नुभयो र के भन्नु भयो ? ...............................
१९:२६(२७

८. यो पदअनुसार उहाँलाई यतना दिएर मार्न खोज्नेहरुलाई उहाँले कस्तो जवाफ दिनुभयो ?

..........................................................................................

९. ३० पद पढ्नुहोस् क्रुसमा टाँगिएर येशूले बोल्नुभएको अन्तिम वचन के थियो ?

..........................................................................................

१०. उहाँले यसो गर्नुको अर्थ के थियो ?

..........................................................................................

“किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर बनाउँनु भयो ”(२ कोरिन्थी ५:२१)

११. यो पदले येशूको बारेमा कुन-कुन दुईवटा कुरा भन्दछ ?

………………………………………………………………

प्रेरित पत्रुसले यसरी लेखिएकाछन् । "किनभने हामीलाई परमेश्वर कहाँ ल्याउँन ख्रीष्ट पनि पापहरूका निम्ती सदाको लागि एकचोटी मर्नुभयो । उहाँ शरिरमा मारिनुभयो ( धर्मीजन अधर्मीहरुका निम्ती ) तर आत्माद्वारा जीवित पारिनुभयो (१ पत्रुस ३:१८)।

१२. ख्रीष्ट हाम्रो …………………………………………… लागि मर्नुभयो ।
१३. येशू कति चोटी मर्नु पर्दथ्यो ? ………………………………………………
१४. उहाँको मृत्युले हाम्रो लागि के बन्दोबस्त गऱ्यो ? ………………………
"हामी पापका लेखि मरेर धार्मिकताको लेखी जिऔं भनी उहाँले क्रुसमा आफ्नै शरिरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौं ।" (पत्रुस २:२४)
१५. येशूले के लिएर क्रुसमा टाँगिनु भयो ? ………………………………………
१६. र ………………… द्वारा हामीले हाम्रा पापको क्षमा र चगाँई पाएका छौं । यूहन्ना १५:९,१३ पल्टाउँनुहोस् ।
१७. येशूले हाम्रो लागि आफ्नो जीवन अर्पण गर्न किन रोज्नुभयो ? ……………………………………

येशूलाई चिहानमा गाडेको यूहन्ना १९:३८-४२ पढ्नुहोस् ।
१. उहाँको मृत शरिर लैजान उहाँका चेलाहरू(साथीहरू) को को थिए ? ३८,३९ पद ………………………………………………………………………
२. येशूको शरिरमा प्रयोग गरेको तीनवटा समानहरूको सूची बनाउँनुहोस् ।
क)……………………………… ख)………………………………………
ग) ……………………

येशूको पुनरूत्थान यूहन्ना २०:१(३१ पढ्नुहोस ।
१. मरियम मग्दलिनीले के गरिन् ? ……………………………………………
२. पत्रुसले के गरे ? ……………………………………………………………
३. येशू कसकहाँ देखा पर्नुभयो ? ११(२९ पद ………………………
४. थोमसले के गरे ? २४(२५ ……………………………………………
५. तपाईले येशूसँग के गर्नुभयो ? ……………………………………
६. सुसमाचार यूहन्नाको पुस्तक किन लेखिएको थियो ? ३१ पद ……………………………………

प्रेरित पावलले यसरी भन्दछन् "किनभने मैले जे पाएँ त्यसैलाई सबभन्दा मूख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ अर्थात पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिने भयो र पवित्र धर्मशास्त्र अनुसार तेश्रो दिनमा उहाँ पूर्नजीवित पारिनुभयो ।" (कोरिन्थी १५:३-४ )

परमेश्वर पिताले उहाँलाई संसारमा मानिसको रूपमा पठाउँनु हुँदा उहाँ परमेश्वर हुनुहुन्थ्यो । उहाँ मानिस भएर मानिसले जस्तै सबै कुराको अनुभव गर्नुभयो । तर उहाँले पाप गर्नुभएन । उहाँले हामीलाई धेरै प्रेम गर्नुभएको कारणले उहाँ परमेश्वरबाट अलग हुनुभएको थियो । उहाँ सिद्ध बलि हुनुभयो जुन बलि आज कसैले पनि नक्कल गर्न सक्दैन ।येशू चिहानमा गाडिनुभयो । उहाँलाई मृत्युबाट बौरी उठाईकन, हाम्रो पापको पुरा मूल्यको रूपमा परमेश्वरले ख्रीष्टको मृत्यूलाई ग्रहण गर्नुभयो । येशू ख्रीष्ट जिवित

हुनुहुन्छ, आफ्नो पाप स्वीकार गर्नेहरूको ह्रदयमा पवित्र आत्माद्वारा उहाँ आउँन चाहनुहुन्छ । उहाँ सधै विश्वासीहरूसँग रहनुहुन्छ ।

# ठूलो बहुमूल्य वरदान

## सुसमाचार यूहन्नाको आध्यायमाला ६ पाठ

केही कुरा जानेर कहिल्यै सकिदैन । तपाईले ज्ञानअनुसार काम गर्नुपर्छ । उपहार दिनु भनेको अचम्मको कुरा हो तर दिने ब्यक्तिले नदिएसम्म र यसलाई प्रयोग नगरेसम्म तपाई समाउँन सक्नुहुन्न । परमेश्वरले अनन्त जीवनको महान वरदान दिनुहुन्छ तर उहाँको पुत्र येशू ख्रीष्टलाई ग्रहण गरेर यो वरदान तपाईले पाउँनु पर्छ । तल दिएको पदहरू पढ्नुहोस् र आफ्नै शब्दमा प्रश्नको उत्तर लेख्नुहोस् । हामीले प्रत्येक दिन “विश्वास” भन्ने शब्द प्रयोग गर्छौं । “म मेरो परिवारमा विश्वास गर्छु” । बाइबलमा भएको “विश्वास” भन्ने शब्दको अर्थ त्यो होईन । परमेश्वरले साच्ची नै हामीले उहाँलाई विश्वास गरेको चाहनुहुन्छ । तर विश्वासको अर्थ के हो ?

१. परमेश्वरले मुक्तिको लागि एउटा मात्र काम ग्रहण गर्नुहुन्छ त्यो काम के हो ? ६:२७-२८

.......................................................................................

यहाँ केही पदहरू छन जसले येशूमा विश्वास गर्नुको साँचो अर्थ के हो भनि देखाउँदछन् ।येशूले भन्नुभयो “हेर म ढोकामा उभिएर ढकढक्याउँछु । कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ ” (प्रकाश ३:२०)

२. येशू कहाँ उभिरहनु भएको छ ? ...............................................................

३. यो पदमा “ढोका” भन्नुको अर्थ के हो ? ..............................................

४. येशूले किन ढोकामा उभिएर “ढकढक्याउनु” हुन्छ ? ............................................

५. येशू हाम्रो ह्रदयमा आउँनु भन्दा पहिला कुन-कुन दुईवटा कुरा हुन्छन् ?

अ. ...................................

आ. ...................................................

६. ह्रदयको ढोका खोल्नेहरूलाई येशूले के प्रतिज्ञा गर्नुभएको छ ?

.......................................................................

धेरै नजीकको मित्रता पछि सँगसँगै भोजन र खान सकिन्छ । बाइबलले तपाईको आत्मिकी “भोजन” को बारेमा भन्दछ । येशूले हरेक दिन सँगसँगै उहाँलाई चिन्न र उहाँसँग आनन्द गर्न चाहनुहुन्छ । परमेश्वरको वचन अध्यायनद्वारा तपाईले उहाँसँग भोजन खानु आवश्यक छ । अनि तपाईले प्रार्थनामा उहाँसँग कुराकानी गर्नुहोस् । “किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गर्‍यो र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो ह्रदयमा विश्वास गर्‍यौं भने तिम्रो उद्धार हुनेछ ।” (रोमी १०:९) ।

७. के काम गर्नु पर्छ भनी यो पदमा दिएको छ, ख्रीष्टमा विश्वास गर्नु अर्थ के हो ? तपाईको मुखले स्वीकार गर्नु पर्छ र तपाईको ह्रदयमा विश्वास गर्नु पर्छ ।

८. तपाईको ह्रदयमा विश्वास गर्नु र टाउकोमा विश्वास गर्ने बिचको भिन्नतालाई व्याख्या गर्नुहोस् । ......................................................................

"किनकी प्रभुको नाम पुकार्ने हरेकले उद्धार पाउने छ ।" (रोमी १०:१३)

९. उद्धार पाउँनलाई र खीष्टमा विश्वास गर्नलाई के काम गर्नुपर्छ ?

..........................................................................

१०. यदि तपाईले खीष्टमा विश्वास गर्नु भएको छैन भने तपाईको अवस्था परमेश्वरको अगाडि कस्तो छ ? ३:१८

११. किन सबै मानिसले परमेश्वरको पुत्रलाई प्रभु र मुत्तिदाता भनी स्वीकार गरेनन् ? ३:१९(२०

............................

येशूमा विश्वास गर्ने चार जना व्यक्तिहरूको बारेमा हामीले हेर्नेछौं । (यूहन्ना ४ अध्याय पढ्नुहोस् ।)

१२. कसले येशूलाई मसीहको दाबी गर्‍यो ? २५-२६ पद

..............................................

१३. अनैतिक काम गर्ने स्त्रीले जब येशूमा विश्वास गरिन् उनको विश्वासले उनलाई के गर्न अगुवाई गर्‍यो ? ..........................................................................................

१४. उच्च अधिकारीको कथाले खीष्टमा विश्वासको शक्तिको बारेमा भन्दछ । ४:४९-५३ । उसको छोराको कारण उसले येशूमा विश्वास गर्‍यो भन्ने कुरा हामीले कसरी थाहा पाउँछौं ?

..................................................................................................

१५. मृत्युबाट बचाएपछि त्यस स्त्रीलाई येशूले के भन्नुभयो, व्यविचार कसले गरेको थियो ? ८:१२

.......................................................................................................

१६. येशूमा विश्वास गर्नेले ज्योति पाउँने छ र अन्धकारमा हिँड्डुल गर्नेछैन । ८:११

..........................................................................................

१७. येशूले उहाँलाई पछ्याउँनेहरूलाई के प्रतिज्ञा गर्नुभएको छ ? ८:१२

................................................................................

१८. जन्मैको अन्धोलाई येशूले दृष्टी दिनुभयो, यो मानिसले विश्वास गरेको थियो, अनि हामीले कसरी थाहा पाउँन सक्छौं ? ९:७(८

.................................................................

१९. धार्मीक अगुवाहरूले त्यस मानिसलाई बाहिर निकाली दिएपछि त्यसलाई येशूले भेट्टाउँनुभयो । जब येशूले आफुलाई देखाउँनु भयो, अन्धो मानिसमा कस्तो कार्य देखापर्छ ? ९:३५-३९

...............................................................................................................

"पश्चात्ताप" गर्नको अर्थ आफ्नो स्वभाव परिवर्तन गर्नु, विचारहरू बदल्नु र जीवन नै बदल्नु हो । पश्चाताप गर्नु भनेको हाम्रो जीवनलाई मृत्युमा लैजाने पापबाट फर्किनु, क्षमादानको लागि खीष्टमा विश्वास गर्नु र पापमाथि विजय पाउनु हो । "पश्चात्ताप" गर्नु भनेको हाम्रो स्वभाव बानि व्यहोरा खीष्ट येशूको जस्तै बनाउँनु हो । इसाई समाजमा उहाँ सानो बच्चा हुनुहुन्न तर उहाँ सबैको प्रभु हुनहुन्छ ।

के तपाईले प्रार्थनाद्वारा येशूलाई आफ्नो जीवनमा बोलाउँन चाहनुहुन्न ? धेरै व्यक्तिहरूले यसरी प्रार्थना गर्दछन् "प्रभु येशू मेरो निम्ति क्रुसमा मर्नु भएको लागि धन्यबाद । मेरो सबै पापको निम्ति मेरो बदलीमा मर्नु भएको लागि धन्यबाद । म मेरो पापहरूबाट कसरी फर्कने भनेर मलाई राम्ररी थाहा भयो र प्रभु येशू म तपाईलाई दिन्छु । मेरो जीवनको स्वामी हुनहोस् । तपाईले जहाँ अगुवाई गर्नुहुन्छ वा लैजानुहुन्छ म तपाईलाई पछ्याउने छु ।

यसरी तपाईले आफ्नो ह्रदयबाट प्रार्थना गर्नु भएपछि तपाईको नाम यहाँ लेख्नुहोस ...........

अथवा तपाईको सबै पाप येशूले लैजानुभयो भनी निश्चित हुन्छ भने र तपाईमा स्वर्ग जान्छु भन्ने निश्चित छ भने यहाँ चेक गर्नुहोस् ______________

# लगातार दिइरहने परमेश्वरको उपहार

## सुसमाचार यूहन्नाको अध्ययन माला ७ पाठ

जब तपाईले येशूलाई आफ्नो उद्धारकर्ता र प्रभु भनी ग्रहण गर्नुहुन्छ साच्ची नै उहाँ पवित्र आत्माद्वारा तपाईको शरिरमा आउँनु हुन्छ । "येशू खीष्ट तपाईमा महिमाको आशा हुनुहुन्छ ।" "....... येशू ममा जिउनु हुन्छ ।" (कलस्सी १:२७, गलाती २:२०) यदि तपाईले येशूलाई ग्रहण गर्नुभएको छ भने तपाईमा उहाँ हुनु भएको लागि उहाँलाई धन्यबाद दिनुहोस् । येशू अनन्तको उपहार हुनुहुन्छ जो कहिल्यै पनि अन्त्य हुँदैन ।

"यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ हेर नयाँ आएको छ ।"(कोरिन्थी ५:१७)

१. यो पदअनुसार जब हामीले येशूलाई ग्रहण गर्छौं, परमेश्वरले हामीलाई कहाँ राख्नुहुन्छ ?

.....................................................................................................

२. अब हामीलाई के भनिन्छ ? ..........................................................

३. हाम्रो पुरानो जीवनको बारेमा परमेश्वर के भन्नुहुन्छ ? ..........................

४. अब परमेश्वरले हामीलाई येशूमा कस्तो देख्नुहुन्छ ? ...................................

नयाँ नियममा प्रेरित पावलले यो पद अनुसार जब हामीले येशूलाई ग्रहण गर्छौं, परमेश्वरले हामीलाई कहाँ राख्नुहुन्छ ?

.....................................................................................................

२. अब हामीलाई के भनिन्छ ? ..........................................................

३. हाम्रो पुरानो जीवनको वारेमा परमेश्वर के भन्नुहुन्छ ? ..........................

४. अब परमेश्वरले हामीलाई येशूमा कस्तो देख्नु हुन्छ ? ....................................

नयाँ नियममा प्रेरित पावलले "खीष्टमा" भनेर १६३ पल्ट भन्दछन् । तपाईको जीवन खीष्टलाई दिने वित्तिकै, उहाँ तपाईमा आउँनुहुन्छ र तपाई उहाँमा हुनुहुन्छ । यसैलाई "खीष्टसँग एक" भनिन्छ ।

येशूको विशेष नाम “मै हुँ” ले हाम्रो आवश्यकता पूरा गर्नुहुन्छ । जब येशू तपाईमा रहुन हुन्छ, उहाँमा भएको सम्पूर्ण गुण तपाईलाई दिनुहुन्छ । उहाँको चरित्रले तपाईको बिशेष आवश्यकता पूरा गर्नुहुन्छ । सुसमाचार यूहन्नामा येशूले आफ्नो नामको परिचय पूरानो नियममा परमेश्वरको नाम “मै हुँ जो मै हुँ” भनि प्रयोग गरिएको थियो त्यही परिचय यहाँ दिनु भएको छ ।

५. हाम्रो दैनिक जीवनको सबै खाँचो पूरा गर्नको लागि परमेश्वरले कसलाई पठाउँनु भएको छ ? ६:३२(३५,५१ ......................................

६. “परमेश्वरको रोटी” ले संसारको लागि सित्तैमा के दिन्छ ? ६:३३ .......................

७. यदि तपाई येशूकहाँ आउँनु हुन्छ भने, तपाई कहिल्यै ........................... ६:३५

८. यदि तपाईले येशूमा विश्वास गर्नुभयो भने तपाई कहिल्यै .................... ६:३५

९. हामीले कसरी येशूको सामर्थ्य र साधान प्राप्त गर्न सक्छौं भन्ने कुरा देखाउँने २ वटा शब्दहरू के के हुन ? ६:३५ .......................................................

१०. येशूले भन्नुभयो ? ................................. “मै हुँ” ८:१२

११. तपाईलाई प्रतिदिन ज्योतिको आवश्यकता पर्ने तीनवटा कारणहरूको सुची बनाउँनुहोस् ।

१. ............................. २. ........................................ ३. .............................

असल र खराब जान्नको लगि तपाईलाई आखाँको लागि र ह्रदयको लागि दुबै ज्योतीको अवश्यक पर्छ । “तपाईको वचनका व्याख्याले ज्योति प्रदान गर्छ त्यसले मानिसहरूलाई समझशक्ति दिन्छ ।” (भजनसंग्रह ११९:१३०)

१२. ३ वटा कुरा विचार गर्नुहोस्, एउटा गोठालोले आफ्नो भेडाको लागि प्रयोग गर्ने छ ? यूहन्ना १०:८-१० ..................................................................

एउटा गोठालोको काम कति अप्ठ्यारो हुन्छ विचार गर्नुहोस् ।

१३. यो हप्ता तपाईको आफ्नो जीवनमा प्रभु येशूलाई ढोकाको रूपमा अनुभव गर्नु कसरी आवश्यक छ ? ..........................................................................

“परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन ।” (भजनसंग्रह २३:१) दाऊदले परमेश्वरलाई , “मेरो गोठालो” भन्दछन् । हामी उहाँका भेडाहरू हौं । येशूले यहि “गोठालो” नाम दाबी गर्नुभयो ।

१४. यूहन्ना १०:११(१७ पढ्नुहोस् असल गोठालो आफ्नो पाठहरूको लागि गर्नुपर्ने तिनवटा कुराहरू विचार गर्नुहोस् ।

क) .............................. ख) .................................. ग) ...........................

१५. येशू असल गोठालो भएर यस हप्ताको हाम्रो खाँचो कसरी पूरा गर्नुहुन्छ ? ..................................................................................................

यूहन्ना १४:६ बाट येशूको तिनवटा नाम पत्ता लगाउँनुहोस् ।

१६. येशू ....................................... हुनुहुन्छ । प्रत्येक दिन तपाईले उहाँलाई पछ्याउँनु

होस् ।

१७. येशू ................... हुनुहुन्छ । तपाई आफ्नो जागिर, निर्णय वा आफ्नो सम्बन्ध उहाँको वचन र इच्छाअनुसार गर्नुहोस् ।

१८. येशू ....................... हुनुहुन्छ । उहाँको आत्माद्वारा उहाँ तपाईमा रहनहुन्छ ।तपाईको जीवनको लागि उहाँले सार्मथ्य दिनुहुन्छ र अनन्त जीवन दिनुहुन्छ ।
यद्यपि हामी शरिरमा मर्छौ, अविश्वासी जसरी हामी कहिल्यै मर्दैनौ । जब येशू फेरी आउँनुहुन्छ, उहाँले हाम्रो शरिरलाई बौरी उठाउँनेहुनेछ(यूहन्ना १४:२-३ ।

१९. येशूले आफुले आफुलाई के भन्नुभयो ? १५:५ .......................................

२०. फलवन्त हुनको लागि हाम्रो निम्ति के हुनु आवश्यक छ, हाँगालाई के गर्नुपर्छ ? ........

२१. येशूविना हामीले के गर्न सक्छौं ? ..........................................
चर्को स्तरमा दोर्‍याउनुहोस्, "येशू, मेरो रोटी हुनुभएको लागि धन्यवाद । मेरो ज्याति, ढोका, गोठालो, मार्ग, सत्य र मेरो दाखको बोट हुनु भएको लागि धन्यवाद ।" यो हप्ता आफुलाइए मनपर्ने पवित्रशास्त्रमा दिएको येशूको नाम याद गर्नुहोस् ।
हाम्रो नयाँ सहायक येशू पवित्रद्धारा विश्वासीहरुमा रहनुहुन्छ । ".... परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा ह्रदयमा पठाईदिनुभयो ।" (एलाती ४:६) । हामीले परमेश्वरको इच्छालाई पछ्याउनु पर्छ । उहाँको आत्माले हरेक कुरा हामीलाई दिनु हुन्छ । उहाँले हामीलाई शैतान माथि विजय हुन र समस्याहरु समाधान गर्न समार्थ्य दिनुहुन्छ ।

२३. आत्मिकि रुपमा तिर्खाएकाहरुलाई येशूले के निमन्त्रणा दिनुहुन्छ ? ७:३७
...........................................................................................

२४. जब हामीले पिउँछौं र विश्वास गर्छौं, हामी भित्र के हुन्छ ?
.........................................................

२५. पानीको नदीले के कुराको प्रदर्शित गर्छ ? ७:३९
.............................................................

२६. हामीले पवित्र आत्मा कसरी पाउँन सक्छौं ? ७:३८
.........................................................

२७. परमेश्वरको साहायक पवित्र आत्माले हामी भित्र कुन २ वटा कुरा गर्नुहुन्छ ? १४:२६ ........................................................................
क. ...................................
ख. .....................................

२८. यूहन्ना १५:२६ मा पवित्र आत्माको लागि २ वटा नाम छन् । यीमध्ये कुनचाहिँ नामले परमेश्वरको आत्माको गुणलाई दर्शाउँछ, जसको आवश्यक आज तपाईलाई छ ?
.............................................................

२९. जसले येशूलाई जान्दैनन्, कसले येशूको बारेमा साक्षी दिन्छ ? १५:२६-२७
.........................................................

३०. जब पवित्र आत्मा प्रत्येक विश्वासीको जीवनमा आउँनुहुन्छ, उहाँले कुन कुन चारवटा चीज गर्नुहुन्छ ? १६:१३-१४
क. ...........................
ख. ............................
ग. ............................

घ. ................................

३१. येशू को हुनुहुन्छ र उहाँले हामीमा के गर्नुहुन्छ भनी पवित्र आत्माले हामीलाई सिकाउँनु हुन्छ ? उहाँले आफूले आफूलाई प्रकट गर्नुहुन्छ भनेर येशूले पनि प्रतिज्ञा गर्नुभएको छ । आफूलाई प्रकट गर्ने कुन अवस्था छ ? १४:२१,२४

........................................................................

# The good news of Jesus
## Christy Akins Brawner
## प्रभु येशूको सुसमाचार

### "प्रभु येशूको जन्म" पाठ १
### मत्ती १,२

"यसरी अब्राहाम देखि दाऊदसम्म चौध पुस्ता भए र दाऊदको समयदेखि बेबिलोनमा निस्कासन हुने समयसम्म चौध पुस्ता र बेबिलोनमा निस्कासन भएको समयदेखि खीष्टको समयसम्म चौध पुस्ता भए ।" (मत्ती १:१७) मरियम, यहुदी स्त्री यौन सम्बन्धबिना नै पवित्र आत्माद्वारा गर्भवती भएकी थिइन्। जोसँग उनको मगनी भएको थियो, ऊ धार्मीक भएको कारण मरियमलाई खुलमखुल्ला ईन्कार नगरि गोप्यमा उनीसँगको हुनेवाला वैवाहिक सम्बन्धलाई तोड्ने विचार गरे । तर, त्यही रात जब उनले निर्णय गरिरहेका थिए, परमेश्वरको एउटा दूतले सपनामा यसो भने "योसेफ, दाऊदको छोरा, मरियमलाई आफ्नी श्रीमती स्वीकार गर्न नडराऊ, किनभने उनी गर्भवती भएकी छिन् त्यो पवित्र आत्माद्वारा हो । उनले एउटा पुत्र जन्माउने छिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसलाई तिनीहरूको पापबाट बचाउँनु हुनेछ ।" किनभने मरियम त्यही स्त्री थिईन्, जसको विषयमा भविष्यवक्ता यशैयाले पुरानो नियम त्यसरी भनेका थिए, "हेर कन्या गर्भवती हुनेछिन्, उनले एउटा पुत्र जन्माउँनेछिन् जसको नाम इम्मानुएल राख्नेछौ " जसको अर्थ "परमेश्वर हामी सित ।"

योसेफ सपनाबाट ब्यूँझे र स्वर्गदूतले भनेको कुरा माने । उनले मरियमलाई विवाह गरे, तर बालक नजन्मेसम्म एक-अर्कामा यौन सम्बन्ध गरेनन् । स्वर्गदूतबाट पाएको शिक्षाअनुसार उनले बालकको नाम येशू राखे । बेथलेहेम शरहमा येशूको जन्म भयो , जुन इस्राएल देशको यहुदियाको एउटा प्रान्त थियो र त्यो समयको यहूदियाको राजाको नाम हेरोद थियो ।

केही ज्ञानी मानिसहरू पर्वबाट तारालाई पछ्याउँदै यहूदियामा आए । ती ज्ञानी मानिसहरूको अध्ययन अनुसार, यो ताराले यहूदियामा राजा जन्मिएका छन् भन्ने कुराको संकेत गर्दछ । ठीक कुन ठाँउमा राजाको जन्म भएको थियो थाहा थिएन, त्यसकारण सर्बप्रथम

तिनीहरू  हेरोद राजाको दरवारमा गए, जुन यहुदिया जिल्लाको राजा थियो । उसलाई सोधे यहुदियाका नयाँ राजाको जन्म कहाँ भएको छ ।उनीहरूको कुरा सुनेर हेरोद एकदम क्रोधित भयो र उसको धार्मिक सल्लाहकार र पुजाहारीहरूलाई बोलाएर गोप्य सभा गर्‍यो । उसले ती मानिसहरूलाई सोध्यो, यहुदीहरूको भविश्यवाणी अनुसार यहुदीहरूका राजा कहाँ जन्मनु पर्छ । उनीहरूले उसलाई सोधे यहुदिहरूका नयाँ राजाको जन्म कहाँ भएको छ ।

उनीहरूको कुरा सुनेर हेरोद एकदम क्रोधित भयो र उसको धार्मिक सल्लाहाकार र पुजाहारीहरूलाई बोलाएर गोप्य सभा गर्‍यो । उसले ति मानिसहरूलाई सोध्यो, यहुदिहरूको भविश्यवाणी अनुसार यहुदिहरूका राजा कहाँ जन्मनु पर्छ । उनीहरूले उसलाई भने
धर्मशास्त्रअुनसार सो राजा बेथलेहेममा जन्मनु पर्थ्यो । अनि हेरोद ज्ञानी मानिसहरूकहाँ गयो र उनीहरूलाई सोध्यो,सबभन्दा पहिलो तारा कहिले देखा परेको थियो । बालकको जन्म तिथी थाहा पाउँन र उमेर थाहा पाउँनको लागि उसले यसरी सोधेको थियो । जुन शहरमा बालकको जन्म हुनुपर्थ्यो सो राजाले(हेरोद)ले ज्ञानी मानिसहरूलाई बतायो । उसले यो पनि भन्यो कि जाओ र बालकलाई होसियारीसाथ खोज जब भेट्छौं मकहाँ ल्याओ ताकी म पनि उसको आराधाना गर्नपाओं ।

त्यसपछि ती ज्ञानी मानिसहरूले दरबार छोडे र तारालाई पछ्याउदै बेथलेहेम पुगे । जुन घरमा बालक जन्मिनुभएको थियो ठीक त्यहीँ गएर सो तारा अडियो । तिनीहरू  घर भित्र पसे तुरुन्तै बालकलाई उहाँकी आमाको साथमा देखे र निहुँरिएर उहाँलाई आराधाना गरे । उनीहरूले उहाँलाई सुन,मुर्रा र गन्दरसको बहुमूल्य भेटी चढाई दण्डवत् गरे ।

त्यसपछि ती मानिसहरू  त्यहाँबाट आफ्नो घर फर्कन तयार भए तर फर्कनुभन्दा अघि तिनीहरूले हेरोदकहाँ फर्की नजाने र बालकको विषयमा केही पनि नभन्नु भन्ने चुनौती सपनामा पाए । त्यसकारण उनीहरु अर्को बाटो भएर आफ्नो घर गए ।

जब उनीहरू  गए, योसेफले अर्को सपना देखे जसमा उनलाई परमेश्वरबाट सावधानी गराईएको थियो कि हेरोदले बालकलाई खोजीरहेको छ वा पछि-पछि लागिरहेको छ, त्यसकारण मिश्रदेशमा भागेर जाओं  । उनीहरू हेरोदको मृत्यू नभएसम्म त्यहीँ बसे । यो पनि होस् अगमवक्ताले गरेको भविष्यवाणी पूरा भएको भयो “म मेरो पुत्रलाई मिश्रबाट बोलाउँनेछु ।”

जब हेरोदले ज्ञानी मानिसहरूले धोका दिए भन्ने कुरा पत्ता लगायो,ऊ साह्रै रिसायो । उसले २ वर्ष मुनिका सबै बालकहरूका हत्या गर्नु भनी धोषणा गर्‍यो र बेथलेहेम र वरपरका शहरमा पनि सो हत्या गर्न भनिएको थियो । यस विषयमा यर्मिया भविष्यवक्ताले पहिले नै भनेका थिए ।

जब  हेरोदको मृत्यू  भयो, स्वर्गदूत योसेफ  कहाँ  देखा  परे  र भने, इस्राएलमा फर्किजाओ ।  तर  योसेफ अलि  डराए  किनकी  हेरोदको  छोराले यहूदियामा  शासन गर्दैथियो । त्यसैले योसेफ आफ्नो परिवार लिएर छिमेकी शहर (प्रान्त) गालिलको एउटा शहर नासरतमा गए । येशूले आफ्नो बाल्यकाल यही शहरमा बिताउँनु भयो । यो पनि “उहाँलाई नासरी भनिनेछ ” भन्ने भविष्यवाणी पूरा भएको थियो ।

## मौखिक प्रश्न

१.	मरियम को थिईन ?
२.	कसकहाँ स्वर्गदूत देखा परे र भने बालकको नाम के राख्ने हो ?

३. ज्ञानी मानिसहरू के पूर्वबाट यहूदिया आए ?
४. हेरोदले किन येशूलाई भेट्न चाहन्थ्यो ?
५. हेरोदकहाँ नजानु तर अर्कोबाटो जानु भन्ने ज्ञानी मानिसहरूले कसरी थाहा पाए ?
६. हेरोदले कसरी प्रतिज्ञा गरिएको यहूदीहरूको राजालाई मार्ने कोशिश गरे ?
७. योसेफले देश छोडेर मिश्र देश जाने कुरा कसरी थाहा पाए ?
८. योसेफलाई कसरी थाहा भयो अब उनीहरू सुरक्षित फर्कन सक्छ भन्ने ? कुन शहरमा येशूको बाल्यकाल वित्यो ?
९. योसेफ किन आफ्नो परिवार लिएर यहूदिया जानुको साटो छिमेकी प्रान्त नासरतमा गए ?

## आत्मिक सत्यता पाठ १
## मत्ती १,२

१. परमेश्वर विश्वासयोग्य हुनहुन्छ र उहाँले आफ्नो प्रतिज्ञा सधैं पुरा गर्नुहुन्छ । शुरूको/पहिलो पुरुष र स्त्रीको सृष्टी देखिनै उहाँले संसारमा मुक्तिदाता पठाउँछु भनेर प्रतिज्ञा गर्नुभएको थियो । ति बर्षहरूमा उहाँले मुक्तिदाता कसरी आउँनु हुदैछ भन्ने कुराको पूर्ण विवरण प्राय मानिसहसँग दोहर्‍याई रहनु भयो । धर्मशास्त्रले भने अनुसार “ठिक” समयमा येशू संसारमा आउँनु भयो । हामी कम्तीमा एउटा भविष्यवाणी याद गरौं जुन येशूको जन्मद्वारा पूरा भएको छ ।

त्यसरी नै परमेश्वर हाम्रो निम्ती विश्वासयोग्य हुनुहुन्छ । बाइबलमा हाम्रो निम्ती उहाँले गर्नुभएका योजनाहरूको बारेमा धेरै महत्वपूर्ण प्रतिज्ञाहरू छन् । उहाँले ती सबै प्रतिज्ञाहरू र भविष्यवाणीहरू पूरा गर्नुहुनेछ । त्यसकारण बाइबल अध्ययन गर्नु र हाम्रो जीवनको लागि परमेश्वरको प्रतिज्ञाहरू याद गर्नु धेरै महत्वपूर्ण कुरा हो ।

२. बाइबल परमेश्वरको वचन हो र यसमा भएका सबै कुरा सत्य छन् । येशूको जन्म र जीवनको बारेमा परमेश्वर हजारौं बर्ष पहिले नै आफ्ना भविष्यवक्ताहरूद्वारा बोल्नुभएको थियो । उहाँले भविष्यवाणी गर्नु भएका सबै कुरा “ठिक” समयमा पूरा भयो ।

३. सबै कुराको नियन्त्रण परमेश्वरम नै छ । उहाँले सबै कुरा अलौकिक वा अचम्म प्रकारले हुन दिनुहुन्छ । यो कथामा केही अलौकिक वा अचम्मका कामहरू भएका छन् । तिमध्ये एउटा काम के हो ?

४. परमेश्वरले मानिसहरूसँग कुरा गर्न सक्नुहुन्छ । कतिले विश्वास गर्छन्, परमेश्वरले संसार सृष्टि गर्नुभयो तर यहाँ के भईरहेको छ सोको वास्ता गर्नुहुन्न । यो कथामा परमेश्वरले कसरी मानिसहरूसँग कुरा गर्नु भएको छ ? आज पनि परमेश्वरले हामीसँग कुरा गर्नुहुन्छ । यो कथाबाट हामीले कसरी परमेश्वरसँग साँचो सम्बन्ध राख्न सक्छौं भन्ने कुरा सिक्नेछौं ।

५. हुन गईरहेका सबै कुरा परमेश्वरले थाहा पाउँनुहुन्छ । तर कति समय, उहाँको ईश्वरिय बुद्धिमा दुःख लाग्दो कुरा हुन दिनु हुन्छ । हेरोदले प्रतिज्ञा गरिएको राजालाई मार्न चाहन्थ्यो किनभने ऊ येशूद्वारा डराएको थियो । हेरोदको ह्रदयमा भएको दुष्ट विचार परमेश्वरलाई थाहा थियो । उसले सयौं असाहाय बालबच्चालाई मार्न खोज्दैथियो भन्ने कुरा परमेश्वरलाई थाहा थियो । अनाज्ञाकारी र राजद्रोहीको कारणले गर्दा उसको

हृदयमा एउटा ठूलो डर देखा पर्‍यो । हाम्रो अनाज्ञाकारीता र दुष्ट विचारको कारणले गर्दा आज पनि धेरै पल्ट हाम्रो जीवनमा दुःख लाग्दो कुराहरू हुन आउँछन । के तपाईलाई आधुनिक उदाहरण थाहा छ एउटा व्यक्तिको दुष्टताको कारणले गर्दा अर्को व्यक्तिलाई चोट पुग्छ ?

६. मानिसले कहिल्यै पनि परमेश्वरको विरोधमा सफल हुन र जीत्न सक्दैन । प्रतिज्ञा गरेको बालकलाई हेरोद राजाले मार्न सकेन वा ऊ मार्न असक्षम भयो । धेरै परिवारमा दुःख पूर्ण घट्ना घटाउनमात्र ऊ सफल भयो । आज हामीले हरेक पल्ट परमेश्वरको व्यवस्था र ईच्छालाई प्रतिरोध गर्न कोशिश गर्दछौं । यसले हामीमा सधै दुःखपूर्ण घट्ना ल्याउँछ । यसले हाम्रो वरिपरि भएकाहरूलाई पनि चोट पुर्‍याइरहेको हुन्छ । के तपाईले तपाईको आफ्नै जीवनमा तपाईले गरेको केही गल्ती कामको करणले गर्दा दुःख पूर्ण घटना घट्यो भनेर सोच्न सक्नु हुन्छ ? के तपाईले अर्को व्यत्तिको दुष्ट काम/विचारको कारणले गर्दा तपाईलाई चोट पुगेको कुरा विचार गर्न सक्नुहुन्छ ?

७. प्रतिज्ञा गरिएको राजाको बारेमा र धर्मशास्त्र बाइबलको बारेमा धार्मीक सल्लाहकारहरु र पूजाहारीहरूलाई थाहा थियो तर उनीहरू येशूलाई भेट्न गएनन् । बाइबलको बारेमा धेरै जान्न, येशू ख्रीष्टको बारेमा धेरै जान्न, तर व्यक्तिको हृदयमा कहिल्यै पनि थाहा नहुनु के यो सम्भव छ ?

८. येशू "परमेश्वर हामीसित" वा "इम्मानुएल" । यी शब्दहरू स्वर्गदुतले योसेफसँग बोलेका थिए जनु शब्दहरू यशैया भविष्यवक्ताद्वारा धर्मशास्त्र बाइबलमा लेखिएको थियो । अरूकति जनाले भन्दछन येशू स्वर्गदुत हुनुहुन्थ्यो वा असल व्यत्ति हुनुहुन्थ्यो । तर बाइबलले हामीलाई उहाँ "परमेश्वर हामीसित" हुनुहुन्थ्यो भनेर सिकाउँदछ ।

अर्को ६ हप्तामा साच्चीनै "येशू ख्रीष्ट" को हुनुहुन्छ र उहाँले कस्तो खाले "असल सुसमाचार" पृथ्विमा ल्याउनु भयो भन्ने कुरा पत्ता लगाउन कोशिस गर्नेछौं ।

## येशूको सुसमाचार

### "येशूको बप्तिस्मा" पाठ २
### मत्ति ३,४

"पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ ।" ३:२

**पुनः निरिक्षण**

१. येशूको आमाको नाम ........................ थियो ।

२.	येशूको जन्मको एउटा आश्चर्य उही ………………… को परिवारमा जन्मनु भएको थियो ।
३.	पूरानो नियमले ख्रीष्टको जन्मको बारेमा धेरै कुरा भन्दछ, ति मध्ये एउटा चाँही उहाँलाई इम्मानुएल भनिने छ, जसको अर्थ "परमेश्वर ………………"
४.	हेरोद यहूदियाको …………………… थियो, जसले येशूलाई मार्ने कोशिश गरेका थियो । उसले बेथलेहेम वरिपरि बस्ने २ वर्ष मुनिका सबै बालबच्चालाई ………………………………
५.	ज्ञानी मानिसहरू……………… लाई पछ्याउँने येशूलाई पत्ता लगाउँन गएका थिए । ति मानिसहरू अर्को बाटो भएर गए किनकी उनीहरूले परमेश्वरको ………. सुने जुन चाँही हेरोदले ……………. येशूलाई चाहन्थ्यो ।
६.	योसेफले उनको परिवारसहित मध्येरातमा मिश्रतिर गए कारण परमेश्वर उनलाई …. …… दिनुभयो जुनकी हेरोद ……………. पछि पछि लागेको थियो ।
७.	………………… द्वारा योसेफले इस्राएलमा फर्किदा सुरक्षित हुन्छ भन्ने कुरा थाहा पाए । तर उनी बेथलेहेम फर्केनन्, बरू आफ्नो परिवार लिएर …………… भन्ने शहरमा गए ।
८.	जुन काम परमेश्वरले इतिहासमा गर्नुभयो, आज पनि उहाँले आफ्नो परिवार लिएर …………… भन्ने शहरमा गए ।
९.	हाम्रो ……………… मा के छ, परमेश्वर जान्नुहुन्छ तर पनि धेरै दुष्टता भएपनि उहाँले सो जान्नुहुन्छ ।
१०.	बाइबलको बारेमा थाहा पाएर धार्मिक ब्यक्ति हुन सम्भव छ तर उसले …………………… लाई कहिल्यै चिन्दैन र ………………… चिन्दैन ।

**यी शब्दहरू यहुदियाको उजाड.(स्थानमा भेटिएको ब्यक्तिले प्रचार गरेका थिय । यो ब्यक्तिले ऊटका रौंको वस्त्र लगाउथे र कम्मरमा छालाको पटुका बाध्थे । उनको खानेकुरा सलह वनमह थियो । उनको नाम बप्तिस्मा दिने यूहन्ना थियो ।**

उनको वचन (शब्दहरू) सन्नको लागि यर्दन नदिको वरिपरि इलाकामा बस्ने धेरै मानिसहरू उनी कहाँ आए । उनीद्वारा बोलिएको सन्देश सुनेपछि धेरैले आफ्ना पापहरू स्वीकार गरेर बप्तिस्मा लिए । केही सदुकी र फरिसी भनिने धार्मीक अगुवाहरू पनि उजाड स्थानमा के भएको छ भनि तिनीहरूलाई आफ्ना पापहरू स्वीकार गरेर बप्तिस्मा लिए । केही सदुकी र फरिसी भनिने धार्मीक अगुवाहरू पनि उजाड(स्थानमा के भएको छ भनि तिनीहरूलाई "सर्पका बच्चा" हो भने । तिनीहरूले परमेश्वरको डर मान्दैनथे तिनीहरू आफैले आफैलाई धार्मिक ब्यक्ति भन्ठान्थे र उनीहरुले आफ्नो पापको पश्चाताप गर्नु पर्दैन भन्ठान्थे ।

यूहन्नाले बप्तिस्मा दिईरहेको बेला येशू आउनुभयो र उनलाई बप्तिस्मा दिन भन्नुभयो । यूहन्नाले येशूलाई बप्तिस्मा दिन चाहन्थे किनभने उनले आफुलाई येशूलाई बप्तिस्मा दिन अयोग्य ठान्थे । तर येशूले यूहन्नालाई कर गर्नु भयो अनि उहाँ यूहन्नासँग यर्दन नदिको पानीमा प्रवेश गर्नुभयो । जब येशू पानीबाट निस्कनु भयो, पवित्र आत्मा ढुकुरको रूपमा स्वर्गबाट उहाँमाथि आउँनुभयो । अनि स्वर्गबाट ठूलो स्वरमा "यिनी मेरा पुत्र हुन, जससँग म खुशि छु ।" भन्ने आवाज आयो।

त्यसपछि शैतानबाट परिक्षित हुनको लागि पवित्र आत्माले उहाँलाई उजाड स्थानमा लग्नुभयो , ४० दिन, ४० रात उहाँ उपवास बस्नु भयो, ४० दिन पछि उहाँ भोकाउँनुभयो । त्यही समयमा शैतान उहाँलाई परिक्षा पार्नलाई आयो ।

प्रभु येशूले उजाड स्थानमा भोग्नु भएको तिनवटा परिक्षाको विजयमा बाइबलले भन्दछ । पहिले परिक्षामा शैतानले ढुङ्गालाई रोटी बनाई परमेश्वरको पुत्र हो भनि प्रमाणित गर्न भयो । येशूले उसलाई परमेश्वरको वचनद्वारा जवाफ दिनुभयो । दोश्रो शैतानले उहाँलाई मन्दिरको टुप्पामा लग्यो र हामफाल्न भन्यो जसबाट उहाँ परमेश्वर हुनुहुन्छ भनि प्रमाणित गर्छ । फेरि उहाँले परमेश्वरको वचनद्वारा उसलाई जवाफ दिनु भयो । अन्त्यमा शैतानले उहाँलाई अग्लो पहाडमा लग्यो र भन्यो “तपाईले मलाई घोप्टेर दण्डवत गर्नु भयो भने, यि सबैथोक म तपाईलाई दिनेछु” येशूले उसलाई यसरी जवाफ दिनु भयो “तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नु र उहाँको मात्र सेवा गर्नु” । त्यसपछि शैतान (दियाबलस) उहाँलाई छोडेर गयो र स्वर्गदुतहरूले आएर उहाँको सेवा टहल गरे ।

उहाँ उजाड स्थानबाट फर्किनु भएपछि, बप्तिस्मा दिनु यूहन्नालाई झ्यालखानामा हालिएको कुरा थाहा पाउँनु भयो । त्यसपछि उहाँ आफ्नो जन्म ठाउँ नासरतलाई छोडेर यहुदियाको उत्तरी प्रदेश गालिलमा जानु भयो र कर्फनहुममा डुल्नुभयो । यशैया आगमवक्ताले भनेको वचन यसरी पूरा भयो “जबुलुनको मुलुक र नाप्तालीको मुलुक, मर्दनपार, समुन्द्रतिर अन्यजातिहरूको गालिल् अन्धकारमा बस्ने मानिसहरूकोलगी एउटा ज्योति उदाएको छ ।”
येशूले यही शहरबाट नै मानिसहरूको विचमा आफ्नो सार्वजानिक सेवकाई शुरू गर्नु भयो भनि हामीलाई बाइबलले भन्दछ । “पश्चाताप गर, परमेश्वरको राज्य नजीक आएको छ” यहि वचन उहाँले प्रचार गर्नुहुन्थयो ।

**मौखिक प्रश्नहरु**

१. बप्तिस्मा दिने यूहन्नाको वारेमा ब्याख्या गर्नुहोस ।
२. बप्तिस्मा दिने यूहन्नाको सन्देश के थियो ?
३. आफ्ना पाप स्विकार गर्नेहरूलाई बप्तिस्मा दिने यूहन्नाले के गर्थे ?
४. बप्तिस्मा दिने यूहन्नाले येशूलाई किन बप्तिस्मा दिन चाहेनन् ?
५. येशूले कसरी बप्तिस्मा लिनु भयो ?
६. येशू पानीबाट बाहिर निस्किदा के भयो ?
७. येशू किन उजाड स्थानमा जानु भयो ?
८. ४० दिन र ४० रात येशूले के गर्नु भयो ?
९. शैतान (दियाबलस)को परिक्षा मध्ये एउटा के थियो ?
१०. उहाँ परिक्षित भैइसकेपछि उहाँको सेवा टहल गर्न को आयो ?
११. बप्तिस्मा दिने यूहन्ना झ्यालखानामा छन भन्ने थाहा पाएपछि येशू कहाँ जानुभयो ?
१२. येशूको सन्देश के थियो ? यही सन्देश (वचन) कसले प्रचार गरेको थियो ?

## आत्मिक सत्यताहरू २ पाठ

## मत्ती ३,४

१. बप्तिस्मा दिने यूहन्ना र येशूको वचन एउटै थियो । "पश्चाताप गर, किनभने परमेश्वरको राज्य नाजिक आएको छ" ।
पश्चातापको अर्थ हाम्रो जीवनमा भएको पापबाट फर्कनु हो । यसको अर्थ तपाईको जीवन पुरा रूपमा येशू ख्रीष्टको नियन्त्रणमा दिनु हो ।
उहाँको ब्यवस्था र उहाँमा अज्ञाकारी नहुनु नै पाप हो ।
**के एउटा ब्यक्तिको लागि पश्चाताप गर्न धेरै अप्ठ्यारो कुरा हो ?यो शब्दको अर्थ तपाईको लागि के हो ?**

**सबै समूहको सदस्यहरूले यसको विषयमा छलफल गर्नुहोस् । प्रत्येकलाई आफ्नो विचार भन्ने अवसर दिनुहोस् ।**

२. उनीहरूको धर्मको कारण धार्मिक अगुवाहरूले आफ्नो पापबाट पश्चाताप गर्नु आवश्यक छैन भनि विचार गर्छन् । उनीहरूले आफु चाहिने भन्दा पनि असल छन् भनि विचार गर्दछन् । यि ब्यत्तिहरूलाई बप्तिस्मा दिने यूहन्नाले सर्पका बच्चाहरू भन्दछन् । के संसारमा त्यस्तो कुनै धार्मिक ब्यक्ति छ जसलाई उसको पापबाट पश्चाताप गर्नु आवश्यक छैन ।

**रोमी ३:२३ मा बाइबलले भन्दछ "सबैले पाप गरेका छन र परमेश्वरको महिमा रहित हुन गएका छन् ।"**

संसारमा के त्यस्तो ब्यक्ति छ जसले आफ्नो जीवनमा पाप गरेको छैन ? के त्यहाँ कुनै त्यस्तो ब्यक्ति छ जो परमेश्वरमा अनाज्ञाकारी नभएको ? बाईबलले भन्छ छैन सबैले पाप गरेका छन् । के तपाई बाईबलसँग सहमती हुनुहुन्छ, हामी सबैले पाप गरेको छौं ? यो विषयमा परमेश्वरको बचनको चुनौतिको अवसर पाउन अतिनै महत्वपूर्ण छ । एउटा अगुवा हुनुको कारण हामीले बहस गर्नु हुदैन तर मानिसहरूलाई आफ्नो विचार भन्न दिनुहोस् ।

३. येशूले बप्तिस्मा लिनु भयो तर उहाँ परमेश्वर हुनुहुन्थ्यो उहाँले कहिल्यै पाप गर्नु भएन । बप्तिस्माले एक जना ब्यक्तिको पापलाई हटाउदैन भनेर यसले हामीलाई सिकाउँदछ । बप्तिस्मा लिनुको अर्थ कुनै ब्यत्तिलाई पापबाट शुद्ध गराउनु हो भने येशूले बप्तिस्मा दिनु आवश्यक थिएन किनभने उहाँ परमेश्वर हुनुहुन्थ्यो । उहाँले कहिल्यै पाप गर्नु भएन ।

४. जब येशू पानीबाट बाहिर निस्किनु भयो पबित्र आत्मा ढुकुरको रुपमा उहाँ माथि आउनु भयो, परमेश्वर पिताले स्वर्गबाट यसो भन्नु भयो "यिनी मेरा प्रिय पुत्र हुन, जससँग म खुशी छु ।" हामीले त्रिएकको तिन जना ब्यक्तिहरू देख्दछौं । तिनीहरू को हुन ?
पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर ।

५. शैतानद्वारा परिक्षित हुनको लागि येशूलाई उजाड स्थानमा लगिएको थियो । शैतान साँच्चै नै छ । ऊ आत्मा हो, जो आफ्ना थुप्रै अनुयायीसँग संसारमा बस्छ जसलाई पिशाच (भुत)

भनिन्छ । उसले हाम्रो जीवनलाई परमेश्वरको आज्ञा विपरीत अगुवाई गरेर हाम्रो जीवनमा विनाश ल्याउँछ । येशूलाई परिक्षा गरे जस्तै हामीलाई पनि उसले परिक्षामा पार्दछ । बाइबलले सिकाउँछ कि हामी ख्रीष्ट जस्तै छौं र हाम्रा अघिकै दुष्ट विचार र परमेश्वर तर्फको अनाज्ञाकारीताको कारण हामी परिक्षित हुन्छौं ।

६. अगमवक्ता यशैयाले अगमवाणी गरेको वचन पूरा भयो । येशू समुन्द्र तिर बस्नु हुनेछ र अन्धाकारमा बस्ने मानिसहरूले एउटा ज्यति देखेका छन् । मृत्यूका छायाको देशमा बस्नहरू माथि एउटा ज्याति उदाएको छ । हामी सबै ख्रीष्ट बिना अन्धकारमा छौं तर कसैको प्रेम मृत्यूको छाँयामा रहेको हुनसक्छ ।

# येशूको सुसमाचार

## “येशूको आश्चार्य कर्महरु पाठ ३

### मत्ती ४,९

“मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउँनेछु ।” मत्ती ४:१९

१. येशूको आगमनको बारेमा योसेफलाई कसले भन्यो र उहाँको नाम “इम्मानुएल” वा “परमेश्वर हामी सित” भनि कसले भन्यो ? यसले हामीलाई येशू ................ हाम्रो साथ हुनुहुन्छ भनेर बताउँदछ ।
२. येशूलाई कसले मार्न चाहन्थ्यो ? र किन ?

   ....................................................................................
३. येशूलाई कसले बप्तिस्मा दियो ? उहाँको बप्तिस्माको तथ्यले बप्तिस्माको उद्देश्य हाम्रो जीवनमा भएको ...................... लाई सफा गर्दैन भनि सिकाउँदछ ।
४. जब येशू पानीबाट बाहिर निस्किनु भयो केही चिज स्वर्गबाट उहाँमाथि आयो र एउटा आवाज पनि स्वर्गबाट बोलिएको थियो । ढुकुरजस्तो ब्यक्ति को हुनुहुन्थ्यो र स्वर्गबाट बोलिएको आवाज कसको थियो ?
५. फरिसीहरूले विचार गर्दथे की उनीहरू धेरै धर्मी भएको कारण उनीहरूले आफ्नो पापको पश्चाताप गर्नु आवश्यक थिएन । के कुनै ब्यक्तिको निम्ती धेरै धर्मी भएको कारण उनीहरूले आफ्नो पापको पश्चाताप गर्नु आवश्यक थिएन । के कुनै ब्यक्तिको निम्ती धेरै धार्मीकताले उसको पाप निकाल्न सम्भव छ ?
६. “पश्चात्ताप” शब्दको अर्थ के हो ?
७. पाप के हो ?
८. येशूलाई उजाड स्थानमा कसले परिक्षामा पार्‍यो ?
९. उजाड स्थानबाट निस्के पछि उहाँ कहाँ जानु भयो ?

जब येशू गालीलीको समुन्द्रतिर जाँदै हुनुहुन्थ्यो , उहाँ दुई जना माछा मार्ने जालहारी कहाँ आउँनु भयो । उहाँले तिनीहरूलाई बोलाउनु भयो र भन्नु भयो, “मेरा पछि लाग र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउँनेछु ।” अनि तिनीहरूले तुरुन्तै आफ्नो जालहरू त्यहीँ छोडेर उहाँको पछि लागे । त्यो दिन उहाँले पहिलो ४ जना चेलाहरूलाई

बोलाउँनु भयोः पत्रुस, अन्द्रियास, यकुब र यूहन्ना । तिनीहरू सबै माछा मार्ने जालहारी थिए । त्यसपछि मानिसहरूमा भएको सबै प्रकारका रोग र बिमारीहरू निको पार्दै परमेश्वरको राज्यको बारेमा प्रचार गर्दै,सभाघरहरूमा सिकाउँदै येशू गालीलीको सबै प्रदेशहरूमा जानु भयो । उहाँ जहाँ जानुभयो, ठूलो भिड उहाँको पछि लाग्यो । एउटा कुष्ट रोगी उहाँकहाँ उहाँलाई पुज्न आए । उसले येशूलाई बोलायो र भन्यो “प्रभु यदि तपाईले चाहनु भयो भने तपाईले मलाई शुद्ध गर्न सक्नु हुन्छ ।” येशूले जवाफ दिनु भयो “म इच्छा गर्दछु कि तिमी शुद्ध भैइजाऊ ।” त्यति नै बेला त्यो कोरी शुद्ध भयो । रोमी शैनिकको कप्तान येशूकहाँ आयो । यो मानिस पक्षघाती रोग लागेको आफ्नो नोकरलाई चंगाई हो भनि उहाँलाई भन्न आएको थियो । येशूको शक्तिले उसको नोकरलाई निको पार्छ भनि उसले विश्वास गर्‍यो । येशूले त्यसलाई भन्नुभयो की स्वर्गकोराज्यमा सबै जातिहरूले सँगसँगै भोजन गर्नेछन् अनि त्यही घडी नै उसको नोकर निको भयो । त्यसपछि दुइजना दुष्ट आत्माले ग्रस्त पारिएका दुइजना ब्यक्ति समुन्द्रको अर्को छेउमा थिए । तिनीहरु बलिया थिए, कसैले पनि तिनीहरूलाई पक्रन सक्दैनथे र चिहान हुदो तिनीहरुको वास थियो । जब तिनीहरुले येशूलाई देखे अनि चिच्याएर भने, “हे परमेश्वरका पुत्र, तपाईको हामीहरूसँग के सरोकार ? हाम्रो समय नपुगी हामीहरूलाई कष्ट दिन तपाई यहाँ आउनु भएको हो ?तिनीहरु देखी केही टाढामा धेरै सुँगुरको एक बथान चरिरहेको थियो । भुतहरूले येशूलाई यसो भनेर विन्ती गरे, “यदि तपाईले हामीलाई निकाल्नुहुन्छ भने हामीलाई सुँगुरको बथानमा पठाईदिनुहोस् ।” येशूले तिनीहरूलाई भन्नुभयो, “जाओ” तब उनीहरू मानिसहरूबाट निस्केर सुँगुरमा पसे र सुँगुरको जम्मै बथान हुरिदै भीरबाट खसेर पानीमा डुबि मरे ।सुँगुर चराउँनेहरू भागे र शहरमा गएर सबै कुरा र ती भुत लागेकोहरूलाई के भयो सो सुनाई दिए । तब सबै शहर नै येशूलाई भेट्न उल्टेर आयो र उहाँलाई देखेर मानिसहरूले तिनीहरूको ईलाकाबाट जानुहोस् भनी उहाँलाई विन्ती गरे ।त्यसपछि येशू डुंङ्गामा चढेर पारि जानुभयो र उहाँको आफ्नो शहरमा आउँनुभयो । येशू त्यहाँबाट जानुहुदा मत्ती भन्ने एउटा मानिसलाई कर उठाउँने अड्डामा बसिरहेको देख्नुभयो र तिनलाई भन्नुभयो “मेरो पछि लाग ।” अनि तिनी उठे र उहाँको पछि लागे ।

उहाँ खान बस्नु भएको बेला धेरै कर उठाउँनेहरू पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे । जब फरिसीहरूले त्यो देखे तब उहाँको चेलाहरूलाई भने, “किन तिमीहरूका गुरू कर उठाउनेहरूलाई र पापीहरूसँग खान्छन् ?”

यो सुनेर उहाँले तिनीहरूलाई भन्नुभयो, “निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन तर रोगीहरूलाई हुन्छ । तर यसको अर्थ के हो तिमीहरू गएर सिक, म बलिदान होईन क्षमा चाहन्छु ।” किनकी म धर्मीहरूलाई होइन पापीहरूलाई बोलाउन आएँ किनकी उनीहरूले पश्चात्ताप गरून ।”

**मोखिक प्रश्नहरू :**

१. येशूको प्रथम चेलाहरूको ब्यवसाय के थियो ?
२. येशूले जब मेरो पछि लाग भन्नुभयो, तिनीहरूले के गरे ?

३. येशू गालीलीको सबै भागमा जाँदै हुनुहुन्थ्यो र ठूलो भिड उहाँको पछि लागेको थियो, उहाँले के गर्नु भएको कारण सबैको ध्यान उहाँ तर्फ थियो ?
४. मत्तीको पुस्तकमा लेखिएको पहिलो चंगाई के हो ?
५. रोमी कप्तानको नोकरलाई के भएको थियो ?
६. दुष्ट आत्माले ग्रस्त भएका मानिसहरू कहाँ बस्थे ? र तिनीहरू कस्ता मानिस थिए ?
७. येशूलाई देखेपछि भुतआत्माहरूले के गरे ?
८. ति मानिसहरूबाट निस्के पछि दुष्ट आत्मालाई के भयो ?
९. सुँगुरहरूलाई के भयो ?
१०. सुँगुर चराउँनेहरूले के गरे ?
११. मत्तीले के काम गर्दथे ?
१२. कस्ता मानिसहरूसँग येशूले भोजन गर्नु भयो ?
१३. यो देखेर फरिसिहरूले के गरे ?
१४. येशूले फरिसीहरूलाई के जवाफ दिनुभयो ?

## आत्मिकी सत्यताहरू ३ पाठ
### मत्ती ४-९

१. येशूले मानिसहरूविच किन कुनै भेदभाव गर्नुभएन ।

येशूका प्रथम चेलाहरू कुनै औपचारीक शिक्षा विनाका साधारण मानिस थिए । कुष्ट रोग लागेको ब्यक्तिलाई समाजबाट निकालिएको थियो किनकी उसको शरिर कुरूप भएको थियो र मानिसहरूले उसलाई घृणा गर्दथे ।रोमी कप्तानको नोकर निर्बल ब्यक्ति थियो ऊसँग नत रूपैया पैसा थियो नत समाजमा मान नै थियो ।

मत्ती कर उठाउने ब्यक्ति थियो, तर दुष्ट र भ्रष्ट थियो ।
शहरका बासिन्दाहरुले भुत आत्माले ग्रस्त भएका ब्यक्तिहरुलाई घृणा गर्दथे उनीहरु निकोहोस भन्नु भन्दा बढि आफ्ना सुँगुरहरु नै स्वस्थ्य होस् भन्ने चाहन्थे । चिहान हुदो तिनीहरुको बास हुन्थ्यो ।
तर यी सबै ब्यक्तिहरु येशूको लागि महत्वपूर्ण र मूल्यवान् थिए । परमेश्वरको दृष्टिमा तपाई योग्य र मुल्यवान हुनुहुन्छ । परमेश्वरको अगाडि तपाईको बितेको समय, धन, सौन्दर्य र समाजमा तपाईको स्थानको केही अर्थ छैन ।

२. येशूसँग हाम्रो रोगहरु निको पार्ने शक्ति छ । यस कथामा मानिसहरुको चँगाईको बारेमा कुनकुन उदाहरण दिइएको छ ?
३. भुत आत्माहरु माथि अधिकार गर्ने शक्ति छ । दुष्ट आत्माहरुले ग्रास्त भएका ब्यक्तिहरुले धेरै चोटी असल काम गर्ने कोशिस गरिरहेका हुन्छन तर पहिले के भएको थियो भनी तिनीहरु जान्दछन्, भुत आत्माहरुले तिनीहरुको जीवनमा अधिकार जमाएका हुन्छन् । ति

आत्माहरुले तिनीहरुलाई समाती सकेपछि वा आक्रमण गरिसकेपछि कहिल्यै पनि एक्लै छोड्दैनन् । तिनीहरुसँग दुष्ट आत्माहरुलाई उनीहरुको जीवनबाट निकाल्ने शक्ति हुदैन । येशूसँग संसारमा भएका सबै आत्माहरु र दुष्ट आत्माहरु माथि अधिकार गर्ने शक्ति छ । येशूद्धारा मात्रै हामीले दुष्ट आत्माहरुबाट छुटकारा पाउन सक्छौं ।

४. येशूले पापी मानिसहरुलाई प्रेम गर्नुहुन्छ । उहाँले सबै पापीहरु ग्रहण गर्नुहुन्छ । येशूले मानिसहरुलाई सजाय दिन चाहानुहुन्छ तर उहाँले हरेक ब्यक्तिले पश्चाताप गरोस् र साँचो क्षमादान पाओस भन्ने चाहनुहुन्छ ।

५. फरिसीहरु वा धार्मिक मानिसहरुले तिमीहरुको पापको पश्चाताप गरेनन. र तिनीहरुले येशूसँग भोजन गर्नेहरु भन्दा असल छौंभनी सोच्दथे । कुन असल हो ? पश्चाताप गरेर क्षामा पाएको ठूलो पापी पश्चाताप गर्न नमान्ने सानो पापी ?

ठुलो पापीले आफ्नो पाप स्वीकार गरेर क्षमा पाएको छ भने यो धेरै उत्तम हो ।

हामी जस्तो छौं त्यस्तै अवस्थामा येशूले हामीलाई प्रेम गर्नुहुन्छ र ग्रहण गर्नुहुन्छ । हामी चाहे भयानक पापी हौं गरिब हौं, अशिक्षित हौं, हामीसँग धेरै समस्यहरु होस् वा हामी विरामी हौं यसमा येशूले केहि  मतलब राख्नु हुन्न । उहाँको दृष्टीमा हामी सबै बराबर छौं । हामीहरुको लागि महत्वपूर्ण कुरा पश्चाताप गर्नु र उहाँलाई पछ्याउनु हो ।

“येशूको शिक्षा” ( ४ पाठ

मत्ती १०(१६

“म बलिदान होईन, दया चाहन्छु ।” मत्ती १२ः७

पुर्नविचार

१. ………………… नाम भएको यहुदी स्त्रीको कोखबाट येशू जन्मनु भयो ।

२. …………………लाई पछ्याएको कारण पुर्वबाट आएका ज्ञानी मानिसहरुले येशूलाई भेट्न सके ।

३. ज्यातिषीहरु हेरोदको दरबारमा फर्केर गएनन् किनभने तिनीहरुले परमेश्वरबाट ……………… मा अर्को बाटो फर्कनु भन्ने चुनौति पाए ।

४. बप्तिस्मा दिने यूहन्ना उजाड स्थानमा बस्थे र प्रचार गर्थे अनि आफ्नो पाप पश्चाताप गर्नेलाई ………… दिन्थे ।

५. “पश्चाताप” को अर्थ के हो ?

६. जब येशूले बप्तिस्मा लिनु भयो, ढुकुरको रुपमा ……………. पृथ्विमा ओर्लनु भयो र स्वर्गबाट एउटा एउटा आबाज आयो । यसले हामीलाई परमेश्वरको तिनवटा ब्यक्तित्वको बारेमा देखाउँदछ । जुन परमेश्वर ………………., परमेश्वर……………………, परमेश्वर…………………… हुनुहुन्छ । जसलाई हामीले त्रि(एक भन्दछौं ।

७. उजाड स्थानमा, येशू………………… द्धारा परिक्षित हुनुभयो ।

८. येशूको प्रथम चेलाहरुको ब्यवसाय ……………………… थियो ।

९. भूत आत्माले सताइएका दूइ जना ब्यक्तिलाई येशूले भेट्नुभयो, येशूले ति मानिसहरुलाई कसरी सहायता गर्नुभयो ? येशूले गर्नुभएको यो काममा त्यहाँका बासिन्दाहरुले कस्तो प्रतिक्रिया देखाए ?

१०. येशूले कस्ता मानिसहरुसँग भोजन गर्नुभयो जसको विषयमा फरिसीहरुले आलोचना गरिरहेका थिए ।

११. पाप क्षमा नगरिएको सानो पापी हुनु असल हो कि पश्चाताप गरेको ठूलो पापी हुन राम्रो हो ?

येशूले १२ जनालाई उहाँको चेला हुनलाई बोलाउनु भयो । यसको अर्थ उहाँसँग नजिक हुनु र उहाँसँग सिक्नु हो । ति १२ जनालाई उहाँले दुष्ट आत्मा मथि अधिकार गर्न र सबै प्रकारका रोगहरु निको पार्ने अधिकार दिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, तिनीहरुले प्राप्त गरेको मुक्ति, स्वतन्त्रता अरुलाई पनि दिनुपर्छ । पठाईएका १२ जना मध्ये यहुदा स्कोरियोती पनि थियो ।

यहुदिहरुलाई पश्चाताप गर्न र येशू खीष्टमा विश्वास गर्नको लागि उहाँले ति १२ जनालाई एउटा इस्राएल देशको हरेक कुनाम प्रचार गर्न पठाउनु भयो । येशूले तिनीहरुलाई एउटा वचन दिनुभयो "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु तर हरेक जसले मलाई मानिसहरुका समुन्ने इन्कार गर्छ म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु ।"

अनि येशू आफै पनि गलीलीको वरिपरि प्रचार गर्दै, सिकाउदै र हरेक किसिमको रोगहरु निको पार्दै हिड्नु भयो । तर उहाँसँग धेरै समय विताउने गलीलीको मानिसहरुले उहाँको वचन इनकार गरे । उहाँले सार्वजनिक सेवकाई शुरु गर्नु भएको कर्फनहुममा पनि उहाँलाई इनकार गरे । यस्तो देखेर उहाँले उहाँको बिना संक यसरी प्रार्थना गर्नु भयो । "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईमा धन्यबाद चढाउँछु, किनकी तपाईले यि कुरा बुद्धिमान र समझदारबाट गुम्न राख्नु भयो तर बालकहरुलाई ति प्रकट गर्नुभयो । हो, पिता किनकी तपाईलाई यही असल लाग्यो । मेरा पिताले सबै थोक मलाई सुम्पिदिनु भएको छ । पिता बाहेक पुत्रलाई कसैले चिन्दैन र पुत्रबाहेक पितालाई कसैले चिन्दैन र अनि तिनीहरुले पनि चिन्दछन जसलाई पुत्रले पिता गरिदिने इच्छा प्रकट गर्दछ । हे सबै थाकेका र बोझले दाविएका हो म कहाँ आओ म तिमीहरुलाई विश्राम दिनेछु । मेरो जुवा आफुमाथि लेओ र म सँग सिक किनभने म बिनम्र र कोमल ह्रदयको छु अनि तिमीहरुले आफ्नो आत्मामा विश्वास पाउनेछौ । किनकी मेरो जुवा सजिलो छ र मेरो भारी हलुको छ ।"

यि कुरा भनि सके पछि येशू आफ्ना चेलाहरुसँग अन्नका खेतबाट भएर जादैहुनुहुन्थ्यो र त्यो दिन शबाथको दिन थियो । उहाँको चेलाहरु भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे ।

फरिसीहरुले यो देखेर तिनीहरुलाई दोष लगाउन खोजे किनभने शबाथमा यसो गर्नु भनेको यहुदी ब्यवस्थाको विरुद्धमा थियो । येशूले तिनीहरुलाई यसरी जबाफ दिनु भयो कि तिनीहरुले परमेश्वरको ब्यवस्था बुझेको थिएनन किनकी धर्मशास्त्र बाइबलले भन्छ "म बलिदान होईन, दया च ाहान्छु ।"

त्यहाँबाट(गहुँ खेतबाट) निस्केर येशू र उहाँका चेलाहरु येहुदिहरुको सभा घरमा जानु भयो । एउटा हात सुकेको मानिसलाई उहाँकहरुले भेट्नु भयो । उहाँले त्यस मानिसलाई भन्नु भयो । तिम्रो हात पसार अनि त्यसले हात पसार्‌यो र प्रभुले त्यसलाई निको पार्नुभयो , त्यो सबाथको दिन थियो ।

फारिसीहरुले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे र तिमीहरुको योजना थाहा पाएर येशू त्यहाँबाट गैइहाल्नु भयो । तर धेरै जना उहाँको

पछिलागे र उहाँले सबैलाई निको पार्नुभयो र उहाँको हुनुहुन्छ सो कसैलाई नबताउने चेतावनी तिनीहरुलाई दिनुभयो ।

फरिसीहरुले बाहिर गएर उहाँलाई  कसरी नाश गरौ भनेर उहाँको विरुद्धमा मत्तोगर्न लागे । तिमीहरुको योजना थाहा पाएर येशू त्यहाँबाट गैइहाल्नु भयो । तर धेरै जना उहाँको पछि लागे र उहाँले सबैलाई निको पार्नुभयो । र उहाँ को हुनुहुन्थ्यो सो कसैलाई नबताउने चेतावनी तिनीहरुलाई दिनुभयो ।

अझै निरन्तर रुपमा येशूले त्यस ठाउँमा मानिसहरुलाई शिक्षा दिदै र रोगहरु निको पार्दै हिड्नु भयो । धेरै मानिसहरुले उहाँलाई पछ्याएका थिए । त्यसबेला  मानिसहरु खाना समेत नखाई उजाड स्थानमा बसेर उहाँको वचन सुन्दथे । दुई चोटीसम्म येशूले सातभन्दा कम रोटी र केही माछाले चार हजारभन्दा बढि मानिसहरुलाई खुवाउनु भयो ।

गालिलमा सेवकाई गर्दैगर्दा येशूले आफ्ना अनुयायिहरुलाई आफु छिट्टै येरुशलेम जाने कुरा र त्यहाँ हुने दुःखपूर्ण कुराहरु भन्नु भयो । यहुदि अगुवाहरुको हातबाट उहाँले जोडने दुःखको बारेमा उहाँले तिनीहरुलाई भन्नुभयो । उहाँ मारिने कुरा तर तेश्रो दिनमा उहाँ बौरी उठ्ने कुरा पनि स्पष्ट पार्नुभयो ।

मोखिक प्रश्नहरु :

१. येशुले आफ्नो चेलाहरु दिनुभयो काम के थियो ?
२. मानिसहरुको अगाडि उहाँलाई स्विकार गर्नेहरुलाई येशूले के भन्नुभयो ? र मानिसहरुको अगाडि उहाँलाई इन्कार गर्नेहरुलाई के भन्नुभयो ?
३. कफर्नहुम तथा गलीलमा, जहाँ येशूले धेरै अचम्मका कामहरु गर्नु भएको थियो, येशूको सन्देशको(प्रचारको) कस्तो प्रतिकृया थियो ?
४. थाकेको र बोझले दाविएकाहरुलाई उहाँकहाँ बोलाउनु भयो । ति मानिसहरुको लागि उहाँले के प्रतिज्ञा गर्नु भएको छ ?
५. येशू र उहाँका चेलाहरु गहुँ खेतमा किन रोकिए ?
६. गहुँको बाला तोडेको कारण फरिसीहरुले येशूको आलोचना किन गरे ?
७. हात सुकेको मानिसलाई निको पार्दा फरिसीहरु किन येशूको विरुद्धमा उठे ?
८. फरिसीहरुले मतो गर्नुको उद्देश्य के थियो ?
९. येशूले आफ्ना चेलाहरु(अनुयायी)लाई हुन गैइरहेको के कुराहरु भन्नु भयो ? उहाँले भविष्यबाणी गर्नु भएको कुरा के थियो ?

## आत्मिक सत्यताहरु ४ पाठ

### मत्ती १०-१६

१. जसले मानिसको अगाडि येशूलई स्वीकार गर्छ, उहाँले त्यसलाई आफ्नो पिताको सामुन्ने स्वीकार गर्नुहुनेछ । तर जसले उहाँलाई मानिसहरुको अगाडि इन्कार गर्छ, उहाँले त्यसलाई आफ्नो पिताको समुन्ने इन्कार गर्नु हुनेछ ।
२. धेरै मानिसहरु उहाँबाट आश्चर्य काम पाउनको लागि मात्र येशूको पछि लाग्थे तर तिनीहरु उहाँसग सम्बन्ध राख्न चाहन्थे उहाँको वचनमा आज्ञाकारी हुन पनि चाहन्थे । तिनीहरुको आफ्नो पापबाट पश्चात्ताप गर्न चाहन्थे । तिनीहरुले परमेश्वरको कृपाको फाइदा मात्र उठाउन चाहन्थे । आज पनि त्यसताखाले मानिसहरु थुप्रैछन् । के तपाईलाई

कोही थाहा छ ?

३. येशू बाहेक पितालाई कसैले पनि चिन्दैन । यदि कसैले पितालाई जान्न चाहन्छ भने येशू ख्रीष्ट द्धारामात्र जान्न सक्दछ । परमेश्वर र हामी विच येशू बाहेक अरुकोही मध्यस्ता छैन । परमेश्वर एउटै मात्र हुनुहुन्छ र उहाँ कहाँ पुग्नलाई एउटै मात्र बाटो छ र बाईबलले हामीलाई त्यो बाटो येशू ख्रीष्ट हुनुहुन्छ भनेर सिकाउदछ ।
हुनसक्छ तपाईलाई येशू बाहेक अरुनै मध्यस्थ द्धारा परमेश्वरसँग प्रार्थना गर्ने बाटो सिकाइएको होला । ति अरु मध्यस्थ के हो ? के तिनीहरु इश्वर भविष्यबक्ता र विगतका असल मानिसहरु ? बाइबलले सिकाउदछ, तिनीहरु असल ब्यक्ति होलान तर परमेश्वर होईनन् । परमेश्वर र मानिसको बिचमा मध्यस्थ हुने एउटै मात्र ब्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ भन्ने बाईबलको शिक्षामा के तपाई सहमती हुनुहुन्छ ?

४. येशूले हाम्रो चिन्ता र बोझलाई उठाउन चाहनु हुन्छ । उहाँ नम्र दिन ह्रदयको हुनुहुन्छ र उहाँ हामीलाई हाम्रा बोझहरु र दुःखहरुबाट छुटकरा दिन चाहनुहुन्छ । यदि हामीले उहाँ प्रभु भनि स्वीकार गर्छौ र उहाँको जुवा उठाउछौं भने उहाँले हामीलाई आत्मामा विश्वास दिनु हुनेछ ।

५. येशू ख्रीष्टले हाम्रो भौतिक आवश्यकताको वास्ता गर्नुहुन्छ । चेलाहरु भोकाएको बेला उहाँले फरिसीहरुबाट सतावट हुन्छ भन्ने जानेर पनि उनीहरुको लागि खानाको वस्दोवस्त गर्नुभयो । उहाँ सृष्टिकर्ता परमेश्वर हुनभएको कारण उहाँ हाम्रो भौतिक खाँचोको अनि वस्न र फिक्री गर्नुहुन्छ ।

"म बलिदान होइन, दया चाहन्छु" तपाईले "बलिदान" को अर्थ के बुझ्नु हुन्छ ? के तपाईलाई धार्मीक अगुवाहरुले पापको क्षमाको लागि परमेश्वरलाई बलिदान चढाउनु पर्छ भनि सिकाएका छन ? परमेश्वरले बलिदान चाहानुहुन्न भन्ने कुरा विश्वस गर्न के तपाईलाई अप्ठ्यारो छ ? परमेश्वर मानिसको बलिदानमा खुशि हुनुहुन्छ । धेरै धार्मीक मानिसहरुको लागि यो सत्य विश्वास गर्न निकै कठिन हुन्छ । परमेश्वरलाई खुशि पार्नको लागि र उहाँको कोधबाट बच्नको लागि केही न केही गर्नुपर्छ भनी सबै धर्मले हामीलाई सिकाउँदछ । परमेश्वरको भक्ति गर्नको लागि वा पापको क्षमा पाउनको लागि धेरै ब्यक्तिले निकै कठिन कार्य गरेका हुन्छन तर परमेश्वरले यस्तो कार्य चाहनु हुन्न । उहाँले हामीसँग नाता वा सम्बन्ध राख्न चाहानु हुन्छ । उहाँले हाम्रो बलिदान चाहानु हुन्न तर दया देखाउन चाहानु हुन्छ । उहाँले धेरै दुःख भोग्नु पर्छ त्यसपछि मर्नु पर्छ भन्ने येशू ख्रीष्टलाई थाहा थियो । तर तिन दिन पछि उहाँ मृत्यूबाट जीवीत हुनुहुनेछ । यो सबै परमेश्वरको योजना थियो । उहाँले यी कुरा आफ्नो चेलाहरुलाई भन्दै हुनुहुन्थ्यो तर उहाँ किन मर्नैपर्छ र पुनरुत्थान हुनै पर्छ भन्ने कुरा उनीहरुले बुझ्न सकेनन् ।
यो अन्तिमको ३ पाठमा हामीले ख्रीष्ट येशूको मृत्यु र पुनरुत्थानको महत्वको अध्ययनको बारेमा बुझ्न गैइरहेका छौं । यो अलौकिक घट्नाले संसारको इतिहास सधैको लागि परिवर्तन गरिदिएको छ । यस घटनामा पापको दासत्वबाट छुटकरा दिने र हाम्रो जीवनलाई परिवर्तन गर्ने शक्ति छ ।

## "येशूसँगको विश्वासघात ५ पाठ

**मत्ती २०:२६**

"येरुशलेम तिर जाँदै हुनुहुँदा येशूले बाह्र चेलाहरुलाई अलग लगे बाटोमा तिनीहरुलाई भन्नुभयो, हेर
हामी यरुशलेमतिर जादैछौं । अब मानिसको पुत्र मुख्य पुजाहारीहरु शास्त्रीहरुको हातमा सुम्पिदिइने छ
र तिनीहरुले उसलाई मृत्युदण्डको दोषी ठहर्‍याउने छन् । उसलाई गिल्ला गर्न, कोर्रा लाउन र क्रुसमा
टाङ्न भनी तिनीहरुले उसलाई अन्य जातिहरुको हातमा सुम्पनेछन् र तेश्रो दिन ऊ जीवित भैइ
उठ्नेछ ।" मत्ती २०:१७(१९

पुर्नविचार :

१. ……………….. नाम भएकी कन्याको कोखबाट येशू जन्मनु भएको थियो ।

२. परमेश्वरले …………………. लाई सपनामा मिश्रमा भाग भन्ने दर्शन दिन भयो किनभने हेरोद
राजाले बालक येशूलाई …………………. मार्न चाहन्थ्यो ।

३. बप्तिस्मा दिने यूहन्ना उजाड(स्थानमा बस्थे र प्रचार गर्दथे, जस(जसले आफ्नो पापको …………
गर्थे तिनीहरुलाई बप्तिस्मा दिन्थे ।

४. येशूले कुनै ………………. गर्नुभएन, तर उहाँले यूहन्नालाई बप्तिस्मा दिनको लागि भन्नुभयो ।

५. "पश्चाताप" को अर्थ के हो ?

८. ……………….. द्वारा ग्रसित भएका दुइजना ब्यक्तिसँग येशूको सामना(भेट) भयो
उहाँका दुष्टआत्मा माथि ……………. गर्ने शक्ति छ भन्ने कुरा देखाउनु भयो ।

९. महापापी भएर पश्चातापको गरेको वा थोरै पाप गरेर कहिल्यै पनि पश्चाताप नगरेको, कुन असल हो ?

१०. येशूले यसरी भन्नु भयो, यदि तिमीहरुले मानिसहरुको सामुन्ने मलाई स्वीकार गर्‍यौ भने उहाँले तिमीहरुलाई स्वीकार …………… का समुन्ने ………………. गर्नुहुनेछ ।

११. कफर्नहुम र गालीलका बासिन्दाहरुले परमेश्वरको वचन ……………. गरे, तिनीहरु येशुले अचम्मको काम गर्नुहुन्छ भन्ने उद्देश्यले मात्रै उहाँको पछि लागेका थिए ।

१२. तिनीहरुले आफ्नो पाप पश्चाताप गर्न चाहेनन् । फेरी भन्नुहोस "पश्चाताप"को अर्थ के हो ?

१३. येशूले भन्नुभयो, थाकेका र बोझले लादिएकाहरुलाई उहाँले दिनुहुन्छ किनभने उहाँको जुवा ………… छ ।

१४. येशूले हात सुकेको ब्यक्तिलाई निको पारेको फरिसीहरुले चाहेनन् किनभने त्यो दिन ………… दिन थियो र ……………….. दिनमा काम गर्नु उनीहरुको ब्यवस्थाको बिरुद्धमा थियो ।

१५. फरिसीहरुले येशूलाई ……………………. मतो गरे ।

१६. फरिसीहरुले उसलाई मार्ने योजना बनाइरहेका छन् भन्ने येशूलाई थाहा थियो तर पनि उहाँले धेरै अचम्मका काम गर्दै दुई .......... र केही.................... ले चारहजार भन्दा बढी मानिसहरुलाई खुवाउनु भयो ।

येशू आफ्ना चेलाहरुसँग गालिलीबाट यरुशेलमको यात्रामा जाँदै हुनुहुन्थयो । जब उहाँहरु यरुशेलमको नजिक आईपुग्नु भयो, तिमीहरु सामुन्नेको गाउँमा जाओ र त्यहाँ एउटा गधा र त्यसको बछेडो बाँधि राखेको हुनेछ त्यसलाई यहाँ ल्याओ किनभने त्यो उहाँलाई आवश्यक थियो । येशू त्यस बछेडा माथि बस्नु भयो र यरुशेलममा प्रबेश गर्नु भयो ।

येशू महि मित र बिजयमान साथ प्रबेश गर्नु भयो । ठुलो भिड सडकको दायाँ बायाँ तर्फ लागेको थियो । येशू शहरमा प्रबेश गर्नुहुन्छ भनेर धेरै मानिसले आफ्ना बस्त्रहरु बाटोमा ओछ्याएका थिए । अरुहरुले खजुरका हाँगा काटेर बाटोमा ओछ्याएका थिए । अरुहरुले खजुरका हाँगा काटेर बाटोमा बिछ्याएका थिए, यसको अर्थ बाटो भरिनै उहाँको आदार र महिमा गर्नु हो । उहाँको आगिपछि लागेको भिड यसो भन्दै कराए, “दाऊदका पुत्रलाई होसन्ना ।”

येरुशेलमको सारा शहरमा हलचल मच्चियो । शहरका मानिसहरुले सोध्न लागे, “यिनी को हुन ?” भीडका मानिसहरुले जबाफ दिए, “यिनी गालीलको नासरतबाट आएका अगमबक्ता येशू हुन ।”

अनि येशू शहरमा प्रबेश गर्नुभयो र यहुदिहरुको मन्दिरमा जानुभयो । अनि उहाँले मन्दिरमा किनबेच गर्नेहरुलाई धपाउनु भयो र पैसा साट्नेहरुका टेबुल र परेवा बेच्नेहरुका आसन पल्टाई दिनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, “यो लेखिएको छ, “मेरो घर प्रार्थनाको घर कहलाइनेछ ।” तर तिमीहरुले यसलाई डाँकुहरुको अड्डा बनाएका छौं ।” अन्धा र लङ्गडाहरु उहाँकहा मन्दिरमा आएर उहाँले तिनीहरुलाई निको पार्नु भयो ।

तर जब मुख्य पूजाहारीहरु र शास्त्रीहरुले चाँही उहाँले गर्नुभएका अचम्मका काम देखे तब तिनीहरु एकै ठाउँमा जम्मा भैइ उहाँलाई मार्ने नाश गर्ने योजना बनाए । तिनीहरुले उहाँलाई कस्तो चलाकीले मार्न सकिन्छ भनी छलफल गरे । अनि तिनीहरूले निरन्तर चाड सिद्धि सकेपछि उहाँलाई पक्रने र मार्ने निर्णय गरे । बाह्रमध्ये एक जना यहूदा इस्कारियोत भन्ने चाँही मुख्य पूजाहारीहरूकहाँ गयो र न्यो“यदि ै ले उहाँलाई तपाईहरुको हातमा पक्राईदिए भने मलाई के दिनुहुन्छ ?” तिनीहरू सहमती भए त्यसलाई चाँदीका तिस सिक्का दिए । त्यसै बखत देखी यहुदाले उहाँलाई पक्राई दिनो का खोज्न थाल्यो । जहाँ उसले येशूलाई विश्वासघात गर्न सक्छ विचार निस्तार चाडको हप्ता थियो । येशूको आदेश अनुसार वा सिकाए बमोजिम चेलाहरुले विस्तार चाडको प्रबन्ध गरे । साँझ भएपछि उहाँ बाह्रै चेलाहरुसँग खान बस्नुभयो । उहाँले खाईरहुन भएको बेला उहाँले भन्नुभयो, “साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरु मध्ये एक जनाले मलाई पक्राईदिनेछ ।” तब तिनीहरु सार्है दुखित भएर प्रत्येकले उहाँलाई सोध्न लागे, “प्रभु के त्यो म हुँ ? ”

अनि उहाँले तिनीहरुलाई भन्नुभयो, “जसले म सँगै थालमा रोटी चोपेको छ । त्यसैले मलाई पक्राईदिनेछ । मानिसको पुत्र त उसको विषयमा धर्मशास्त्रमा लेखे बमोजिम जानेछ। तर धिक्कार त्यस मानिसलाई, जसद्धारा मानिसको पुत्र पक्राईनेछ । त्यो मानिस त नजन्मिएकै भए त्यसको निम्ती असल हुने थियो ।” तब उहाँलाई पक्राईदिने यहूदाले सोध्यो, “गुरुज्यू के त्यो म हुँ ?” उहाँले त्यसलाई भन्नुभयो, “तिमी आफैले भन्यौं ।”

तिनीहरुले भोज खाईरहेकै बेला येशूले रोटी लिनुभयो र आर्शिबाद दिनुभएपछि उहाँले त्यो भाँच्नु
भयो र चेलाहरुलाई दिनुभयो र भन्नु भयो, “लेओ, खाओ, “यो मेरो शरिर हो ।” तब कचौरा पनि लिएर धन्यबाद दिइ उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ती पापको प्रायश्चितका लागि बहाइन्छ ।”
भोज खाई सकेर एउटा भजन गाएपछि उहाँहरु जैतून डाँडातिर निस्केर जानुभयो । त्याहा येशूले हुन गइरहेको कुराहरुको विषयमा निरन्तर तिनीहरुलाई सिकाइरहनु भयो ।
तब येशू गेतसमनी बगैंचामा मा तिनीहरुसँग जानुभयो, जहाँ तिनीहरुसँग प्रार्थनामा पुरै रात विताउन चाहानुहुन्थयो । अनि येशूले पत्रुस यूहन्नालाई आफुसँग लगेर रोकित र ब्याकुल हुन लाग्नुभयो र अनि उहाँले तिनीहरुलाई उहाँसँग जागा रहन भन्नुभयो । र उहाँले अलि अगाडि गएर लम्पसार पारेर एक्लै प्रार्थना गर्न लाग्नुभयो । त्यो रात उहाँले हुन गैरहेको कुराको विषयमा प्रार्थना गर्नुभयो । उहाँले यसरी प्रार्थना गर्नुभयो

## आत्मिक सत्यता ५ पाठ

**मत्ती २०-२६**

१. परमेश्वरले सबै कुराको नियन्त्रण गर्नुहुन्छ । फरिसीहरुले येशूलाई कुनै षडयन्त्रमा फसाएर पक्रन चाहन्थे । तर परमेश्वरले आफ्नो सिद्ध इच्छा संसारमा पुरा गर्नको लागि तिनीहरुलाई प्रयोग गरि रहनुभएको थियो । येशू ख्रीष्ट पापीहरुको लागि क्रुसमा मर्नु पर्छ भने सधै परमेश्वरको ईच्छा थियो ।
२. परमेश्वले हाम्रो ह्रदयको कुरा जान्नुहुन्छ जुन अरुले जान्दैनन् । उहाँको चेला यहुदाले उहाँलाई धोका दिन्छ भन्ने उहाँलाई पहिले नै थाहा थियो । उहाँको ठूलो इच्छा छ ।
३. ख्रीष्ट येशूले त्यसरी नै हामीलाई प्रेम गर्नुहुन्छ, हामीले उहाँलाई इन्कार गर॓ तापनि उहाँले हामीलाई वास्ता गर्नुहुन्छ । यहूदालाई येशूले प्रेम गर्नुभयो र विश्वासघाती छ भनेर अरु चेलाहरुले थाहा पाउन सकेनन् । त्यसरी नै उहाँले हामीलाई प्रेम गर्नुहुन्छ यद्यपी हामीले धेरै चोटी उहाँलाई इन्कार गर्छौं, धोका दिन्छौं तर पनि उहाँले हामीलाई साहयता गर्नुहुन्छ ।
४. हाम्रो पापको प्राश्चितको निम्ती ख्रीष्ट येशूले रगत बगाउनु भयो । येशू किन मर्नुपर्छ भन्ने सत्यता चेलाहरुले बुझ्न सकेनन् । परमेश्वरले पाप क्षमाको लागि मूल्य चुकाउनुपर्छ र त्यो मुल्य रगत बहाईद्वारामात्र तिरिन्छ भन्ने कुरा तिनीहरुले बुझेनन् ।

परमेश्वरले तिनीहरुलाई प्रेम गर्नु हुने र उनीहरुको पाप क्षमा गरिएका कुरामात्र जान्न सके ।

"हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा म बाट हटोस् । तर पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गरे बमोजिम होस् ।"

यसरी भनिएको छ, त्यही प्रार्थना उहाँले तिनचोटी सम्म गर्नु भएको थियो र उहाँको प्राण गहिरो शोकले मरेतुल्य भएको थियो ।

चेलाहरुले एक घण्टामात्र पनि आफ्नो आँखा खुला राख्न सकेनन् । उनीहरु निदाईरहेका थिए । अन्त्यमा उहाँले चेलाहरुलाई यसो भन्दै उठाउनु भयो, "उठ जाऔ । हेर पक्राईदिन नजिकै छ ।"

**मोखिक प्रश्नहरु :**

१. येशूले कुन जनवार माथि बसेर येरूशलेममा प्रबेश गर्नुभयो ?
२. येशू शहरमा प्रबेश गर्दा मानिसहरुले के गरे ?
३. येशूलाई पक्राउन यहुदाले के गर्‍यो ?
४. शहरमा कुन चाँड मनाईदै थियो ?
५. येशूले उहाँलाई पक्राउने यहूदा नै हो भनि कसरी थाहा पाउनुभयो ?
६ येशूले भोजको बेलामा दाखरसको बारेमा के भन्नु भयो ?
७ येशूको अनुसार, के को लागि रगत बगाउन जरुरी छ ?
८. येशूले चेलाहरुलाई रातभरि प्रार्थना गर्नको लगि गेतसमनीमा लैजानु भयो । कति जना रात भरि प्रार्थना गर्न सक्षम भए ?
९. येशूलाई पक्राइने रातमा उहाँले गर्नु भएको प्रार्थना के थियो ?

तर उनीहरूको पाप क्षमा गर्नको लागि येशूले कसरी आफ्नो जीवन दिदै हुनुहुन्छ भन्नेकुरा बुझ्न आबश्यक थियो ।

धेरै मानिसहरूलाई तिनीहरुले पाप गर्दैछन भन्ने कुरा थाहा छ । धेरै जनाले येशूको वारेमा र उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्छ भन्ने बारेमा र उहाँले तिनीहरूलाइै प्रेम गर्नुहुन्छ
भन्ने
कुरा सुनेको हुन सक्दछन । तर थोरै मात्र परमेश्वरले पाप क्षमाको लागि रगत भनी बुझेका हुन्छन । उहाँले हामीलाई धेरै प्रेम गरेकोरण उहाँले हाम्रो पापको लागि मात्र नभएर संसारको पापको क्षमाको लागि वा पापको मुल्य तिर्नको लागि आफैलाई बलिदान हुन दिनुभयो । त्यही बलिदानको कारणले गर्दा खेरी हामीले पापबाट क्षमा पाउने अवसर पाएका छौं । र परमेश्वरको शान्ती पाएका छौं ।

आर्को हप्ता हामीले येशूको क्रूसमा चढाएको बारे राम्रो सँग हेर्नेछौं ।

येशूले तिनलाई भन्नुभयो, "तपाईले नै भनिहाल्नु भयो । तापनी म तिमीहरुलाई भन्दछु, अब उप्रान्त
तपाईहरुले मानिसहरुको पुत्रलाई सर्बशक्तिमानको दाहिने हातपट्टी बसेको र आकाशको बादलमा
आईरहेको देख्नुहुनेछ ।" मत्ती २६:६४

पुर्नविचार :

१. येशू एउटी कन्याबाट जन्मनु भयो, जसको नाम ................................ थियो ।

२. धर्मशास्त्रले भने जस्तै येशूको जन्म ..................... शहरमा भएको थियो ।
३. बाइबलले भन्दछ, येशू............................. बाट जानुभयो किनभने उहाँ हेरोद राजाबा भाग्दै हुनुहुन्थयो ।
४. हेरोद राजा मरिसकेको कुरा येशू पिताले स्वर्गहरुबाट सपनामा इसाएलमा फर्कनु भन्ने सल्लाह पाए । योसेफ हेरोदको छोराको डरको कारणले गर्दा नासरत भनिने ................ शहरको प्रान्तमा गए ।
५. .................. द्धारा बप्तिस्मा भएर येशूले आफ्नो सर्बाजानिक सेवकाई शुरु गर्नु भयो ।
६. जब येशू पानीबाट बाहीर आउनु भयो, ........................... ढुकुरजस्तै स्वर्गबाट ओर्लनु भयो र ................ स्वर्गबाट भन्दै हुनुहुन्थयो, "यिनी मेरा प्रिय पुत्र हुन जससँग म खुशि
छु ।"
७. येशूले धेरै रोगीहरुलाई निको पार्नु भयो र धेरै मानिसहरुलाई तिनहिरुको .................... क्षमा गर्नु भयो ।
८. धेरै आश्चर्य काम देखे पछि गालीलका मानिसहरु येशूको वचन................. लाई आए,
तरपनि तिनीहरुको पापबाट पश्चाताप गर्न चाहेनन् ।
९. पश्चातापको अर्थ के हो ?
१०. येशू यरुशलेम प्रबेश गर्दा ठूलो भिड उहाँको साथमा थियो । त्यस जुलुसमा येशू .................. माथी बसेर सवार गर्दैहुनुहुन्थ्यो ।
११. निस्तार चाडको रातमा, येशूले आफ्ना चेलाहरुलाई भन्नु भयो, तिमीहरु मध्ये एक जनाले उहाँलाई ................. दिनेछ । तिनीहरु मध्ये कुन चाँही हो कसैलाई थाहा थिएन ।
१२. येशूले तिनीहरुले पिउदै गरेको दाखरसको बारेमा भन्नुभयो । उहाँले भन्नु भयो यसले उहाँको रगतको प्रतिक हो, जुन हरेक पापीको पाप................ को लागि बनाइन्छ ।
१३. चेलाहरुले यि शब्दहरु सुने, तर पनि पापको कारण येशूले आफ्नो जीवन ................. दिदै हुनुहुन्छ भन्ने कुरा बुझ्न सकेनन् र
१४. भोजन खाई सकेपछि उहाँहरु सबैसियोन पर्वतमा निस्केर जानुभयो र त्यसपछि गेतसमनी बगैचामा जानु भयो । चेलाहरु .................. सुतिरहेको बेला येशूले प्रार्थना गर्नु भयो ।
१५. येशूले यसरी प्रार्थना गर्नुभयो, "हुन सक्छ भने यो कचौरा म बाट हटोस् ,तरपनि मैले इच्छा गरे बमोजिम होइन तर .................... इच्छा गरे बमोजिम होस् ।"
उहाँ बोल्दा बोल्दै, बाह्रमध्येको एक जना आर्थात यहुदा स्करियोत आयो । त्यससँग मूख्य पूजाहारी र जनताका धर्म गुरुहरुले पठाएका एउटा ठुलो भिड तरबार र लाठा लिएर आयो । उहाँलाई पक्राई दिनेले तिनीहरुलाई संकेत दिएको थियो, "जुन मानिसलाई म म्वाई खान्छु तिनी नै हुन, तिनैलाई समात" तुरुन्तै येशू कहाँ गएर त्यसले भन्यो, हे गुरु, प्रणाम !" र त्यसले उहाँलाई म्वाई खायो । येशूले त्यसलाई भन्नु भयो "मित्र तिमी किन आयौं ?"
तुरुन्तै येशूको चेला मध्ये एक जनाले आफ्नो हात बढाएर आफ्नो तरबार झिक्यो र मुख्य पूजाहारीको दासलाई प्रहार गर्‍यो र त्यसको कान छिनाईदियो । येशूले त्यसलाई भन्नुभयो,
यदि मैले चाहे भने मेरा पिताले तुरुन्तै स्वर्गदुतहरुका बाह्र पल्टन भन्दा बढी मेरा लागि

पठाई दिनुहुन्छ । तर धर्मशास्त्रमा लेखिएको कुरा पुराहुनको लागि परमेश्वरको इच्छा हो । अनि उहाँको सबै चेलाहरु उहाँलाई एक्लै छोडेर भागे । येशूलाई पक्रनेहरुले उहाँलाई प्रधान पुजाहारी  कैयाफाकहाँ लगे । त्यहाँ उहाँलाई सोध खोज गर्नको लागि शास्त्रीहरु र धर्मगुरुहरु भेला भएका थिए ।

उहाँलाइ मृत्यु दण्डदिनको लागि तिनीहरुले उहाँको विरुद्धमा धेरै झुट्टा गवाही तयार पारिरहेका थिए । धेरै झुट्टो गवाही दिनेहरु आए तर तिनीहरुले कुनै प्रमाण पाएनन् । उहाँसँग सोधपुछ गर्नको लागि मुख्य पूजाहारी स्वए आय । अन्त्यमा उनले येशूलाई सोधे, “जीवीत परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बताऊ, र आकाशको बादलमा आईरहेको देख्नु हुनेछ ।”

येशूले तिनलाई भन्नुभयो, “तपाई आफैले भनिहाल्नुभयो । तापनी म तपाईहरुलाई भन्दछु, अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई शर्वशक्तिमानको दाहिने हातपट्टी बसेको । आकाशको बादलमा आईरहेको देख्नु हुनेछ ।”

अनि पुजाहारिले आफ्नो बस्त्र च्याते र भने, “यसले त ईश्वर निन्दा बोल्यो ।” अनी उहाँको बरीपरि हुनेहरुले उहाँको मुखमा थुक्न शुरु गरे । कसैले उहाँलाई मुक्का हाने र कसै कसैले यसो भन्दै थप्पड लाए, “हे ख्रिष्ट, लौ आगबाणी भन तलाई हिर्काउने को हो ?”

विहान सबेरै, सबै मुख्य पूजाहारीहरु र जनताका धर्म गुरुहरले येशूलाई मृत्यु दण्डदिने भनी उहाँको विरुद्धमा सर(सल्लाह गरे । अनि तिनीहरुले उहाँलाई बाधेर लगे र हाकिम पिलातस कहाँ सुम्पिदिए । तिनीहरुले उनले उहाँ यहुदिहरुका राजा हुनु भनेको कुरा भने । येशू हाकिमको सामु उभिनु भयो र तिनले येशूलाई भने, “के तिमी यहुदिहरुका राजा हौ त ?”, येशूले तिनलाई भन्नुभयो, “तपाईले नै त्यसो भन्नु हुन्छ ।”

तर धेरै सोधपुछ गरि सकेपछि, पिलातुसले येशूलाई क्रुसमा टाङने करण केही पनि भेट्टाएनन् । पिलातुसको श्रीमतीले सपना देखि र येशूलाई केहि पनि नगर्नु भनि आफ्नो श्रीमानलाई भनिन् । यहुदि अगुवाहरु र धर्मगुरुहरु येशूको विरुद्धमा र उहाँसँग रिसाएका कारण यस्तो भएको हो भन्ने पिलातुसलाई थाहा थियो । तर उनलाई यि क्रोधित मानिसहरुको लागि के गर्ने भन्ने कुरा थाहा थिएन ।

निस्तार चाडमा भीडले चाहे बमोजिम हाकिमले एकजना कैदी छोडिदिने प्रथा थियो र त्यसबेला बारब्बा नाउँ भएको एक जना कुख्यात कैदी थियो र जब मानिसहरु भेला भए, पिलातसले तिनीहरुलाई सोधे, “तिमीहरु के चाहान्छौं ? म तिमीहरुको निम्ती कसलाई छोडिदिऊ ? बारब्बा कि खीष्ट कहलाइने येशूलाई ?” तिनीहरुले उनलाई भने “बारब्बालाई ।”

पिलातसले तिनीहरुलाई भने, “तब ख्रिष्ट कहलाइने येशूलाई चाहि म के गरु ?” तिनीहरु सबैले जबाफ दिए, “त्यो क्रुसमा टाँगिओस् ।”

तर केही सीप नलागेको देखेर बरु खैला बैला माच्चिन्छ भन्ने डरले पिलातसले पानी लिई भिडको सामु आफ्ना हात धोएर भने, “तिमीहरु आफै जान, म यस मानिसको रगतदेखी निर्दोष छु ।” अनि तिनले तिनीहरुको निम्ती बारब्बालाई छोडिदिए, तर येशूलाई कोर्रा लगाएर  क्रुसमा टाँगिनलाई सुम्पिदिए ।

हाकिमका सिपाहीहरुले येशूलाई पिलातसको महलमा लगे र जम्मा पल्टन उहाँ साँमु भेला भएर उहाँको गिल्ला गर्न लागे । तिनीहरुले उहाँको बस्त्र फुकालेर लाल बस्त्र लगाईदिए ।

तिनीहरुले काँढाको मुकुट गाँथेर उहाँको शिरमा लगाईदिए । अनि तिनीहरुले उहाँको दहिने हातमा निगालो दिए र  उहाँको सामु घुडाँ टेकेर उहाँलई यसो भन्दै गिल्ला गरे, “हे यहुदियहरुका राजा प्रणाम ।” उहाँलाई थुके । त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरी सकेपछि तिनीहरुले त्यो वस्त्र फुकालि दिए र उहाँको आफ्नै बस्त्र पहिराएर उहाँलाई क्रुसमा भ्रुन्डयाउन लगे ।

येशू क्रुसमा टाँगिनु भएको थियो र रोमीहरुले “येशू, यहुदिहरुका राजा” भन्ने उहाँको विरुद्ध दोषपत्र उहाँको शिरदेखि मास्तिर टाँसिदिए । उहाँसँग दुइजना डाँकुहरु पनि क्रुसमा भ्रुन्डाइएका थिए, एउटा उहाँको दाहिने पट्टि  र अर्को देब्रे पट्टि ।

जब येशू क्रुसमा टाँगिनु भएको थियो, मध्यान्ह देखि तिन बजे सम्म सारा देशमा घोर अन्धकार भयो । अनि येशू तिन बजे तिर येशू यसो भनेर ठुलो सोरले कराउनु भयो, “इलोई, इलोई, लामा सबखथनी ?” अर्थात्, “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नु भएको छ ?” तब येशू फेरि ठुलो सोरले कराउनु भयो र आफ्नो प्राण त्याग्नुभयो ।

उहाँले आफ्नो त्यागेकै घडी धेरै अचम्मका घटनाहरु देखा परे । मन्दिरको पर्दा टुप्पा देखि फेदसम्म दुई भाग भएर च्यातियो र जमीन काँप्न लाग्यो र चट्टानहरु फुटे, चिहानहरु उघारिए र सुति गएका धेरै सन्तहरुका मृत शरिर जीवीत भैई उठे र तिनीहरु चिहानहरुबाट निस्के र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहर पबित्र शहरमा प्रबेश गरे र धेरै कहाँ देखा परे ।

**मोखिक प्रश्नहरु :-**

१. येशूलाई कसरी विश्वासघात गरिएको थियो ?
२. उहाँको चेला मध्ये एक जनाले उहाँलाई बचाउने कोशिश गरेको थियो । त्यो को थियो र यसमा येशूको प्रतिक्रिया के थियो ?
३. येशूलाई पक्राउने बेलामा चेलाहरुले के गरे ?
४. कुन बगैचामा तिनीहरुलाई पक्रेका थिए ?
५. यद्यपी त्यहाँ धेरै भ्रुट्टो गवाहीहरु थिए तरपनि येशूलाई दोष लगाउनको निम्ती तिनीहरुले के गरे ?
६. विहान सबेरै यहुदि अगुवाहरुले येशूलाई कहाँ लगे ?
७. धेरै सोधपुछ गरिसकेपछि पिलातसले येशूमा कुनै दोष भेट्टाएन तर उनी मानिसहरुसँग डराउथे त्यसैले उनले मानिसहरुलाई छान्नको लागि दिए । उनले के कुरा छान्नको लागि मानिसहरुलाई दिएका थिए ? र मानिसहरुले के छाने ?
८. सिपाहीहरुले येशूसँग कस्तो ब्यवहार गरे ?
९. तिन घण्टाको अन्धकार पछि, येशूले चर्को सोरमा कराएर भन्नु भएको थियो, त्यसको अर्थ के हो ?
१०. येशूले आफ्ना प्राण त्याग्नु भएपछि कस्ता घटनाहरु घटेका थिए ?

## आत्मिक सत्याताहरु ६ पाठ

# मत्ती २६-२७

१. येशू के हुनुहुन्छ ? “मानिसहरुको पुत्रलाई सर्बशक्तिमानको दाहिने हातपट्टी बसेको र आकाशको बादलमा आईरहेको देख्नु हुनेछ ।” यही जबाफ येशूले प्रधान पूजाहारीलाई दिनुभएको थियो । यहीनै उहाँलाई क्रुसमा लैजाने अन्तिम जबाफ थियो । मानिसहरुले स्विकार नगरेको जवाफ यही थियो । हरेक ब्यक्ति यही प्रश्नको कारण समस्यामा थिए । कि साँच्चै नै येशू को हुनुहुन्छ ? साँच्ची नै उहाँ शर्वशक्तिमानको दाहिने पट्टी बस्नु हुन्छ र आकाशको बादलमा आउनु हुन्छ भने हामी हरेकले उहाँलाई कसरी जबाफ दिने भनि निर्णय गर्नु पर्छ ।

२. येशू कुख्यात द्रोही बारब्बाको ठाउँमा क्रुसमा झुण्डीनु भयो र बारब्बालाई छुट्टाइयो । हुनसक्छ म बारब्बा जस्तो द्रोही छैन तर म परमेश्वरको दृष्टिमा पापी हुँ, यसैकारण मृत्यु मेरो लागि साजय हो । रोमी ६:२३ मा यसरी भनिएको छ, “पापको ज्याला मृत्यु हो ।” यसको अर्थ हामीले हाम्रो जिवनमा गरेको खराब काम र पापको कारण हामी मर्नु आवश्यक छ । यसको अर्थ यो होईन कि हामी बारब्बा जस्तो पापी हौं वा येशूको चेलाहरु जस्तो असल ब्यक्ति किन नहोऊँ तर पनि हामी सबैलाई पापको क्षमाको आवश्यक छ ।

३. हाम्रो पापको मुल्य तिर्नको लागि येशू समाइनु, दण्ड भोग्नु मारिनुभयो । यही कारणले गर्दा नै येशू संसारमा आउँनु भएको थियो । हामीले हाम्रो पापबाट क्षमा पाई परमेश्वरको अगाडि उभिन सकौं भन्ने उहाँ चाहनुहुन्छ । केही ब्यक्तिहरु भन्ने गर्छन येशू शहिद वा भविश्यवक्ता हुनुहुन्छ । तर यो सत्य होईन, किनभने येशू आफैले उहाँ परमेश्वर हुनुहुन्छ र पापीहरुको पाप क्षमा गर्नको लागि संसारमा आउनु भएको कुरा दावी गर्नु भयो ।

४. येशूले आफ्नाो प्राण त्याग्नुभयो । येशूले चाहानुभएको भए उही जतिबेला पनि क्रुसबाट स्वयंम येशूका चेला थिए । तिनले पिलातस कहाँ गएर येशूको मृत शरिर मागे र पिलातसले सो तिनलाई दिने हुकुम गरे । योसेफले मृत शरिर लिएर सफा मलमलको कपडाले बेह्रे र तिनले चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा त्यो राखे र चिहानको मुखमा एउटा ठुलो ढुङ्गा गुडाइदिए ।

भोलिपल्ट, मुख्य पूजाहारीहरु र फरिसीहरु पिलातसकहाँ भेला भए तिनलाई भने हामीलाई याद त कि त्यो जिउँदो छँदा तिन दिनपछि म फेरी उठ्नेछु भनेको थियो । यसकारण तेश्रो दिन सम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस नत्रता चेलाहरुले आएर त्यो चोरेर लैजालान र त्यो त मरेकोबाट जीवीत भैई उठ्यो भनेर मानिसहरुलाई भन्नेछन । अनि पिलातसले तिनीहरुलाई भने “ तिमीहरुको आफ्नै पहरा छदैछ । जाओ, तिमीहरुले सके सम्म सुरक्षित राख ।” तब तिनीहरुले गएर ढुङ्गामा मोहोर लाए र पहरेदारहरु खटाएर चिहान सुरक्षित राखे ।

साताको पहिलो दिन मरियम मग्दलिनी र अर्की मरियम येशूलाई राखेको चिहान हेर्नलाई गए । तिनीहरु जब त्यहाँ पुगे, त्यहाँ ठुलो भुकम्प गयो किनकी परमप्रभुको एउटा दुत स्वर्गबाट तल ओर्ले र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे । तिनको डरले ति पहरादारहरु थरथर काँपे र मरे तुल्य भए ।

तर स्वर्गदुतले ति स्त्रीहरुलाई भने, “तिमीहरु नडराओ, किनभने मलाई थाहा छ तिमीहरुले क्रुसमा टाँगिएको येशूलाई खोज्दैछौं । उहाँ यहाँ हुनुहुन्न, किनकी उहाँले भनेबमोजिम उहाँ जीवीत भैई उठ्नु भएको छ । आओ, उहाँलाई राखिाएको ठाउँ हेर ।

तब चाँडो गएर उहाँका चेलाहरुलाई खबर  देओ कि उहाँ मृतकबाट जीवीत भैई उठ्नु भएको छ र उहाँ तिमीहरु भन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ । तिमीहरुले उहाँलाई देख्ने छौं । हेर, मैले तिमीहरुलाई भनिदिएको छु ।
अनि स्त्रीहरु डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए र उहाँका चेलाहरुलाई खबर दिन दगुरे । तिनीहरु चेलाहरुलाई भेट्न जादैथिए, अकास्मत येशूले तिनीहरुलाई भेटेर भन्नुभयो "शान्ति ।"  तिनीहरु नजिक आएर उहाँको पाउ पक्रे्र उहाँलाई दण्डवत गरे । येशूले तिनीहरुलाई भन्नुभयो, गएर मेरा भाईहरुलाई गालीलमा जानु भनिदेओ र त्यहाँ तिनीहरुले मलाई देख्नेछन् ।
चिहानको पहरा बस्नेहरु(पहरेदारहरु) शहरमा गएर मुख्य पुजाहारीहरुलाई चिहानमा भएको घट्नाहरुको बारेमा खबर दिए । अनि मुख्य पुजाहारीहरु धर्मगुरुहरुसँग भेलाभए , तिनीहमरुले सल्लाह गरे र सिपाहीहरु धर्मगुरुसँग भेलाभए तिनीहरुले सल्लाह गरे र सिपाहीहरुलाई यसो भनेर धेरै पैसा दिए , "तिमीहरुले भन्नु कि हामी सुतिरहेको बेला त्यसका चेलाहरु आएर त्यसलाई चोरेर लगेछन् । कतै हाकीमको कानमा यो कुरा पुगिहाल्यो भने हामीले उहाँलाई तिमीहरुलाई जोगाई दिनेछौं । तब तिनीहरुले पैसा(घुस) लिए र शहरको चारै तिर तिनीहरुलाई सिकाए बमोजिम झुट्टा खबरदिए । बाकी एघारै जना चेलाहरु गालीलको त्यस डाँडामा गए, जहाँ येशूले तिनीहरुलाई उहाँलाई भेट्न जाने आदेश दिनुभएको थियो ।
तिनीहरुले उहाँलाई देखेर दण्डवत गरे तर कतिले चाँही  शङ्का गरे । अनि अन्तिम समयमा येशूले तिनीहरुसँग यसो  भनेर बोल्नुभयो, "स्वर्ग र पृथ्विमा समस्त अधिकार मलाई दिइएको छ यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओं, पिता, पुत्र र पबित्र आत्माको नाउमा तिनीहरुलाई बप्तिस्मा दओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्य सम्म सधै तिमीहरुको साथमा छदैछु । " आमेन ।

**मौखिक प्रश्नहरु :**

१. अरिमाथियाका योसेफले पिलातससँग के मागे ?
२. येशूको मृत शरिर तिन दिनमा केही हुन्छ भनेर फरिसीहरु डराएका थिए किन ?
३. पहिलो दिन येशूलाई हेर्नगएका थिए र जब ति स्त्रीहरु चिहानमा पुगे त्यहाँ उनीहरुले के भेटे ?
४. जब स्त्रीहरु चेलाहरुलाई भन्नको लागि फर्केर दगुर्दै जादैथिए त्यहाँ तिनीहरुको को सँग भेट भयो ?
५. कुन ठाउँमा येशूले आफ्ना चेलाहरुलाई भेट्नको लागि भन्नु भयो ?
६. डाँडामा येशूले आफ्ना चेलाहरुलाई धेरै महत्वपूर्ण आज्ञा दिनुभयो । येशूको शब्दमा खालि ठाउँ भर्नुहोस् । "यसकारण जाओ र सबै देशका जातिहरुलाई ………………… बनाओ, पिता, पुत्र र पवित्र आत्मकोनाउँमा तिनीहरुलाई ……………. देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओं । हेर, म युगको अन्त्यसम्म सधै तिमीहरुको साथमा छदैछु ।"

## आत्मीक सत्यताहरु  ७ पाठ

## मत्ती २७-२८

१. येशू आज पनि जीवीत हुनुहुन्छ । झ्यालखानामा हाल्न सकिने, मार्न सकिने येशू मानिस हुनुहुन्न । उहाँ अनन्त परमेश्वर हुनुहुन्छ । उहाँ शुरु विना र अन्त्य बिनाको हुनुहुन्छ । मानिसको रुपमा यस संसारमा आएर दुःख भोग्नु यो शुरुबाटै संसारको लागि परमेश्वरको योजना थियो । त्यही दिन त्यसरी नै क्रुसमा टाँगिनु उहाँको ईच्छा थियो । उहाँको ईच्छा निराश हुदैन नत अंग नै हुन सक्छ । उहाँ सधैं परमेश्वर नैहुनुहुन्छ र सत्य जीवीत परमेश्वर हुनुहुन्छ ,

२. फरिसीहरुले येशूको वचनमा विश्वास गरे । उहाँको मृत्युपछि सिपाहीहरुलाई चिहानमा पहरादिनलाई राखेका थिए । किनभने येशूले मृत्युपछि तिन दिनमा बौरी उठ्ने प्रतिज्ञा गर्नुभएको थियो । येशू मृत्युबाटा बौरी उठेको कुरा सिपाहीहरुले भनेपछि तिमीहरुले सिपाहीहरुको कुरामा विश्वास गरे । तिनीहरुले यस घटनालाई झुटो भन्नको लागि पैसा(घुस) दिएका थिए । यि मानिसहरु बप्तिस्मा दिने यूहन्नाले येशूलाई बप्तिस्मा दिदा पनि त्यहाँ उपस्थित थिए र स्वर्गबाट बोलिएको आबाज "यिनी मेरा प्रिय पुत्र हुन जसँग म खुशी छु" भनि सुनेका थिए । येशूले गर्नु भएका अचम्मका कार्यहरुप्रती साक्षी पनि यि मानिसहरु नै थिए । विश्रामको दिनमा हात सुकेको मानिसहरुलाई निको पार्नु भयो भन्ने र तिनीहरु रिसाएका थिए । धेरै मानिसहरुबाट दुष्ट आत्मा निकाल्नु भएको तिनीहरुले देखेका थिए र धेरैको पाप क्षमा गर्नु भएको पनि देखेका थिए । येशूको जीवन र वचनको बारेमा फरिसीहरुले भन्दा धेरै अरुले जान्दैनन् होला तर यिनै मानिसहरुले परमेश्वरको प्रेम उनीहरुको जिवनमा प्रकट भएको ग्रहण गरेनन् र तिनीहरुले आफ्ना पाप पश्चाताप गरेनन् । आफ्नो जीवन येशू ख्रीष्टको नियन्त्रणमा दिएनन् । उहाँको जीवनको बारेमा जानु र सिक्नु भन्दा राम्रो येशू ख्रीष्टसँग सम्बन्ध राख्नु हो । येशूले हाम्रो जीवन उहाँलाई दिएको उहाँमा विश्वास गरेको, हाम्रो पापको पश्चाताप गरेको चाहनु हुन्छ
हरेक दिन उहाँले हाम्रो जीवन उहाँको नियन्त्रणमा राख्न चाहनुहुन्छ ।

३. येशू को हुनुहुन्छ ?

☺ येशू कन्याको कोखबाट जन्मनु भएको थियो ।
☺ येशूले आफू परमेश्वर हुनुहुन्छ भनी दाबी गर्नुभयो ।
☺ येशूले पश्चाताप गर्नेहरूलाई क्षमा गर्नुभयो र धेरै अचम्मका कार्य गर्नुभयो ।
☺ परमेश्वरको अगाडि हामीलाई धर्मी ठहराउनको लागि येशू हाम्रो पापको मुल्य चुकाउन क्रूसमा मर्नु भयो ।
☺ येशू मृत्युबाट बौरी उठ्नु भयो र उहाँ आज पनि जीवीत हुनुहुन्छ ।
☺ येशूले मेरो जीवन पनि उहाँलाई दिएको र पापबाट पश्चाताप गरेको चाहानु हुन्छ ।

बाइबलले सिकाउछ, येशू उदाहरण हुनको लागि मर्नु भएन ताकी हामी पनि त्यसरी मर्न **सकौं । तर उहाँ हाम्रो सट्टामा हाम्रो पापको लागि मर्नुभयो ।**

बाइबलले भन्दछ, "किनकी प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" रोमी १०:१३ यसको अर्थ परमेश्वरले मेरो पुरानो जीवनलाई ध्यान दिनुहुन्न वा वास्ता गर्नुहुन्न, मैले उहाँलाई मेरो जीवनमा बोलाउँनु सक्छु र उहाँले मेरा पापहरूलाई क्षमा गर्नुहुनेछ । यसको अर्थ जुन घडी येशू मेरो जीवनमा आउनु हुन्छ, त्यही बेला देखीनै मेरो पुरानो

जीवन, बर्तमान र भविश्यका सबै पाप परमेश्वरको अगाडि पहिले क्षमा गरिएको हुन्छ । मैले केही गरेको कारणले यसो भएको होईन र म असल धार्मीक ब्यक्ति भएको कारणले होईन । म एउटा आर्दशवान ब्यक्ति भएको कारणले होइन । तर मैले ख्रीष्ट येशूले मेरो पापको मुल्य चुकाउनको लागि क्रुसमा बलिदान हुनुभयो भनेर ग्रहण गरेको कारणले मात्र हो ।यसको अर्थ म परमेश्वरको दृष्टीमा पवित्र र निर्दोष ब्यक्ति भएको छु । पापको ज्याला मृत्यु हो भनेर बाइबलले सिकाउँछ तर यदि मैले ख्रीष्टलाई पछ्याए भने ख्रीष्टको मृत्यु नै मलाई नयाँ सृष्टी बनाउन मेरो लागि प्रयाप्त छ ।

यदि अहिले नै तपाईले तपाईको जीवनमा परमेश्वरको क्षमा पाउन चाहनुहुन्छ भने, ख्रीष्टको अुनयायी हुन चाहनुहुन्छ भने तपाई यही समयमा उहाँलाई तपाईको जीवनमा बोलाउन सक्नुहुन्छ । त्यसको लागि कुनै धर्मिक स्थानको खाँचो पर्दैन र कुनै राम्रो शब्दमा पनि भन्नु आवश्यकता छैन । यति नै आवश्यकता छ कि तपाईले आफ्नो जीवनमा ख्रीष्टलाई विश्वास गर्नु र उहाँलाई तपाईको जीवनको प्रभु र नियन्त्रक हुनुहोस् भनेर घोषणा गर्नुपर्छ ।

तपाईले यसरी प्रार्थना गर्न सक्नुहुन्छ : “पिता, परमेश्वर, मलाई थाहा छ कि म पापी हुँ। म विश्वास गर्छु की येशू मेरो पापबाट मलाई बचाउनको लागि क्रुसमा मर्नु भयो र चिहानबाट जीवीत भैई उठ्नु भयो । म मेरो पापको पश्चात्ताप गर्छु । मेरो जीवनमा आउनुहोस् र मेरा पापलाई क्षमा गर्नुहोस् । मेरा लागि तपाईले गर्नु भएको प्रेमको निम्ती धन्यवाद । येशूको नाउँमा, आमेन ।” “हेर म युगको अन्त्यसम्म सधै तिमीहरूका साथमा छु ।”

यूहन्ना १४:२ मा बाइबलले यसरी भन्दछ, “मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, के म गैरहेछु ? अनि गएर मैले तिमीहरूका निम्ती ठाउँ तयार पारे पछि म फेरी आउनेछु र तिमीहरूलाई म कहाँ लैजानेछु र जहाँ म छु त्यहाँ तिमीहरू पनि हुनेछौं ।”येशूले यसरी प्रतिज्ञा गर्नुभयो, हरेक जसले आफ्नो जीवनमा येशूलाई ग्रहण गर्छ भने अनन्त सम्म हामी येशूसँग रहनेछ । यसको अर्थ येशू संसारमा पनि हामीसँग हुनुहुनेछ र हामी मरिसकेपछि पनि अनन्तको लागि स्वर्गमा उहाँसँग हुनेछौं ।येशूले हामीलाई गर्नुभएको प्रेम सदाकालको लागि रहिरहन्छ ।

# ख्रीष्टमा नयाँ जीवनको आरम्भ

## येशूको पहिलो र दाश्रो आगमन पाठ १

मत्ती १ र २४

यसकारण जागा रहो, किनकी कुन दिन तिमीहरूका प्रभु आउनेछ । सो तिमीहरूले जान्दैनौं । यसकारण तिमीहरू पनि तयार रहो, किनकी मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ । मत्ती २४:४२,४४

यदि सम्भव भए सबैले कापी र कलम लिएर अध्ययनको लागि आए लाभदायक हुन्छ ।

जुन समय रोमी मानीसहरूले संसारमा शासन गरिरहेका थिए त्यती बेला त्यहाँ इस्राएलमा एक जवान कन्याकेटी थिइन् । जसको नाम मरियम थियो तिनको मंगनी योसेफसँग भएको थियो । तर विवाह गर्न भन्दा पहिले योसेफले तिनी गर्भवतीछिन् भन्ने थाहा पाएपछि उनले तिनीहरूको मंगनी तोड्ने विचार (ईच्छा) गरे । यसैले एकरात उनले यो गर्ने निर्णय गरे,चुपचाप सँग छोड्ने विचार उसको थियो कारण मारियमको बदनाम नहोस् भनेर ।
तर यी कुराहरू सोच्दासोच्दै परमेश्वरको एक स्वर्गदूत आए र भने “मरियमलाई आफ्नो पत्नी बनाउन नडराऊ किनकी जो तिनको गर्भमाछन् । उहाँ पवित्र आत्माको र पवित्र आत्माबाटका हुन । स्वर्गदूतले उनलाई भने तिनले प्रतिज्ञा गरीएको पुत्रलाई जन्म दिनेछिन् । जो यशैया भविष्यवक्तद्वारा भनिएको थियो । र तिनले एउटा छोरो जन्माउनेछिन् र उनको नाउँ इम्मानुएल जसको अर्थ हो परमेश्वर हामीहरूसित ।

योसेफले स्वर्गदूतले भनेका कुरा विश्वास गरे र मरियमलाई आफ्नो पत्नी बनाए । तर येशूको जन्म नभएसम्म तिनीहरूले आपसमा यौन सम्बन्ध राखेनन् । यसरी नै उहाँको जन्मभयो योसेफले उहाँको नाउ येशू राखे ।

प्रभु येशूको जन्मको बारेमा धेरै ठाउँमा बताएको थियो । उहाँको जन्मको बरेमा धेरै पहिले नै लेखिएको थियो र यसरी नै मृत्यु र पुनरुत्थानको बारेमा पनि येशूले आफ्नो बारेमा धेरै प्रतिज्ञाहरू गर्नुभयो कि वहाँ को हुनुहुन्थ्यो र के गर्नु हन्थ्यो यसमा केही भविष्यवाणी र उहाँका प्रतिज्ञाहरू अझै पनि पुरा भएकाछैनन् । यी मध्ये एउटा प्रतिज्ञा अझै पनि पुरा भएको छैन । यी मध्ये एक प्रतिज्ञा यो पनि हो कि उहाँ दोश्रो पल्ट पृथ्वीमा आउनु हुनेछ । उहाँ पहिले आउनुहुदाँ नम्र बनेर एक दुःख उठाउने दास जस्तो भएर आउनु भयो,तर बाइबलले बताउछ कि उहाँको दोश्रो आगमन पहिलो भन्दा धेरै फरक हुनेछ ।

जैतुन डाँडामा उहाँले आफ्नो चेलाहरूलाई आफु फेरी आउने बारेमा बताउनु भयो जब तिनीहरूले उहाँलाई सोधे “संसारको अन्त्यको र तपाईको दोश्रो आगमनको के चिन्ह हो हुन्छ ।” तब येशूले जवाफ दिनुभयो “होसियार बस, ताकी कसैले तिमीहरूलाई भ्रममा नपारोस,उहाँले भन्नुभयो कि यस्तो हुन्छ कि धेरै जनाले “म खीष्ट हुँ भन्ने आउनेछन् । धेरैले यी झुट्टा अगमवक्ताहरूलाई विश्वास गर्नेछन् अनि त्यो समयमा धेरै विभिन्न जाति विच संसार भरी धेरै झै-झगडा हुनेछ । मुख्यगरी यो चार चिज (कुरा) चाहीँ उहाँ आउनु अघि हुनेछ । झगडा, अनिकाल, बिमार र भैचालो । तर यी सबै चिजहरू चाहीँ शुरूवात मात्र हुन् । जगतको अन्त्य अघि यो बढेर धेरै दुःख आउछ । मानिसले एक अर्कालाई धोकादिन्छ, हत्या गर्छ एक-अर्कालाई घृणा गर्नेछन् । कारण ....... धेरै झुट्टा आगमवक्ताहरूले मान्छेलाई भरमाउछन्, ठग्नेछन् । अधर्म बढ्दै जानेछ, एक-अर्का प्रतिको प्रेम सेलाउने छ । यी सबै हुदा हुदै पनि खिष्टको सुसमाचार लगातार प्रत्येक जाति,देशमा फैलनेछ । अनिमात्र अन्त्य हुनेछ । त्यहाँ पुरा संसारभरी माहासंकटकाल र दुःख हुनेछ ।अनि यदि धर्मी मानिसहरूको कारण माहासंकटकालको दिन नघटेमा पूरा मानिस जाति नै खत्तम हुनेछ । यसकारण भुट्टा आगमवक्तहरू र झुट्टा खीष्टहरू माथि विश्वास नगर्नु जो ठाउँ-ठाउँमा गएर विभिन्न आश्चर्यकाम र चिन्ह देखाउछन् । यी झुट्टा आगमवक्ताहरु र झुट्टाखीष्टहरूले मानिसलाई धोका दिने प्रयास गर्नेछन् तिनीहरूलाई पनि भर्माउनेछन् ।

अनि पूर्वबाट पश्चिम सम्म जसरी बिजुली चम्कन्छ त्यसरी नै खीष्टको (मानिसको पुत्रको) आगमन हुन्छ । महासंकटकाल पनि सुर्य अन्धकारमा परिवर्तन हुनेछ, चन्द्रमाले

आफ्नो प्रकाश दिदैन । आकाशका तारागण तल खस्नेछन् । स्वर्गका शक्तिहरु हल्लनेछन् । तब संसारका सब जातिहरूले शक्ति पाउनेछन् र तिनीहरूले मानिसको पुत्रलाई महिमा र समर्थमा शक्तिशाली रूपमा बादलमाथी आईरहेको देख्नेछन् र उहाँले आफ्नो स्वर्गदूतहरूलाई पठाउनुहुन्छ र स्वर्गदुतहरुले तुरहीको आवाजमा तिनीहरुलाई चारैतिरबाट भेला गर्नुहुन्छ जसले आफ्नो जीवन ख्रीष्ट आफैलाई नै तर स्वयं परमेश्वर पिताहरुलाई मात्र थाहा छ ।

यसकारण तपाईतयार रहनुहोस् किनकी कसैले जान्दैन उहाँ कहिले कुन समयमा आउनु हुन्छ भनि ।

**मोखिक प्रश्नहरू :**

१. येशू ख्रीष्ट कुन देशमा जन्मनु भएको थियो ?
२. प्रभु येशूको संसारीक बुवाआमाको नाम के थियो ?
३. प्रभु येशूको प्रथम आगमनमा कुन चाही घटना आश्चर्यचकित थियो ?
४. यशैया भविष्यवक्ताले भविश्यवाणी गर्नु भयो कि, कन्याद्वारा उहाँको जन्म हुनेछ र उहाँको नाम ईम्मानुएल राखिने छ जसको अर्थ ........................ ।
५. जब येशू जैतुन डाँडामाथि हुनुहुन्थ्यो तब चेलाहरूले उहाँलाई के प्रश्न सोधे ?
६. येशूले तिनीहरूलाई होसीयारी हुनको लागि भन्नुभयो की ति मानिसहरूबाट नभुकिकन, नभरमाउन सकोस् ।
७. येशूले चार भयकर कुराहरूको बारेमा भन्नु भयो जो संसारमा उहाँ आउनभन्दा अगाडि हुनेछ । यि घटनाहरू .................................. र .............. हुन् ।
९. येशूले भन्नु भयो उहाँका विश्वासीहरु उहाँलाई बिश्वास गरेको कारण धेरै दुःख पाउनेछन् यो कस्तो कुरा हो । जो एक मानिसले अर्कासँग गर्नेछन् ।
१०. येशूले भन्नुभयो कि भुट्टा आगमबक्तासँग शक्ति हुन्छ तिनहरुले सबै प्रकारका काम गर्नेछन्, यहाँ सम्मकी येशूलाई विश्वास गर्नेहरुलाई पनि मुर्ख बनाई दिन्छन् ।
११. येशूले भन्नुभयो की उहाँको आगमण प्रकृति कुनै घटना को समान हुन्छ ?
१२. उहाँको आगमनमा सूर्य, चन्द्र, तराहरु के हुन्छन ?
१३. परमेश्वरका मानिसहरु कहाँ भेला (जम्मा) हुन्छन् ?
१४. उहाँ को हुनुहुन्छ जसलाई मात्र येशूको दोश्रो आगमनको बारेमा थाहा छ ?
१५. यदि कुनै यस्तो आश्चर्य म संग छ, जो येशूको नाममा गरिएको छैन, तर उहाँ प्रति मेरो ब्यवहार कस्तो हुनपर्छ ?

## आत्मिक सत्यता पाठ १

### मत्ती १,२४

१. जसरी येशू पहिलो चोटी भविष्यवाणी पुरा गर्न आउनुभयो, फेरी उहाँ शत्ति र महामहिमासाथ आँउनुहुनेछ । संसारमा धेरै भुट्टा धर्म, भुट्टा आगमवक्ताहरु धेरै मानिसहरु छन् जसले आफुलाई परमेश्वर भनी दाबी गर्दछन् । जब येशू फेरी

आउँनु हुन्छ । त्यसपछि उहाँ को हुनुहुन्छ भन्ने कुरामा शंङ्का हुदैन । बाइबलले भन्दछ, हरेक घुँडा टेक्नेछ र हरेक जीब्रोले भन्नेछ येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ । यदि काही हामी कहाँ आएर म नयाँ भविश्यबक्ता हुँ, म नयाँ ख्रीष्ट हुँ वा म देबता हुँ भन्छ भने सबै झुट्टा हुन ।

२. उहाँले आफ्ना मानिसहरु पृथ्विको ओल्लो छेऊ देखि पल्लो छेऊ सम्म भेला गर्नुहुनेछ ।येशूले आउँछु भनी प्रतिज्ञा गर्नु भएको थियो र आउनु पनि भयो । उहाँले फेरी आउँछभनेर प्रतिज्ञा गर्नु भएको छ र उहाँ आउँनु हुन्छ । उहाँले आफ्ना अनुयायीलाई भेला गर्ने प्रतिज्ञा गर्नुभएको छ, उहाँ गर्नुहुन्छ यदि हामीले उहाँलाई हाम्रो जीवनमा आउँन भन्यौं, हाम्रो मन उहाँलाई दियौं भने उहाँलेहामीलाई कहिल्यै पनि नछोड्ने र नत्याग्ने प्रतिज्ञा गर्नुहुन्छ । हामीले पाप गरेतापनिआफ्नो प्रतिज्ञा ह ामीमा पूरा गर्न परमेश्वर विश्वास योग्य हुनुहुन्छ । हामी जे भएतापनिजे गरेता पनि उहाँले यसको वास्ता गर्नुहुन्न तर यदि हामीले हाम्रो जीवन उहाँलाई दिन्छौं भने उहाँले हामीलाई उहाँसँग स्वर्गमा लैजानुहुनेछ र उहाँको दोश्रो आगमनको समयमा हामीले उहाँलाई दिन्छौं भने उहाँले हामीलाई उहाँलाई स्वर्गमा भेट्नेछौं र

३. उहाँका अनुयायी(पछ्याउने)हरुले उहाँलाई पछ्याएको कारण सतावट/दुःख भोग्नेछन् । बाइबलले सिकाउछ, कि संसारको अन्त्यतिर मानिसहरुको दुष्टता बढेर जानेछ । तिनीहरुको घृणा बढ्न्छ, हत्या गर्नेछन् र एक अर्कोलाई धोका दिनेछन् । बाइबलले सिकाउँछ कि येशूको पछि लाग्ने लाई वा उहाँलाई विश्वास गर्नेहरुलाई धेरैले घृणा गर्नेछन् र दुब्यावहार गर्नेछन् । सायद येशूमा विश्वास गर्नुभएको कारण मानिसहरुले तपाईसँग अर्कै ब्यवहार गरेको अनभब तपाईसँग पहिले नै भएको हुन सक्छ ।

तपाईले आफ्नो जीवनमा येशूलाई बोलाएपछि वा उहाँलाई विश्वास गरेपछि मानिसहरुले तपाईसँग कस्तो ब्यवहार गरेका छन् ? तापाईले येशूलाई विश्वास गरेपछि के तपाईको परिवारले नजिकको साथीले वा कसैले तपाईसँग मित्रता छुटाएका छन् वा विश्वासघात गरेकाछन् ?बाइबलले भन्दछ, त्यसता मानिसहरुलाई हामीले प्रेम गर्नुपर्छ मत्ती ५:४३-४८। हामीलाई चोट पुर्‍याउने र घृणा गर्नेहरुलाई हामीले प्रेम गर्नु पर्छ । हामीले उनीहरुलाई प्रेम गर्नुपर्छ र उनीहरुको लगि प्रार्थना गर्नुपर्छ । यहि ब्यवहार येशूलाई उहाँलाई चोट पुर्‍याउनेहरु र धोका दिनेहरुसँग गर्नुभयो, उहाँको अनुयायी भएको कारणल हामीले उहाँको प्रेमको उदाहरण पछ्याउनु पर्छ । ख्रीष्ट येशूलाई विश्वास गर्दा सतवट र दुःख भोग्नेहरुको लागि विशेष आशिष राखिएको छ भनी बाईबलले भन्दछ । वास्तवमा यि सबै आनन्द हुन भनेर बाइबलले सिकाउँछ ।

यस सेवालाई हामीले प्रार्थना सहित अन्त्य गरौं । येशुले विश्वास गरेपछि हामीले गरेको अनुभव एकले अर्कोलाई भनौं त्यो कथा राम्रो हुनपति सक्छ नहुन पनि सक्छ तपाईहरु मध्ये कसैले येशूलाई ग्रहण गरेपछि दुःख भोग्नुभएको छ ? ति मानिसहरुको लागि प्रार्थना गरौं । कागजको सानो टुक्रामा हामी एक अर्कोले प्रार्थना विजय लेख्नेछौं र एक अर्काको लागि प्रार्थना गर्नेछौं । यस हप्ता भरिनै हामीले एक अर्काको लागि लगातार प्रार्थना गर्नेछौं र यो प्रार्थनाको विजय लेखिएको कापीको पना आफुसँग राख्नुहोस । जब तपाई उठ्नु हुन्छ त्यसलाई लिनुहोस् र एक आर्काको लागि प्रार्थना गर्नुहोस् । उहाँको प्रतिज्ञाको लागि धन्यवाद दिदै यस सभालाई अन्त्य गर्नेछौं । हामीलाई पापबाट छुटकरा

दिनको लागि उहाँ पहिलो चोटी संसारमा आउनुभएको कुरालाई विचार गरौं र उहाँले दोश्रो चोटी आउछु भनेको प्रतिज्ञालाई याद गरौं । यो हप्ता भरिनै एक अर्काको लागि प्रार्थना गर्न सकौं भनेर  उहाँसँग सहायता मागौं ।

## येशू मिश्र देशमा जानुभएको र उहाँको बप्तिस्मा

**मत्ती २:३**

"अनि येशू वप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो, अनि स्वर्ग उघ्रिओ र उहाँले परमेश्वरका आत्मालाई ढुकुर झैं ओर्लिरहनु भएको र आफुमाथि आइरहनुभएको देख्नु भयो । तर स्वर्गबाट यो वाणी आयो "यिनी मेरा प्रिय पुत्र हुन, यिनीसँग म अति प्रसन्न छु ।" मत्ती ३:१६-१७

**पुर्नविचार** :

१. येशूको आमाको नाम ............................ थियो ।
२. भविष्यवक्ता यशैयाले येशूको नाम इम्मानुएल राखिनेछ भने, जसको अर्थ "परमेश्वर" .............. ।
३. जैतुनको डाँडामा जब उहाँको चेलाहरुले उहाँलाई उहाँको दोश्रो आगमनको बारेमा सोधे, येशुले ........... उनीहरु .......................द्वारा धोका नपाउनु भनी चेलाहरुलाई सावधानी गराउनु भयो ।
४. धेरै जना आउने छन् र म नै ..................... हुँ भनि दावी गर्नेछन् भनी येशूले भन्नु भयो ।
५. येशूले भन्नुभयो संसारमा भयानक घटनाहरु घट्नेछन् जस्तै ........................... ।

६. येशूले भन्नुभयो उहाँलाई विश्वास गर्नेहरुले दुःख भोग्नु पर्छ, किन ?
७. येशूले भन्नुभयो उहाँको आगमन प्रकृतिको कस्तो घटना जस्तो हुन्छ ?
८. स्वर्गदुतहरुले परमेश्वरका मानिसहरुलाई कहाँ भेला गर्नेछन् ?
९. येशू खीष्ट कोदोश्रो आगमनको बारेमा जान्ने को हुनुहुन्छ ?
१०. यदि कसैले आश्चर्य काम गर्छ, जुन चाही येशूको नाम होईन भने त्यस बेला मेरो प्रतिक्रिया कस्तो हुनुपर्छ ?
११. यदि कसैले प्रभुको कारण मेरो हाँसो उडाउनछ भने मैले आफैलाई ................ सम्झनु पर्छ ।
१२. म सँग दुर्व्यवहार गर्नहरुसँग मैले राम्रो ब्यवहार गर्नुपर्छ किनभने येशूले ................ गर्नुभयो ।

येशूको जन्म बेथलेहेममा भएको थियो, पुर्वबाट केही ज्ञानी मानिस उहाँलाई नभेटेसम्म उहाँ त्यहाँ रहनुभयो । ति मानिसहरुले तारालाई पछ्याएर त्यहाँ आएका थिए । तिनीहरु यसाएलम पुगेपछि हेरोद राजालाई सोधे, इसाएलको राजाको जन्म कहाँ भएको छ ? किन भने हामीले तारा देखेका छौं ।
यो सुनेर हेरोद र ऊ सँग सारा यरुशलेमम खैलाबैला मच्चियो । अनि हेरोदले आफ्नाधार्मीक सल्लाहकारहरुलाई बोलाएर गोप्य सभाको आयोजना गर्‍यो । उसले तिनीहरुलाई सोध्यो, धर्मशास्त्रमा यहुदिहरुका राजाको जन्म कहाँहुनुपर्छ भनेर लेखेको छ, अनि तिनीहरुले उसलाई भने धर्मशास्त्र अनुसार बालकको जन्म बेथलेहेममा हुनुपर्छ । हेरोदले तिनीहरुलाई त्यहाँ जान भन्यो ।

तिमीहरुले उसको दरवार छोड्नु अगाडि उसले तिनीहरुलाई सोध्यो ।
तिमीले पहिलो चोटी तारा कहिले देखेका थियौं ताकी यसबाट उसले त्यस बालकको उमेर थाहा पाउन चाहन्थ्यो ।

अनि ति ज्ञानी मानिसहरुले बेथलेहेमको यात्रा शुरु गरे । येशू रहनु भएको घरमा पुर्‍याउनको लागि ताराले तिनीहरुलाई अगुवाई गरिएको थियो । त्यहाँ पुगेपछि तिनीहरुले बालक येशूलाई दण्डवत गरे र आफ्नो कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धीत धुप र मुर्रका भेटी चढाए । तिनीहरुको घर फर्किन भन्दा अगाडि परमेश्वरबाट दर्शन पाए, त्यस दर्शन(सपना)मा तिनीहरुलाई येरुशलेमको बाटो हेरोदकहाँ नफर्किनु भन्ने चेतावनी दिएको थियो । अनि तिमीहरु अर्कै बाटो भएर आफ्नो देशमा फर्के ।परमप्रभुका एउटा दूत सपनामा यो सेफ कहाँ देखापरे र तिनले यसो भने उठ साना बालक र उहाँको आमालाई साथमा लिएर मिश्रमा भागिहाल र मैले तिमीलाई नभने सम्म त्यही बस किनकी हेरोदले बालक मिश्रबाट पुकारे" भन्ने पुरानो नियमको भविष्यबाणी पूरा भएको हो ।
हेरोदले बालकलाई मार्न चाहन्थ्यो । उसले बेथलेहेमर वरीपरिका गाउँमा भएका २ वर्षमुनिका सबै बालकहरुलाई मार्ने आदेश दियो ।

हेरोदको मृत्यु पछि योसेफले इस्राएलमा फर्कि जानु भन्ने परमेश्वरबाट दर्शन देख्यो ।उनले परमेश्वरको आज्ञा माने । उनी यहुदियाको उत्तरी प्रान्त गलीली भन्ने ठाँउमा गएर उनीहरु नासरत सहरमा रहन थाले ।ती दिनहरुमा बप्तिस्मा दिने यूहन्ना नाम भएको मानिस यहुदियाको उजाड स्थानमा प्रचार गर्दै बस्थे उनले "पश्चाताप गर" किनभने

परमेश्वरको राज्य नजीक आएको छ" भन्ने शन्देश प्रचार गर्थे । उनले

**ऊटका रौंको बस्त्र लाउँथे र कम्मरमा छालाको पटुका बाध्थे । तिनको खाने कुरा सलह र**

**बनमह थियो । यरुशलेम र सबै यहुदिया र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरु**

**तिनीकहाँ गए र आफ्ना पाप  स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे ।**

**तर फरिसीहरु र सदुकीहरु मध्ये धरै जना उनको सन्देशसुन्नलाई आए । तिनीहरुलाई**

**बप्तिस्मा दिने यूहन्नाले "सर्पका बच्चाहरु" भन्दछन् । किनभने तिनीहरुलेआफ्नो धर्म र**

**परम्परामा विश्वास राख्थे तर तिनीहरुको पापको पश्चाताप गर्नुपर्ने कुरामा**

विश्वासगदैनथे ।बप्तिस्मा दिने यूहन्नाले उनी पछि आउनुहुनेको बारेमा प्रचार गर्थे जसले पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुन्थ्यो । उसले भन्यो कि उहाँले मानिसहरुलाई २ भागमा विभाजन गर्नुहुनेछ, आफ्नो विश्वास उहाँ माथि राख्नेहरु उहाँको लागि हुनेछन र जसले उहाँलाई विश्वास  गर्दैनन् तिनीहरु कहिल्यै ननिभ्ने आगोमा जानेछन् ।
तब येशू गालीलबाट यूहन्ना कहाँ तिनीद्धारा बप्तिस्मा लिन यर्दनमा आउनु भयो । यूहन्नाले यसो गर्न मानेन किनभने उसले आफुलाई अयोग्य ठान्थ्यो । तर येशूले तिनलाई बप्तिस्मा दिन कर गर्नुभयो, किनभने उहाँलेसबै धार्मीकता पूरा गर्न चाहनु हुन्थ्यो । अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो । अनिस्वर्ग उघ्रियो र उहाँले परमेश्वरको आत्मालाई ढुकुर झै अर्लिरहनुभएको देख्नु भयो । तब स्वर्गबाट यो वाणीआयो, "यिनी मेरा प्रियपुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।"

**मौखिक प्रश्नहरु :**

१. येशूलाई भेट्न कस्ता मानिसहरु आए र तिनीहरुले उहाँलाई के चढाए ?
२. कुन शहरमा तिनीहरु पहिले रोकिए र को सँग कुरा गरे ?
३. परमेश्वरले योसेफलाई किन मिश्र देश जानको लागि भन्नु भयो ?
४. हेरोदको मृत्युपछि योसेफ कहाँ गए ?
५. बप्तिस्मा दिने यूहन्नाले कहाँ प्रचार गर्थे ?
६. ऊ कस्तो देखिन्थ्यो ?
७. मानिसहरुको लागि उसको सन्देश के थियो ?
८. आफ्ना पाप स्वीकार गर्नेहरुको लागि के भयो ?
९. बप्तिस्मा दिने यूहन्नाले फरिसीहरु र सदुकीहरुलाई किन "सर्पका बच्चाहरु" भने ?
१०. यूहन्नाले उनी पछि आउने ऊनी भन्दा महान हुनुहुन्छ भनि प्रचार गरे । उसले भन्यो,

संसारका मानिसहरुलाई उहाँले २ भागमा विभाजन गर्नुहुनेछ । त्यो कसरी ?

११. यूहन्नाद्वारा बप्तिस्मा लिनलाई गालीलबाट को आयो ?

१२. यूहन्ना येशूलाई बप्तिस्मा दिनलाई अयोग्य हुदा पनि येशूले उनलाई बतिस्मा दिन कर गर्नुभयो । येशूले त्यसो गर्नुको कारण के थियो ?

१३. येशू पानीबाट माथि निस्कनु भएपछि के भयो ?

# आत्मिक सत्यता २ पाठ

## मत्ती २:३

१. जब हामीले परमेश्वरको आज्ञाहरु पूर्णरुपमा मान्दछौं भने हामीले उहाँको उत्तम कुराहरुको मात्र अनुभव गर्न सक्छौं र परमेश्वरले योसेफलाई धेरै कुराहरु गर्न भन्नुभयो र उसले सबै काम गर्‍यो । मरियम गर्भवती हुदाँ हुदै पनि परमेश्वरको आज्ञा मानेर योसेफले उनीसँग विवाह गरे । उनले परमेश्वरको आज्ञा मानेर योसेफले उनीसँग विवाह गरे । उनले परमेश्वर माथि भरोसा गरे यद्यपी मरीयम कसरी गर्भवति भएकी थिईन् भन्नेकुरा बुझ्न उनलाई असम्भव थियो । फेरी उनलाई परमेश्वरले बेथलेहेम छोडेर मिश्र देशमा जान भन्नुभयो । मिश्र देश उनीहरुको लागि विदेश थियो र त्यहाँ उनीहरु अर्को भाषा बोल्नु पर्दथ्यो । त्यहाँको रहन-सहन फरक थियो । त्यहाँ झुट्टा देवताहरु पुज्नु पर्दथ्यो । यस्तो ठाउँमा सानो बालक र सुत्केरी श्रीमतीसँग जानु सजिलो थिएन । तैपनि उनले आज्ञाकारी हुनुपर्ने कुरालाई रोजे र यसैकारण येशूको शरीर बाच्यो ।
जसरी परमेश्वरको बिशेष योजना योसेफको जीवनमा थियो, त्यसरी नै हामी प्रत्येकको निम्ती परमेश्वरको विशेष योजना छ । बाइबलले भन्दछ कि जब हामी आमाको गर्भमा थियौं । त्यही समय देखी नै परमेश्वरले हामीलाई चिन्नुहुन्थ्यो । हाम्रो बालबच्चाहरुले परमेश्वरको उत्तम कुराहरुको अनुभव गर्न चाहन्छौं भने परमेश्वरले हामीलाई दिनुभएको आज्ञा होशियारीताको साथमा पालन गर्नुपर्छ । बाइबलले सिकाउदछ कि जब हामी प्रार्थना गर्छौ र बाईबल पढ्छौं परमेश्वर हामीसँग बोल्न, कुरा गर्न चाहनुहुन्छ । उहाँले हामीलाई उहाँसँग प्रशस्त र पूर्ण जीवनमा अगुवाई गर्न चाहनुहुन्छ । धेरै चोटी हामीले बाइबल पढ्दा र प्रार्थना गर्दा परमेश्वर हामीसँग प्रत्यक्ष रुपमा बोल्नुहुन्छ । विशेष अवस्थामा, विशेष समयमा र विशेष निर्णय लिदा हामीले उहाँको सहायता लिन पर्दछ । जसरी योसेफले अप्ठ्यारो परिस्थतीमा पनि परमेश्वरको आज्ञा पछ्याने निर्णय गरे, त्यसरी हामीले पनि गर्नुपर्छ । चाहे अप्ठ्यारो पस्थिती किन नहोस् हामीले उहाँको आज्ञालाई मान्नु पर्छ ।

के केही विशेष कुराको बारेमा परमेश्वर तपाईसँग बोल्नु भएको छ ? के परमेश्वरले तपाईको जीवनमा हुनुपर्ने परिवर्तनको बारेमा तपाईसँग बोल्नु भएको छ, जुन कुरा परिवर्तन गर्न तपाईलाई कठिन भएको छ ? यदि त्यस्तो भएको छ र तपाईले यसलाई राम्रै अनुभव गर्नुभएको छ भने यो समुहलाई भन्नुहोस् । अनि आफ्नो आवश्यकता कागजमा लेख्नुहोस् हप्ता भरि एक-अर्काको लागि प्रार्थना गर्नुहोस् । उहाँको योजना हाम्रो जीवनमा पूरा गर्न उहाँको आज्ञापालन गर्न उहाँले हामीलाई शक्ति दिनुहुनेछ ।

२. उहाँको पुरुत्थान पछि स्वर्ग जानुभन्दा, पहिलो उहाँले आफ्ना अनुयायीहरुलाई एउटा आज्ञा दिनुभयो । आउनुहोस् येशूको दोश्रो आागमन हुनुभन्दा पहिले येशूले भन्नु भएको अन्तिम शब्दहरु हामीले ध्यान देऊ : “यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओं, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओं, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालनगर्न तिनीहरुलाई सिकाओ र हेर, म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु ।” कसरी हामीले गएर अरुहरुलाई येशूको बारेमा भन्ने भनी पछि हामीले यस अध्ययनमा सिक्नेछौं । तर त्यहाँ एउटा आज्ञा छ जुन हामीले उहाँको वचनमा आज्ञाकारी भएर गर्नैपर्छ । हामीले पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा लिनुपर्छ । बप्तिस्मा लिनु भनेको प्रभु येशूको उदाहरण पूरा गर्ने साधारण काम हो । यो तपाई उहाँमा विश्वास गर्ने मानिसहरुसँग पानीभित्र जाने र एक छिनमा आउने कार्यमात्र हो ।

बालक अवस्थामा येशूले बप्तिस्मा दिनु भएन । लुकाको सुसमाचारमा येशू बालक हुदा उहाँलाई मन्दिरमा अर्पण गर्न लगिएको थियो । त्यहाँ उहाँका मातापितालाई पूजाहारीहरुले  आशीष दिएका थिए । तर यो उहाँको बप्तिस्मा थिएन । बप्तिस्मा लिन उहाँ आफूले आफ्नो लागि चुन्नु भयो । यो निर्णय उहाँको आमा बुबाको थिएन । खीष्ट येशूको उदाहरण अनुसार, बप्तिस्मा लिन,भजन गाउन हामी आफै जान्नुपर्छ । यसरी उहाँको उदाहरण पूरा गर्नुपर्छ । यो कुनै धार्मिक कार्य होइन ताकी बप्तिस्मा लिएर हामी कुनै सम्प्रदायसँग मिल्न सकौं । यो कुनै आत्मिकी अनुभव पनि होइन जसले हाम्रो पापलाई शुद्ध गर्नसक्छ । यो हामीले खीष्ट येशूमा विश्वास गर्छौं भनी समाजको अगाडि गवाहीको रुपमा गरिने चिन्ह हो बाइबलले सिकाउछ, कि बप्तिस्मा भनेको खीष्ट येशूसँग गाडिएको र बौरी उठेको नमुना हो । जब हामीले बप्तिस्मा लिन्छौं येशूसँग गाडिएका र बौरी उठेका हुन्छौं । बप्तिस्माको बारेमा तपाईले के विचार गर्नुहुन्छ ? के येशूको उदाहरण पुरा गर्नु र बप्तिस्मा लिनु अप्ठ्यारो छ ? के तपाईले बप्तिस्मा लिन आवश्यक छ ? के तपाईले बप्तिस्मा लिन चाहनुहुन्छ ?

## खीष्टको परिक्षा पाठ ३

**मत्ती ४**

“मानिस रोटीले मात्र होईन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवीत रहँदछ ।” मत्ती ४:४

### पुर्नविचार :

१. भविष्यवक्ता यशैयाले भने, येशूलाई इम्मानुएल भनिनेछ, जसको अर्थ, “परमेश्वर …………….।”
२. येशूले भन्नुभयो जब उहाँ पृथ्वीमा आउँनु हुन्छ, त्यहाँ …………………… ओल्लो छेऊ देखि पल्लो छेऊसम्म हुनेछ ।
३. येशूले भन्नु भयो, जब उहाँ संसारमा आउँनु हुन्छ, साच्चै खिष्ट को हुनुहुन्छ भनी सबैले देख्नेछन् र कोही पनि अलमल्लीने छैन् र सबैले उहाँलाई महामहीम र शक्तिसाथ

............... मा आएको देख्नेछन् ।

४. येशूले भन्नुभयो, उहाँ आउनुभन्दा पहिले, धेरै जना खिष्ट उठ्नेछन् र धेरै अचम्मका काम गर्नेछन् । हामी ति आगमवक्तहरुद्वारा ...................... पाउन हुदैन ।

५. येशूले भन्नुभयो, जब मानिसहरुले हामीलाई दुःख दिन्छ वा चोट पुर्‍याउछन् हामीले आफुले आफैलाई ................ सम्भिनु पर्छ ।

६. येशूले भन्नुभयो, उहाँको आगमनको बारेमा एकजनालाई मात्र थाहा छ उहाँ .................हुनुहुन्छ ।

७. .................................... नाम भएको व्यक्तिले उजाड स्थानमा पश्चातापको सन्देश प्रचार गर्दथे, उनले ऊँटका रौंको बस्त्र लगाउथे र सलह र बनमह खान्थे ।

८. धेरै जना आफ्नो .................... स्वीकार गरेर यूहन्नाद्वारा बप्तिस्मा लिन आए ।

९. यूहन्नाले भने, उनी पछि आउने जो हुनुहुन्छ उहाँले संसारका मानिसहरुलाई दुई भागमा विभाजित गर्नुहुन्छ र जसले उहाँलाई इन्कार गर्छन उनीहरुलाई कहिल्यै ननिभ्ने ................ मा नष्ट गर्नुहुनेछ ।

१०. येशू आउनुभयो र यूहन्नालाई उहाँलाई ......................... दिन भन्नु भयो ।

११. येशूको बप्तिस्माको बेला ...................... ढुकुर भै ओर्लनु भयो स्वर्गबाट

.................

भनिने आवाज आयो ।

१२. येशू स्वर्ग जानुभन्दा पहिले उहाँका चेलाहरुलाई भन्नुभयो, जति जनाले येशूलाई ग्रहण गर्छन तिनीहरुलाई ..................... दिनु ।

१३. हामीले............ लिनुपर्छ तर ............................ सँग सहभागी भएको चिन्ह हो ।

१४. बप्तिस्माले येशूको ..............................., .................................. र .......................... को लाई प्रदर्शन गर्दछ ।

बप्तिस्मा पछि, पवित्र आत्माले उजाड स्थानमा लैजानु भयो, जहाँ शैतानले उहाँको परिक्षा गरेको थियो । येशूले त्यहाँ चालीस दिन चालिस रात उपवास बस्नु भयो । चालिस दिनपछि उहाँ भोकाउनु भयो । त्यही समयमा शैतान आएर यसो भन्दै परिक्षा गर्न लग्यो, “यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गालाई रोटी होऊन

भनेर आज्ञा दिनुहोस. ।” येशुले यसरी जवाफ दिनुभयो, “लेखिएको छ, मानिस रोटीलेमात्र होइन तर परमेश्वरको मुखबाट निस्कने हरेक वचनले जीवित रहँदछ ।” तब दियावलसले उहाँलाई पवित्रनगरमा लगेर मन्दिरको टुप्पामा खडा गरायो र उहाँलाई भन्यो,“यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने यहाँबाट तल हामफाल्नुहोस् । किनभने यस्तो लेखिएको छ, “उहाँले आफ्नो हात-हातै थाम्नेछन् नत्रता तिम्रा् खुट्टा ढुङ्गामा ठोकिनेछ ।” येशूले त्यसलाई बइबलको शब्द प्रयोग गरेर भन्नुभयो, “तैले परमप्रभु आफ्ना परमेश्वरको परिक्षा नगर्नु ।”फेरी दियाबलसले उहाँलाई एउटा अग्लो पर्वतमा लगेर संसारको सबै राज्य र तिनको वैभव उहाँलाई देखायो र उहाँलाई भन्यो, “तपाईले घोप्टेर मलाई दण्डवत गर्नुभयो भने, यी सबैथोक म तपाईलाई दिनेछु ।”

येशूले त्यसलाई भन्नुभयो, "शैतान, दुर होइजा ! किनभने लेखिएको छ, "तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नू र उहाँको मात्र सेवा गर्नु ।" तब दियाबलस उहाँलाई छोडेर गयो र स्वर्गदूतहरुले आएर उहाँको सेवा टहल गरे ।

### मौखिक प्रश्नहरु

१. पवित्र आत्माले येशूलाई परिक्षित हुनलाई कहाँ लिएर जानुभयो ?
२. शैतानले उहाँलाई परिक्षामा पार्नुभन्दा पहिले ४० दिनसम्म येशूले के गर्नुभयो ?
३. पहिलो दुई परिक्षामा, शैतानले उहाँ को हुनुहुन्छ भनी प्रमाणीत गर्न खोज्यो ?
४. पहिलो परिक्षामा, शैतानले येशूलाई ढुङ्गालाई के बनाउन भन्यो ?
५. पहिलो परिक्षामा येशूले शैतान माथि कसरी विजय पाउँनुभयो ?
६. दोश्रो परिक्षामा, शैतानले येशूलाई मन्दिरको टुप्पामा लगेर के गर्नभन्यो ?
७. दोश्रो परिक्षामा येशूले कसरी शैतान माथि विजय पाउनुभयो ?
८. तेश्रो परिक्षामा यदि येशूले एउटा कुरा गरेको भए शैतानले संसारको सबै राज्य दिने प्रतिज्ञा गरेको थियो । येशूले के गरेको शैतान चाहन्थ्यो ?
९. येशूले तेश्रो परिक्षामा शैतानमाथि कसरी विजय पाउनुभयो ?
१०. शैतान भागिसकेपछि येशूको सेवा टहल गर्न को आए ?

## आत्मिक सत्यता ३ पाठ

### मत्ती ४

१. हाम्रो जीवन येशू ख्रिष्टलाई दिइसकेपछि पनि हामीलाई परिक्षाहरु आउनेछन् । सायद येशूलाई जस्तो परिक्षाको लागि उजाड स्थानमा जान नपार्ला । हामीलाई बाइबलले भन्दछ कि हामी शैतानबाट मात्रै परिक्षामा पर्दैनौ, तर हाम्रो आफ्नै इच्छाद्वारा परिक्षामा पर्दछौं ( याकुब १:१५) । हामीले असल गर्ने वा खराब गर्ने भनेर हामी हरेकको हृदयमा युद्ध भैईरहेको हुन्छ भनी बाईबलले सिकाउछ । "किनभने म के गर्दैछु त्यो बुझ्दीन । किनकी म जे चाहन्छु, त्यो गर्दिन । तर त्यही गर्दछु जो म घृणा गर्दछु .........। किनभने असल

काम जो म गर्न चाहन्छु त्यो म गर्दिन, तर दुष्ट काम, जो म गर्न चाहन्न, त्यही म गर्ने गर्छु ।" रोमी ७:१७ र १९

२. तपाईमा दुईवटा स्वभाव भएको कारणले गर्दा तपाईले परिक्षाको अनुभव गर्नपर्छ । तपाईमा दुईवटा कुराहरु छन् : शरिरको आत्मा अनि पवित्र आत्मा वा परमेश्वरको आत्मा । गलाती ५:१६-१७ ले भन्दछ, "तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड र पाप स्वभावका लालसा पूरा नगर । किनकी पाप स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन, अनि पवित्र आत्माको इच्छा पाप स्वभावको विरुद्ध । तिमीले गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नको निम्ती यी चाँही एउटा अर्काको विरुद्धमा हुन्छन । यो यूद्ध तपाई र परमेश्वरको विरुद्धमा दिन प्रति दिन भैरहेको हुन्छ, चाहे सानो कुरा होस् वा ठूलो कुरा होस् ।

३. येशूले जस्तै, हामीले पनि परमेश्वरको वचनको शक्ति प्रयोग गरेर शैतान माथि विजय हुनसक्छौं । हिब्रु ४:१२ ले भन्दछ, "किनभने परमेश्वरको वचन जीवित र क्रियाशिल हुन्छ र यो कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नि र हाडको गुदिसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र ह्रदयका विचार र इच्छा जाँच्न सक्नेहुन्छ ।" यो पदलाई एकपटकभन्दा बढी पढ्नुहोस् । अनि सदस्यहरुलाई सोध्नुहोस् यो पदको बारेमा तिनीहरुले के अर्थ लगाउछन् ।

परमेश्वरको वचन सल्लाहको पुस्तक मात्रै होईन । यो जीवित वचन हो, परमेश्वर हामी हरेकसँग बोल्नको लागि उहाँको वचन प्रयोग गर्नुहुन्छ । यो हाम्रो ह्रदयको गहिराईमा पुग्दछ जुन परमेश्वरले मात्र जान्नुहुन्छ ।

महत्वपूर्ण कुरा हरेक विश्वासीले प्रत्येक दिन परमेश्वर पितासँग एकान्तमा समय विताउनु पर्छ । शैतानले हरेक कुरा गर्नसक्छ, उसले तपाईलाई परमेश्वरको वचनबाट टाढा राख्न सक्छ किनभने परमेश्वरको वचन हाम्रो शक्तिको श्रोत हो भन्ने कुरा उसलाई थाहा छ । शैतानले हामीलाई भन्नसक्छ हामी धेरै ब्यस्त छौं, अघिनै बाईबल अध्यायन गरिसक्यौं, हामी सुस्त छौं, बाईबल बुझ्न धेरै कठिन छ र हामीसँग धेरै बाहना हुन सक्छन् । तर हामीले यी सबै झुट्टो हो भनी जान्नुपर्छ । हामीले हरेक दिन परमेश्वरको वचन र प्रार्थनालाई प्रार्थमिकता दिनु पर्छ ।

यहाँ साधारण योजना दिइएको छ जुन तपाईले गर्न सक्नु हुन्छ ।

१. परमेश्वरसँग एकान्तमा समय वितउन शुरु गर्नुहोस् । उहाँलाई भन्नुहोसकी कति धेरै प्रेम उहाँलाई गर्नुहुन्छ र उहाँले तपाईको लागि गर्नुभएको अचम्मको कार्यको लागि उहाँलाई स्तुती गर्नुहोस् ।

२. प्रार्थना उत्तर दिनुभएको लागि र तपाईले जीवनमा गर्नु भएको कामको लागि धन्यवाद दिनुहोस् ।

"धन्यवाद" नामको एउटा नोटबुक तयार गर्नुहोस् र परमेश्वरले तपाईको जीवन गर्नु भएको काम मिती सहीत त्यसमा लेख्नुहोस् ।

३. अरुको लागि प्रार्थना गर्नुहोस् : बाईबल अध्यायनमा आएकाहरुका लागि, परिवारको लगि साथीहरुको लागि, ख्रीष्टलाई नचिनेकाहरुको लागि र विशेष आवश्यकताको लागि प्रार्थना गर्नुहोस् । यदि धेरै मानिसको लागि प्रार्थना गर्नु छ भने हप्ता भरिको लागि प्रार्थना सुची बनाउनुहोस् र हप्ताका एकचोटी प्रार्थना गरिदिनुहोस् ।

उदाहरणको लागि :

| | |
|---|---|
| सोमबार | मंगलबार |
| जोन लामा | पास्टर पावल थापा |
| राम बहादुर | रेभ हरि थापा |
| घरपरिवार | अविश्वासी |
| नयाँ विश्वासी | मण्डली |

अहिले नै हामी यी विषयहरुको लागि प्रार्थना गर्नेछौ ।

४. परमेश्वरको वचन पढ्नुहोस् र यसमाथि ध्यान दिनुहोस् । हामीलाई बाइबलले सिकाउछ, कि हामीले बाइबल पढ्ने मात्र होईन तर यस माथि ध्यान दिनुपर्छ ।

यसको अर्थ हामी यसो गर्नुपर्छ :

विस्तारै पढ्ने ।

शब्दहरुको गहिरो अर्थ बुझ्नको लागि पटक-पटक पढ्ने, वचनमा भएको सत्यता बुझ्नको लागि धेरै चोटी पढ्दै ध्यान दिनुपर्छ ।

यो वचन तपाईको आफ्नो जीवनमा कसरी लागू गर्नेभनि विचार गर्नुहोस् । उदाहरणका लागि : यदि पदले "तपाईको आमाबुबाको आदर गर्नु" भन्दछ भने, यसको अर्थ "ख्रीष्टी तिमीले तिम्रो आमा बुवाको आदर गर्नुपर्छ ।"

उहाँले दिनुभएको विशेष आशिषको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस् र विशेष खाँचोको लागि प्रार्थना गर्नुहोस् । उदाहरणको लागि : "पिता परमेश्वर मेरो आमा बुबाको लागि धन्यवाद । परमेश्वर, तपाई मेरो स्वर्गीय पिता हुनुभएको लागि धन्यवाद जसले मेरो आवश्यकता पूरा गर्न सक्नुहुन्छ र जो मेरो संसारीक पिता मसँग नहुदा पनि मसँग हुनुहुन्छ ।" परमेश्वर हामीसँग अहिले पनि कुराकनी गर्न सक्नुहुन्छ भन्ने बारे बाइबलमा धेरै आत्मिकी सत्यहरु छन् ।

आउनुहोस् मत्ती २ अध्यायम पढेर केही छलफल शुरु गरौं । हरेकले शुरुको ३-४ पद पढ्नेहोस्, जसले पढ्न जान्नुहुन्न अगुवाले तिनीहरुको लागि धेरै चोटी पढेर सुनाउनेछ । हामी प्रत्येकले यस पदको अर्थ बुझ्ने कोशिश गरौं । यदि सम्भव भएमा हाम्रो नाम यसपदमा राखौं । परमेश्वरको आत्मालाई तपाईसँग बोल्न दिन नडराउनुहोस् । तर त्यहाँ परमेश्वरको वचन आफ्नो जीवनमा लगाउने एउटा मात्रैबाटो छैन । मैले पढेका यी पदहरु प्रभु येशूले बोल्नुभएको थियो ।

३ पद "धन्य आत्मामा दरिद्र हुनेहरु किनभने स्वर्गको राज्य तिनीहरुकै हो ।" (उदाहरण, लेखकको "आत्मिक सत्यता), पद तिन, यदि म आत्मामा दरिद्र छु भने म धन्यको हुँ किनभने म स्वर्गको राज्यको उत्तराधिकारी हुनेछु । प्रभु, मलाई आत्मामा दरिद्र हुनको लागि सहायता गर्नुहोस्, म आफ्नै आत्मामा भरिन, कठोर, घमण्डी हुन चाहन्न । प्रभु, मेरो जीवनमा गर्नुभएको कामको लागि धन्यवाद । प्रभु धन्यवाद किनभने म परमेश्वरको राज्यको उत्तराधिकारी हुँ भन्ने कुराथाहा पाए । साच्चै नै म धन्यको हुँ ।

४ पद, "धन्यशोक गर्नेहरु किनभने तिनीहरुले सान्त्वना पाउनेछन् ।" (लेखकको आत्मिक सत्यताको उदाहरण) शोक गर्नेहरु कसरी धन्य हुन सक्छन् भन्ने कुरा कल्पना गर्न मेरा लागि अप्ठ्यारो छ किनभने शोक गर्ने समय एउटा दु:ख र पिरको समय हो तर ख्रीष्टको अनुयायी भएको कारण म धन्यवादी छु किनभने म धन्यको छु भन्ने कुरा साच्चीनै मैले जानेछु । किनभने ख्रीष्टमा विश्वास गर्नेहरुको लागि आशा छ । परमेश्वरले हामीलाई आशाको सान्तवना दिनुहुन्छ । प्रभु म तपाइलाई धन्यवाद दिन्छु, किनभने मेरा आमाको

मृत्युमा शोक गर्दा तपाईले मलाई सान्त्वना दिनुभएको छ । मेरो दुःखको समयमा पवित्र जन मेरा शारीरीक सान्त्वनाको लागि पठाउनु भएको निम्ति म तपाईलाई धन्यवाद दिन्छु । मेरो आत्मामा पवित्र आत्माबाट पाएको सान्त्वनाको लागि धन्यवाद । हो, प्रभु, म शोक गर्दा धन्यको हुन्छ भन्ने कुरा विश्वासी भएर देख्न सकेछु । प्रभु म तपाईलाई प्रेम गर्छु, प्रभु मेरो वास्ता गर्नु भएको लागि धन्यवाद दिन्छु ।

त्यहाँ कुनै विशेष सुत्र, शब्दहरु र तरिकाहरु छैनन् । परमेश्वरको वचनमा ध्यान दिनुमात्र महत्वपूर्ण हो । तपाईले यसलाई ह्रदयको भित्रसम्म जान दिनुहोस् र परमेश्वरले तपाईको ह्रदयको गहिराईबाट तपाईसँग बोल्नुहुनेछ ।

निरन्तर रुपमा हामीले यसो गर्यौं भने हामी हरेक मार्गमा खीष्ट जस्तै हुदै जान्छौं । परिक्षा माथि विजय पाउँन मात्र होईन तर जीवनको हरेक क्षेत्रमा प्रेम र काम धेरै देखाउन सक्छौं । व्यक्तिगत रुपमा परमेश्वरलाई चिन्नु भनेको मुख्य कुरा विजय इसाई जीवन हो ।

म तपाईलाई भन्न चाहन्छु कि तपाईले तपाईको प्रार्थनाको सुचीलाई अन्तिम भाग छुट्टाउनुहोस् । हरेक दिन बाईबल पढ्दा तपाईले मिती लेख्नुहोस् र यसको बारेमा परमेश्वरले बोल्नु भयो सत्यता त्यहाँ लेख्नुहोस् । यदि तपाईले तपाईको विचारहरु लेखिरहनु भएको छ भने कति समय उहाँको वचनमा ध्यान दिन सजिलो हुन्छ । अर्थात सायद यो केही समयको लागि मात्र राम्रो हुनसक्छ र प्रभु तपाईको ह्रदयमा बोलिरहनु भएको बहुमुल्य कुराहरु तपाईले पढ्नु हुन्छ । यो तपाई र परमेश्वरको विचको एकदमै व्यक्तिगत मुल्यवान समय हो ।

तपाई र तपाईको समूहले आफैलाई एक हप्ताको लागि समर्पण  गर्ने निर्णय गर्नुहोस् र कम्तिमा प्रत्येक दिन परमेश्वरसँग १५ मिनेट विताउन तपाई विश्वास योग्य हुनुहोस् । सम्भव भएमा प्रत्येक दिन प्रभु तपाईसँग बोल्नु भएको शब्द लेख्नुहोस् जसले तपाईको लागि पढिदिने छ । अनि परमेश्वरको वचन हाम्रो जीवनमा पुगेपछि के हुन्छ तपाईले हेर्नुहोस् ।

आउनुहोस्, हामीले शुरु गरेको अध्यायलाई लगातार पढौं । एक दिनमा पूरै अध्याय सिद्धयाउने हतार नगर्नुहोस् । तपाईले यो अध्याय सक्नुहुन्छ फेरी अर्को अध्याय निरन्तर पढ्नुहोस् । फेरी यो सकेपछि अर्को पढ्न शुरु गर्नुहोस् । अर्को हप्ता परमेश्वरको वचन ध्यान गर्न थाले देखि भएको अनुभव हामी सबैले बाँडौं ।

## <u>"मानिसहरुमा भएको डरलाई निकाली दिनु" ४ पाठ</u>

### मत्ती ४:८

"येशूले तिनहरुलाई भन्नुभयो, "अल्पविश्वासी मानिस हो, तिमीहरु किन डराउछौं ! तब उठेर उहाँले बतास र समुन्द्रलाई हकार्नुभयो, र आँधी विलकुल शान्त भयो ।" मत्ती ८:२६

अगुवा भएको कारण भुण्डलाई हरेक दिन प्रार्थना गर्न र बाईबल पढ्न भन्न नभुल्नुहोस् । हरेकलाई अनुभव भन्ने मौका दिनुहोस् र तिनीहरुलाई उत्साह गर्नुहोस् ।
यो हप्ताको अध्यायनको शुरुमा नै एक-अर्कोको लागि प्रार्थना गर्नु र अर्जविन्ती गर्नु असल हुन्छ ।

## पुर्नविचार :

१. यशैयाले भने, येशूको नाम इम्मानुएल राखिने छ, जसको अर्थ "परमेश्वर ............. ।"
२. जैतुन डाँडामा येशूले आफ्ना चेलाहरुलाई दोश्रो आगमनको बारेमा शिक्षा दिनु भयो । आफैलाई खीष्ट भन्नेछन् र मानिसहरुको अगाडि ठुलाठुला अचम्मका कार्य गर्नेछन्, त्यस्ताहरुसँग ...... ... रहनु भनि उहाँले चेलाहरुलाई भन्नुभयो ।
३. येशूले भन्नुभयो, उहाँको दोश्रो आगमन सबैले देख्नेछन् किनभने उहाँ ............... मा शक्ति र महामहीमासाथ आउँनु हुनेछ ,
४. येशूले भन्नुभयो, एक जनालाई मात्रै उहाँ कहिले आउँनु हुन्छ भन्ने थाहा छ, उहाँ ............... हुनुहुन्छ ।
५. आफ्ना ........... पश्चाताप गर्नेहरुलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।
६. स्वर्ग जानुभन्दा पहिले येशूले आफ्ना चेलाहरुलाई आज्ञा दिनुभयो ______________।
७. यूहन्नाले भने, ऊ पछि आउनेले संसारका मनिसहरुलाई दुई भागमा विभाजन गर्नुहुनेछ । जसले उहाँलाई ईन्कार गर्दछ ऊ कहिल्यै ननिभ्ने ................ मा जानेछ ।
८. येशूको पहिला दुई परिक्षाहरुमा, शैतानले उहाँ ............. हुनुहुन्छ भन्ने कुराको प्रमाणित गराउन कोशिश गर्‍यो ।
९. तेश्रो परिक्षामा, शैतानले येशूलाई घोप्टो पारेर उसलाई .................... गर्न भन्यो ।
१०. येशूले शैतानलाई तिन चोटी सम्म .................... को ........................ द्वारा जवाफ दिनुभयो ।
११. यदि हामीले परमेश्वरलाई धेरै जान्न चाहन्छौं भने, हरेकदिन उहाँसँग ...................... विताउन जरुरी छ ।
१२. हामी भित्र एक-अर्कामा लडाई गरिरहने दुइ स्वभावहरु के के हुन ? ................ को आत्मा र ................. को आत्मा ।
१३. यदि हामीले परिक्षा माथि विजय पाउन चाहन्छौं भने, हामीले हरेकदिन ____________सँग एकान्तमा समय विताउनु आवश्यक छ ।
१४. यदि हामी येशू जस्तै बन्न चाहन्छौं भने, हामीले एकान्तमा ................. सँग समय विताउनु आवश्यक छ ।

उजाड स्थानबाट फर्के पछि येशूले आफ्नो सार्वजनिक सेवकाई शुरु गर्नुभयो । उहाँ गालीलको वरीपरी रहन थाल्नुभयो । बप्तिस्मा दिने यूहन्नाले प्रचार गरेको सन्देश उहाँले प्रचार गर्नुभयो । "पश्चाताप गर किनभने परमेश्वरको राज्य नजिक आएको छ ।"

येशूले बोलाउनु भएको प्रथम दुइ चेलाहरु पत्रुस र आन्द्रियास थिए । यी दुई जना भाईहरुले माछा मार्नको लागि आफ्नो जाल गालीलको समुन्द्रमा फ्याँकीरहेको थिए ।

येशूले तिनीहरुलाई भन्नुभयो “मेरो पछि लाग, म तिमीहरुलाई मानिसको जालहारी बनाउनेछु ।”

त्यहाँबाट उहाँ एकजना मानिस कहाँ जानुभयो जसले आफ्नो दुइ छोराहरुको लागि माछा मार्ने जाल तयार गरिरहेको थियो । तिनीहरुलाई पनि उहाँले उहाँको पछि लाग्नलाई बोलाउनुभयो । तिनीहरु जब्दीका छोरा यूहन्ना र याकुब थिए ।

अनि येशूले यहुदीहरुको सभाघरहरुमा परमेश्वरको वचन सिकाउदै, हरेक किसिमको रोगहरु निको पार्दै हिड्नुभयो । उहाँको नाम धेरै ठाउँमा पुग्यो, सिरीया देखी पनि मानिसहरु उहाँद्वारा निको हुन उहाँ कहाँ आए ।

अनि जब येशूले ति मानिसहरुले उहाँलाई पछ्याइरहेको देख्नुभयो, उहाँले आफ्नो चेलाहरुलाई लिएर एउटा डाँडामा जानुभयो । त्यहाँ पुगेर उहाँले चेलाहरुलाई परमेश्वरको राज्यको बारेमा धेरै कुरा सिकाउनुभयो ।

मानिसहरुले उहाँको शिक्षा सुन्थे र उहाँको अधिकार देखेर छक्कपर्थे । किनभने सभाघरमा कसैले पनि यस्तो कहिल्यै सुनेका थिएन । जब उहाँ डाँडाबाट तल ओर्लनु भयो, भिडले पहिले नै उहाँको पछि लाग्नको लागि उहाँलाई पर्खिरहेको थियो । तिनीहरु मध्ये एकजना कुष्टरोग लागेको व्यक्ति उहाँद्वारा शुद्ध हुन चाहन्थ्यो । येशूले त्यसलाई निको पार्नुभयो । एकजना सिपाहीले पनि पक्षाघात रोग लागेको आफ्नो नोकरलाई उहाँले निको पारेको चाहन्थ्यो । अनि येशूले त्यसलाई निको पार्नुभयो ।

त्यसपछि येशू बेलुकासम्म मानिसहरुलाई चंगाई गर्दै र दुष्ट आत्मा निकाल्दै त्यहाँ रहनुभयो । तर जब उहाँले त्यो ठाउँमा ठूलो भिड उहाँको पछि लागेको देख्नुभयो, अनि उहाँले आफ्ना चेलाहरुलाई उहाँलाई छोडेर समुन्द्रको अर्को तिर जानलाई आज्ञा दिनुभयो ।

उहाँहरु डुङ्गामा चढ्दा रात निकै छिप्पसकेको थियो । अकस्मात् झोलमा ठूलो आँधी आयो र छालले डुङ्गालाई ढाक्न लाग्यो । चेलाहरु मध्ये धेरै माछा मार्ने जालहारी भएकोले त्यहाँ खतरा हुन्छ भन्ने थाहा पाए र तिनीहरु डराए । येशू निदाईरहनु भएको थियो । चेलाहरु आएर यसो भन्दै उहाँलाई “बचाउनुहोस् प्रभु ! हामीहरु नष्ट हुन लाग्यौं ।” येशूले तिनीहरुलाई भन्नुभयो, “अल्पविश्वासी मानिस हो, तिमीहरु किन डराउँछौं ?” तब उठेर उहाँले बतास र समुन्द्रलाई हकार्नु भयो र आँधी विलकुल शान्त भयो । “यिनी त कस्ता मानिसहरु हुन, किनभने बतास र समुन्द्रले पनि यिनका आज्ञा मान्दारहेछन् ।” भनी ती मानिसहरु छक्क परे ।

**मौखिक प्रश्नहरु :**

१. येशूले मानिसहरुका विचमा कस्तो सन्देश प्रचार गर्नुभयो ?
२. प्रभु येशूको पहिला दुइ जना चेलाहरुको नाम के थियो ?
३. ति पहिला चेलाहरुको काम के थियो ?
४. येशूलाई भेट्नको लागि मानिसहरु किन ब्याकुल हुन्थे ?
५. जब येशूले चेलाहरुलाई डाँडामा शिक्षा दिनुभयो, कुन कुराले तिनीहरु प्रभावित भए ?
६. जब येशू डाँडाबाट तल ओर्लनु भयो, उहाँले एकजना ठुलो शारिरीक समस्याले ग्रस्त पारेको ब्यक्तिलाई निको पार्नुभयो । त्यो समस्या के थियो ?

७. अनि उहाँले रोमी सिपाहीको नोकरलाई पनि चंगाई गर्नुभयो । त्यो नोकरको रोग के थियो ?
८. येशू किन झिलको अर्को तर्फ जान चाहनुहुन्थ्यो ?
९. येशूले पत्रुसको एकजना नातेदारलाई निको पार्नुभयो । उनीसँग के नाता थियो ?
१०. येशूले डुङ्गामा के गर्नुभयो ?
११. येशूका चेलाहरु किन भयभीत भए ?
१२. येशूले तिनीहरुलाई किन हप्काउनुभयो ?
१३. जब येशूले बतास र समुन्द्रलाई शान्त पार्नुभयो, यसमा चेलाहरुको प्रतिक्रिया के थियो ?

## आत्मिक सत्यताहरु ४ पाठ

**मत्ती ४:८**

१. प्रभु येशूले हामी सबैलाई "मानिसको जालहारी हुन" बोलाउनुभयो । येशूमा हामीले पाएका स्वतन्त्रता हामीले हरेक देशमा र संसारको जातीहरुसँग बाँडेको उहाँले चाहनुहुन्छ । येशू स्वर्ग जानुभन्दा पहिले आफ्ना चेलाहरुसँग बोल्नु भएको अन्तिम शब्दहरु यहि नै थियो । येशूमा भएको हाम्रो विश्वास कसरी स्पष्टसँग बताउन सक्छौं भन्ने हामीले यस अध्ययनको अन्त्यमा सिक्नेछौं । हामी मध्ये धेरैलाई हाम्रो विश्वास अरुलाई बताउन डर लाग्छ । हामीले यसरी विचार गर्दछौं, "म को हुँ र मैले कसरी मेरो सिमितपनामा मानिसहरुलाई येशू विश्वास गर्न भन्न सक्छु र सके भने पनि म संसारको एउटा कुनामा रहन्छु , येशू प्रभुले कसरी संसारलाई उहाँको लागि जितेको आशा गर्नुहुन्छ ?"

बाइबलले हामीलाई सिकाउछ कि हामी जस्तो सुकै प्रचार गर्न सक्ने प्रचारक भएपनि हामीले एक जना ब्यक्तिलाई खीष्टमा ल्याउन सक्दैनौं । हामीलाई कसैले प्रभुको बारेमा बताएको कारण हामीले हाम्रो हृदय खीष्टलाई दिएका होइनौं । तर पवित्र आत्माले हामीलाई पश्चाताप गरेर उहाँमा आउनुहुन्छ, उहाँले संसारलाई पाप, धर्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ ।"

हाम्रो भुमिका, माछा मार्ने जालहारी जस्तो भएर, जीवनको जाल समाती रहनु पर्छ र पवित्र आत्माले दिने (माछा) मानिस प्रभु कहाँ ल्याउनु पर्छ ।

खीष्टमा भएको हाम्रो विश्वास अरुहरुसम्म पुर्‍याउनको लागि सबभन्दा पहिलो कदम खीष्टले हाम्रो जीवनमा के गर्नुभयो सो बताउन सक्षम हुनु हो । यस्तो प्रस्तुतीलाई "गवाही" भनिन्छ । यो "गवाही" शब्द अदालतहरुमा प्रयोग गरिन्छ । यसको अर्थ सत्य कुरा थाहा पाउनु र यसलाई भन्नु हो । मानिसहरुले तपाईलाई पागल भन्न सक्दछन, तपाईले अनुभव गरेको कुरा तिनीहरुले कहिल्यै नकार्न सक्दैनन् किनभने तपाईले अनुभव गरेको सत्य हो । आउनुहोस्, हामी सँगसँगै केही उदाहरणहरुको अभ्यास गरौं :

- येशू खीष्टमा विश्वास गर्नुभन्दा पहिले हाम्रो जीवन कस्तो थियो, हामी हरेकले विचार गरौं
- येशू खीष्टलाई तपाईले कसरी पाउनु भयो विचार गर्नुहोस् ।
- पवित्र आत्मा तपाईको जीवनमा आउनु भएको क्षणलाई विचार गर्नुहोस र तपाईले येशू नै परमेश्वर हुनुहुन्छ भन्ने थाहाँ पाउनुभयो र तपाईको जीवनमा उहाँको आश्यकता छ ।
- तपाईको जीवन खीष्ट येशूलाई दिने निर्णय गर्नुभएको क्षण याद गर्नुहोस् ।
- त्यसपछि खीष्ट येशू तपाईको जीवनमा आउनुभएपछि तपाईको जीवनमा कस्तो परिवर्तन आयो त्यसको बारेमा सोच्नुहोस् ।
- आफ्नो झुण्डमा हामी हरेकले एक-अर्कोलाई आफ्नो गवाही बाड्नेछौं । तर यो भन्नको लागि ३ मिनेट भन्दा बढी समय लिनु हुदैन ।
- हामीले ब्यक्तिगत समयमा एक-अर्कोको लागि प्रार्थना गर्नसक्छौं । विशेष गरि खीष्टलाई नचिनेका परिवारहरु र तिनको सदस्यहरुको लागि प्रार्थना गर्न सक्छौं । समूहसँग मिलेर ति ब्यक्तिहरुको निम्ति प्रार्थना गर्नुहोस् । हरेकलाई ति ब्यक्तिहरुको नाम प्रार्थना सुचीमा लेख्न दिनुहोस् । यसरी नै हरेक मानिसहरुलाई खीष्टमा ल्याउन सकिन्छ ।
- हामीबाट धेरै टाढा बस्ने ब्यक्तिहरुलाई पनि हामीले बिर्सनु हुदैन । तिनीहरुको लागि पनि प्रार्थना गर्नु हाम्रो उत्तरदायित्व हो ।
- अगुवाको लागि तरिका : सायद, तपाईले वा तपाईको पास्टरले अर्को देशमा सेवकाई गरिरहेको मिसनरीलाई चिनेको हुनसक्छ । ति ब्यक्तिहरुको लागि पनि हामीले प्रार्थना गर्नुपर्छ । बाइबल अध्ययनको समयमा अझै विन्ती प्रार्थना गर्ने समयमा ती ब्यक्तिहरुलाई प्रार्थनामा सम्झनुहोस् ।

२. येशूले चेलाहरुलाई उहाँलाई निद्राबाट उठाईदिए भनेर हप्काउनु भएको होइन तर उनीहरु डराएको कारण हप्काउनुभएको थियो । चेलाहरुले आधीबेरी आएको वरीपरी हेरे । तिनीहरुले पहिले पनि यस्तो भोगेको कारण यो एकदमै खतरा छ भन्ने तिनीहरुलाई थाहा थियो । तर तिनीहरुको जीवनमा भएको परमेश्वर शक्ति त्यो आँधीवेरी भन्दा महान छ र उहाँ डुङ्गमा बसिरहनु भएको छ भन्नेकुरा बिचार गरेनन् ।

म सँग १ वर्ष ६ महीनाको सानी छोरी छिन् । उनी संसारसँग परिचित हुदैछिन् । उनी घरको वरिपरि दगुर्छिन, कहिले दराज खोल्छिन्, भाडाहरु निकाल्छीन्, कहिले कपडा निकाल्छीन् यसरी उनी सब कुरासँग खेल्न र परिचित हुन चाहन्छिन् । एकदिन हामीले साथीको घरमा रातको खाना खाँदै थियौं । त्यस समय उनी भूईमा खेलिरहेकी थिईन् अनि एउटा ठूलो कालो कुकुर त्यो कोठामा भित्र पस्यो जहाँ हामीले खाना खाईरहका थियौं। अनि मेरो सानो छोरी आमा आमा भन्दै उनी म कहाँ आईन् । अनि मैले तुरुन्तै आफ्नो अंगालेमा लिए । उनी मेरो काखमा आराम लिईन् । किन ? किनभने उनलाई थाहा थियो । मैले उनलाई प्रेम गर्दथे र मैले उनको वास्ता गर्छ भन्ने कुरामा उनको विश्वास थियो । केही समयमा नै पूरै शान्त भैईन् र अनि उनी फेरी कुकुरलाई आफ्नो हातले माया गर्न थालिन् ।

हाम्रो जीवन उहाँको नियन्त्रणमा दिदाको घडि देखि नै हामी परमेश्वरको छोराछोरी भएका छौं । उहाँ हाम्रो रक्षक हुनुहुन्छ । उहाँले हामी र हाम्रो वालबच्चाको पनि सुरक्षा गर्नुहुन्छ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीलाई जब डरलाग्छ वा डराउछौं हामी तुरुन्त उहाँमा जानुपर्छ । उहाँको काँखमा उहाँले हाम्रो डर भगाई दिनुहुन्छ । हामीले हरेक दिन हाम्रो जीवन उहाँको अधिनमा दिन्छौं र खीष्ट येशूको आज्ञामा जिउँछौं भने त्यहाँ कुनै डर त्रास भन्नेकुरा हुदैन ।

पुरानो नियममा दाऊद भन्ने मानिस थियो । ऊ धेरै कठिन परिस्थितीबाट भएर जानुभयो  किनभने शाऊल राजाले उसलाई मार्न चाहन्थ्यो । यसरी दाऊदले परमेश्वरको बारेमा धेरै सत्यता जान्न सक्यो र परमेश्वरको नजिकमा पुग्यो । उसले धेरै कविताहरु पनि लेख्यो, जसलाई “भजनसंग्रह” भनिन्छ । यी कविताहरु परमेश्वरको बारेमा सिकाउनको लागि परमेश्वरद्वारा लेखेको थिए । उनले धेरै भजनहरु डरको बारेमा लेखेका छन् जसमध्ये यो हप्ताको लागि भजनसंग्रह २७ मैले छानेको छु । यसलाई पढौं र यसमाथि ध्यान दिऔं । यो भजन मैले यस पुस्तिकामा तपाईको लागि सारेको छु ।
तपाईको जीवनमा हुने सबै भयानक डरहरु एक-अर्कालाई भन्नुहोस् । अनि एक-अर्काले डरको लागि प्रार्थना गर्नुहोस् । डरलाई भगाएर डरको ठाउँमा उहाँमा विश्वास गर्नलाई प्रभुलाई भन्नुहोस् । ताकी तपाईले आफ्नो पूरा विश्वास उहाँमाथि गर्न सक्नु भएकोहोस् ।

## भजन संग्रह २७

परमप्रभु मेरो ज्योती र मेरो मुक्ति हुनुहुन्छ, मैले कसको भय मान्नु ? परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ, कोसँग म भयभित हुनु ? जुन दुष्ट मानिसहरु मेरो मासु खान मरो विरुद्ध अगि बढ्छन् जब शत्रु र विरोधीहरु मलाई आक्रमण गर्छन, तिनीहरु ठक्कर खाएर जमीनमा लोट्नेछन् । सेनाले  मेरो विरुद्धमा छाउनी बनाए तापनी मेरो ह्रदय डराउनेछैन । मेरो विरुद्धमा लडाई चले पनि त्यस बेला म पूरा आत्मविश्वास राख्नेछु ।

एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो , कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाउँ र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकुँ । किनकी सङकटको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा हर्षले कराउदै म बलिदान पठाउनेछु, म भजन गाउनेछु र परमप्रभुको प्रशँसा गर्नेछु ।

हे परमप्रभु जब म उच्च सोरले कराउँछु, तब सुन्नुहोस, म माथि  कृपालु हुनुहोस् र मलाई जवाफ दिनुहोस् । मेरो ह्रदयले तपाईको विषयमा भन्दछु “उहाँको मुहारको

खोजी गर् ।" हे परमप्रभु, तपाईको विषयमा भन्दछु, "उहाँको मुहारको खोजी गर् ।" हे परमप्रभु तपाईको मुहारको खोजी म गर्नेछु । तपाईको मुहार मबाट नलुकाउनुहोस् क्रोधमा तपाईको दासलाई नहटाउनुहोस् । तपाई मेरो सहायक हुनुभएको छ । मलाई ईन्कार नगर्नुहोस् मलाई नत्यग्नुहोस्, हे मेरा उद्धारकर्ता परमेश्वर !

मेरो बाबु र मेरी आमाले मलाई त्यागे तापनी परमप्रभुले मलाई समाल्नुहुनेछ । हे परमप्रभु, तपाईको मार्ग मलाई सिकाउनुहोस् र मेरो शत्रुहरुको कारण मलाई सोझो मार्गमा डोर्याउनुहोस् । मेरो बैरीहरुको इच्छामा मलाई नछोडिदिनुहोस्, किनकी झुट्टा गवाहीहरु मेरा विरुद्धमा उठेका छन् अनि तिनीहरु हिँसा गर्नलाई फुल्लीएर हिँडदैछन् । मलाई अझ पनि विश्वास छ कि जीवितहरुको देशमा परमप्रभुको उत्तमता देख्नेछु । परमप्रभुको प्रतिक्षा गर र बलिया होऊ र तिम्रो ह्रदय सहासिलोहोस् र परमप्रभुकै प्रतिक्षा गर ।

## "प्रेम, ख्रीष्टको संसारीक सेवकाईको अर्थ" ५ पाठ

**मत्ती ८,१०**

**"तर भिँडहरुलाई देखेर उहाँको ह्रदय तिनीहरुका निम्ती दयाले भरियो किनभने तिनीहरु गोठाला विनाका भेडाँहरु जस्तै हैरान र असहाय भएका थिए ।" मत्ती ९:३६**

यो पाठ शुरु गर्नुभन्दा अगाडि, कति मानिसहरुले आफ्नो व्यक्तिगत समय प्रभुसँग विताएका छन् । आलोचनात्मक रुपमा होईन तर प्रेममा तिनीहरुलाई प्रभुको वचनमा रहनको लागि र प्रार्थनामा समय विताउनको लागि उत्साहित गर्नुहोस् । मत्तीको सुसमाचार नसिद्धियसम्म निरन्तर अध्ययन गरिरहन भन्नुहोस् । यदि कसैले गवाही भन्ने अवसर चाहन्छ भने भन्न दिनुहोस् ।

## पुनर्विचार :

१. यशैया आगमवक्ताले येशूलाई उहाँको नाम ईम्मानुएल राखिनेछ भनेर आगममवाणी बोले, जसको अर्थ "परमेश्वर ………………।"
२. येशूले भन्नुभयो, जब उहाँ फेरी संसारमा आउनुहुन्छ, हरेकले उहाँलाई महामहिमा र शक्ति साथ ………… मा देख्नेछन् ।
३. येशूले भन्नुभयो,…………….. बाहेक अरु कसैलाई पनि उहाँको दोश्रो आगमनको बारेमा थाहा छैन ।
४. आफ्ना …………….. स्वीकार गर्नेहरुलाई यूहन्नाले बप्तिस्मा दिए ।
५. यूहन्नाले भने, जो पछि आउनुहुन्छ उहाँले संसारका मानिसहरुलाई विभाजन गर्नुहुनेछ । जसले उहाँलाई ईन्कार गर्छ उनीहरु कहिल्यै ननिभ्ने ……………… मा फ्याँकिनेछन् ।
६. येशूले तिन चोटीसम्म परमेश्वरको ……………………… प्रयोग गरेर जवाफ दिनुभयो ।
७. यदि हामी परमेश्वरसँग नजिक हुन चाहन्छौं भने, हामीले उहाँसँग ……… समय एकान्तमा बिताउनुपर्छ ।
८. येशूले हामी सबैलाई "मानिसको ………………….. हुन" बोलाउनु भयो ।
९. आँधीबेरी आएको बेलामा येशूले डुङ्गमा के गर्नुभयो ?
१०. चेलाहरु किन डराएका थिए ?
११. येशूले चेलाहरुलाई हप्काउनुभयो, किनभने तिनीहरु ……………….. को थिए र उहाँमाथि विश्वास गरेनन् ।
१२. बाइबलले हामीलाई सिकाउँछ, जब हामी परमेश्वरको सुरक्षाको अधिनमा रहन्छौं भने हामी …………… आवश्यक छैन ।

आँधीबेरी पछि उहाँ र चेलाहरु पारिपट्टि अर्को ठाउँमा पुग्नुभयो । त्यहाँ दुष्ट आत्माले पक्रेका दुइ जना मानिसहरु थिए । तिनीहरु डरलाग्दा थिए र चिहान हुदो तिनीहरुको बास हुन्थ्यो । ति मध्ये एकजनाले चिच्याए "हे परमेश्वरका पुत्र, येशू, तपाईको हामीहरुसँग के सरोकार ? हाम्रो सयय नपुगी हामीहरुलाई कष्ट दिनु तपाई यहाँ आउनुभएको हो ?"

यी दुष्ट आत्माले सताएका मानिस भएको ठाँउ भन्दा केही पर, सुँगुर चराउनेहरुको एक झुण्ड थियो, तिनीहरुले समुन्द्रको छेऊमा आफ्ना सुँगुर चराईरहेका थिए । ति दुष्ट आत्माले येशूलाई यसरी भने, "यदि हामीलाई यी मानिसहरुबाट निकाल्न चाहनुहुन्छ भने, हामीलाई सुँगुरको बथानमा जान दिनुहोस् । अनि येशूले तिनीहरुलाई भन्नुभयो, "जाओ" तब तिनीहरु निस्केर सुँगुरहरुमा पसे र सुँगुरको जम्मै बथान हुरिदै भीरबाट खसेर पानीमा डुबी मरे ।

सुँगुर चराउनेहरु भागे र शहरमा गएर सबै कुरा र ती भुत लागेकाहरुलाई र ती सुँगुरहरुलाई के भयो सुनाईदिए । तब जम्मै शहर नै येशूलाई भेट्न उल्टेर आयो र उहाँलाई देखेर मानिसहरुले तिनीहरुको इलाकाबाट जानुहोस भनी उहाँलाई बिन्ती गरे । त्यस पछि येशू आफ्नो शहर गालीलमा आउनुभयो र त्यहाँ मानिसहरुले खाटमा बसीरहेको एकजना पक्षघात रोगलागेको मानिसलाई उहाँकहाँ ल्याए । येशूले त्यस मानिसलाई निको पार्नुभयो र उसको पाप पनि क्षमा गर्नुभयो । त्यहाँ हुने धेरैले परमेश्वरको महिमा गरे तर फरिसीहरुले परमेश्वरको निन्दा गर्ने मानिस भन्ठाने ।

येशू त्यहाँबाट जानुहुँदा मति भन्ने एउटा मनिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो । उहाँले तिनलाई भन्नुभयो, “मेरो पछि लाग, अनि तुरुन्तै उनी उठेर र उहाँको पछि लागे । धेरै कर उठाउनेहरु , शहरका पापीहरुसँग येशू खान बस्नुभयो । जब फरिसीहरुले त्यो देखे, अनि उहाँ चेलाहरुलाई यसरी प्रश्न गरे, “किन तिमीहरुका गुरु कर उठाउनेहरु र पापीहरुसँग खान्छन् । ” येशूले तिनीहरुलाई यसो भनेर जवाफ दिनुभयो, “म बलिदान होईन दया चाहन्छु ।”

त्यसपछि येशूले मानिसहरुसँग बोल्दै हुनुहुन्थ्यो । तब सभा घरका एकजना शासक आए । उनकी छोरी मरिसकेकी थिई । अनि येशू त्यस शासकको घरमा शोक सभामा जानुभयो । येशूले त्यस केटीको हात समात्नु भयो अनि त्यो जुरुक्क उठी ।

हामीलाई दया गर्नुहोस् भन्दै उहाँको पछिपछि लागेका दुईजना अन्धाहरुलाई येशूले निको पार्नुभयो । अनि मानिसहरुले भूत लागेको गुँगो मानिस उहाँकहाँ ल्याए । येशूले त्यसबाट भूत निकाली दिनुभयो र त्यो निको भयो ।

भिडहरुलाई देखेर उहाँको ह्रदय तिनीहरुका निम्ती दयाले भरियो किनभने तिनीहरु गोठाला विनाका भेडाहरु जस्तै हैरान र असहाय भएका थिए । उहाँले आफ्नो चेलाहरुलाई भन्नुभयो, “फसल प्रशस्त छ, तर खेतलाहरु थोरैछन् यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्ना फसलमा खेतलाहरु पठाईदिऊन् ।”

त्यसपछि येशूले आफ्ना चेलाहरुलाई इस्राएल देशभरि पठाउनुभयो । उहाँले तिनीहरुलाई मानिसहरुको आवश्यकता पूरा गर्ने शक्ति दिनुभयो । तिनीहरुको उद्देश्य प्रभुको प्रेम मानिसहरुको विचमा सुनाउने र देखाउने थियो । तिमीहरुले सुसमाचार सुन्न इच्छुक भएको मानिस खोज्नु भनेर येशूले तिनीहरुलाई बिशेष शिक्षा दिनुभयो । येशूले तिनीहरुलाई भन्नुभयो, जब यस्ता मानिसहरु भेट्छौं, तब त्यस व्यक्तिको घरमा शान्ति आओस् । तर धेरैले तिनीहरुको सन्देश ईन्कार गर्नेछन् भनी उहाँले तिनीहरुलाई सावधान गराउनुभयो ।

उहाँले तिनीहरुलाई भन्नुभयो, “हेर, म तिमीहरुलाई ब्वाँसाहरुका बीचमा भेडाझै पठाईरहेछु, यसकारण तिमीहरु सर्प झै चनाखो र ढुकुर झै निर्दोष होओ ।” भौतिक आवश्यकताको बारेमा चिन्ता नगर्नु भनी उहाँले तिनीहरुलाई भन्नुभयो । किनभने परमेश्वरले हाम्रो शिरमा भएको रौंको पनि गन्ती गर्नुहुन्छ, उहाँलाई हामीहरुको सबै कुरा थाहाँ छ, उहाँले नै सबै कुराको नियन्त्रण गर्नुहुन्छ ।

अन्त्यमा उहाँले तिनीहरुलाई यसो भन्नुभयो, ‘‘जसले यी सानाहरु मध्ये एउटालाई मेरो चेला मानेर एक कचौरा चिसो पानीमात्र भएपनि पिउनदेला, साच्चै म तिमीहरुलाई भन्दछु, त्यसले आफ्नो इनाम कदापी गुमाउने छैन ।”

**मौखिक प्रश्नहरु :**

१. गालीलको समुद्रमा भएको ठूलो आधीबेरी पछि येशूले कसलाई भेट्नेभयो ?
२. ति दुइ जना ब्यक्तिको समस्या के थियो ?
३. तिनीहरुको लागि येशूले के गर्नुभयो ?
४. किन सुँगुरहरुले आफैलाई समुन्द्रमा डुवाए ?
५. शहरका मानिसहरुले येशूलाई किन तिनीहरुको इलाका छोडेर जान विन्ती गरे ?

६. पक्षघात रोग लागेको मानिसलाई येशूले के गर्नुभयो ?
७. फरिसीहरुले येशूलाई किन निन्दा गर्ने मानिस भने ?
८. कर उठाउने मानिसको नाम के थियो, जसलाई येशूले मेरो पछि लाग भन्नुभयो ?
९. येशूले विशेष ठाँउमा आफ्ना साथीहरुसँग खान खाँदै हुनुहुन्थ्यो र फरिसीहरुले किन उहाँको आलोचना गरे ?
१०. ति मानिसहरु प्रति येशूको जवाफ के थियो ?
११. अधिकारीको छोरीलाई येशूले के गर्नुभयो ?
१२. अन्धो मानिसहरुको लागि येशूले के गर्नुभयो ?
१३. बोल्न नसक्ने अन्धो मानिसलाई येशूले कसरी निको पार्नुभयो ? उसलाई के भएको थियो ?
१४. येशूले चेलाहरुलाई के गर्न पठाउनुभयो ?
१५. येशूले आफ्ना चेलाहरुलाई ........................ जस्तो चनाखो र ...................... झैं निर्दोष हुन भन्नुभयो ।
१६. येशूले चेलाहरुलाई के कुराको चिन्ता नगर्नु भन्नुभयो ?
१७. उहाँले भन्नुभयो, परमेश्वरलाई तिमीहरुको ...................... को रौंको पनि गन्ती थाहा छ ।
१८. येशूले तिनीहरुलाई भन्नुभयो, जसले यी सानाहरु मध्ये एउटालाई मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र दियो भनेपनि त्यसले इनाम गुमाउने छैन । यहाँ उहाँले कस्तो मानिसको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो ?

## आत्मिक सत्यताहरु ( ५ पाठ )

### मत्ती ८,१०

१. येशूले हरेक व्यक्तिलाई वास्ता गर्नुहुन्छ । उहाँले भूत आत्माले सताइएको, विरामी, गरिब, धनी र विशेषगरि बालकहरु सबैको वास्ता गर्नुहुन्छ । हरेक परमेश्वरको राज्यमा मुल्यवान छन !!!
२. मानिसहरुले सधै एक-अर्काको वास्ता गर्दैनन् । जब येशूले दुष्ट आत्मालाई निकाल्नुभयो, त्यहाँका बासिन्दा निकै दुखित भए किनभने तिनीहरुलाई मानिसहरुको भन्दा सुँगुरको बढि चिन्ता थियो, अनि तिनीहरुले उहाँलाई तिनीहरुको इलाका छोडेर जान भने । तिनीहरुले येशूले सधै मानिसहरुलाई सहायता गर्नुभयो त्यसको बारेमा वास्ता गरेनन् । तर तिनीहरु सधै आर्थिकी कुराको नोक्शानको बारेमा मात्र दुखित हुन्थे । मानिस भन्दा रुपैया पैसाको मूल्य मान्यता बढी हुनु कतिचोटी सजिलो छ । दुर्भाग्यबस, हामीहरु मध्ये धेरै जसो यो

समस्यामा फसेका हुन्छौ । तिमेथी ६:१० भन्दछ “किनभने रुपैया पैसाको मोह नै सबै किसिमको खरावीको जड हो । पैसाको लोभमा परेर कोही विश्वासबाट कुमार्गतिर लागेका छन् र धेरै पिडाले तिनीहरुका ह्रदय घेचेका छन् ।” प्रभु येशूले मत्ती ६:१९-२१ मा भन्नुभयो शब्दहरु पनि सम्झनुहोस् “आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ती नथुपार, जहाँ कीरा र खियाले ति नष्ट पार्छन र जहाँ चोरहरुले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धनसम्पत्ती थुपार, जहाँ तिम्रो धनहुन्छ, त्यही तिम्रो मन पनि हुन्छ ।” रुपैया पैसा शक्तिशाली हुन्छ । यसले हामीलाई नियन्त्रण गर्नसक्छ । अथवा यसलाई हामीले प्रभुलाई भने उहाँले हामीलाई नियन्त्रण गर्नुहुन्छ ।

प्रत्येक हप्ता मैले रुपैया पैसा कसरी खर्च गर्छु ? विचार गरौ, यसलाई कापीमा लेख्नु असलहोला ।आफैलाई प्रश्न गर्नुहोस् कि मैले रुपैया पैसा खार्च गराईबाट येशू प्रभुको
आदर गरेको छु वा छैन ? के मैले गरेको कुराले परमेश्वरको अनादार गरेको छु ? के मैले रुपैया खर्च गर्दा अरुलाई चोट पुगेको छ ? के मैले रुपैया खर्च गर्दा अरुलाई सहयता पुगको छ ?

पुरानो नियममा, परमेश्वरले हरेक ब्यक्तिलाई दशाँस दिने आज्ञा गर्नुभयो । नयाँ नियममा, हाम्रो जीवन र हामीसँग भएका सबै कुरा उहाँलाई दिनुपर्छ भनिएको छ तर परम्पराको आधारमा हामीले पुरानो नियम भनिएको जस्तै, हाम्रो कमाईको १० प्रतिशत (दशाँस) मात्र परमेश्वरको सेवकाईको लागि मण्डलीमा दिन्छौं । यसैले दशाँश भनिन्छ । उहाँको सेवकाई (काम) को लागि परमेश्वरले तपाईले कति पैसा उहाँलाई दिएको चाहानु हुन्छ ? अहिले देखि नै प्रार्थना गर्न शुरु गर्नुहोस् । बाइबलले हामीलाई सिकाउछ कि जसले परमेश्वरको राज्यको बृद्धि गर्नको लागि दिन्छ वा खर्च गर्छ उसलाई परमेश्वरले आशिष दिनुहुन्छ । बाइबलले यो पनि सिकाउँछ कि येशूले हाम्रो सबै अवश्यक पूरा गर्नुहुनेछ । सायद तपाईले सोच्नु हुन्छ होला, “म कति गरीब छु भन्ने कुरा परमेश्वरले बुझ्नु हुन्न ?” “मेरो अरुलाई तिर्नुपर्ने ऋण कति छ भनेर परमेश्वरले बुझ्नु हुन्न ?” येशूले पनि संसारको एकदमै गरीब परिवारमा जन्मलिनु भएको थियो । येशूले हाम्रो गरीबताको समस्याहरु बुझ्न सक्नुहुन्छ , तर उहाँले हामी हरेक कुरामा विश्वासयोग्य र आज्ञाकारी भएको चाहन्छु, जे कुराले उहाँले हामीलाई गर्न भन्नु भएको छ सो गरेको उहाँ चाहनु हुन्छ । प्रभुलाई सोध्नुहोस् कि तपाईले तपाईको आर्थिकताबाट कसरी उहाँको सेवकाईमा सहायता गरेको उहाँले चाहनुहुन्छ ।

३. ख्रीष्ट येशूलाई पछ्याउनु भनेको उहाँको अनुशरण गर्नु र उहाँले जस्तै अरुहरुलाई प्रेम गर्नु हो । यो सत्य हो कि येशूले जसरी हामीले मानिसहरुलाई निको पार्न सक्दैनौ तर आज पनि येशूले मानिसहरुलाई निको पार्नु हुन्छ र उनीहरुलाई रोगबाट छुटकरा दिनुहुन्छ । उनीहरुको दुखाईको घडि हामी उनीहरुको छेऊ छेऊमा बसेर हात समातेर उनीहरुको दुःखमा सहभागी हुनुपर्छ । येशूले तिनीहरुको निम्ति गर्नुभएको प्रेम तिनीहरुलाई भन्नु पर्छ । हामीले दुष्ट आत्मा लागेकोहरुको लागि प्रार्थना गर्नुपर्छ । येशूले तिनीहरुको निम्ती गर्नुभएको प्रेम तिनीहरुलाई भन्नुपर्छ । हामीले दुष्ट आत्मा लागेकाहरुको लागि प्रार्थना गर्नुपर्छ । येशूले आज पनि संसारभरिका उहाँका मानिसहरुको प्रार्थनाद्वारा दुष्ट आत्मालाई

निकाल्न सक्नुहुन्छ । हामीले आवश्यकता भएका ब्यक्तिहरुको लागि सहायताको निम्ति प्रार्थना गर्नुपर्छ । उनीहरुको भौतिक आवश्यकताको लागि हामीले के गर्न सक्छौं सो हामीले गर्नुपर्छ तर विशेषगरि खीष्टको बारेमा तिनीहरुलाई भन्नुपर्छ जसले उनीहरुको जीवनलाई नयाँ बनाउन सक्नुपर्छ । हामीले विशेषगरी बालबच्चालाई साहयता गर्नुपर्छ । येशूले आफ्ना चेलाहरुलाई यी सबै गर्नलाई आज्ञा गर्नुभयो तर उहाँले बालबच्चाहरुलाई सहायता गर्नेहरुको लागि विशेष इनामको प्रतिज्ञा गर्नुभएको छ ।

४. कुनै मानिसहरु प्रेम गर्न सजिलो हुँदैनन् तर परमेश्वरले हामीलाई दयालु भएको चाहनुहुन्छ । त्यो समयमा कर उठाउनेहरु एउटा विशेष कारणले राम्रो मानिदैनथे । तिनीहरुले भ्रष्ट सरकारको लागि मानिसहरुबाट रुपैया जम्मा गर्दथे र धेरै जनाले तोकिएको भन्दा धेरै कर मानिसहरुबाट जम्मा गर्दथे र आफ्नै खल्तीमा हाल्थे । तपाईबाट चोरी गरेको ब्यक्तिलाई प्रेम गर्नु साजिलो छैन , विशेषगरी त्यो ब्यक्ति जसले आफुले गरेको खराब कामको पश्चाताप गरेको छैन । तर येशू प्रभुले भन्नुहुन्छ, हामीहरु उहाँको अनुयायी भएकोले यी मानिसहरुलाई उनीहरुले गरको गल्ती कामको लागि दोष लगाउने अधिकार हामीलाई छैन । हाम्रो काम भनेको चाहीँ उनीहरुको लागि प्रार्थना गर्नु, प्रेम गर्नु र परमेश्वरको क्षमादानको सत्यता देखाउनु मात्र हो । यदि तिनीहरु पनि आफ्नो पाापको पश्चाताप गरे भने परमेश्वरबाट क्षमा प्राप्त गर्नेछन् ।

बाइबलले भन्दछ हामी सबै पापीहरु दण्डको योग्य छौं । बाइबलले भन्दछ, हामीले परमेश्वरबाट क्षमादान र दया पाएकाछौं । त्यसकारण हामीले परमेश्वरबाट क्षमादान र दया पाएकाछौं । त्यसकारण हामीले पनि अरुहरुलाई क्षमा र दयाको भावनाले हेर्नुपर्छ । यद्यपी हाम्रो जीवनमा परमेश्वरको शक्ति विना हामीले यो काम गर्नु असम्भव छ ।

५. संसारमा भएका आश्यक्ताहरु महान छन्, हामीले एक्लैले यो पूरा गर्न सक्दैनौं । संसारमा कराडौं मानिसहरु छन् जसले कहिल्यै पनि खीष्टको प्रेमको अनुभव गरेका छैनन् । संसारमा कसैबाट पनि प्रेमको अनुभव नगरेका मानिसहरु करडौं छन् । त्यहाँ करडौं मानिसहरु छन् यदि कसैले तिनीहरुलाई आफ्नो जीवन खीष्टलाई दिएको र उहाँको प्रेमको अनुभव देखाओ भने ति मनिसले पनि यी कुराहरुको अनुभव गर्नेछन् । हामीले गर्न सक्ने काम हामीले गर्नुपर्छ र हामीले प्रार्थना पनि गर्नुपर्छ ताकी परमेश्वरले अरु धेरै मानिस दिनुहुनेछ जसद्वारा परमेश्वरको प्रेम जान्न अरुलाई साहयता हुनेछ ।

६. तपाईले आफ्नो प्रेम परमेश्वर र एक-अर्कालाई तपाईको दशाँस भेटी स्थानीय मण्डलीमा दिएर परमेश्वरको काममा देखाउन सक्नुहुन्छ । परमेश्वरले स्थानीय मण्डलीलाई मानिसहरुको आत्मिकी, मानसिक र भौतिकी खाँचो पुरा गर्नलाई प्रयोग गर्नुहुन्छ । परमेश्वरले हामीले दिएको दशाँस मण्डलीको काम पूरा गर्नको लगि प्रयोग गर्नुहुन्छ ।

**छलफलको लागि प्रश्नहरु :**

१. कुन कुन तरिकाद्वारा मैले मेरो परिस्थतिहरुमा अरुलाई परमेश्वरको प्रेम देखाउन सक्छु ?
२. मेरो वरिपरि रहने मनिसहरुको विशेष आवश्यकताहरु के के हुन ? त्यहाँ मानिसहरु कसरी दुखित भैरहेका छन् ?
३. यस्ता मानिसहरुलाई मैले कसरी सहायता गर्न सक्छु ?

४. विशेषगरी बाल बच्चाहरुलाई मैले कसरी परमेश्वरको प्रेम देखाउन सक्दछु ?
५. मानिसहरुको अगाडि मेरो जीवनमा रुपैया कसरी आएको छ ?
६. के मैले मेरो रुपैया पैसाले परमेश्वरको आदर गरेको छ ?
७. मेरो वरिपरि रहनेहरुको निम्ती मैले कसरी परमेश्वरको दया देखाउन सक्छु ?
अरु देशमा हुनेहरु जसले अहिलेसम्म पनि परमेश्वरको प्रेम चाखेका छैनन् उनीहरुको लागि प्रार्थना गर्न सक्छौं ।

## विश्वासघात र क्षमा ६ पाठ

**मत्ती २१-२७:१०**

"यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाइ शुद्ध पार्नुहुन्छ, किनकी उहाँ विश्वास योग्य र धर्मी हुनुहुन्छ ।" यूहन्ना १:९

**पर्नविचार** :

१. भविष्यवक्ता यूहन्नाले भने, उहाँको नाम इम्मानुएल राखिनेछ, जसको अर्थ "परमेश्वर_____ "

२. येशूले भन्नुभयो, उहाँको दोश्रो आगमनको बारेमा ..................... बाहेक अरु कसैलाई थाहा छैन ।
३. आफ्नो ............ को पश्चाताप गर्ने धेरैलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।
४. येशूले तिन पल्टसम्म परमेश्वरको ................ प्रयोग गरेर शैतानलाई जवाफ दिनुभयो ।
५. यदि हामी परमेश्वरको नजिक हुन चाहन्छौं भने, हाम्रो व्यक्तिगत सयम एक्लै .......... सँग विताउनु पर्छ ।
६. येशूले हामी सबैलाई "मानिसको .................... हुनु" बोलाउनु भयो ।
७. येशूले आफ्नो प्रेम मानिसहरुमा तिनीहरुको रोगहरु ................. पारेर देखाउनु भयो ।
८. येशू मानिसहरुलाई देखेर दयाले भरिनुभयो, किनभने तिनीहरुको धेरै ............... थियो ।
९. येशूले आफ्नो चेलाहरुलाई भन्नुभयो, सारा मानिसहरु कहाँ जाओं तर ............ झै चनाखो र .............. झै निर्दोष हुनु ।
१०. येशूले भन्नु भयो, उहाँले हाम्रो शिरमा भएको ........... को पनि गिन्ती थाहा छ ।
११. येशूले भन्नुभयो, जसले यी सानाहरु मध्ये एउटा मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र देला तिनीहरुले आफ्नो ............... गुमाउने छैनन् ।
१२. जब उहाँ चेलाहरुसँग डुङ्गामा हुनुहुन्थ्यो, त्यहाँ ठूलो आँधीबेरी आयो, उहाँले चेलाहरुलाई .......... भन्नुभयो।

येशूले गालीलमा धेरै जनालाई सिकाउनु भयो, शिक्षा दिनुभयो र धेरैलाई तिनीहरुको रोगबाट निको पार्नुभयो । तर धेरै उहाँको योजना अनुसार भएको कुरा स्पष्ट पार्नुभयो कि सत्य बुद्धिमानबाट लुकाउन र बच्चाहरुद्वारा प्रकट गर्न चुन्नु भयो ।

येशूले पहिले नै आफ्ना चेलाहरुलाई भन्नुभयो समय जब आयो, उहाँलाई येरुशलेम जानु पर्थ्यो, धार्मिक अगुवाहरु र प्रधान पूजाहारीहरुबाट दु:ख कष्ट भोग्नु पर्थ्यो, मारिनु पर्थ्यो र मृत्युबाट जीवित भैइ उठ्नु पर्थ्यो ।

उहाँ यरुशलेममा जानु विशाल परिस्थीती(घटना) थियो । त्यो बाटोको दुबै छेऊमा मानिसहरुको भिड लागेको थियो । आफ्ना कापडाहरु र खजुरका पातहरु बाटोमा उहाँको स्वागतको लागि ओछ्याएका थिए । र त्यहाँबाट येशू गधामाथि चढेर हिड्दै हुनुहुन्थ्यो ।

उहाँको अगि र पछि लागेका भीड यसो भन्दै कराए, "दाउदको पुत्रलाई होसन्ना ! धन्य उहाँ, जो परमेश्वरको नाउँमा आउनुहुन्छ ! परमधाममा होसन्ना !"
मानिसहरुलाई तिनीहरूको रोगबाट निको पार्दै, प्रचार गर्दै र सिकाउदै येशू केहि दिन त्यहाँ रहनुभयो । तर फरिसीहरु र सुदुकीहरुसँग उहाँको बहस र बादविबाद भयो ।

येशूको चेला मध्ये एक जना यहुदा स्कोरियोत भन्नेले पैसाको निम्ती येशूलाई विश्वासघात गरेर प्रधान पुजाहारीसँग रुपैया माग्यो । तिनीहरुले उसलाई चाँदीको तिस सिक्का दिए र उसले त्यो लियो ।

यहूदीहरुको धेरै महत्वपूर्ण बिदाको दिन, निस्तार चाडको साँझमा, उहाँ बाह्रै चेलाहरुसँग अन्तिम भोजको लागि खान बस्नुभयो । तिनीहरुले खाईरहेकौ बेलामा येशूले रोटी लिनुभयो र त्यो भाँच्नु भयो र चेलाहरुलाई भन्नुभयो, "लेओ, खाओं, यो मेरो शरीर हो ।" त्यसपछि कचौरा लिएर धन्यबाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो,

तिमीहरु सबैले यस कचौराबाट पिओ किनभने यो नया करारको मेरा रगत हो । जो धेरैका निम्ती पापको प्राश्चितको लागि बगाइन्छ ।"

त्यसपछि उहाँहरु सबै जैतुन डाँडामा जानुभयो । यहाँ येशूले तिनीहरु सबैले कर खानेछन् छरपष्ट हुन्नेछन् भन्ने कुराको चेतावनी दिइरहनु भएको छ । पत्रुसले उसको प्रभुलाई कहिल्यै नछोड्ने र धोका नदिने जिद्धी गर्दैछ । येशूले उनलाई भन्नुभयो तिमीले मलाई धोका मात्रै होइन तर आज राती भाले बास्न अघि तिमीले मलाई तिनचोटीसम्म इन्कार गर्नेछौं ।

त्यहाँबाट आफ्ना चेलाहरुलाई लिएर येशू गेत्समनीमा जानुभयो । त्यहाँ उहाँले रातभरी प्रार्थना गर्नुभयो । उहाँ ब्याकुल र दुखित हुनुहुन्थ्यो । उहाँले आफ्ना चेलाहरुलाई उहाँसँग प्रार्थना गर्न भन्नुभयो तर तिनीहरु सबै निदाए । येशूलाई पक्राउने यहुदा, पुजाहारीहरु र अरु मानिसहरु बगैचामा आए तब मात्र तिनीहरुको आँखा खुले ।

यहुदाले उहाँलाई पक्राईदिने संकेत गरेर उहाँलाई म्वाँई खायो । अनि प्रधान पुजाहारीहरुले उहाँलाई गिरफ्तारगरि, प्रधान पूजाहारी कैयाफाको घरमा लगे । तब सबै चेलाहरु उहाँलाई छोडेर गेत्समनीबाट भागे ।

जब प्रधान पूजाहारीको घरमा पूजाहारीहरु र अगुवाहरुले येशूसँग सोधपुछ गरिरहेका थिए र पत्रुस बाहिर आगमनमा बसिरहेका थिए । एउटी नोकर्नीले तिनीकहाँ आएर भनी, "तिमी पनि गालील निवासी येशूसँग थियौं ?" पत्रुसले होईन भनेर इन्कार गऱ्यो । तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी र येशूसँगै थियो भनी । पत्रुसले फेरी इन्कार गऱ्यो । केही बेरपछि त्यहाँ भएकाहरुले पनि नजिक आएर पत्रुसलाई भने, साच्चै तिमी पनि तिनीहरु मध्येका एक हौं । तब पत्रुसले आफैलाई सराप्दै शपथ खानलागे , " म ति मानिसलाई चिन्दै चिन्दीन ।" अनि तुरुन्तै भाले बास्यो । अनि पत्रुसले जैतुन डाँडामा येशूले भन्नु भएको वचन सम्झ्यो । तब तिनी बाहिर गएर धुरुधुरु रोए ।

जब विहान भयो, प्रधान पुजाहारीहरुले येशूलाई मृत्यूदण्ड दिनकोलागि पिलातस कहाँ लागे । तब उहाँलाई पक्राउने यहुदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो र मुख्या पूजाहारीहरु र धर्म गुरुहरुलाई चाँदीका तिस सिक्का फिर्ता दिन ल्यायो र भन्यो, "मैले निर्दोष मानिसलाई धोखा दिएर पाप गरेको छु ।" तर तिनीहरुले त्यसलाई भने, "हामीलाई के मतलव ? तँ आफै जान् ।" "तब यहुदाले चाँदीका ति सिक्काहरु मन्दिरमा फ्याँकेर गयो र झुण्डेर आत्महत्या गऱ्यो ।"

**मौखिक प्रश्नहरु :**

१. परमेश्वरको योजना उहाँको सत्यता बुद्धिमानबाट छिपाउनु थियो र को द्वारा प्रकट गर्नु थियो ?
२. उहाँ येरुशलेममा प्रवेश गर्नुहुदाँ येशूसँग कस्तो ब्यवहार गरिएको थियो ?
३. यहुदा प्रधान पूजाहारी कहाँ किन गयो र तिनीहरुले उसलाई चाँदीका तिस सिक्का किन दिए ?
४. येशूले चेलाहरुसँग निस्तार चाडको बेलामा रोटी र दाखरसको महत्वको बारेमा भन्नुभएको थियो । त्यो के हो ?
५. येशूले तिनीहरुलाई भन्नुभयो, उहाँको रगत बग्नै पर्थ्यो, किन ?

६. तिनहरुले उहाँलाई धोखा दिने कुरा येशूले जैतुनको डाँडामा चेलाहरुलाई भन्नुभयो । पत्रुसले यसकुरालाई इन्कार गऱ्यो । त्यसपछि येशूले पत्रुसको बारेमा के भविष्यवाणी गर्नुभएको थियो ?
७. कस्तो संकेतद्वारा यहुदाले येशूलाई पक्राएको थियो ?
८. अगुवाहरुले येशूलाई सोधपुछ गरिरहेका बेला पत्रुस कहाँ थियो ?
९. दुइजना केटीहरुले पत्रुसलाई उहाँको बारेमा के दोष लगाएका थिए ?
१०. तेश्रो पटक केही मानिसहरु आएर पत्रुस येशूसँग भएको दावी गरे । पत्रुसले तिनीहरुलाई के जवाफ दिए ?
११. येशूलाई धोखा दिनको कारण यहूदाले कहिले आफुलाई दोषि अनुभव गऱ्यो ?
१२. यहूदा किन प्रधान पूजाहारी कहाँ फर्केर गयो ?
१३. जब प्रधान पूजाहारीले यहुदालाई दिएको ३० सिक्का फिर्ता लिन मानेनन्, तब यहुदाले के गऱ्यो ?

## आत्मिक सत्यताहरु पाठ ६

### मत्ती २१-२७:१०

१. येशूले चेलाहरुसँग आन्तिम भोज गर्नुभएको परम्परा आज पनि उहाँका अनुयायीहरुले गरिरहेका छन्, यस हामीले प्रभुभोज भन्दछौं । यो एउटा असाधारण घट्ना होइन, जसले हाम्रो पाप क्षमा गर्न सक्ने वा यसले हाम्रो शरिरमा विशेष कार्य पनि गर्दैन । यो त्यही

घडिमा साधारण रोटी र दाखरस प्रभुको शरिर र रगत पनि बन्ने कुरा होइन । यो प्रभु येशूमा विश्वास गर्ने जनहरुले एकै ठाउँमा जम्मा भएर क्रुसमा ख्रीष्टले गर्नुभएको बलिदानको सम्झना गर्दै रोटी खाने र दाखरस पिउने प्रभुको आज्ञा हो । यो ख्रीष्ट येशूले हाम्रो पाप क्षमा गर्नुभएको मूल्यलाई सम्झना  गर्नु हो । यो ख्रीष्ट येशूले हाम्रो पाप क्षमा गर्नुभएको एकसाथ उहाँमा रमाउने र उहाँलाई धन्यवाद दिने समय हो । कोरिन्थी १:२३-३३ भन्दछ कि यो गम्भिर समय हो । जसलाई हामीले हल्का सोच्नु हुदैन । यो हाम्रो निम्ती ख्रीष्ट येशूले गर्नुभएको बलिदान मथि ध्यान दिने समय हो । क्रुसमा उहाँले हाम्रो निम्ती गर्नुभएको कुरालाई सम्झदै आफुले आफैलाई जाँच्ने समय हो ।

२. हामीले गर्नुभन्दा पहिले परमेश्वरले हाम्रो असफलतालाई जान्नुहुन्छ र अझै उहाँले हामीलाई ग्रहण गर्नुहुन्छ र परमेश्वरको राज्यको लागि प्रयोग गर्न चाहनुहुन्छ । जनुबेला देखी येशूले पत्रुसलाई “मानिसहरुको मछुवा” हुनलाई पहिलो पल्ट बोलाउनु भयो, त्यही बेला देखीनै पत्रुसले त्यो रात उहाँलाई धोखा दिनेछ भनी उहाँले जान्नुहुन्थ्यो तर जब हामीले निरन्तर बाईबल पढ्छौं प्रेरितको पुस्तकमा हामीले सिक्छौं कि परमेश्वरले पत्रुसद्धारा लेखिएको थियो । प्रेरित २ अध्यायमा, येशू स्वर्ग उचालिनु भएपछि पत्रुसले धेरै मानिसहरुको अगाडि येरुशलेममा प्रचार गरिरहेको देख्छौं । त्यही मनिसहरुको अगाडि पत्रुसले प्रभुलाई इन्कार गरेको थियो । त्यसरी नै हाम्रो असफलतामा परमेश्वरले अचम्म मान्नुहुन् किनभने ख्रीष्टलाई ग्रहण गरिसकेपछि हामी धेरै पल्ट असफल भएका हुन्छौं । हामीले पाप गर्दछौं उहाँलाई धोखा दिन्छौं जुन कुरा हामीले घृणा गर्छौं त्यही कुरा हामीले गर्छौं ।

३. जब हामी परमेश्वरको अगाडि असफल हुन्छौं तब हामीले के गर्नु पर्छ ? त्यस रात दुई जना ब्यक्तिहरुले येशूलाई धोखा दिए । येशूलाई धोखा दिने मध्ये एक जना पत्रुस थिए जसलाई परमेश्वरले धेरै शक्तिसाथ उनलाई प्रयोग गर्नुभयो । अर्को चाही यहुदा थियो जसले येशूलाई धोखा दियो र तुरुन्तै गएर आत्माहत्यागरी मऱ्यो । यहुदाले धेरै पाप गरेको कारण असफल भयो र पत्रुस सफल भयो भनेर धेरैले विश्वास गर्दछन् । तर यस्तो होईन । बाइबलले हामीलाई सिकाउँदछ कि हामी सबै पापी हौं र परमेश्वरलाई धोका दिएका छौं र धोकाको सजाय अनन्त दण्ड हो । तर यदि यो सत्य होइन भने यहुदाको दुखान्त गल्ती के थियो ? यहुदाले आफ्नो पापको पश्चाताप गरेन र परमेश्वरको क्षमादानको खोजी गरेन ।

धेरै जनाले आफुले गरेको गल्ती थाहा पाउँछन् । धेरै जनाले आफुले गरेको खराब कामको लागि दोष अनुभव गर्दछन् । केहीले डरलाग्दो काम गर्दछन् र परमेश्वरले कहिल्यै त्यसको कामको क्षमा गर्नुहुन्न भनी ठान्दछन् । तर बाइबलले यो सत्य होइन भनी सिकाउँछ । यूहन्ना १:९ मा यसरी भनिएको छ, “यदि हामीले आफ्नो पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकी उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।”

**यसको अर्थ यदि एक जना ब्यक्ति :**

परमेश्वर कहाँआउँछ,

आफुले गरेका कामहरु परमेश्वरलाई भन्दछ,

पश्चाताप गर्छ,

परमेश्वरसँग उसले गरेको पापको क्षमा माग्छ भने

त्यसलाई त्यसको पापको क्षमा गर्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, चाहे त्यो जस्तोसुकै भयानक पाप किन नहोस् त्यसलाई शुद्ध गर्न खीष्ट येशूले क्रुसमा गर्नुभएको बलिदन प्रयाप्त छ ।

यसको अर्थ यो पनि हुन्छ, प्रभु येशूको अनुयायी भएको कारण हामीले पापको कारण हराएको जीवन जीउनु हुन्न, त्यो पाप परमेश्वरले अघिनै क्षमा गरि सक्नुभएको छ । हामीले अब आत्माग्लानी भएर जीउनु आवश्यक छैन, किनभने खीष्टले अघि नै ति कार्यहरु बिर्सिदिईसक्नु भएको छ र क्षमा गर्नुभएको छ । पत्रुसले आफ्नो पापको लागि पश्चाताप गरेको कारण ऊ परमेश्वरद्वारा प्रयोग गरिने योग्यको भएको थियो । त्यसरी नै हामी पनि पश्चाताप गर्न सक्छौ र परमेश्वरद्वारा प्रयोग हुन योग्य सक्छौं ।

साँच्चै नै यहुदाको ह्रदयमा दुष्टता भरिएको थियो । एउटा निर्दोष ब्यक्तिलाई असल साथी कै करण दुःख भोग्नु र क्रुसमा झुण्डीएर दुखपूर्ण मृत्यू भोग्नु पर्‍यो । तैपनि सत्य यहि हो की यहुदाको जीवनको लागि परमेश्वरको योजना थियो । यहुदा पनि परमेश्वरद्वारा  क्षमा पाउने योग्य थियो । क्रुसमा खीष्ट येशूले गर्नुभएको बलिदान यहुदालाई समेत क्षमा गर्न प्रयाप्त थियो । यदि ऊ खीष्ट कहाँ आएको मात्र भए क्षमा पाउन सक्थ्यो तर उसले खीष्ट कहाँ आउनुको सट्टामा उसको जीवनमा भएको आत्माग्लानीलाई उसले आफ्नो जीवनलाई नियन्त्रण गर्न दियो । यो उसले सहन सक्ने भन्दा धेरै भएकोले उसले आत्महत्यागरि मर्‍यो ।

४. येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, पाप क्षमाको निम्ति उहाँले रगत बगाउनु भएको कारण परमेश्वरसँग हाम्रो कारर सम्भव भएको छ । परमेश्वरको क्षमा पाउनको लागि हामीले केही पनि गरेका छैनौं । एक चोटी हामीले खिष्टलाई हाम्रो ह्रदयमा ग्रहण गरिसकेपछि, यो कसैले पनि खोस्न सक्तैन । एफिसी १:१३-१४ ले भन्दछ, "उहाँमा विश्वास गर्‍यौं, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लागइएको थियो । परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशँसाको निम्ती पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ ।" यूहन्ना ३:१६ ले भन्दछ कि तपाईसँग **"अनन्त जीवन"** छ । एक चोटी खीष्ट येशू तपाईमा आउनु भएपछि, उहाँले तपाईलाई कहिल्यै पनि छोड्नु हुन्न । त्यही घडि देखी नै तपाई अनन्तको लागि बचाइनु भएको बलिदानको सम्झना गर्नुपर्छ र पापगर्न छोड्नु पर्छ । प्रत्येक दिन हामीले परमेश्वरको आज्ञा अनुसार जीउनुपर्छ । तर यूहन्ना २:१ ले भन्दछ , हामीले खीष्टले हाम्रो पापको निम्ति गर्नुभएको बलिदानको सम्झना गर्नुपर्छ र पाप गर्न छोड्नु

पर्छ ।  प्रत्येक दिन हामीले परमेश्वरको आज्ञा अनुसार जीउनुपर्छ । तर यूहन्ना २:१ ले भन्दछ कि यदि हामीले पाप गर्‍यौं भने, हामी भित्र को रहनु हुन्छ भन्ने हामीले याद गर्नुपर्छ । हामीले याद गर्नुपर्छ कि हामी भित्र येशू रहनु हुन्छ जसले हाम्रो पक्षमा पितासँग बोलिदिनु हुन्छ । उहाँले हाम्रो सट्टामा हाम्रो निम्ति पापको मूल्य  चुकाउनु भयो ।

**छलफल :**

१. पत्रुस र यहुदाको बारेमा के विचार गर्नुहुन्छ ?
२. तपाईको लागि "क्षमादान" शब्दको अर्थ के हो ?
३. के तपाईले यहुदाले जस्तो आफुलाई पापी अनुभव गर्नुभएको छ ?

४. चर्को गरि नभन्नुहोस् तर यो सम्भव छ की तपाईले केही खराब गर्नुभएको तपाईले थाहा पाउनुभयो र के यो तपाईको लागि खीष्टको क्षमादान ग्रहण गर्न अप्ठयारो भएको छ ?

५. यस्तो परिस्थितिमा तपाईको लागि येशूको वचन के हो ? यूहन्ना १:९ चर्को गरि पढ्नुहोस् ।

प्रत्येकले आफ्नो शिर झुकाउनु होस् र तपाईको ह्रदयमा जे छ परमेश्वरसँग बोल्नुहोस्, यदि त्यहाँ पाप छ भने, पश्चाताप गर्नुहोस् । यदि आत्माग्लानी छ भने निकाल्नको लागि प्रभुलाई भन्नुहोस् । खूल्ला रुपमा आफ्नो पाप स्वीकार गर्नु होस् , खीष्टले क्रुस गर्नु भएको बलिदान नै हाम्रा पाप क्षमाको लागि प्रयाप्त छ । यो सत्यताको दाबी गर्नुहोस् ।

तपाईले तपाईको पाप क्षमा पाईसकेपछि पनि शैतानले तपाईको विचार माथि दोष लगाईरहेको हुन सक्छ । यी विचारहरु तपाईलाई परमेश्वरबाट आएका होइन । दोषहरु साँचो होइनन् तर झुट्टा हो । यदि परमेश्वरले अघि नै तपाईलाई क्षमा गरिसक्नु भएको झुट्टा दोषहरु तपाईमा आएका छन भने यसलाई रोक्नुहोस् र प्रार्थना गर्नुहोस् । प्रभुलाई भन्नुहोस् ! "येशू धन्यवाद मेरो पापको क्षमा गर्नुभएको लागि । तपाईले गर्नुभएको पाप पनि भन्नुहोस् । प्रभु धन्यवाद, किनभने तपाईको बलिदान मेरो पाप क्षमा गर्नको लागि प्रयाप्त छ । म तपाईको रगतमा भरोसा गर्दछु । प्रभु, मेरो मनमा भएका दोषी विचारहरुलाई निकाली दिनुहोस् ।"

परमेश्वर विश्वास योग्य हुनुहुन्छ र उहाँले यो गर्नु हुन्छ । शैतानले जब तपाईलाई आक्रमण गर्छ यदि तपाईले त्यसबेला प्रार्थना गर्नुभयो भने ऊ लामो समयसम्म रहन सक्दैन र तपाईलाई आक्रमण गर्न छोड्ने छ । अनि तपाई यस्ता दोषी विचारहरुबाट सधैको लागि मुक्त हुनुहुनेछ । जीवनको हरेक क्षेत्रमा हामीले खीष्ट येशूमा विजय पाएका छौं ।

## येशूको क्रुसमा चढाइ ७ पाठ

**मत्ती २६:२७**

***"किनकी क्रुसको सन्देश नष्ट भैरहेकाहरुका निम्ती मूर्खता हो, तर हामी उद्धार पाईरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो ।" कोरिन्थी १:१८***

**पुनर्विचार :**

१. यशैया भविष्यवक्ताले उहाँको नाम इम्मानुएल राखिने छ भने जसको अर्थ, "परमेश्वर ........।"

२. येशूले भन्नुभयो उहाँ कहिले आउनु हुन्छ भन्ने कुरा ............... बाहेक अरु कसैलाई पनि थाहा छैन ।

३. आफ्ना ...................... पश्चाताप गर्नेहरुलाई यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।
४. येशूले तिन पल्टसम्म .............. को .................. प्रयोग गरेर शैतानलाई जवाफ दिनुभयो ।
५. यदि हामी परमेश्वरको नजीकमा जान चाहन्छौं र परिक्षाको सामना गर्न चाहन्छौं भने हामीले ......... परमेश्वरको साथ .............. समय विताउनु पर्छ ।
६. येशूले आफ्ना चेलाहरुलाई "......................को ........................ हुन" बोलाउनु भयो ।
७. येशूले आफ्ना चेलाहरुलाई ................ भन्नुभयो, किनभने उहाँ तिनीहरुसँग हुनुहुन्छ ।
८. संसारमा येशूले आफ्नो समय सभाघरहरुमा ............... परमेश्वरको राज्यको बारेमा ........... गर्दै र मनिसहरुको रोगहरु................ पार्दै विताउनु भयो ।
९. येशूले आफ्ना चेलाहरुलाई, तिमीहरु सबै मानिसहरु कहाँ जाओ तर सर्प जस्तो ............ र ........... जस्तो निर्दोष हुनु भन्नुभयो ।
१०. येशूले भन्नु भयो, उहाँलाई हाम्रो ................ को ........... को पनि संख्या थाहा छ ।
११. भाले बास्नु अघि _____________उहाँलाई तिनचोटी ईन्कार गर्नेछ भनी येशूले जैतुनको डाँडामा पहिल्यै बताउनुभयो ।
१२. .............. चेला थियो जसले चाँदीको तिस सिक्कामा येशूलाई बेचेको थियो ?
१३. ................ ले आफुले उहाँलाई धोखा दिएको कुरा पश्चाताप गरेपछि परमेश्वरद्वारा चलाईएको थियो ।
१४. ................ ले आफुलाई निर्दोष अुनभव गरेको कारण आत्माहत्या गऱ्यो ।
१५. बाइबलले सिकाउँछ, "यदि हामीले आफ्ना पापहरु ............. गऱ्यौं भने उहाँले हाम्रा पाप ........ गर्नुहुन्छ र ............... अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ ।"

जब येशूलाई कैयाफाको घरभित्र झुट्टा दोष लगाईरहेका थिए । त्यही समयमा पत्रुस घर बाहिर बसिरहेको थियो । कसैले पनि उहाँमा मृत्यू दण्ड दिने प्रमाण भेट्टाएनन् । येशू चुपचाप रहनुभयो, उहाँले आफ्नो सुरक्षाको लागि मुख खोल्नु भएन । केही गर्न नसकिने भएर कैयाफाले येशूलाईसोधे, "हामीलाई वक्ता, कि त परमेश्वरको पुत्र ख्रीष्ट होस् ?"

अन्त्यमा येशूले आफ्नो मुख खोलेर तिनलाई भन्नुभयो, "तपाईले नै भनिहाल्नु भयो । तापनि म तपाईलाई भन्दछु, अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आईरहेको देख्नुहुनेछ ।"

कैयाफाको लागि यहि प्रमाण नै प्रयाप्त थियो र उसले उहाँलाई दोषि प्रमाणीत गर्दै आफ्नो लुगा च्यात्यो । तब तिनीहरुले येशूको मुखमा थुकेर उहाँलाई मुक्का लगाए , उहाँको गिल्ला गरेर र उहाँलाई थप्पड हाने । जब बिहान भयो, मुख्य पूजाहारीहरु र जनताका धर्मगुरुहरुले उहाँलाई बाधेर यहुदियाको हाकिम पिलातस कहाँ लगे । उनले येशूलाई सोधे, "के तिमी यहुदिहरुका राजा हौं ?" अनि येशूले भन्नुभयो "तपाई नै यसो भन्नुस हुन्छ ।" मुख्य पूजाहारीले उहाँमाथि दोष लगाए तर उहाँले केही जवाफ दिनुभएन । उहाँ चुपचाप रहनुभएको र कुनै दोषको जवाफ नदिनुभएकोले हाकीम पिलातस पनि

छक्क परे । पिलतसले उहाँमा केहि दोष नभेटेको कारण उहाँलाई शान्तिपूर्ण रुपमा छोडि दिन चाहन्थे ।

निस्तार चाड, यहुदिहरुको विदाको दिनमा मानिसहरुले चाहे बमोजिम हाकिमले एक जना कैदी छोडिदिने प्रथा थियो । यस वर्ष दुइ जनालाई हाकिमले अगाडि ल्यायो, एक जना बारब्बा नाउँ भएको कुख्यात कैदि र येशू । पिलातसले तिनीहरुलाई सोधे, तिमीहरुका लागि म कसलाई छोडिदिऊ । अनि मानिसहरुले चर्को स्वरमा भने बारब्बालाई छुट्टाईयोस र येशूलाई क्रुसमा टागियोस् । तब तिनले भने, येशूले के अपराध गरेका छन् र ? तर तिनीहरु यसो भन्दै चिच्याए, "त्यो क्रुसमा टागियोस्" तर केही सिप नलागेको देखेर , बरु खैलाबैला मच्चिन्छ भन्ने डरले पिलातसले भने, "तिमीहरु आफै जान, म यस मानिसको रगत देखी निर्दोष छु ।" किनभने मानिसहरु नियन्त्रण भन्दा बाहिर थिए । मानिसहरुले यसो भन्दै जवाफ दिए, तर "उसको रगत हामीहरु र हामीहरुका सन्तान माथि परोस् ।" तब तिनले बारब्बालाई छोडिदिए तर येशूलाई कोर्रा लगाएर क्रुसमा टाँगिनलाई सुम्पिदिए ।

जब उहाँलाई महलमा लगियो, त्यहाँ तिनीहरुले उहाँको वस्त्र फुकालेर उहाँलाई लालबस्त्र लगाईदिए । तिनीहरुले काँढाको मुकुट गाँथेर उहाँको शिरमा लगाईदिए र उहाँको दाहिने हातमा निगालो दिए र उहाँको सामु घुडाँ टेकेर उहाँलाई यसो भन्दै उहाँको गिल्ला गरे, "हे यहूदिहरुका राजा प्रणाम ।" तब तिनीहरुले उहाँलाई थुके र त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए ।

उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो बस्त्र फुकाईदिए र उहाँको आफ्नै बस्त्र पहिराएर उहाँलाई क्रुसमा झुण्ड्याउन लगे । उहाँलाई क्रूसमा झुण्ड्चयाएको ठाउँलाई गोलगथा भनिन्छ जसको अर्थ खोपडी हो । जाँदाजाँदै तिनीहरुले सिमोन नाउँ भएको कुरेनीको एक जना मानिसलाई भेट्टाए र तिनीहरुले त्यसलाई उहाँको क्रूस बोक्न कर लगाए ।

तिनीहरुले येशूलाई क्रूसमा टाँगेपछि चिट्ठा हालेर उहाँको बस्त्रहरु आपसमा बाँडे । उहाँको मृत्यू भएको हेर्नलाई तिनीहरू क्रूसको तलतिर उभिरहेका थिए । मुख्य पूजाहारीहरू र अरु अगुवाहरू पनि उहाँ झुण्डिनु भएको हेर्नलाई आए र उहाँको गिल्ला गर्दै यसरी भने किन ऊ क्रूसबाट ओर्लेर आउदैन । अरु धेरै मानिसहरु उहाँ क्रूसमा झुण्डिएका हेर्नलाई आए र उहाँको ठट्टा गरे । अनि उहाँसँग क्रूसमा झुण्ड्याएका ति डाँकुहरुले पनि यही किसिमले उहाँको अपमान गरे ।

तर मध्याह्न देखी तिन बजेसम्म सारा देशमा अन्धकार भयो । तब येशू ठूलो सोरले कराउनु भयो, "इलोई इलोई लामा सबखथनी ?" अर्थात, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नु भयो ?" यो सुनेर तिनीहरु मध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पन्ज दिई सिर्कामा चोपेर निगालोमा राखी उहाँलाई पिउन दियो । अरुले भने यो एक्लै होस् । हेरौ कतै एलिया यिनलाई बचाउन आउछन् कि ।" तब येशू फेरी ठूलो सोरले कराउनु भयो र आफ्नो आत्मा त्याग्नुभयो ।

जब उहाँको मृत्यू भयो येरुशलेम भरिनै अनौठो घट्ना घट्यो, यी घट्नाहरुले उहाँ के हुनुहुन्थ्यो भन्ने कुराको प्रमाणित दिएको थियो । मन्दिरको विचमा भएको पर्दा त्यसै घडि टुप्पो देखी फेदसम्म दुइ भाग भएर च्यातियो, जमीनहरु काँप्न थाल्यो र चट्टानहरु

फुटे, चिहानहरु उघारिए र सुति गएका धेरै सन्तहरुको मृत शरीर जीवीत भैई उठे र तिनीहरु चिहानबाट निस्के र येरुशलेम वरिपरि धेरै कहाँ देखा परे ।

साँझ परेपछि अरिमाथियाका योसेफ नाउँ भएका एक जना धनी मानिस आए र तिनले पिलातस कहाँ गएर येशूको मृत शरीर मागे र पिलातसले सो दिनलाई हुकुम गरे । योसेफले मृत शरीर लगे र सफा मलमलको कपडाले बेह्रे र तिनलाई चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा त्यो राखे र चिहानको मुखमा एउटा ठूलो ढुङ्गा गुडाईदिए ।

**मौखिक प्रश्नहरु :**

१. कैयाफाको घरमा यहूदी अगुवाहरुले येशूलाई कसरी दोषी ठहराए ?
२. येशूले आफुलाई दोष लगाउनेहरुलाई कस्तो जवाफ दिनुभयो ?
३. आफुलाई दोष लगाउनेहरुको अगाडि येशू चुपचाप लागिरहेको देखेर पिलातसले कस्तो प्रतिक्रिया जनाए ?
४. बारब्बा को थिए ?
५. रोमी सिपाहीहरुले येशूसँग कस्तो व्यवहार गरे ?
६. उहाँलाई क्रुसमा टाँगेपछि पूजाहारीहरु र अरु मानिसहरुले कस्तो व्यवहार गरे ?
७. मध्याह्न देखी तिन बजेसम्म संसारमा के भएको थियो ?
८. आफ्नो आत्मा त्याग्नु भन्दा पहिले येशूले चर्को सोरले कराएर के भन्नुभएको थियो ?
९. येशूको मृत्युमा कस्ता अचम्मका घट्नाहरु घटे ?
१०. अरिमाथियाको योसेफले येशूको शरीरलाई के गरे ?

## आत्मिक सत्यताहरु २० पाठ

### मत्ती २६,२७

परमेश्वरको मार्ग मानिसहरुको मार्ग होइन । आउनुहोस् हामी सबैले कोरिन्थी १:१८,२१,२७ पढौं । यो खण्डलाई २-३ पटकसम्म पढ्नुहोस्, अनि हरेकले विचार गर्नुहोस् बाईबलले के को बारेमा भनिरहेको छ ।

“किनकी क्रूसको सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुको निम्ति परमेश्वरको शक्ति हो । किनभने लेखिएको छ, “म बुद्धिमानहरुको बुद्धि नष्ट पार्नेछु र चतुरहरुको चतुऱ्याई विफल तुल्याउने छु ।” बुद्धिमान कहाँ छ ?

शास्त्री कहाँ छ ? यस युगका तर्क गर्नेहरु कहाँ छन् ? के परमेश्वरले यस संसारको बेबुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको मूर्ख तुल्याउनु भएन र ? संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले बुद्धि अनुसार हामीले प्रचारको सुसमाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरुलाई बचाउन "परमेश्वरले उचित ठहराउनु भयो तर बुद्धिमानहरुलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरुलाई छान्नुभयो र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरुलाई छान्नु भयो ।" परमेश्वरको मार्ग मानिसको मार्ग होइन भन्नेकुरा हामीले खिष्टको जीवनबाट थाहा पाउन सक्छौं ।

- जब संसारीक राजाहरु जन्मन्छन् उनीहरु राजदरवारमा जन्मिन्छन् । तर परमेश्वरले राजाहरुका राजालाई गरिबतामा जन्म दिन पठाउनुभयो ।
- यदि एक जना ब्यक्तिको महत्वपूर्ण सन्देश लिएर कोही जान्छ भने उसले राम्रो लुगा लगाएर चिटिक्क परेर र राम्रो कारमा चढेर समाचार दिन गएको हुन्छ । तर परमेश्वरले ऊँटका रौको वस्त्र र छालाको पटुका बाँधेका बप्तीस्मा दिने यूहन्नालाई उजाड स्थानमा येशूको आगमनको सुमाचार सुनाउन पठाउनुभयो ।
- जब संसारीक राजाको शत्रु हुन्छ उसले सजिलै शत्रुमाथि विजय पाउन सक्छ । उसले आफ्नो शत्रुलाई तुरुन्तै नाश पार्न सक्छ । तर येशू आफै सैतानबाट परिक्षित हुन उजाड स्थानमा जानु भयो र उहाँले सैतानलाई नाश पार्नु भएन ।
- जब संसारीक राजाले आफ्ना साथीहरु छान्छ उसले धेरै ज्ञानी राम्रो स्कुलमा पढेको सम्पन्न परिवारबाट आएको र धेरै रुपैया पैसा भएको मात्र छान्छ । तर येशूले साधारण ब्यवसाय गर्ने ब्यक्तिहरु जस्तो माछा मार्नेहरु र कर उठाउनेहरुबाट साथी छान्नुभयो ।
- संसारीक राजाले मानिसहरुलाई उसको आज्ञा मान्ने कर गर्दछ र उसको आज्ञा नमान्नेहरुलाई सजाय दिन्छ । तर येशूले हामीलाई प्रेम गर्न सिकाउनु भयो । उहाँको पछि लाग्ने वा नलाग्ने भन्ने कुराको निर्णय गर्न उहाँले मानिसहरुलाई नै दिनुभयो ।
- संसारीक राजाले उसको निम्ति अरुले काम गरिदिएको चाहन्छ, कर लिन्छ र उसलाई धोखा दिनेको हत्या पनि गर्दछ । तर येशूले हाम्रो पापको ज्याला तिर्नको लागि क्रूसमा मर्नुभयो । हामी स्वतन्त्र हौं र अनन्तसम्म उहाँसँग जीएको उहाँले चाहनुहुन्छ ।
- जब संसारीक राजा मर्छ उसको ठाउँमा उसको छोराले राज्य गर्दछ तर जब येशू मर्नुभयो, उहाँ बौरी उठ्नु भयो र उहाँले अनन्तको लागि राज्य गर्नुहुन्छ ।

येशु मानिस होइन । उहाँ परमेश्वर हुनुहुन्छ । उहाँको आराधाना उपसना र उहाँको आज्ञा मान्नुपर्छ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो लागि उत्तम चाहनु हुन्छ । यस पृथ्वीमा उहाँको जीवन पूरा रुपमा सम्झन नसकिने जस्तो छ । परमेश्वरको मार्ग यति महान छन कि हाम्रो सानो दिमागले सम्झन सक्दैन ।

बाइबलले हामीलाई सिकाउछ कि प्रभुले प्रेम गर्नुहुन्छ ताकी हामीले पनि उहाँको प्रशांसा गर्नुपर्छ । साधारणतया प्रसंशाको अर्थ तपाईले पाएको आशीष उहाँलाई भन्नु, तपाईको जीवनमा उहाँले गर्नुभएको कामको वर्णन गर्नु उहाँलाई तपाईले कति धेरै प्रेम गर्नुहुन्छ सो उहाँलाई भन्नु हो । परमेश्वरको लागि हाम्रो ह्रदयमा कति प्रेम छ सो उहाँले सुन्न चाहनु हुन्छ । उहाँले यसरी भनेको चाहनु हुन्छ, **"प्रभु तपाईले मलाई प्रेम**

**गर्नुभएको कारण म तपाईलाई प्रेम गर्छु** ।" यी कुराहरुले व्यक्तिगत रुपमा परमेश्वर तपाईको लागि को हुनुहुन्छ भन्नेकुरा देखाउदछ ।

यदि हामीले ख्रिष्टको जीवन र मृत्यूको बारेमा विचार गर्छौं भने संसारका सृष्टीकर्ता परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो सो विचार गर्दा हामीलाई अचम्म लाग्न सक्छ । हाम्रो निम्ति उहाँको प्रेम हाम्रो समझ भन्दा बढि छ । उहाँको मार्गहरु र विधीहरु एकदमै महान र उत्तम छन कि जसको विषयमा धन्यवाद दिन पनि कठिन हुन सक्छ । आउनुहोस् हामीले यसलाई एकछिनको लागि यहि बन्द गरौ र परमेश्वरलाई प्रशँसा चढाऔं ।

हामी यहाँ "बाक्य प्रार्थना" गर्न गैरहेका छौं । आउनुहोस् हामी सबैले आफ्नो शिर निहुराऔं र परमेश्वरको बारेमा विचार गरौं, येशू संसारमा हुदा गर्नुभएको सेवकाईको बारेमा, उहाँको दोश्रो आगमनको बारेमा र अहिले हाम्रो जीवनमा उहाँले के गर्दै हुनुहुन्छ भन्ने बारेमा विचार गरौ । त्यसपछि आफ्ना अनुभवहरु परमेश्वरलाई भनौं । उदाहरणको लागि "प्रिय पिता मलाई बचाउनु भएको लागि म तपाईलाई धन्यवाद दिन्छु ।" अनि अर्को व्यक्तिले अर्को वाक्यमा भन्दछ । "पिता परमेश्वर, तपाई मेरो पिता हुनुहुन्छ ।" यसरी प्रत्येकले आत्माद्वारा अगुवाई भए अनुसार धेरै चोटी प्रार्थना गर्नसक्छ । यो समयमा हाम्रो ह्रदयमा भएको कुरा एक-अर्कालाई बाड्ने छौं । यसरी हामी एक-अर्काको लागि प्रार्थना गर्नेछौं ।

अगुवाले सदस्यहरुलाई प्रतिदिन प्रार्थनामा परमेश्वरको स्तुती प्रशँसा गर्नु पर्ने कुरा सिकाउँनु पर्छ । हप्ताभरी उनीहरुको व्यक्तिगत समय परमेश्वरसँग कस्तो भैरहेको छ सोध्न नभुल्नुहोला । दुखमा परेकाहरुलाई उत्साह दिनुहोस् ।

# खीष्टको पुनरुत्थान ८ पाठ

## मत्ती २७

***"किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु । ति म जान्दछु , परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतीको निम्ति हुन् नोक्सानीको निम्ति होईनन् तिमीहरुलाई आशा र भविश्य दिनलाई ।" यर्मिया २९:११***

**पुर्नविचार** :

१. भविश्यवक्ता यशैयाले भने, येशूलाई इममानुएल भनिनेछ, जसको अर्थ "परमेश्वर ......।"

२. येशूले भन्नुभयो, उहाँ कहिले आउनु हुन्छ भन्ने कुरा ........... बाहेक अरु कसैलाई थाहा छैन ।

३. आफ्नो .............. पश्चाताप गर्नुहरुलाई यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।
४. येशूले शैतानलाई तीन पल्ट सम्म ............... को .................... प्रयोग गरेर जवाफ दिनुभयो ।
५. यदि हामीहरु परमेश्वरको नजिक हुन चाहान्छौं र परिक्षा मथि विजय हुन चाहान्छौं भने, हामीले ............ परमेश्वरसँग .................... समय विताउनु पर्छ ।
६. येशूले आफ्ना चेलाहरुलाई "................ मछुवा" हुन बोलाउनु भयो ।
७. डुङ्गामा येशूले चेलाहरुलाई ....................... भन्नुभयो ।
८. येशूको ह्रदय मनिसहरुको लागि दयाले भरियो किनभने तिनीहरु .......... भएका थिए ।
९. येशूले आफ्ना चेलाहरुलाई प्रचार कार्यमा पठाउदा भन्नुभयो ? तिमीहरु ............... झैं चनाखो र ........................ झैं निर्दोष हुनु ।
१०. पत्रुसले तीन चोटी सम्म उहाँलाई .......................... भनेर विश्वासघात गर्‍यो ।
११ यहुदाले चादीका ............... सिक्कामा येशूलाई बेचर विश्वासघात गर्‍यो ।
१२. हामीले आफ्ना पाप स्किार गर्‍यौं भने येशूले हाम्रा सबै पापहरु ......... क्षमा गरिदिनु हुन्छ ।
१३. रोमी सिपाहीहरुले उहाँसँग कस्तो ब्यवहार गरे ?
१४. येशू क्रूसमा मर्नु भएको .................... लाई प्रधान पूजाहारीहरु क्रूसको तल आए ।
१५. येशूले आफ्नो प्राण त्याग्नु भएपछि धेरै विचित्रका घट्नाहरु घटे, जसमध्ये सुतिरहेका सन्तहरु उठी येरुशलेम वरिपरि देखा परे ।
१६. अरिमाथियाको योसेफले येशूको शरिरलाई चिहानमा गाड्नको लागि लगे ।

येशूलाई क्रूसमा टाँगेपछि अर्थात भोलीपल्ट, मुख्य पूजाहारीहरु र फारसीहरु पिलातस कहाँ भेला भए, तिनीहरुले पिलातसलाई भने "येशूले जिउदो छदाँ उसले तिन पछि बौरी उठ्नेछु " भनि भबिश्यबाणी गरेको थियो । त्यसकारण त्यसलाई विशेष सुरक्षा दिऔं भने कसैले पति चोर्न सक्नेछैन । तिनीहरुको भनाईमा पिलातस सहमती भयो । तिनीहरुगएर चिहानको प्रबेशद्धारम राखिएको डुङ्गामा मोहोर लगाए, अनि पहरादारहरु खटाएरचिहान सुरक्षित राखे ।

अब शबाथ पछि साताको पहिलो दिन मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्नलाई गए । तर जब तिनीहरु त्यहाँ पुगे, त्यहाँ ठूलो भूकम्प गयो र चिहानको प्रवेशद्धारमा राखिएको ढुङ्गा हट्यो र परमप्रभुका एउटादुत स्वर्गबाट तल ओर्ले । अनि चिहानको प्रवेशद्धारमा मोहोर लगाएर राखिएको ढुङ्गा हटाएर त्यसमाथि बसे । तिनका रुप बिजुली जस्तो र पोशाक हिउँ जस्तो सेतो थियो । चिहानलाई पहरा दिन बसिरहेका पहरेदारहरु डरले थरथर काँपे र मरेतुल्य भए ।

स्वर्गदुतहरुले ति स्त्रीहरुलाई भने। तिमीहरु नडराओं । उनले भने," किनभने मलाई थाहा छ तिमीहरु क्रूसमा टाँगिनु भएको येशूलाई खोज्दैछौं । उहाँ यहाँ हुनुहन्छ किनकी उहाँले भन्नुभए बमोजिम उहाँ जीवीत भैई उठ्नु भएको छ । आओं, उहाँलाई राखिएको ठाउँ हेर । तर चाडो भएर उहाँको चेलाहरुलाई खबर देओं कि उहाँ मृतकबाट जीवीत भैई उठ्नुभएको छ र उहाँ तिमीहरु भन्दा अगाडि गालीलमा जादैहुनहुन्छ । तिमीहरुले उहाँलाई त्यहाँ देख्नेछौं । हेर, मैले तिमीहरुलाई भनिदिएकोछु ।"

अनि तिनीहरु डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए र उहाँका चेलाहरुलाई खबरदिन दगुरे । बाटोमा येशूले तिनीहरुलाई भेट्नु भयो र भन्नुभयो, "शान्ति ! " तिनीहरु

नजीक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डबत गरे । अनि उहाँले तिनीहरुलाई भन्नुभयो, गएर मेरा भाईहरलाई गालीलमा जानु भनिदेओं र त्यँहा तिनीहरुले मलाई देख्नेछन् ।

तब पहरेदारहरु उठे र शहरमा गएर मूख्य पूजाहारी त्यहाँ भएका घट्नाहरुको बारेमा खबर दिए । अनि मूख्य पूजाहारी र धर्म गुरुहरुसँग भेला भए । तिनीहरुले सल्लाह गरे र सिपाहीहरुलाई यसो भनेर धेरै पैसा दिए तिमीहरुले भन्नु कि हामी सुतिरहेको बेला त्यसका चेलाहरु आएर त्यसलाई चोरेर लगेछन भनी शहरभरी खबर गरिदिनु । यदि पिलातुसले यो कुरा थाहा पाए भने हामी जसरी पनि तिमीलाई जोगाउने छौं भनी तिनीहरुले सिपाहीहरुसँग प्रतिज्ञा गरे । सिपाहीहरुले तिनीहरुसँग पैसा तिए र सिकाय बमोजिम गरे अनि यो कुरा यरुशलेम भरि फैलियो ।

चेलाहरु गाालीलको त्यस डाँडामा गए जहाँ येशूले तिनीहरुलाई जाने आदेश दिनु भएको थियो । उहाँ तिनीहरु कहाँ आउनु भयो र तिनीहरुले उहाँलाई देखेर दण्डवत गरे । तैपनि कतिले उहाँ मथि शङ्का गरे र अनि येशू स्वर्ग उचालिनु भन्दा पहिले उहाँले तिनीहरुलाई अन्तीम शिक्षा दिनुभयो । उहाँले भन्नुभयो, “स्वर्ग र पृथ्विमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओं र सबै देशका जातिहरुलाई चेलाबनाओं, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओं, मैल तिमीहरुलाइआज्ञा गरेको सबै कुरा पालना गर्न तिनीहरुलाई सिकाओं । हेर, म युगको अन्त्य सम्म सधै तिमीहरुका साथमा छु ।” आमिन

**मौखिक प्रश्नहरु :**

१. फरिसीहरुले येशूको चिहानमा किन पहरादिन चाहेका थिए ?
२. कुन कुन २ जना स्त्रीहरु चिहान हेर्न गए ?
३. त्यहाँ पुगेपछि ति स्त्रीहरुले के भएको देखे ?
४. स्वर्गदुतले तिनीहरुलाई के भने ?
५. पहरेदारहरुलाई के भयो ?
६. स्वर्गदुत आएपछि पहरेदारहरु कहाँ गए ?
७. मूख्य पूजाहारीहरुले पहरेदारहरुलाई के दिए ?
८. स्त्रीहरु चेलाहरुलाई खबर दिन गईरहेको बेला कसलाई भेटे ?
९. उहाँ भेट्नको लागि उहाँले चेलाहरुलाई कहाँ जान्न भन्नु भएको थियो ?
१०. येशू स्वर्ग उचालिनु भन्दा पहिले उहाँले आफ्ना चेलाहरुलाई के आज्ञा दिनु भएको थियो
११. युगको अन्तसम्म सधै तिमीहरुसँग हुन्छु भनि येशूले को सँग प्रतिज्ञा गर्नुभयो ?

## आत्मिक सत्यता पाठ ८

### मत्ती २८

१. येशूको सन्देश हरेक मानिसहरुलाई बताउनु । हुन सक्छ, परमेश्वरले तपाईको ह्रदयम काम गरिरहनु भएको छ । र यो सन्देश अरुलाई सुनाउनको लागि तपाईलाई उहाँले शक्ति र इच्छा दिनु भएको छ । अरुलाई खीष्टको प्रेमको बारेमा अरुलाई भन्नको लागि धेरै तरीकाहरु छन् । एउटा राम्रो तरिका मानिसहरुलाई उहाँ जीवनीद्धारा भन्न सकिन्छ ।

यो सामग्री प्रयोग गरेर पनि तपाईले मानिसहरुलाई खीष्टको बारेमा सुनाउन सकिन्छ । चार अध्याय देखी हामीले मानिसहरुको लागि प्रार्थना गरिरहेका छौं । तपाई भएको परिबर्तन अरु मानिसहरुलाई भन्न सक्नु हुन्छ । यदि गर्नुभएको छैन भने यस साता यसो गर्ने बाचा गर्नुहोस् ।

- कुनै ब्यक्ति कहाँ गएर तपाई धेरै पापीहुन्छ, तपाईले धेरै खराब काम गर्नुभएको छ यदि तपाई पश्चाताप गर्नुभएन भने कहिल्यै ननिभ्ने आगोमा फ्याकिनु हुनेछ भनि भन्नुहोस् ।
- तिनीहरुको घरमा तपाईसँग छोटो बाइबल अध्यायन गर्नको लागि तिनीहरुलाई भन्नुहोस् । तिनीहरुले बाइबलको बारेमा सिकिरहेको कुरा तिनीहरुलाई भन्नुहोस् । यदि तिनीहरु अझै जान्न इच्छुक छन भने साता हप्ता सम्म त्यस सामग्रीबाट अध्यायन गराउनु होस् ।
- जब तपाई तिनीहरुको घरमा जानुहुन्छ एक साथी तपाईसँग लैजानुहोस् । तपाईको बाइबल अध्याय झुण्डको कसैलाई तपाईले लैजान सक्नुहुन्छ । तपाईको बाइबल अध्यायन झुण्डको अगुवा पनि तपाईसँग जानसक्छ ।
- जब तपाई जानुहुन्छ, तिनीहरुको जीवनम के भएको छ ? त्यसको बारेमा कुरा गर्नुहोस् । तिनीहरुको परिवारक सदस्यहरुलाई भेट्नुहोस्, तिनीहरुको खाँचो के छ सोध्नुहोस् । तिनीहरुको परिवारको लागि, जागिरको लागि, परिवारका सदस्यहरुको लागि प्रार्थना गर्नुहोस् र परमेश्वरको शान्ति त्यस परिवारमा आओस भनी परमेश्वरसँग विन्ती गर्नुहोस् ।
- येशू खीष्टको जन्मको बरेमा लेखिएको कथाबाट शुरु गर्नुहोस् । तिमीहरुलाई प्रश्न सोध्ने मौका दिनुहोस् । तपाईलाई त्यसको उत्तर थाहा छैन भने त्यो ठिकै छ । तिनीहरुलाई भन्नुहोस् म मेरो बाइबल अध्ययन झुण्डको अगुवालाई सोधेर अर्को हप्ता उत्तर दिनेछु ।
- एक घण्टा भन्दा बढि तिनीहरुको घरम नबस्नुहोस किनभने यो छोटो बाइबल अध्ययन हो ।
- प्रत्येक दिन  प्रत्येक हप्ता यो परिवारको लागि निरन्तर प्रार्थना गरिरहनुहोस् । तपाईको झुण्डको सदस्यहरुलाई तिनीहरुको लागि प्रार्थना गर्नलाई सहभागी हुनुभन्नुहोस् ।

याद गर्नुहास् : हामीसँग दुष्ट आत्मा निकाल्ने शक्ति हुदैन , खीष्टको निम्ती मानिसहरुको आश्यकता पूरा गर्न हामीमा सार्मथ्य छैन । हामी भित्र रहनुहुने पवित्र आत्मामा मात्र त्यो सार्मथ्य र शक्ति छ । मानिसहरुको रोग निको पार्ने शक्ति उहाँमा मात्र छ । मानिसहरुको जीवनबाट दुष्ट आत्मा उहाँले निकाल्न सक्नुहुन्छ । मानिसको जीवन भित्र भएको पापको साङ्लो तोडेर तिनीहरुलाई पश्चातापमा ल्याउने पनि उहाँ नै  हुनुहुन्छ । हाम्रो कर्तब्य अरुलाई सुनाउनु र प्रार्थना गर्नुमात्र हो ।

सायद तपाईसँग यति लामो समय नहोला तर पनि तपाईले मानिसहरुलाई येशू खीष्ट जन्म, मृत्यु, पुनरुत्थान र दोश्रो आगमनको बारेमा भन्न सक्नु हुन्छ ।तपाईले के गर्ने : खीष्टको बारेम तपाईले जानेजति तिनीहरुलाई भन्नुहोस् । उहाँको जन्म, बप्तिस्मा, उहाँको जीवनी, उहाँले गर्नुभएका आश्चर्य कर्म, उहाँको प्रेम, पश्चातापको वचन, उहाँ मृत्यू र बौरि उठाईको बरेमा तिनीहरुलाई भन्नुहास् ।

येशू ख्रीष्टको समयमा भएको मानिसहहरुको बारेमा तिनीहरुलाई भन्नुहोस् । हामी राम्रो मनिस हुदा हुदै पनि परमेश्वरको अगाडि गल्ती गरेका छौं भनेर बुझाउनुहोस् । यसको आर्थ हामी सबैले पाप गरेका छौं । तिनीहरुलाई पापको उदाहरण दिनुहोस् , जस्तै : झुटो बोल्नु, चोर्नु, घृण गर्नु, व्यभिचार इतयादी ।

प्रभुले बाइबलमा भएका मानिसहरुलाई क्षमा दिनुभए झै यदि तपाईले पनि पश्चाताप गर्नु भयो भने उहँले तपाईलाई पनि क्षमा दिनुहुन्छ भनी तिनीहरुलाई बुझाउनुहोस् ।

बाइबलबाट यूहन्ना ३:१६ पद पढ्नुहोस् "किनभने परमेश्वरले यस्तो प्रेम गर्नुभयो कि उहाले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकी उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

मानिसहरुलाई सोध्नुहोस, यदि कसैले आफ्नो पापको पश्चाताप गर्न चाहान्छ वा ख्रीष्टमा विश्वास गर्न चाहान्छ र परमेश्वरको क्षमादान ग्रहण गर्न चाहान्छ भने परमेश्वरले तिनीहरुलाई क्षमा गर्न सक्नुहुन्छ ।

विश्वास गर्नुको अर्थ आफ्नो जीवन ख्रीष्ट येशूमा फर्कनु हो भनेर बुझाउनुहोस् । यसको अर्थ ख्रीष्ट भरोसा गर्नु र आफ्नो जीवन उहाँमा सुम्पिनु हो भनेर बुझाउनु हो ।

यदि तिनीहरु "हुन्छ" भनेभने तिनीहरुलाई साधारण तरिकामा प्रार्थना गर्न सहायता गर्नुहोस् ताकी तिनीहरुले आफ्नो जीवन परमेश्वरलाई दिन सकुन ।

यदि "नगर्ने" भने भने यो समयम तिनीहरुको लागि प्रार्थना गर्न अनुमती माग्नुहोस् त्यसपछि परमेश्वरसँग तिनीहरुले तिनीहरुको जीवनमा उहाँको सत्बुझ्न सकुन भनी प्रार्थना गर्नुहोस् ।

अरुहरुको बिचम ख्रीष्ट येशूलाई कसरी प्रस्तुत गर्ने भनी अभ्यास गर्नेछौं । यो अभ्यास पछि तपाईले बिचार गर्नुहुन्छ होला "यो असम्भव छ, मैले ख्रीष्ट येशूको बारेमा कहिल्यै भन्न सक्दैन ।" यो अध्ययनको अन्तिम सत्यताको बारेमा सोच्नुहोस् ।

२. "हेर, म युगको अन्त्य सम्म सधै तिमीहरुका साथमा छु ।" हामीलाई बाइबल सिकाउछकि, हामीले ख्रीष्टलाई ग्रहन गर्दाको घडि देखी पवित्र आत्मा हाम्रो जीवनमा बास गर्नुहुन्छ । सायद तपाईले यस्तो अनुभव गर्नुभएको छैन होला तर पवित्र आत्माले अधिनै तपाईको जीवनमा काम गर्दै हुनुहुन्छ । (यूहन्ना १४:७)

जब हामीले परमेश्वरसँग एक्लै समय बिताउँछौ, हरेक दिन उहाँले अर्थात पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ । (यूहन्ना १४:२६)

जब हामीले परमेश्वरको आज्ञाको उल्लंघन गर्छौं, उहाँले नै अर्थात पवित्र आत्मालै नै हामीलाई दोषी भएको अनुभव गराउनुहुन्छ । उहाँले नै पहिलो चोटी हामी पापी छौं भन्ने कुरा देखाउनु भयो र हामीलाई ख्रीष्टको क्षमादानको खाँचोको महसुस गराउनु भयो । यूहन्ना १६:८(११)

जब हामी दुखित र उदास हुन्छौं उहाँले हामीलाई सान्त्वना दिनुहुन्छ । (प्रेरित ९:३१) उहाँले हामीलाई विशेष वरदानले भरिपूर्ण पार्नुहुन्छ, जुन कार्य गर्नकोलागि हामीले सपनामा पनि सोचेको थिएनौं । अरुलाई ख्रीष्टको बारेमा भन्ने शब्दहरु एहाँले हामीलाई दिनु हुन्छ । ( कोरिन्थी १२) हामीले यसरी विचार गर्नसक्छौ , येशूको जस्तो अनुयायी हुनुपर्नेहो, त्यस्तो म कहिल्यै हुन सक्तिन होला । हामी विचार गर्छौं होला

परमेश्वरमा आज्ञाकारी हुन असम्भब । सत्य जहिले पनि सत्य हुन्छ । हामीले ख्रीष्टलाई पछ्याउन कहिल्यै पनि सक्तैनौं तर परमेश्वरले पवित्र आत्मा जो हामी भित्र रहनु हुन्छ द्धारा उहाँको अनुयायी हुन सक्छौं । यो नै अरुलाई ख्रीष्टको बारेमा भन्ने रहस्य हो, यो नै डर विना जीउने रहस्य हो । योनै हरेक दिन ठिक निर्णय लिने रहस्य हो । जब हामीले ख्रीष्टकर्तालाई हाम्रो जीवनमा प्रबेश गर्ने अनुमती दिन्छौं उहाँले हामीलाई पवित्र आत्माको उपस्थितिद्धारा निरन्तर रहने वरदानहरु दिनुहुन्छ । पवित्र आत्माको उपस्थिती हाम्रो शक्ति र बलको श्रोत हो । यो हामीलाई प्रोत्साहन गर्ने कुरा हो । किनभने बाइबलले सिकाउछ कि हाम्रो लागि परमेश्वरमा सुन्दर योजना छ । विचित्र विचार र हाम्रो जीवनको लागि सुन्दर उद्देश्य छ । यार्मिया २९:११-१२ मा लेखिएको विशेष प्रतिज्ञा सहित हामीले यो अध्ययनलाई सिद्धाउने छौं ।

“किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ती बनाएको छु ती म जान्दछु परम प्रभु भन्नु हुन्छ । ति तिमीहरुको उन्नतीको निम्ती हुन, नोक्सानीको निम्ती होईनन्, तिमीहरुलाई आशा र भविश्य दिनलाई । तब तिमीहरु म कहाँ आउनेछौं र मलाई प्रार्थना गर्नेछौं र म तिमीहरुको प्रार्थना ध्यानसित सुन्नेछु ।”

## निरन्तर उहाँलाई खोज्न र जान्नलाई परमेश्वरले आशिष देऊन् ।